त्रैमासिक बुलेटिन

# हाम्रो तानसेन

दर्ता नं.: ३२/२०७५ पाल्पा

वर्ष २, अंक २, पूर्णाङ्क ६, २०७६ साउन

## Our Tansen

Quarterly Bulletin Vol.6 (July 2019)

**यस पटक विशेष**


- पुष्पलाल, पत्रकारिता र पाल्पा
- पुष्पलाल र अध्ययन
- वी.पी. र पाल्पा
- तानसेनमा जन्मेका भिक्षु अमृतानन्द
- मिडियाकर्मीको आँखामा तानसेनको २ वर्ष
- Tansen: Core to The Door
- नीति तथा कार्यक्रम लगायत




कृषकहरुका लागि उन्नत बाख्रा, हाते टेक्टर सिलाई मेशिन वितरण समारोहमा तानसेन नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रवक्ता लगायत

तस्विरः सुनिल कार्की



खर्च सार्वजनिक तथा सुझाव संकलनका लागि पत्रकार सम्मेलन



EPI का प्रतिनिधिसँग छलफल गर्दै नगर प्रमुख लगायत



तानसेन नगरपालिका र बगनासकाली गाउँपालिकाको संयुक्त कार्यपालिका बैठक

प्रकाशक:

**तानसेन नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

तानसेन, पाल्पा, ५ नम्बर प्रदेश, नेपाल

# तस्बिरमा तानसेन



तानसेन-५ मा जेष्ठ नागरिकलाई सम्मान गर्दै तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाही



महिला स्वरोजगार तथा दलित स्वाबलम्वन सवालमा विशप पावलसँग छलफल पश्चात् तानसेनका नगरप्रमुख धापाखेल, ललितपुरमा



कृषकलाई ५० प्रतिशत अनुदानमा हाते टेक्टर वितरण गर्दै नगरप्रमुख लगायत




उत्कृष्ट २० उद्यमी, तानसेन घोषणा कार्यक्रममा उद्यमीहरूसँग नगरप्रमुख, दायित्व संस्थाका अध्यक्ष डा. पुकार मल्ल लगायत

# हाम्रो तानसेन । OUR TANSEN

त्रैमासिक बुलेटिन (वर्ष २, अंक २, पूर्णाङ्क ६, २०७६ साउन) दर्ता नं.: ३२/२०७५ पाल्पा

पाल्पा जिल्ला हुलाक दर्ता नं.: १/२०७६-७७



**प्रकाशक**
तानसेन नगरपालिका, पाल्पा
**संरक्षक**
अशोककुमार शाही
(नगर प्रमुख)
**सल्लाहकार**
लक्ष्मीदेवी पाठक
(उपप्रमुख)
दामोदरप्रसाद घिमिरे
(प्रवक्ता)
गोपालप्रसाद बगाले
(प्रमुख प्रशासकीय अधिकृत)

**प्रधान सम्पादक**
गोविन्द भट्टराई
(प्रेस सल्लाहकार)

**सम्पादन सहयोग**
लोचनप्रसाद तिमिल्सिना
(वडाअध्यक्ष,तानसेन-१०)
कमल राना
(वडाअध्यक्ष,तानसेन-१४)
कमला भण्डारी
(नगरसभा सदस्य,तानसेन-१३
सुनिता वैंजू श्रेष्ठ
(नगरसभा सदस्य,तानसेन-३)

**व्यवस्थापन सहयोगः**
दीपक विश्वकर्मा (कार्यपालिका सदस्य), विष्णुप्रसाद पौडेल (योजना तथा प्रशासकीय अधिकृत), भरतप्रसाद आचार्य (शाखा अधिकृत)

**कम्प्युटर टाइपः** माया सारु
**कम्प्युटर डिजाइनः** शरण भोछिभोया
**कला निर्देशकः** नारायणकाजी बाँडे
**मुद्रकः** गणेश इन्टरनेशनल, काठमाडौं



**सम्पर्क ठेगानाः** हाम्रो तानसेन, तानसेन नगरपालिका,पाल्पा
इमेलः hamrotansenbu@gmail.com, apalpali@gmail.com
सम्पर्क मोबाइलः ९८५७०६०७९९,९८४७३२६७६०



**(हाम्रो तानसेनमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारसँग प्रकाशक र सम्पादकको सहमति अनिवार्य छैन ।)**


# सम्पादकीय



**- गोविन्द भट्टराई**

## हाम्रो तानसेन प्रकाशन अनि यो अंकबारे केही कुरा

तानसेन नगरपालिकाले २०७५ वैशाखदेखि तानसेनको इतिहास, कला, संस्कृति, पर्यटन लगायत स्वास्थ्य, शिक्षा, कृषिसहित नगर, वडा र शाखाका गतिविधि समेटेर प्रकाशन आरम्भ गरेको **हाम्रो तानसेन**को यो छैठौ अंक हो । तानसेन नगर सरकारले पारदर्शिता र जवाफदेहितालाई आत्मसात गर्दै यो कार्य अगाडि बढाएको हो । **हाम्रो तानसेन** प्रकाशन सहयोगका लागि मिति २०७४ माघ २६ गते सम्पन्न तानसेन नगरकार्यपालिका बैठकबाट बुलेटिन प्रकाशन समिति गठन भएको थियो। समितिको सदस्य सचिवसहित **हाम्रो तानसेन**को प्रधान सम्पादकको जिम्मेवारी पंक्तिकारलाई सुम्पिएको थियो। निरन्तर प्रकाशित **हाम्रो तानसेन** तानसेन नगरसरकारको मौलिक काममध्ये एक हो। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका ७५३ स्थानीय तहमध्ये वैधानिक, मौलिक तथा आधिकारिक प्रकाशनका दृष्टिले तानसेन नगरसरकारको **हाम्रो तानसेन** पहिलो प्रकाशन समेत हो।

**हाम्रो तानसेन**ले उद्देश्य अनुरुपका सामग्री प्रकाशन गरिआएको छ। पहिलो अंकमा राष्ट्रप्रमुख, सरकार प्रमुख, विभागीय मन्त्री, ५ नं प्रदेशका मुख्यमन्त्री लगायतको शुभकामना, विभिन्न विज्ञका विषयगत लेख, विकास निर्माणका गतिविधि, वर्तमान तथा पूर्व जनप्रतिनिधिहरूको सल्लाह सुझाव, तानसेन नगर सरकारका निर्वाचित जनप्रतिनिधिहरूको फोटोसहित विवरण प्रकाशित गरेको थियो। तानसेनलाई कता लैजाने, तानसेन कस्तो बन्नुपर्छ, तानसेनको विकास अव कसरी ? लगायतका सवालमा समेत सामग्री प्रकाशन भएको थियो। त्यसयता हरेक अंकमा तानसेनसँग सम्वन्धित र सेरोफेरोका पनि सामग्रीलाई हाम्रो तानसेनले ठाउँ दिँदै आएको तथ्य स्मरण गराउन चाहन्छौँ।

**हाम्रो तानसेन** संघीय सरकारको आधिकारिक निकाय (सूचना तथा प्रसारण विभाग, जिल्ला प्रशासन, हुलाक) मा सूचीकृत र स्थायी दर्ता भएको कुरा सहर्ष जानकारी गराउन चाहन्छु। **हाम्रो तानसेन**लाई यहाँसम्म ल्याइपुऱ्याउन प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने नगरप्रमुख, उपप्रमुख लगायत सम्पूर्ण जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी, लेखक, पत्रकार, पाठक, आम नगरवासी तथा शुभेच्छुक सबैप्रति प्रकाशन समितिका तर्फबाट साथै प्रधान सम्पादकको हैसियतले आभार प्रकट गर्न चाहन्छु।

यो अंक अर्थात् **हाम्रो तानसेन** पूर्णाङ्क ६ (२०७५ साउन) मा तानसेन नगर सरकारले २ वर्षमा सम्पादन गरेका नगर तथा वडा गतिविधिबारे मिडियाकर्मी/पत्रकारहरूको विश्लेषणलाई हामीले समेटेका छौँ। यसैगरी नेपालको राजनैतिक क्षेत्रका नक्षत्रहरू पुष्पलाल र वीपी कोइरालासँग सम्वन्धित र अन्य सामग्री समेत प्रकाशित गरेका छौँ। सम्भवत स्थानीय सरकारले यसखालको अभ्यास गरेको यो पहिलो नै हुनुपर्दछ। स्थानीय सरकारका गतिविधि नागरिक हितअनुसार अगाडि बढाउन यसखालको अभ्यास सहयोगी र प्रेरक हुनसक्ने हाम्रो सोच छ। यो अंकमा हामीले तानसेन सरकार र वडा गतिविधिबारे १८ जना पत्रकारका सामग्री प्रकाशन गरेका छौँ। भविष्यमा पनि यसखालको अभ्यासलाई निरन्तरता दिनेछौँ।

अन्त्यमा, हाम्रो तानसेनलाई यहाँसम्म पुग्नका लागि सहयोग गर्ने सबैमा नमन गर्दछौँ। तानसेनको विकासका लागि तानसेन सरकारका जनप्रतिनिधि, कर्मचारी, नगरवासीसँगै सञ्चारकर्मीको समेत रचनात्मक सल्लाह सुझावको महत्त्वपूर्ण भूमिका रहने तथ्य स्मरण गराउँदै निरन्तर यथायोग्य सहयोगका लागि सादर अनुरोध गर्दछौँ। **हाम्रो तानसेन** त्रैमासिकमा प्रकाशन हेतु रचनात्मक सुझाव, सान्दर्भिक लेख रचनाका लागि पुनः सबैसँग आग्रह गर्दछौँ।

**(प्रधान सम्पादक)**

संरक्षकको कलमबाट


# विगत २ वर्षलाई सर्सरी नियाल्दा



– अशोककुमार शाही

नेपालको संविधान बमोजिम तीन तहको निर्वाचन सम्पन्न भएपछि तीनै तहका सरकारले आफ्ना बलबुँताले भ्याएसम्म आर्थिक, सामाजिक विकासलाई गति दिने प्रयत्न गरिरहेका छन् । नागरिकसँग गरेका वाचा कबोल व्यवहारमा उतार्नका लागि हामी प्रयासरत छौँ । यद्यपि हामीले चाहेजति उपलब्धि हासिल गर्न भने सकेका छैनौँ तथापि निराश हुनुपर्ने अवस्था पनि देखिँदैन । तानसेन विकासको सन्दर्भमा हामीले सोचेअनुसार विकासका लागि प्रयत्न हरपल जारी छ, अन्तिमसम्म निरन्तर कर्ममा लागिपर्नेछौँ । नागरिक सामु यो हाम्रो प्रतिवद्धता पुनः दोहोऱ्याउन चाहन्छौँ ।

तस्विरः अनिल लिगल



तानसेनवासीले चुनेर पठाएपछि जनप्रतिनिधिबाट समृद्धिको चाहना राख्नु स्वभाविक हो तर जनअपेक्षाअनुसार काम हुन नसक्नुमा निश्चित कारण छन् । पहिलो स्थानीय तहले योजनाका लागि पर्याप्त बजेट, समयमा आवश्यक संख्यामा दक्ष कर्मचारी पाउन सकेनन् । स्थानीय तहको संरचना निर्धारण आयोगले सिफारिस गरेको एक स्थानीय तह बराबरको न्यूनतम संख्यामा कर्मचारी पाउनु परैको कुरा भयो, यहाँ त कतिपय वडामा वडा सचिवको काम समेत चलाउन हम्मे परेको छ । संविधानको अनुसूची ८ ले प्रदान गरेका अधिकार र साझा सूचीमा रहेका कतिपय व्यवस्थालाई समयमा प्रबन्ध नगरिदिएका कारण निर्वाचित जनप्रतिनिधिहरूले स्थानीय सरकारलाई आफ्नो योजना बमोजिम हिंडाउन सकिरहेका छैनौँ ।

हामीले पुनः प्रण गर्दछौँ गौरवपूर्ण इतिहास बोकेको तानसेनको नाम र शान कायम रहोस्, व्यापार व्यवसाय नघटोस् भन्नेतर्फ हामी चिन्तनशील छौँ । स्थानीय सरकारको रूपमा क्रियाशील तानसेन सरकारले नगरवासीको हकहित र सेवाका लागि भरमग्दुर प्रयास गरेको तथ्य स्मरण गराउन चाहन्छु । तानसेनलाई अरु स्थानीय तहभन्दा पृथक र सेवाप्रवाहमा गतिवान् देखाउन तानसेन सरकारले यथोचित पहल प्रयत्न गरिरहेको छ यद्यपि त्यो पर्याप्त नभएको ठानिन सक्छ । तानसेनको विकासका लागि हामीले व्यक्तिगत इच्छा, रहर त्याग गरेर कर्ममा जुटेका छौँ । यति हुँदा हुँदै पनि निर्णय कार्यान्वयनमा बेलाबखतमा समस्याहरू देखिएका छन् भने प्रशासनिक उल्झनहरूले समेत बेलाबखत अवरोध खडा गरेको अनुभूति भएको छ । पञ्चायतविरुद्धको संघर्ष र शाही निरंकुशता विरुद्धको आन्दोलनको नेतृत्व गर्ने प्रवृद्ध तानसेन पाल्पावासीको मतको कदर गर्दै निर्वाचित भइसकेपछि हामीले तानसेनको विकासका लागि विभिन्न खाका कोर्‍यौं । २ वर्षमा केही महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन भने केही गौरवका योजनाहरू कार्यान्वयनका चरणमा रहेका छन् । पहिलो वर्ष आवश्यक ऐन कानून निर्माण मै हाम्रो अधिकांश समय व्यतीत भयो । यावत् अप्ठेरोका वावजूद सीमित साधनस्रोतका भरमा निर्वाचनपछिका दुई वर्षमा तानसेनले सम्पादन गरेका काम कारवाही, उपलब्धि र प्रगति सन्तोषजनक नै रहेका छन् ।

मुख्यतः गत २ वर्षमा हामीले पर्यटकीय पूर्वाधार निर्माण र विकास तर्फ केही काम गरेका छौँ । पहिलो वर्ष सडक बिस्तार वर्षको रूपमा क्रियाशील रह्यौँ । करीव १ सय किलोमिटर सडक बिस्तार र ट्र्याक खोल्ने काम सम्पन्न भएको छ भने केही ठाउँमा सडक पिच गर्न शुरु गरेका छौँ । दरबार संग्रहालय, रानीघाट अर्थात् रानीमहल सेरोफेरो व्यवस्थापन, श्रीनगर भ्यूटावर मर्मत सम्भार र व्यवस्थापन, विभिन्न मन्दिरहरूको छानो फेर्ने लगायत सम्पदा र संस्कृति संरक्षणका काम गरेका छौँ । कालीगण्डकी करिडोर जोड्ने द्रूतमार्ग निर्माणको काम अगाडि बढाएका छौँ । शीतलपाटीदेखि सडकमा ढुंगा छाप्ने काम, टुँडिखेल स्तरोन्नतिसँगै पैदलमार्ग निर्माण आरम्भ भएको छ । नगर क्षेत्रभित्र

र सेरोफेरोमा सडक मर्मत तथा साँघुरो सडक बिस्तारको काम शुरु भएको छ। प्रभावितहरूसँग निरन्तर सम्वाद जारी छ। निकास निस्कनेमा विश्वस्त छौँ । वातावरण संरक्षणमा समेत टेवा पुग्नेगरी विभिन्न प्रजातिका लालीगुराँसका बिरुवासँगै अन्य बिरुवाहरू समेत प्रस्तावित गणेशधाम गुफाचौरमा र अन्यत्र रोपण गर्ने काम भएको छ। हाम्रो सोच व्यवस्थित सहर र पर्यटकीय नगरलाई साकार पार्न विभिन्न पूर्वाधारहरू तयार पार्ने काममा लागेका छौँ । पाल्पा दरबार संग्रहालयको परिसरमा हरियो दुबो रोपण, रुरुक्षेत्र रिडीमा दाहसंस्कार स्थल मर्मत संभार गर्नुका साथै राष्ट्रिय गौरवको सम्पदा रणउजीरेश्वरी भगवती मन्दिर, माण्डव्य सरोवर, रुरु क्षेत्र, रानीमहल, श्रीनगर बिग बुद्ध पार्क लगायतको गुरुयोजना निर्माण भएको छ। तानसेनले तथ्याङ्क संकलन र पार्श्वचित्र समेत प्रकाशन गरेको छ। माण्डव्य आश्रम, सूर्य कुण्डको संरक्षणमा यथासक्य काम अघि बढेको छ। प्रदेश सरकारको बजेटमा सांस्कृतिक डवली निर्माण कार्य अगाडि बढेको छ भने मगर सांस्कृतिक संग्रहालय सहकार्यमा निर्माण गर्ने योजना छ। कोकलदेवी मन्दिरलाई पर्यटन प्रवर्द्धन गर्न सार्वजनिक निजी साझेदारीमा काम गर्ने सोच बनाएका छौँ। तानसेन टुँडिखेल स्तरोन्नतिसँगै दमकडा खेलमैदान बिस्तार र अर्गली खेलमैदान निर्माण कार्य आरम्भ भएको छ। नगरमा खानेपानीका योजना र विजुली वत्तीको प्रबन्ध मिलाउने काममा हामी क्रमशः अगाडि बढेका छौँ। खानेपानीमा समिति मार्फत् उपभोक्तालाई सक्दो राहत उपलब्ध गराएका छौं।

नगरपालिकाले भौतिक विकास निर्माणसँगै लोककल्याकारी कार्यक्रम अगाडि सारेर नागरिकलाई स्वास्थ्य उपचारमा सघाउने काम गरेको छ। आर्थिक अवस्था कमजोर भएका नगरपालिकाका १४ वटै वडाका दलित, अल्पसङ्ख्यक (यसपटकदेखि महिला स्वास्थ्य स्वयंयसेविका, सरसफाइकर्मी समेत) करीव १७०० परिवारको स्वास्थ्य बीमा गरेर नागरिकका पक्षमा तानसेन सरकार छ भन्ने अनुभूति गराउने जमर्को गरेका छौँ । ज्येष्ठ नागरिकको घरदैलोमै पुगेर स्वास्थ्य जाँच गर्ने कार्य सुरु गरिएको छ भने महिलाको पाठेघर परीक्षण अभियान, महिला सचेतना कार्यक्रम, चार विद्यालयमा दन्त परीक्षण शिविर सञ्चालन गरेका थियौँ । बालबालिका र ज्येष्ठ नागरिकको सवालमा विभिन्न कार्यक्रम अगाडि सारेका छौँ । सिविआरमा सेफ हाउस सञ्चालन र दमकडामा न्यानो शीतल घर निर्माणलगायतका काम यसका उदाहरण हुन्।

राजनीतिक परिवर्तनका लागि अग्रभागमा उभिने युवाहरूलाई स्वदेशमा आत्मनिर्भर बन्न सघाउने उद्देश्यले तानसेन सरकारले युवा स्वरोजगार कार्यक्रम अगाडि बढाएको छ। यसैगरी तानसेन नगरपालिकाले पहिलोपटक नगरभित्रका युवाहरूलाई संगठित र उद्यमशीलतामा उत्प्रेरित गर्न तानसेन नगर युवा परिषद् गठन गरेर रचनात्मक कार्यक्रम सञ्चालन गरिरहेको छ। लागू औषध, मदिरा र अपराधिक क्रियाकलापबाट मुक्त राख्न युवालाई नै कार्यक्रममा सहभागी गराउने अभ्यास गरेका छौँ। वडा नं. १ को मिसन अस्पताल सेरोफेरोलाई मदिरा निषेधित क्षेत्र घोषणा गरेका छौं।

कृषि विना विकास सम्भव छैन भनेर कृषि तर्फ विभिन्न कार्यक्रमका लागि बजेट विनियोजन गरेका छौँ। खासगरी कृषि र पशुजन्य उत्पादन बृद्धिका लागि उत्पादन, प्रविधि र बीउमा अनुदान दिने कार्यक्रमलाई हामीले निरन्तरता दिएका छौं । तानसेन नगरपालिकाले शिक्षामा कार्यसम्पादनका आधारमा पुरस्कृत गर्नुका साथै शिक्षालाई मौलिक बनाउने सोच सहित काम गरेको छ । हामी निर्वाचित भइसकेपछि गुणस्तरीय जीवनका लागि आधारभूत कुरा मध्ये बाटो र खानेपानीमा उल्लेख्य काम भएका छन्।

तानसेन नगरपालिकाले निजी क्षेत्रलाई विकासमा साझेदारीका लागि आव्हान गरेको छ। तानसेनलाई लगानी मैत्री बनाउन ऐन कानून पारित गर्‍याैं लगानी सम्मेलन हुँदैछ। पोखरामा यस बारेमा छलफल गर्‍यौं। विकासका लागि आन्तरिक स्रोत परिचालन महत्त्वपूर्ण पक्ष हो भन्ने महसुस गरेरै कम्तिमा आफ्नै स्रोतबाट चालु खर्च पुगोस् भन्ने अपेक्षासहित योजना आरम्भ गरिएको छ।

तानसेनको पहिचानका रूपमा रहेका पाल्पाली ढाका र करुवाको प्रवर्द्धन गर्ने कार्यक्रममा हाम्रो चासो रहेको छ। पाल्पाली पत्रकारिताको विकासमा यथासक्य सहयोगलाई निरन्तरता दिएका छौँ, समानुपातिक विज्ञापन नीति कार्यान्वयनका लागि पहल गर्दैछौँ । मिडियासँग सम्वाद र सहकार्यलाई प्राथमिकतामा राखेका छौँ । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालको नाममा पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष स्थापना गरेका छौँ । तानसेनले इतिहास, कला, संस्कृति लगायत गतिविधि सार्वजनिक गर्ने कार्यका लागि **हाम्रो तानसेन** नामक बुलेटिन प्रकाशनलाई निरन्तरता दिएको छ। यी बाहेक विभिन्न रचनात्मक काम भएका छन्।

अन्त्यमा, जनप्रतिनिधिहरूको २ वर्ष व्यतीत भइसकेको छ र बाँकी समयमा चुनावका बेला गरिएका बाचाकबोल अनुसार काम गर्नुपर्ने दायित्व एकातिर छ भने अर्कोतिर दीर्घकालीन प्रभाव पार्ने योजनालाई कार्यान्वयन गरेर तानसेनलाई पुनर्जीवन दिनुपर्ने दायित्व समेत हामीमाथि छ। यस अवसरमा सबैको साथ र सहयोगको अपेक्षासहित रचनात्मक सुझावका लागि सबैसँग पुनः सादर अनुरोध गर्दछौँ।

**(नगर प्रमुख)**

# विषयसूची


| | | | |
|---|---|---|---|
| १ | न्यायिक समितिको एक वर्ष | - लक्ष्मीदेवी पाठक | ५ |
| २ | युवालाई स्वरोजगार बनाउने तानसेन सरकारको चासो | - दामोदरप्रसाद घिमिरे | ६ |
| ३ | स्थानीय सरकारबीच सहकार्यको सोच र व्यवहार | - गोपालप्रसाद बगाले | ७ |
| ४ | तानसेन नगरपालिकाको आर्थिक करोबारको अवस्था: एक विवेचना | - दिवाकर अर्याल | ९ |
| ५ | तानसेन नगरपालिका र सामाजिक क्षेत्रका कार्यक्रम: एक चर्चा | - दीपक विश्वकर्मा | १२ |
| ६ | पुपपा अर्थात् पुष्पलाल, पत्रकारिता र पाल्पा | - झपेन्द्र जी.सी. | १४ |
| ७ | पुष्पलाल र अध्ययन | - दिल साहनी | २२ |
| ८ | तानसेनमा जन्मेका अन्तर्राष्ट्रिय ख्यातिप्राप्त आचार्य भिक्षु अमृतानन्द महास्थविर | - छत्रराज शाक्य | २४ |
| ९ | विश्वेश्वर प्रसाद (वीपी) कोइराला र पाल्पा | - विधान श्रेष्ठ | २९ |
| १० | स्थानीय सरकारको कसिमा-तानसेन नगरपालिका | - नारायणप्रसाद कोइराला | ३४ |
| ११ | तानसेन : पुरानो संझना र आजका नगरबासीको चाहना | - लक्ष्मीकुमारी उपाध्याय | ३८ |
| १२ | मिडियाकर्मीको आँखामा तानसेन नगरपालिकाको दुई वर्ष | – राजेशकुमार अर्याल | ३९ |
| १३ | भन्छ यो तानसेन (कविता) | - डिल्लीराज अर्याल | ४४ |
| १४ | Tansen: Core To The Door | - Gopal Prasad Bashyal | ४५ |
| १५ | नगरबासीको घर-घरमा स्वास्थ्य सेवा अभियान तानसेनको लोककल्याणकारी कामको नमूना | - रेखीराम राना | ४७ |
| १६ | मात्र एउटा इतिहास (कविता) | - शंकरप्रसाद गैरे | ५० |
| १७ | शिक्षा शाखाद्वारा आ.व. २०७५/७६ मा सम्पादन गरिएका मुख्य कार्यहरु | - रेशमलाल न्यौपाने | ५१ |
| १८ | सहकारी क्षेत्र विकास र उपभोक्ता हित संरक्षण तर्फ संक्षेपमा ... | - दुर्गाबहादुर थापा | ५३ |
| १९ | तानसेन नगरपालिका कृषि तथा पशु शाखाको काम हेर्दा | - नेत्र गैरे | ५४ |
| २० | सूचना प्रविधि शाखाको गतिविधि | - प्रकाश गैरे | ५८ |
| २१ | तानसेन नगरपालिकाको आ.व. ०७५/७६ को आन्तरिक आम्दानीको अवस्था | - मधुसुदन घर्ती | ५९ |
| २२ | पाल्पा तानसेनमा बन्नेभयो हरियाली बसपार्क | - कोशलराज घिमिरे | ६० |
| २३ | प्रवर्द्धनात्मक कार्यक्रम मार्फत् तानसेन नगरपालिकाको विकासमा गरिएका प्रयास | – भरतप्रसाद आचार्य | ६२ |
| २४ | आव २०७५/७६ मा सरसफाइ शाखाका मुख्य गतिविधि | - शंकर भण्डारी | ६३ |
| २५ | आ.व. २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम | | ६४ |
| २६ | तस्बिरमा तानसेन | | ६५ |
| २७ | महिला त्यसै पछि परेको होइन (कविता) | - लक्ष्मीदेवी पाठक | ७६ |
| २८ | तानसेन नगर युवा परिषद् | - गुराँस आत्रेय | ७७ |
| २९ | प्रधानमन्त्री रोजगार कार्यक्रम र तानसेन नगरपालिका | - कलश न्यौपाने | ७८ |
| ३० | यस्तो रह्यो जिन्सी शाखाको मुख्य गतिविधि | - रामजीबहादुर कार्की | ८१ |
| ३१ | सामाजिक सुरक्षा भत्ता सहज तरिकाले उपलब्ध गराइँदै | - नारायण पाण्डे | ८३ |
| ३२ | तानसेनको गहना पाल्पा दरबार संग्रहालय | - चन्द्र बहादुर वली | ८४ |
| ३३ | जेष्ठ नागरिकलाई घरदैलौमा आयुर्वेद सेवा | - माधव वस्याल | ८५ |
| ३४ | उपभोक्ता अधिकार र उद्योगी तथा व्यवसायीहरुको दायित्व .... | - चुरामणि पोखरेल | ८६ |
| ३५ | वडा गतिविधि (पत्रकारहरु: भोजराज भट्टराई, कृष्ण दर्नाल, मेघराज शर्मा, भरत शर्मा, सुनिल कार्की, यज्ञमूर्ति तिमिल्सिना, किरण कौशल, रिमा सोमै, विजयकुमार बौंडेल, कृष्ण पोखरेल, अमृत अधिकारी, झविन्द्र देवकोटा, कृष्ण कार्की र झपेन्द्र गहिरेको रिपोर्ट) क्रमश: | | ९० |
| ३६ | Sisters Of Charity In Nepal | - Sr. Anice Joshep | १२३ |
| ३७ | आर्थिक वर्ष २०७५/०७६ को आय व्यय विवरण | | १२४ |
| ३८ | पत्रपत्रिकामा तानसेन | | १२५ |
| ३८ | तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति | | १२७ |

# न्यायिक समितिको एक वर्ष



- लक्ष्मीदेवी पाठक

तानसेन नगरपालिकामा गठित न्यायिक समितिले आर्थिक वर्ष २०७५/०७६ मा न्याय सम्पादन र निरुपण गरिएका मुद्दाहरू दुनियाँवादी देवानी प्रकृतिका ३७ वटा थिए। दुनियाँवादी फौजदारी प्रकृतिका १८ वटा परेको थियो। सरकारवादी प्रकृतिका २ वटा र अन्य मुद्दाहरू २ गरी जम्मा मुद्दा ५९ वटा उजुरी परेका थिए।

जसमध्ये दुनियाँवादी देवानी प्रकृतिका मुद्दाहरू २८ वटा, दुनियाँवादी फौजदारी प्रकृतिका मुद्दाहरू १३ वटा, सरकारवादी मुद्दा २ वटा र अन्य गरी जम्मा ४५ वटा मुद्दालाई मिलापत्रद्वारा किनारा लगाइएको थियो।

**न्यायिक समितिका अवसरहरु :**

प्रत्यक्ष रूपमा नागरिकसँग सरोकार बढेको छ। मिलापत्रद्वारा मुद्दाहरू निरुपण गरिने हुँदा दुवै पक्षको जित हुने। हारको महसुस कसैलाई नहुने। निःशुल्क रूपमा समस्याको समाधान हुने। छिटो छरितो काम हुने हुँदा सरोकारवालाहरूले सन्तुष्टि महसुस गर्नु भएको छ। प्रशासनबाट पनि नगरेको काम न्यायिक समितिबाट गरिदिनु भयो भन्ने सुन्न पाउनु अवसरको रूपमा लिएका छौं। कानुनी सल्लाहकारबाट सल्लाह लिंदा न्याय दिन सजिलो महसुस भएको छ।



**चुनौतिहरु :**

बहुविवाह केश आइरहन्छन्। जेठी श्रीमती छोराछोरीहरूलाई लालन पालन तथा जन्मदर्ता तथा विवाह दर्तासम्म नगरिदिएको केश पनि आउँछ। यस्ता फौजदारी प्रकृतिका मुद्दाहरू लालन पालन, सामान्य मनमुटावलाई मात्र कार्य क्षेत्र अधिकार दिइएको छ। जन्म दर्ता र विवाह दर्ता समेत न्यायिक समितिले हेर्न नपाउने अवस्था छ। पीडितहरूले यी सबै मुद्दा निरुपण न्यायिक समितिले गरिदिन माग गर्नुहुन्छ। यस्तो अधिकार नहुनु नै चुनौतिको रूपमा हामीले लिएका छौं। न्यायिक समितिले थप अधिकार पाएमा आफ्नो अधिकार प्रयोग गरी पीडितलाई न्याय दिन सजिलो हुने र पीडितले अधिकार पाउने थिए।

**समस्याहरु :**

न्याय दिने इजलास नहुनु, मेलमिलाप कर्तालाई तालिमको व्यवस्था नभएको र सदस्य सचिव भनी छुट्टै व्यवस्था नहुनुले कार्य सम्पादनमा समस्या देखिएको छ। वडामा गरिने मेलमिलाप कर्ताले गर्ने काम पनि न्यायिक समितिले नै गर्नु परेको छ। वडामा व्यवस्था गरिएको मेलमिलाप कर्ताले पनि तालिम नपाउँदा हाम्रो नामाकरण भयो तर मेलमिलापकर्ताको काम कर्तव्य के हो ? भनी प्रश्न गर्नुहुन्छ। यी पनि हाम्रा समस्या हुन्। न्यायिक समितिको अधिकार क्षेत्र कति र कस्ता प्रकारका मुद्दाहरू न्यायिक समितिमा दिनुपर्दछ भन्ने जानकारी नभएर हो कि प्रायः सबै खालका उजुरी न्यायिक समितिमा आउनु पनि हाम्रो लागि समस्या नै रहेको छ। संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकारक्षेत्र बाहेकका मुद्दाहरू र लेनदेनका सवालहरूका समेत पनि निवेदन आउने गरेका छन्। यस्ता प्रकारका मुद्दा हेर्न अधिकार नपाउनु, तर हेर्नैपर्ने यो बाध्यता रहेको छ। यस्ता प्रकारका मुद्दाहरूसँग पनि घुलमिल गर्दै न्यायिक समितिको एक वर्ष बितेको छ। विगतका समस्याबाट पाठ सिकेर प्रभावकारी सेवा प्रदान गर्ने हाम्रो सोच छ।

**(उपप्रमुख तथा न्यायिक समिति संयोजक, तानसेन नगरपालिका)**

# युवालाई स्वरोजगार बनाउने तानसेन सरकारको चासो



- दामोदरप्रसाद घिमिरे

युवाहरूको बढ्दो विदेश पलायन प्रवृत्तिलाई निरुत्साहित गर्न तथा स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गर्ने गरी तानसेन नगर सरकारले युवा स्वरोजगार कार्यक्रम थालनी गरेको छ। अब केही गरौँ भन्ने आँट भएका तानसेन नगरपालिकाभित्रका युवा बेकम्मा बस्न नपर्ने भएको छ। पोखरामा २०७६ असार २० गते संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP), तानसेन नगरपालिका र स्थानीय सेवा प्रदायक संस्था रेडाबीच भएको त्रिपक्षीय सम्झौता लगत्तै आय आर्जनका माध्यमबाट आत्मनिर्भर हुन चाहने तानसेन नगरपालिका भित्रका युवाहरूलाई तानसेन नगरपालिकाले नेपाल बैंक लि. मार्फत् बिना धितो ऋण प्रवाह शुरु गरेको छ।



तानसेन नगरपालिकाद्वारा सञ्चालित आर्थिक विकासका प्रमुख प्राथमिकता प्राप्त कार्यक्रमहरूमा दलित सशक्तीकरण, महिला स्वावलम्वी कार्यक्रम र युवा स्वरोजगार मुख्य रहेका छन्। युवाका लागि उद्यमशीलता विकास कार्यक्रम अर्न्तगत तहगत जनप्रतिनिधिहरू, दल, नागरिक समाज, सञ्चारकर्मी, नगरपालिकाका कर्मचारी, टोल विकास संस्थाका प्रतिनिधि र अन्य सरोकारवालाहरूको लागि तानसेन नगरपालिकाको योजना तथा यूएनडिपीको आर्थिक तथा प्राविधिक सहयोग र स्थानीय साझेदार संस्था ग्रामीण आर्थिक विकास संघ (रेडा) को सहजीकरणमा यो कार्यक्रम सम्बन्धी विभिन्न चरणमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा प्रदेश नं ५ का सभासद्, पूर्व सांसद्, संविधानसभा सदस्य, दलका प्रमुख तथा प्रतिनिधि, जिल्ला समन्वय समितिका प्रमुख, तानसेन नगरपालिकासँग जोडिएका स्थानीय तहका प्रमुखहरू, प्रमुख जिल्ला अधिकारी, पाल्पा उद्योग बाणिज्य संघ र पाल्पा व्यापार संघका अध्यक्ष, बुद्धिजीवी, नागरिक समाजका प्रतिनिधि, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, नेपाल पत्रकार महासंघका अध्यक्ष लगायत सञ्चारकर्मी, टोल विकास संस्थाका प्रतिनिधि लगायत सरोकारवालाहरूको कार्यक्रममा उपस्थिति रहेको थियो। कार्यक्रमले युवाहरूलाई उद्यमशीलता मार्फत आत्मनिर्भर बनाउन सकिन्छ साथै नेपाल सरकारको **सुखी नेपाली समृद्ध नेपाल** नारा साकार पार्न समेत सहयोग पुग्दछ भन्ने सोचसहित युएनडिपीको आर्थिक सहयोगमा यो कार्यक्रम शुरु गरिएको हो। बेरोजगारी समस्या सम्बोधनसँगै आत्मनिर्भरताको लागि बलियो आधार युवा स्वरोजगार कार्यक्रम बन्ने छ। विशेषत कृषि, पर्यटन विकास, परम्परागत सीप संरक्षण र संस्कृति संरक्षणमा युवा सहभागिताको खाँचो महसुस गरेरै उनीहरूलाई उत्प्रेरित गर्ने तथा स्वाभिमानी नागरिक बन्न सघाउनेतर्फ यो कार्यक्रम लक्षित रहेको छ।

तानसेन नगरपालिका जमानी बसेर नेपाल बैंक लि. तानसेनबाट बिना धितो प्रवाह गरिने कर्जाबारे आवश्यक जानकारी अभिमुखीकरण कार्यक्रम मार्फत् दिइएको छ भने स्थानीय साझेदार संस्था ग्रामीण आर्थिक विकास संघ (रेडा) ले आवश्यक सहजीकरण सहयोग गरेको छ। दिगो विकास लक्ष्य प्राप्तिका लागि समग्र लक्ष्यलाई स्थानीयकरण गरिन आवश्यक छ भन्ने तथ्य आत्मसात् गरेरै दिगो विकास लक्ष्यको स्थानीयकरणको उदाहरण तानसेन नगरपालिकाले अगाडि सारेको युवाका लागि उद्यमशीलता अन्तर्गत युवा स्वरोजगार कार्यक्रम पनि एक हो। स्थानीय तह मध्ये पहिलोपटक तानसेन नगरपालिकाले युवाहरूका लागि बिनाधितो स्वरोजगार कार्यक्रमका लागि ऋण उपलब्ध गराउने आँट गरेको हो। युवाहरूको अनुभव र अग्रसरताले कार्यक्रमलाई सफल बनाउन सक्ने हुनाले तानसेनका युवाहरूको चासो यसतर्फ केन्द्रित हुन जरुरी छ। अभिभावक वा सरोकारवाला संघसंस्थाले यसबारेमा सहयोग गर्न सक्नुहुन्छ। तानसेन नगर युवा परिषद्ले पनि यसतर्फ चासो देखाएको छ।

मुख्यतः अभिमुखीकरणका बेलामा प्राप्तभएका सुझाव बेरोजगार युवालाई समेटनुपर्ने, नयाँ युवा उद्यमी तयार गर्नुपर्ने, तानसेन भित्रका महिलासँग रहेको सीप संरक्षण र उत्पादन वजारीकरण गरिनुपर्ने, पाल्पाली ढाका तथा करुवा उद्योग ग्राम स्थापना गर्नुपर्ने, समूहगत रूपमा लगानीलाई प्राथमिकता दिनुपर्ने, होम स्टे सञ्चालन गर्न चाहने युवालाई पनि कार्यक्रममा समेटनुपर्ने, दलितहरूलाई विशेष प्राथमिकता दिनुपर्ने, ऋण प्रवाह सरल र पारदर्शी बनाइनुपर्ने, ग्रामीण भेगका युवालाई समेटनुपर्ने, सबै वडाका युवाहरूलाई वडाअध्यक्ष मार्फत कार्यक्रमबारे जानकारी गराउनुपर्ने, तानसेन नगरपालिकाको आन्तरिक संरचना चुस्त दुरुस्त बनाउनुपर्ने, बिना धितो कर्जा दिंदा ऋणी भाग्ने अवस्था आउँछ कि भनेर सचेत हुनुपर्ने, उत्पादनको बजारीकरणमा समेत सहयोग गर्नुपर्ने, आर्थिक समृद्धिका लागि कृषि क्षेत्रलाई आधार बनाएर लगानीमा जोड दिनुपर्ने, युवा स्वरोजगार कार्यक्रमका लागि दक्ष जनशक्ति तयार गर्नुपर्ने र कार्यक्रमलाई नगरप्रमुख वा तानसेन नगरपालिकाको मात्र भन्ने नठानी हामी सबैको हो भन्ने सम्झेर सबैले सहयोग गर्नु पर्ने, तानसेन भित्रका महिलासँग रहेको सीप संरक्षण र उत्पादन वजारीकरण गरिनुपर्ने, पाल्पाली ढाका तथा करुवा उद्योग ग्राम स्थापना गर्नुपर्ने, समूहगत रूपमा लगानीलाई प्राथमिकता दिनुपर्ने, गराउनुपर्ने भन्ने खालका थिए। त्यसतर्फ सरोकारवाला हामी सबै सचेत हुन जरुरी छ। त्यसो भएमा महत्त्वपूर्ण र महत्त्वाकाङ्क्षी यो कार्यक्रम सफल पार्न सकिन्छ। तानसेन नगरपालिकाको युवा स्वरोजगार कार्यक्रमका लागि युएनडिपीले सहयोग गर्ने आँट गरेको छ, रेडा र नेपाल बैंक लिमिटेडले सहकार्यका लागि हात अगाडि बढाएका छन् यसको मुख्य उद्देश्य युवाहरूमा उद्यमशीलता विकास गर्ने नै हो। आर्थिक समृद्धिसँगै आत्मनिर्भरताका लागि ससानो प्रयास, कार्यक्रम भएपनि शुरु गरौँ साथै युवाहरूको जोश र जाँगरमा आधारित कार्यक्रम गरौँ भनेर तानसेन नगरसरकारले शुरु गरेको यो कार्यक्रम सफल पार्न सबैको साथ र सहयोगको खाँचो छ।

(प्रवक्ता, तानसेन नगरकार्यपालिका)

# स्थानीय सरकारबीच सहकार्यको सोच र व्यवहार



– गोपालप्रसाद बगाले

पछिल्लो समयमा तानसेन नगरकार्यपालिकाबाट सम्पादन भएका विभिन्न काम मध्ये एउटा महत्त्वपूर्ण काम हो अन्तरपालिका सहकार्य प्रारम्भ। तानसेन नगरपालिका र बगनासकाली गाउँपालिकाले नागरिकको हित र पालिकाको समग्र विकासका लागि सहकार्य गर्न सकिन्छ तथा एकै ठाउँ जुटेर छलफल गर्न सकिन्छ भन्ने कुरा व्यवहारबाटै प्रस्तुत गर्ने जमर्को गरेका छन्। गतवर्ष तानसेन नगरप्रमुख र बगनासकाली गाउँपालिकाका प्रमुखबीच सहकार्यको बारेमा सम्वाद भएको थियो । लगत्तै दुईपालिकाको संयुक्त लगानीमा सीमामा रहेको तानसेन चिलाङ्दी सडकखण्डमा कालोपत्रे गर्ने काम सम्पन्न भयो। तानसेन नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा छिमेकी पालिकाहरूसँग विकास निर्माण, पर्यटन तथा संस्कृति संरक्षण र परम्परागत सीप संरक्षण, फोहर व्यवस्थापन, खानेपानी तथा एकीकृत बस्ती विकास कार्यक्रम, प्राविधिक तथा ब्यावसायिक शैक्षिक केन्द्र सञ्चालन लगायतका सवालमा सहकार्य गर्न सकिने कुरा उल्लेख गरेको छ।

निर्णयअनुसार विमानस्थलको लागि आवश्यक उपयुक्त जग्गा खोजीमा दुई पालिकाका प्रमुखसहितको टोलीले सम्भावितस्थलको अवलोकन कार्य प्रारम्भ गरेको छ। तानसेनका नगरप्रमुख अशोककुमार शाही छिमेकी पालिकाहरूसँग समन्वय गरेर युवा स्वरोजगार कार्यक्रममा समेत सहकार्य सम्भव हुनसक्ने ठानेर छिमेकका पालिका प्रमुखहरूसँग सम्वाद गर्दै अगाडि बढ्न प्रयत्नशील देखिनु भएको छ। यो वर्ष नै सीमाना जोडिएका मध्ये बगनासकाली गाउँपालिकास्थित बगनासका विश्वकर्माहरूले बनाउने बगनासे साँचो र घोरबन्दे कुमालको माटोको भाँडा बनाउने परम्परागत सीप संरक्षणमा तानसेनले नीति कार्यक्रममा समेत सहकार्य गर्न सम्भव हुने कुरा पारित गरेको छ। उता बगनासकाली गाउँपालिकाले समेत सहकार्यलाई जोड दिने अध्यक्ष कृष्णप्रसाद बस्यालले बताउनुभयो।

सहकार्यको उदाहरण तानसेन र बगनासकालीले संयुक्त अन्तरकार्यपालिका बैठकबाट यसअघि नै प्रस्तुत गरिसकेका छन्। सम्भवतः नेपालमै पहिलोपटक दुई स्थानीय तहको कार्यपालिकाको संयुक्त बैठक बसेको हो। २०७६ जेठ २९ गते तानसेन नगरपालिकाको सभाकक्षमा तानसेन नगरप्रमुख अशोककुमार शाहीको अध्यक्षता र बगनासकाली गाउँपालिकाका प्रमुख कृष्णप्रसाद बस्यालको विशेष उपस्थितिमा संयुक्त कार्यपालिका बैठक बसेर विभिन्न निर्णय गरिएको थियो।



बैठकमा तानसेन नगरप्रमुख शाहीले समान सवालमा सहकार्यका लागि सञ्जाल बनाऔँ भन्ने बगनासकालीका अध्यक्षसँग स्थानीय निर्वाचन लगत्तै कुरा भएअनुसार कार्यपालिकास्तरको पहिलो संयुक्त बसाइ भएको जानकारी गराउनुभयो । उहाँले पालिकाहरूको साझा उद्देश्य समृद्धि र नागरिक सेवा भएको स्पष्ट पार्दै विकास निर्माणका कुरामा पालिकाहरू सँगसँगै जान सक्दछन भन्ने उदाहरण आफूहरूले दिन चाहेको प्रष्ट पार्नुभयो ।

बैठकमा तानसेन नगरपालिकाका प्रवक्ता दामोदरप्रसाद घिमिरेले ऐतिहासिक महत्त्वको संयुक्त कार्यपालिका बैठक भएको बताउँदै तानसेन र बगनासकालीको संयुक्त कार्यपालिका बैठकबाट संयुक्त मुद्दा पहिचान गर्न सकिने कुरा व्यक्त गर्नुभयो ।

बगनासकालीका प्रवक्ता लक्ष्मीप्रसाद अधिकारीले संयुक्त कार्यपालिका बैठक आयोजना गरेकोमा तानसेन नगरपालिकालाई धन्यवाद दिँदै साझा समस्या साझा सवाल भन्दा पनि स्थानीय तहले संघबाट पाउनुपर्ने अधिकार पाएका छौँ छैनौँ त्यसबारे पनि छलफल गरौँ, आवाज उठाऔँ भन्नुभयो । उहाँले अगाडि भन्नुभयो–"केही गरौँ भनेर हामी अघि बढेका छौँ, नागरिक सेवा साझा ध्येय हो ।"

बगनासकाली गाउँपालिकाकी उपाध्यक्ष सरस्वती चिदीले संयुक्त सामाजिक समस्याबारे भन्नुभयो–"युवाहरू लागु औषधमा फँस्दै गरेको अवस्था छ, कृषि उपज बिक्रीका लागि संयुक्त हाटबजारको खाँचो छ । पर्यटकीय क्षेत्रको विकास तथा अन्य विकास निर्माणका कुरामा समन्वय र सहकार्य सम्भव छ ।"

बगनासकाली गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्यालले आर्थिक समृद्धिका लागि तानसेन र बगनासकालीले सहकार्य शुरु गरेको बताउँदै यसको शुरुवात गतवर्ष सडकपीच गर्ने कामबाट थालनी भएको स्मरण गर्नुभयो । उहाँले भन्नुभयो–" ५ वर्षमा हामीले के गर्‍यौं, हामीले छाड्दा यो काम गरेका थियौँ भनेर आत्मसंन्तुष्टि लिने ठाउँ राखौँ । भोलि पहिलोपटक निर्वाचित जनप्रतिनिधिले के गरे भनेर पक्कै समीक्षा हुनेछ । हामीले बोलेर मात्र हुँदैन व्यवहारमै उतार्ने काम गरौँ । सहकार्यका सम्भावना धेरै छन् बगनासकाली र तानसेनसँग ।"

तानसेन र बगनासकालीका जनप्रतिनिधिहरूले समान सवालमा सहकार्य सम्भव छ भन्दै धार्मिक, कृषि, पर्यटन क्षेत्रमा सहकार्य गर्न सक्ने, रानीमहल सेरोफेरोको जग्गा उपयोग सम्बन्धी कुरामा सहकार्य हुनसक्ने कुरा उठाउनु भएको थियो । कतिले यसखालको संयुक्त कार्यपालिका बैठक नेपालकै सन्दर्भमा नमूना भन्दै विशेषगरी भौतिक निर्माण, खानेपानी, फोहरमैला व्यवस्थापन, वस्ती विकासमा सहकार्य गर्नुपर्ने कुरामा जोड दिनुभयो । साथै पर्यटन प्रवर्द्धन लगायतका सवालमा सहकार्यबाट टेवा पुग्ने तथा दुवैतिर आवश्यक संरचना बनाउन सहकार्य फलदायी हुने र बगनासे साँचो, घोरबन्दाको माटोको भाँडा बनाउने कुमाल समुदायको सीप संरक्षणजस्तै तानसेनको पहिचान पाल्पाली करुवा र पाल्पाली ढाकाको संरक्षण, प्रवर्द्धन लगायत परम्परागत सीपको संरक्षणमा समेत संयुक्त रूपमा योजना कार्यान्वयन सम्भव छ भन्ने कुरा भयो ।

बैठकको अन्त्यमा तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बैठकमा उठेका सवाल सम्बोधन हुनेगरी गुरुयोजना बनाएर संयुक्त रूपमा कार्यान्वयन थाल्न आव्हान गर्दै भन्नुभयो–"राम्दीघाटमा शवदाहस्थल, रानीमहल क्षेत्रको विकास, सम्पदा संरक्षण, परम्परागत पेसा, सीप संरक्षण, युवा स्वरोजगार लगायतका सवालमा कामथालौँ । गौँडेदेखि राम्दीसम्म सिद्धार्थ राजमार्गको सडकमा रहेका साँघुरा मोड सुधारका लागि प्रदेश र संघसँग माग गरौँ । नभुलौं, सहकार्यमा समृद्धि सम्भव छ । "

पर्यवेक्षकको रूपमा सहभागी पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्यालले बैठकको अन्त्यमा सुझाव राख्दै भन्नुभयो–"तानसेन नगरपालिका र बगनासकाली गाउँपालिकाले सम्बैधानिक मर्मको मनन गरेको देखियो, सघन सम्वादका निम्ति बाटो खुलेको छ ।"

स्थानीय सरकारको रूपमा रहेका पालिकाहरूबीच विकास निर्माण लगायत जनस्तरका साझा सवालमा सहकार्यबाट जनप्रतिनिधि र नागरिकबीच मैत्रीभाव अभिबृद्धि हुने देखिएको छ । पहिलो बैठकका निष्कर्षलाई कार्यान्वयन गर्दै अगाडि बढन् तानसेन र बगनासकालीका प्रमुख, दुवै तहका उपप्रमुख, दुवै पालिकाका प्रवक्ताहरू, दुवै पालिकाका पूर्वाधार विषयगत समितिका संयोजकहरू, दुवै पालिकाका प्रमुखले मनोनयन गरेका नागरिक समाजका प्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृतहरू रहेको कार्यदल समेत गठन भएको छ । आशा गरौँ अन्तरपालिका सहकार्यको प्रतिफल नागरिक हितमा हुने छ ।

**(प्रमुख प्रशासकीय अधिकृत)**

# तानसेन नगरपालिकाको आर्थिक करोवारको अवस्था: एक विवेचना



- दिवाकर अर्याल

नेपालीहरूले विभिन्न कालखण्डमा गरेको आन्दोलन, संघर्ष र वलिदानको प्रयासबाट नेपाल संघीय गणतन्त्रको रूपमा स्थापित भएको छ। नेपालको संविधानले परिकल्पना गरेको ३ तहको सरकार स्वतन्त्र निर्वाचनको माध्यमबाट गठन भइसकेका छन्। स्थानीय तहमा पनि नयाँ संरचना सहित लामो समयको रिक्तता पूरा भई जननिर्वाचित जनप्रतिनिधिहरूले जिम्मेवारी समाल्नु भएको छ। नेपालकै इतिहासमा साइँलो नगरपालिकाको रूपमा स्थापित तानसेनमा पनि नवनिर्वाचित जनप्रतिनिधिहरूले विस्तारित तानसेनको सर्वाङ्गिण विकास गरी नगरवासीको चाहना अनुसार विभिन्न सेवा सुविधा उपलब्ध गराई तानसेनलाई एक सुन्दर नगरीको रूपमा परिणत गर्न प्रतिवद्ध भई आ–आफ्नो कार्यक्षेत्रमा तल्लीन हुनुहुन्छ।

यी सवै उद्देश्यहरूलाई साकार पार्न प्रमुख भूमिका खेल्ने साधन स्रोतको अवस्था अत्यन्त कमजोर छ। आफ्नो स्वआर्जनले सामान्य चालु खर्च चलाउन समेत नपुगी संघीय सरकारको भर पर्नुको विकल्प छैन। यसरी सीमित साधन र स्रोतबाट अपेक्षित लक्ष्यमा पुग्न यसको परिचालन अत्यन्त इमान्दारीपूर्वक हुन जरुरी छ। हालसम्म स्थानीय निकायहरूमा आफ्नो आम्दानी र अनुदानको परिचालन लेखापालन र लेखापरीक्षणमा आफ्नो अधिकार रही आफैबाट नियुक्त कर्मचारी/व्यक्तिहरूबाट हुँदै आएको थियो। नयाँ परिवेशमा संघीय सरकारले स्थानीय तहको सञ्चालनमा जिम्मेवारीका साथ साधन र स्रोतको समेत वढोत्तरी गरी सो कार्यान्वयनका लागि संघीय सरकारका कर्मचारी पठाई संघीय संसद्बाट निर्मित विभिन्न कानूनहरूको कार्यान्वयन गराई स्थानीय सरकारहरूलाई नागरिकप्रति पूर्ण रूपमा जवाफदेही बनाउन विभिन्न प्रयासहरू गर्दैछ।

स्थानीय तहको समेत आर्थिक कारोवारहरूलाई चुस्त दुरुस्त र पारदर्शी रूपमा सञ्चालन गरी साधन र स्रोतको चुहावट र दुरुपयोग रोक्न नेपालको संविधान, आर्थिक ऐन, विनियोजन ऐन, आर्थिक कार्यविधि ऐन,सार्वजनिक खरीद ऐन,स्थानीय शासन सञ्चालन आदि ऐनहरू र तिनीहरूलाई कार्यान्वयनमा ल्याउन संघीय सरकारबाट ल्याइएका नियमावलीहरू, समय समयमा गरेका परिपत्र, निर्णय, अर्थ मन्त्रालयको खर्च र कार्यक्रमको नर्म्स, जिल्ला दररेट, विभिन्न प्रचलित ऐन नियमहरूसँग नवाभिने गरी स्थानीय सरकारले वनाएका विभिन्न ऐन नियमहरूले व्यवस्था गरेको प्रक्रिया र पद्धति अनिवार्य रूपमा कार्यान्वयन गर्न स्थानीय तहको जिम्मेवारी रहेको छ।

उपयुक्त ऐन नियमहरूको कार्यान्वयन गर्दै स्थानीय तहको आर्थिक कारोवारलाई व्यवस्थित गर्न महालेखा नियन्त्रक कार्यालयबाट लेखा नियन्त्रकको रूपमा कर्मचारीहरू पठाएको छ भने आर्थिक कारोवारको लेखापरीक्षण पनि नेपालको संवैधानिक निकाय महालेखा परीक्षकको कार्यालयवाट प्रत्यक्ष रूपमा गराउन समेत प्रारम्भ गरिसकेको छ।



कुनैपनि पदाधिकारी, कर्मचारी, व्यक्ति वा संस्थाले अपेक्षित लक्ष्य पूरागर्न र सवैको विश्वसनीय वा भरोसायोग्य भई स्थापित हुन उसको आर्थिक कारोवार दुरुस्त र यथार्थपरक हुनै पर्दछ। यसै सन्दर्भमा विगतमा तानसेन नगरपालिका नगरवासीको भरोसा योग्य संस्था नवन्नुमा नगरबाट प्रवाह हुने साधन र स्रोतको समुचित व्यवस्थापन हुन नसक्नु, अपेक्षित विकास नहुनुमा यसका आन्तरिक नियन्त्रण फितलो र अपारदर्शी हुनु नै प्रमुख कारण थिए। विगतबाट पाठ सिक्दै तानसेन नगरपालिकासँग सम्वद्ध सवै पदाधिकारीज्यूहरू कर्मचारीहरू, उपभोक्ता समिति, निर्माण समिति, विभिन्न कार्यक्रम सञ्चालकहरू सवैले आ–आफ्नो कारोवार उपयुक्त उल्लिखित ऐन नियमहरूले व्यवस्था गरेका प्रक्रिया पूरा गरी गर्न प्रतिवद्ध हुन जरुरी छ।

तानसेन स्थानीय सरकारले आ.व. २०७४/०७५ देखि नीति तथा कार्यक्रम र बजेट ल्याई दैनिक प्रशासन सञ्चालन तथा विकासको काममा जुटेको छ। नगरवासीहरूको उच्च अपेक्षाको कारण नगरपालिकाले निरन्तर विकास निर्माण र सेवा प्रवाहको काम गरेता पनि नगरवासीको दृष्टिमा नगरपालिकाले कामै नगरी दिन विताइरहेको भन्ने गुनासो आउने गरेको छ। यथार्थमा नगरपालिकाले निरन्तर नगरवासीकै हितमा विभिन्न योजनाहरू सञ्चालन गर्दैछ। आर्थिक कारोवार गर्दा अत्यन्त सजकताकासाथ मितब्ययी ढंगले गर्दै गएको छ जस्को उदाहरण आ.व. २०७४।०७५ को महालेखा परीक्षकको प्रतिवेदनले प्रष्ट गरेको छ।

लामो समय जनप्रतिनिधिको अभावमा सवै प्रकारका सेवा सुविधा र विकास निर्माणको गति सुस्त भएको सोचाइ रहेको अवस्थामा जनप्रतिनिधिको उपस्थितिले सवै काम एकसाथ हुन्छ भन्ने अपेक्षा जनताले गरेको अवस्थामा जनप्रतिनिधि आई एकाएक वा रातारात सवै काम सम्पन्न हुन सक्ने अवस्था नै थिएन । स्थानीय निकायबाट तहमा परिणत हुँदाका अवस्थामा जनप्रतिनिधि लगभग शून्यको अवस्थामा सरकार सञ्चालन गर्न शुरु गरेको यथार्थलाई मध्यनजर गर्दा कार्य सञ्चालन गर्ने कानून, कर्मचारीको रिक्तता वा दक्ष र सक्षम कर्मचारीको रोजाई स्थानीय तह नपर्नुका कारण पनि अपेक्षित कार्य सम्पन्न हुन नसकेको हो । तानसेन नगरपालिकाले आ.व.२०७३।०७४ मा जम्मा २६.४६ करोड ल्याएकोमा १८.९७ करोड खर्च भएको देखिन्छ, आ.व. २०७४।०७५ मा ६९ करोड बजेट प्रस्तुत गरेकामा जम्मा रु ६४.९४करोड खर्च गरी ९३ प्रतिशत वित्तीय प्रगति भएको थियो भने आ.व.२०७५।०७६ मा ८० करोड बजेट प्रस्तुत भएकोमा जम्मा रु ७०.२८ करोड खर्च भई ८८ प्रतिशत प्रगति भएको छ भने आ.व. २०७६/०७७ का लागि चालु र पूँजीगत गरी जम्मा १ अरव १ करोड ९३ लाख ६५ हजारको बजेट पारित भई कार्यान्वयनको चरणमा छ।

**प्रगति प्रतिशत कम हुनुका कारण :-**

१) संघीय र प्रादेशिक राजस्व वाँडफाँड रकम लक्ष्य अनुसार प्राप्त नहुनु।

२) संघीय सरकारबाट समपूरक र स्वास्थ्य संस्था निर्माणको बजेट आ.व.को अन्तमा प्राप्त भई कार्यान्वयनमा लैजान समयाभाव हुनु।

तर नगरपालिकाले बजेट विनियोजनमा ल्याएका योजनाहरू लगभग सम्पन्न भएका छन भने केही योजनाहरू ऋमागत रूपमा निर्माणाधीन अवस्थामा रहेका छन्।

**आ.व.२०७५/०७६को आम्दानी खर्च विवरण**

| चालु | पूँजीगत | जम्मा |
|---|---|---|
| ५०,२८,७०,४८६।६७ | १९,९९,४२,७६६।५४ | ७०,२८,१३,२५३।२१ |

**फिर्ता गर्नु नपर्ने र स्थानीय आम्दानी विवरण**

| ऋ.स. | शीर्षक | आम्दानी | खर्च |
|---|---|---|---|
| १ | गतको जिम्मेवारी | ७,६२,३१,०५७।०० | ०।०० |
| २ | स्थानीय आम्दानी | ५,१७,२९,४७८।०० | ५,००,००,०००।०० |
| ३ | लागत सहभागिता | ६७,००,६४०।०० | २१,९८,९१५।०० |
| ३ | संघीय वित्तीय समानीकरण | १४,६६,००,०००।०० | १२,०३,११,६४६।०० |
| ४ | प्रादेशिक वित्तीय समानीकरण | ४८,००,०००।०० | ४८,००,०००।०० |
| ५ | संघीय राजस्व वाँडफाँड | ७,२१,०६,४७५।०० | ७,२१,०६,४७५।०० |
| ६ | प्रादेशिक राजस्व वाँडफाँड | ५५,६५,३४४।०० | ५५,६५,३४४।०० |
| | जम्मा | ३६,३७,३२,९९४।०० | २५,४९,८२,३८०।०० |

**सशर्ततर्फको आम्दानी खर्च**

| क्र.स. | शीर्षक | आम्दानी | खर्च |
|---|---|---|---|
| १ | संघीय सशर्त | ३५,०३,६२,०००।०० | ३३,४५,८४,४९१।०० |
| २ | संघीय समपूरक | २,७३,४४,०००।०० | १,१८,०८,५८४।०० |
| ३ | प्रादेशिक सशर्त | ७५,००,०००।०० | ६६,९८,६९७।०० |
| ४ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १,२२,३९,०००।०० | १,१८,६२,४५४।०० |
| ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४६,४७,०००।०० | ४१,८१,९७०।०० |
| ६ | सामाजिक सुरक्षा कार्यक्रम | ७,४५,७२,०००।०० | ७,४१,९८४,००।०० |
| ७ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३,०५,०००।०० | ३,०५,०००।०० |
| ८ | पर्यटनवोर्डबाट प्राप्त | ५,००,०००।०० | ५,००,०००।०० |
| ९ | सडकवोर्डबाट प्राप्त | ३६,९१,२७७।०० | ३६,९१,२७७।०० |
| | जम्मा | ४८,११,६०,२७७।०० | ४४,७८,३०,८७३।०० |
| | कूल जम्मा | ८४,४८,९३,२७१।०० | ७०,२८,१३,२५३।०० |

**धरौटी खाता आम्दानी खर्च विवरण**

| गतको मौज्दात | आम्दानी | खर्च | वाँकी |
|---|---|---|---|
| १९९७८८३५।४० | ९२,३२,७३३।०५ | ६२,००,६९०।५१ | २,३०,१०,८७७।९४ |

**हाल तानसेन नगरपालिकाको नाममा रहेका कोषहरु र मौज्दात विवरण**

| क्र.स. | कोषको नाम | मौज्दात रकम |
|---|---|---|
| १ | कर्मचारी कल्याणकोष | २९,७१,३५८।०० |
| २ | मरमत संभारकोष | ३६,३२,६४३।१२ |
| ३ | दैवीप्रकोप कोष | ३,४१,४७२।९२ |
| ४ | मानव संसाधन कोष | २१,९०२।०० |
| ५ | वातावरण संरक्षण कोष | ५,१३,१७३।०५ |
| ६ | गरिवी निवारण कोष | ७९,३७,२०३।३१ |
| ७ | महिला तथा बालबालिका कोष | ७,१०,६९५।४० |
| ८ | राजस्व वाँडफाँड | २०,५०,०००।०० |
| ९ | सितभण्डार खाता (एस. वि.आई. वैंक) | ७१,५०,४४६।०२ |
| १० | चल्ती खाता (एस. वि.आई. वैंक) | ५४०।०० |
| ११ | सामाजिक सुरक्षा कोष (कृषि विकास वैंक) | ५४,२२,५००।०० |
| १२ | गाउँनगर साझेदारी खाता (ने.वै.लि.) | १,७६,१९४।२० |
| १३ | वचत खाता (हिमालयन वैंक) | ११,१७,५३९।४८ |
| | जम्मा | ३,२०,४५,६६७।५० |

नोट : १.वातावरण संरक्षण कोष २.गरिवी निवारण कोष ३.राजस्व वाँडफाँड खाता ४.महिला तथा वालवालिका कोषमा जम्मा रहेको रकम मिति २०७६।०४।१० मा मुलकोषमा ट्रान्सफर गरिएको।

**(लेखा अधिकृत)**

# तानसेन नगरपालिका र सामाजिक क्षेत्रका कार्यक्रमः एक चर्चा



– दीपक विश्वकर्मा

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात् राज्यपुनर्संरचना मार्फत् नयाँ संविधानले तीन तहको सरकारको परिकल्पना गरी निर्वाचनबाट चुनिएका जनप्रतिनिधिको नेतृत्वमा तीन तहकै सरकार निर्माण भई आ–आफ्नो काम गरिरहेका छन् । तपाईं हाम्रो घर आँगनसँग जोडिएको सरकारको रूपमा स्थापित स्थानीय सरकारहरूमध्ये तानसेन नगर कार्यपालिका एक हो । तानसेन नगर सरकारमा निर्वाचित जनप्रतिनिधि आएको पनि दुई वर्षभन्दा बढी समय भएको छ। यस अवधिमा तानसेन नगर सरकारले भौतिक विकास र सामाजिक विकासलाई महत्त्वका साथ अगाडि बढाएको छ। हाम्रो जस्तो स्थानीय तहहरूमा भौतिक विकास प्राथमिकतामा पर्नु ठूलो कुरा होइन, तर तानसेन नगर सरकारले भौतिक विकासँगसँगै सामाजिक एवम् मानवीय क्षेत्रका विषयहरूलाई समेत महत्त्व दिएर आफ्नो सामाजिक दायित्वलाई पूरा गर्ने प्रयत्न गरेको छ।

म दावा गरेर भन्न सक्छु कि तानसेन नगरपालिका त्यस्तो पालिका हो जसले सामाजिक क्षेत्रका विकासलाई प्राथकितामा पार्ने गरेको छ। शिक्षा, स्वास्थ्य, खानेपानी, कला, संस्कृति प्रवर्द्धन, समानता, स्वरोजगारिता र लक्षित वर्ग सबलीकरण क्षेत्र आदिका कार्यक्रम आफ्ना साधनस्रोतले थेगेसम्म अगाडि बढाएको छ। हुनत हामीले थालनी मात्र गरेका हौं अझ धेरै गर्नुपर्ने काम पनि छ, तर जति शुरु गरेका छौं त्यस कार्यक्रमहरूबाट तानसेन नगरवासीप्रतिको हाम्रो दायित्व र कर्तव्य हामीले महसुस गरेका छौँ भन्ने झल्कन्छ। सामाजिक क्षेत्रको विकासको दायरालाई फराकिलो बनाउँदै लैजाने लक्ष्य समेत रहेको छ । यसका लागि नगरवासीसँग सहयोगको अपेक्षा समेत गर्दछौं । तानसेनलाई कस्तो नगरको रूपमा चिनारी दिने भन्ने सवालमा जति नगर सरकारको दायित्व र कर्तव्य छ उत्तिकै नगरवासीको पनि हो।

यहाँ जनप्रतिनिधिले नेतृत्व गरे यता तानसेन नगरसरकारले थालनी गरेका केही सामाजिक क्षेत्रका कार्यक्रमहरूको संक्षिप्त चर्चा गर्ने प्रयास खोजेको छु।

**निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम** : तानसेन नगरपालिकाले पहिलो नगरसभाबाट कार्यक्रम स्वीकृत गरी आ.व.२०७४/७५ का लागि स्वास्थ्यको क्षेत्रमा पहुचमा पुग्न नसकेका दलित र अल्पसङ्ख्यक समुदायका १००० परिवारको स्वास्थ्य बीमा गर्ने उद्घोष गरेको थियो। पालिकाले नै स्वास्थ्य बीमा गरिदिने कार्यक्रम लागु गर्ने स्थानीय सरकारमध्ये सम्भवत पहिलो तानसेन नगरपालिका नै हो। यो कार्यक्रम तानसेन नगरपालिकाको सामाजिक क्षेत्रको महत्त्वपूर्ण कार्यक्रम हो । तानसेनले घोषणा गरेपछि अन्य स्थानीय तहले पनि यो कार्यक्रम शुरु गरेको पाइयो। तानसेन नगरसरकारको यो कार्यक्रमबाट लक्षित बर्गका दलित र अल्पसङ्ख्यक समुदायका नगरबासी लाभान्वित भएका छन्। यस कार्यक्रमको प्रभावकारितालाई ध्यानमा राखी तेस्रो नगरसभाबाट कार्यक्रम स्वीकृत गरी आ.व. २०७५/७६ मा दलित र अल्पसङ्ख्यक साथै नगपालिका क्षेत्र भित्रका महिला स्वयम्सेविकाको परिवार, नगरपालिकाको सरसफाइ क्षेत्रमा काम गर्ने कर्मचारीको परिवार तथा नगरपालिका क्षेत्रका अपाङ्गता भएका व्यक्तिका परिवारको समेत गरी यस आर्थिक वर्षदेखि करीव १७०० परिवारको स्वास्थ्य बीमा गरिने भएको छ। पाँचौं नगरसभाबाट कार्यक्रम स्वीकृत गरी चा.लु. आ.व. २०७६/७७ मा स्वास्थ्य बीमालाई निरन्तरता दिइएको छ र सम्भव भए आफ्नो कार्यकालमा तानसेनले अन्य समुदायको समेत स्वास्थ्य बीमा गरिदिने कार्यलाई थप्दै लैजाने सोच रहेको नगरप्रमुख अशोककुमार शाही बताउनुहुन्छ । फरक क्षमता भएका रातो र निलो कार्ड प्राप्त व्यक्तिका परिवारलाई समेत स्वास्थ्य बीमा गरिदिने कार्यक्रमले फरक क्षमता भएकाहरूमा तानसेन सरकारप्रति अपनत्व बृद्धि गराएको प्रतिक्रिया प्राप्त भएको छ। यस कार्यक्रमलाई निरन्तरता दिंदै स्रोत र साधनलाई समेत ध्यानमा राखी क्रमशः सबैको स्वास्थ्य बीमा गरिदिने गरी दायरा बढाएर लैजाने लक्ष्य रहेको छ।

**घर घरमा स्वास्थ्य सेवा अभियान** : नगरका जेष्ठ तथा असक्त नागरिकहरूलाई लक्षित गरी ल्याइएको कार्यक्रम हो घर–घरमा स्वास्थ्य सेवा अभियान। तानसेन नगरपालिकाको आ.व. २०७५/७६ को स्वीकृत कार्यक्रमले नगरका १४ वटै वडाका घर घरमा स्वास्थ्यकर्मीको टोली पुगी स्वास्थ्य जेक जाँच गर्नुका साथै आवश्यक औषधि उपलब्ध गराउने, उपचार हुन नसकेका ठूला प्रकृतिका रोगहरूलाई अन्य स्वास्थ्य संस्थामा रिफर गर्ने लगायतका स्वास्थ्य सम्बन्धी सेवा यो अभियानले अगाडि बढाएको छ । यस कार्यक्रमबाट आ.व.२०७५/७६ मा करिव ४००० हजार भन्दा बढी जेष्ठ तथा अशक्त नागरिकलाई सेवा प्रदान गरिएको छ। यो कार्यक्रम अत्यन्तै प्रभावकारी भएकाले निरन्तरता दिइएको छ।

**सुत्केरी पोषण भत्ता** : तानसेन नगर भित्र बसोबास गर्ने महिलाहरूले आफू सुत्केरी भएको ३५ दिन भित्र बच्चाको जन्म दर्ता गरी रु. १००० हजारका दरले यो सुविधा लिन सक्नेछन्। सुत्केरी हुँदा चाहिने पोषण खर्चलाई सहयोग होस् भन्ने हेतुले नगरको तर्फबाट यो कार्यक्रम पहिलो नगरसभाबाट स्वीकृत गरी लागु गरिएको छ। चा.लु. आर्थिक वर्षमा यस कार्यक्रमलाई अझ फराकिलो बनाउँदै सुत्केरी अबस्थामा ४ पटक स्वास्थ्य संस्थामा चेकजाँच गर्न प्रति पटक रु. ५०० का दरले यातायात खर्च समेत उपलब्ध गराउने गरी कार्यक्रम तय गरिएको छ।

**आर्थिक समृद्धिका लागि महिला उद्यमशीलता कार्यक्रमः** तानसेन नगरपालिकाले आर्थिक रूपमा विपन्न परिवारका महिलाहरूलाई लक्षित

गरी यो कार्यक्रम सञ्चालन गरेको हो। यसबाट विपन्न महिलाहरूले आर्य आर्जनमा वृद्धि गरी आफ्नो पारिवारिक जिम्मेवारीलाई सहज ढङ्गले अगाडि बढाउने उद्देश्य लिइएको छ। आ.व. २०७५/७६ मा ५३ जना महिलाहरूलाई आय आर्जनका लागि २/२ वटा बीउ बाखा उपहार स्वरुप प्रदान गरिनुका साथै ३ जना महिलालाई सिलाई कटाई सीप विकासका लागि सिलाई मेसिन समेत उपलब्ध गराइएको छ। यस कार्यक्रमले लिइएको उद्देश्य पूरा हुनेछ र कार्यक्रमलाई निरन्तरता दिइएको छ।



**लक्षित वर्ग सशक्तीकरण कार्यक्रम :** तानसेन नगरपालिकाले यहाँको आवश्यकतालाई मध्यनजर गर्दै पहिलो नगरसभाबाट कार्यक्रम स्वीकृत गरी आ.व. २०७४/७५ र तेस्रो नगरसभाबाट स्वीकृत गरी गत आ.व.मा लक्षित वर्गका विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको हो। यस कार्यक्रमबाट महिला तथा बालबालिका, दलित, अपाङ्गता भएका नागरिक, जेष्ठ नागरिक, जनजाति, अल्पसङ्ख्यक आदि समुदाय लाभान्वित भएका छन्। यस कार्यक्रमलाई आ.व. २०७६/७७ समेत निरन्तरता दिइएको छ।

**स्वरोजगार कार्यक्रम :** स्थानीय युवाहरूको ज्ञान, सीप र कलाको अधिकतम सदुपयोग गर्दै स्थानीय स्तरमै स्वरोजगार बन्न बैदेशिक रोजगारीमा आर्जित सीपलाई उद्यमशीलताका निम्ति निर्भर हुन चाहने युवा साथै महिला, दलित, जनजाति आदि समुदायको विशिष्ट तथा परम्परागत सीप र पेशालाई समय सापेक्ष आधुनिकीकरण तथा प्रविधिमैत्री बनाउँदै रोजगारी श्रृजनालाई विस्तारित गरी समृद्ध तानसेन निर्माणमा टेवा पुर्‍याउने हेतुले सञ्चालन गरिएको कार्यक्रम हो स्वरोजगार कार्यक्रम। यो कार्यक्रमबाट वार्षिक १०० जना तानसेन नगरपालिकाका युवालाई नयाँ स्वरोजगार बनाउने उद्देश्य लिइएको छ। आ.व. २०७५/७६ बाट शुरु भएको कार्यक्रमका लागि नेपाल बैंक लिमिटेडले स्वरोजगारीका लागि दिइएको आवेदकहरू मध्ये छनोटमा परेकाहरूलाई तानसेन नगरपालिकाको जमानीमा विना धितो सहुलियत ऋण प्रवाह गर्नेछ। छनोटका लागि विभिन्न आधारहरू तयार गरी कार्यक्रम सञ्चालन भएको छ। यो कार्यक्रम तानसेन नगरपालिकाको गौरवको कार्यक्रम हो। यो कार्यक्रम खास गरी युवा लक्षित रहेको छ।

**नगर युवा परिषद् :** तानसेन नगरपालिकाले नगरका युवाहरूसँग हातेमालो गरी युवाहरूलाई नगर विकासका साझेदारको रूपमा अगाडि बढाउन मुलुकको स्थानीय तहहरूमध्ये सबैभन्दा पहिले गठन र सञ्चालन सम्बन्धी कानून बनाई तानसेन नगर युवा परिषद् गठन गरेको छ। सबै वडाको ४/४ जनाको प्रतिनिधित्व हुने गरी समावेशी ढङ्गबाट र नगर प्रमुखले १५ जना विभिन्न क्षेत्रमा क्रियाशील युवाको मनोनीत गरी परिषद् गठन गरिएको छ। परिषद्को कामलाई व्यवस्थित गर्न ९ सदस्यीय कार्यकारी समिति क्रियाशील छ। युवा विकास, उद्यम लागायत खेलकूदका क्षेत्रमा यसले महत्त्वपूर्ण भूमिका लेख्नेछ। परिषद्ले आफ्नो गतिविधिलाई तीव्रता दिइएको छ।

**खरको छाना विस्थापन :** तानसेन नगरपालिकाले आ.व.२०७५/७६ मा तानसेन नगरपालिकामा रहेका बोटे समुदायको घरको खरको छानो विस्थापन गर्न यो कार्यक्रम स्वीकृत गरी सोही बमोजिम तानसेन नगरपालिकाको वडा नं.१३ का बोटे समुदायका घरमा जस्तापाता वितरण गरी खरको छाना विस्थापन कार्य आरम्भ गरेको छ। यस कार्यक्रमलाई क्षेत्र थप गरी चा.लु. आ.व. समेत नगरका विपन्न परिवारको खरको छाना भएका घरहरूलाई विस्थापन गर्ने गरी कार्यक्रम नगरसभाले स्वीकृत गरेको छ।

**उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम :** पहिलो नगरसभाबाट उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम स्वीकृत गरी लागु गरिएको हो। नगरमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई प्रतिस्पर्धी र गणस्तरीय बनाउन विभिन्न सूचकहरूको आधारमा उत्कृष्ट विद्यालय प्रोत्साहन गर्ने गरिएको छ। यो कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरूबाट २ वटा विद्यालय र संस्थागत विद्यालयहरूबाट १ वटा उत्कृष्ट विद्यालयलाई नगद रु. २ लाख प्रोत्साहन पुरस्कार प्रदान गरिएको छ। यो कार्यक्रमलाई निरन्तरता दिइएको छ।

**खानेपानी मूल्य समायोजन अनुदान :** तानसेन नगरपालिकाको मुख्य बजार भित्र खानेपानी लामो समयदेखि अपुग रहेको सबैलाई थाहा नै छ। प्राप्त भएको खानेपानी पनि नगरवासीले महँगो रकम तिर्नुपर्ने बाध्यतालाई ध्यानमा राखेर पहिलो नगरसभाबाट कार्यक्रम स्वीकृत गरी खानेपानी उपभोक्ताको मासिक रु. १०० छुट हुने गरी बार्षिक एकमुष्ट रु.२५ लाख खानेपानी उपभोक्ता समितिलाई अनुदान दिइएको छ। चा.लु. आ.व. मा समेत यस कार्यक्रमलाई निरन्तरता दिइएको छ।

माथि उल्लेखित कार्यक्रमहरू तानसेन नगरपालिकको सामाजिक क्षेत्र अन्तर्गत गरेका केही कार्यक्रमहरूको संक्षिप्त जानकारी हो। यस बाहेक नगर आयुर्वेद कार्यक्रम, स्थानीय कला, कला साहित्य संरक्षण तथा प्रर्बद्धन कार्यक्रम, पुरातात्विक तथा ऐतिहासिक सम्पदा संरक्षण कार्यक्रम, लोपोन्मुख जात्रा/संस्कृति संरक्षण सम्बर्द्धन, नगर शिक्षा कार्यक्रम, स्थानीय गैरसरकारी सवलीकरण कार्यक्रम, खेलकूद, लगायत महत्त्वपूर्ण कार्यक्रमहरू गरेको छ। तानसेन नगर विकासको कडी सामाजिक क्षेत्रमा गर्नुपर्ने अन्य महत्त्वपूर्ण कार्यहरूलाई समेत आगामी दिनहरूमा समेट्दै लैजाने छौं। यसका लागि नगरबासीको महत्त्वपूर्ण सुझावको अपेक्षा गर्दछौं। धन्यबाद।

**(संयोजक, सामाजिक विकास समिति)**

# पुपपा अर्थात् पुष्पलाल, पत्रकारिता र पाल्पा



- झपेन्द्र जी.सी.

**विषयवस्तुको उद्घाटन :**

पाल्पा नेपाली कम्युनिस्ट आन्दोलनको घर हो । पाल्पा कम्युनिस्ट पार्टीको घर हो । पाल्पा कम्युनिस्ट आन्दोलनको उद्गम भूमि र उत्प्रेरक भूमि हो । यी हरफहरूले कतिपयलाई आश्चर्य चकित बनाउन सक्छ । अविश्वास लाग्न सक्छ र आक्रोशित बनाउन पनि सक्छ । अविश्वास लागे पनि आक्रोशित बनाएपनि ती क्षणभङ्गुर हुनेछन् । किनकि पाल्पा अर्गलीको त्यो माटो एउटा मान्छे भएर जन्मियो । त्यो मान्छे पश्चिम बङ्गालको एम्.एल्.ए(प्रान्तीय सांसद), चिया बगानको मजदूर नेता र भारतीय कम्युनिस्ट पार्टीको नेता भएर फक्रियो । त्यो फक्रिएको सुन्दर र सुवासित फूलको नाम हो रतनलाल व्राम्हण । यिनै रतनलाल व्राम्हण समेतको प्रेरणा र नेपाली सर्वहारा श्रमजीवी मजदुर किसानको मुक्ति, समृद्धि र मुलुकको स्वाधीनताका लागि आफ्नै आवश्यकताले २२ अप्रिल १९४९ (१० बैशाख २००६ ) मा नेपाली कम्युनिस्ट आन्दोलनका महासङ्गठक, नेपाली समाजको बैज्ञानिक विश्लेषक, कुशल सिद्धान्तकार, कमरेड पुष्पलालको अगुवाइमा नरबहादुर कर्माचार्य, नारायणबिलास जोशी, निरञ्जन गोबिन्द वैद्य र मोतीदेवी (दुर्गादेवी) समेत ५जना संस्थापक रहेको नेपाल कम्युनिस्ट पार्टीको स्थापना देश बाहिर धेरै टाढा कलकत्ता, श्यामवजार, नवीन सरकार लेन (गल्ली) २८ स्थित एउटा घरमा भूमिगत ढङ्गले भएको हो । त्यो घर कसको थियो त ? गौरवपूर्ण र ऐतिहासिक त्यो घर पाल्पा अर्गलीमा जन्मेका तिनै रतनलाल ब्राह्मणको थियो ।



कुरो साँचो हो, ढाँटेपाटे कुरै होइन, पत्यार नलागे डा. केसरजङ्ग रायमाझी (भूतपूर्व कम्युनिस्ट) को **केही संम्झनाः केही चिन्तन** पुस्तक एक पटक पढ्नुहोस छर्लङ्गै हुनेछ ।

नेपाल कम्युनिस्ट पार्टीको स्थापना (२००६ सालमा) भएको लगत्तैपछि संस्थापक महासचिव कमरेड पुष्पलालबाट प्रशिक्षित भइ आएका पाल्पा तानसेन टक्सारका मृगेन्द्रध्वज जोशीको सहजीकरणमा चिनियाँलाल बज्राचार्यको नेतृत्वमा (सचिव), सदस्यहरू पूर्णमान थैव, श्याम रतन र सल्लाकारमा मृगेन्द्रध्वज जोशी रहेको सेल कमिटी निर्माण भएको हो। **(स्रोत नेकपा (एमाले) पाल्पाको राजनैतिक प्रतिबेदन मार्ग २१–२२, २०४९) ।** समयले पर्खिएन,पाल्पा टक्सार निवासी मृगेन्द्रध्वज जोशी सेल कमिटी गठन गरेको १८ दिन पछि नै यसलोकबाट महाप्रस्थान हुनु भयो । यो भनाइ वयोवृद्ध कम्युनिस्ट नेता चिनियाँलाल बज्राचार्यको हो जो अद्यापि हाम्रा माझमा कम्युनिस्ट आन्दोलनका ऊर्जाशील प्रेरणा स्रोतका रूपमा जीवित हुनुहुन्छ ।

पूर्णमान थैवजी जो पछिल्ला दिनमा बुटवलमा बसोबास गर्न थाल्नुभयो, उहाँ पनि कम्युनिस्ट आन्दोलनका ऊर्जाशील प्रेरणा स्रोतका रूपमा हुनुहुन्थ्यो । पाल्पाका अत्यन्त ऊर्जाशील सङ्गठक कम्युनिस्ट नेता एवम् २०१५ सालको निर्वाचनमा पाल्पा क्षेत्र नं. ९४ बाट निर्वाचित सांसद कमलराज रेग्मीजी पनि भौतिक रूपमा हामीबाट बिदा भइसक्नु भएको छ । उहाँको भनाइअनुसार पनि २००६ सालमा कमरेड पुष्पलालसँग सम्पर्कित र दीक्षित भई आउनु भएका मृगेन्द्रध्वज जोशीले नै पाल्पामा सेल कमिटी निर्माण गर्नुभएको थियो । सर्सर्ती हेर्दा नेपाल कम्युनिस्ट आन्दोलनको ऐतिहासिक गाथाका पानाहरूले यस प्रदेश ५ अर्थात् लुम्विनी प्रदेशमा कम्युनिस्ट आन्दोलनको सङ्गठनात्मक गतिविधि पाल्पाबाट नै प्रारम्भ भएको देखिन्छ । यस मानेमा यो प्रदेशको कम्युनिस्ट आन्दोलनको ज्येष्ठताको लालपगरी पाल्पाले गुतेको छ । यो पगरी त्यसै गुतेको होइन । यो पगरी गुत्नुका पछाडि संस्थापक महासचिव कमरेड पुष्पलालको प्रत्यक्ष नेतृत्व हुनु आफ्नो जीवनमै भूतपूर्व कम्युनिस्ट हुन पुगे पनि महासचिव डा. केशरजङ्ग रायमाझीको गृह जिल्ला हुनु र कम्युनिस्ट आन्दोलनका बहुआयामिक प्रतिभाशाली व्यक्तित्व कमलराज रेग्मी, बि.आर. राई, प्रेमप्रकाश नेपाल, कुशल सङ्गठक जीवराज आश्रित र पाल्पाली जनताका वुबा एवम् सङ्गठक सिद्धिनाथ ज्ञवाली, माधव ज्ञवाली (मधु गुरु), बिष्णु पौडेल जस्ता दर्जनौंनेता कार्यकर्ताको विभिन्न कालखण्डमा अहम् भूमिकाले काम गरेको छ । यो वृतान्त पुराना पुस्ताको हो । यति हुँदाहुँदै पनि पाल्पाको कम्युनिस्ट आन्दोलनमा संस्थापक महासचिब पुष्पलालको अहम् भूमिका रहेको प्रसङ्गलाई पाल्पाले कहिल्यै विर्सन सक्दैन ।

१९९७ साल माघको दोस्रो हप्तामा पुष्पलालका दाजु गंगालालसहित शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र दशरथचन्द जस्ता सपूतहरूलाई देशद्रोहीको आरोप लगाई फाँसी दिएर र गोली हानेर सार्वजनिक रूपमा हत्या गरे पछि विद्रोहको ज्वाला नेपाली जनतामा दन्किन थाल्यो। यसैक्रममा पुष्पलालले वीर सहिद आफ्नो दाजु गंगालालको चितामा दाहसंस्कार दिने क्रममा निरङ्कुश राणाशाहीको पारिवारिक तन्त्रको अन्त्य गर्नको लागि जीवनभर सहिदहरूको मार्गमा हिंड्ने र देशमा जनवादी गणतन्त्र स्थापना गर्ने महान प्रण गर्नुभएको थियो। त्यसको रापताप र प्रभावले पाल्पाली सचेत अगुवा जगत्लाई अत्यन्त प्रभावित पारेको देखिन्छ, जसको ज्वलन्त उदाहरण २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको गठन भएको केही दिनभित्रै तानसेन टक्सारमा सेल कमिटी गठन हुनु नै हो। साथसाथै कम्युनिस्ट आन्दोलनको नर्सरी केन्द्रको रूपमा पाल्पा रहन गएकोले पाल्पामै कम्युनिस्ट आन्दोलनमा सक्रिय भई लागेका लक्ष्मीप्रसाद श्रेष्ठको अगुवाइमा रुपन्देहीको बुटवलमा नेपाल कम्युनिस्ट पार्टीको संगठन निर्माण भएको कुरा जगजाहेर छ। जयतु संस्कृतम्ः आन्दोलनका अगुवा मध्येका एक कमलराज रेग्मीको अगुवाइमा २००९ सालमा तत्कालीन नेपाल प्रजापरिषदका नेता (राष्ट्रिय जनतान्त्रिक मोर्चाका सदस्य समेत) सिद्धिनाथ ज्ञवालीको व्यवस्थापन र आमन्त्रणमा रिडी लामाचौपारीमा पाल्पाली कम्युनिस्ट नेता कमलराज रेग्मीको आतिथ्यमा, एकदेव ज्ञवालीको अध्यक्षतामा अखिल नेपाल किसान सङ्घ गठन हुनु र २०१५ सालमा काशीनाथ गौतमले राजीनामा दिएपछि रिक्त रहेको संसदीय निर्वाचनका क्रममा खुवीराम आचार्यको नेतृत्वमा गुल्मी (हालको अर्घाखाँची)समेतमा नेकपाको सङ्गठन निर्माण गर्नमा पनि कमलराज रेग्मी र वी. आर. राई (पाल्पालाई मुख्य थलो बनाएका) ले नेपाल कम्युनिस्ट आन्दोलनमा पाल्पाको अहम महत्त्व रहन गएको प्रष्ट देखिन्छ।

सन् १३०६ (वि. स. १३६३) मा सेनराज्यका संस्थापक तुथाराय सेनदेखि शुरु भएको रिब्दीकोट राजपुर सेनराज्य बि.स. १५४९ मा राजा रुद्रसेनले राज्य बिस्तार गरी आफ्नो राजधानी पुरानोकोट (पुर्नाकोट) मा सारेपछि पाल्पा राज्यले प्रसिद्धि पायो। पाल्पाली सेन राज्यकालीन यो सभ्यताले हालको मुक्तिनाथदेखि कपिलवस्तु रुपन्देहीसम्म मात्र होइन पूर्वमा आठराई दार्जिलिङसम्म आफ्नो प्रभाव जमाउन सफल भएको गौरवपूर्ण इतिहास छ। यसको प्रमाण भनेकै मणिमुकुन्द पार्क बुटवल, रंगभवन बुटवल, जितगढी बुटवल,नुवाकोटगढी पाल्पा र माथागढी पाल्पा, हृषीकेश मन्दिर रिडी, हिन्दू र वौद्धमार्गीको साझा तीर्थस्थलजलेश्वर रिब्दीकोट, पाल्पा श्रीनगर दरबार, देवघाट हरिहर क्षेत्र, रुद्रपुरगढी, मकवानपुरगढी, सिन्धुलीगढी, उदयपुरगढी आदि हुन्। यसरी नै नेपाल कम्युनिस्ट पार्टीको स्थापना भए पछि यस आसपासका जिल्ला र पूर्व पश्चिम दूरदूरसम्म पुष्पलालबाट सम्पर्कित र दीक्षित कार्यकर्ता नेताहरूले नेकपाको सङ्गठन विस्तार, राजनैतिक जागरण र जनताका पीरमर्कामा आधारित मागहरू यथाः झाराटन्टा जाली तमसुक र मनपरीब्याज, शोषकहरूका फट्याईका विरुद्धमा चलाइएका संघर्षले नेकपालाई पाल्पामा विस्तार गरेको पाइन्छ। पुष्पलालले **"फटाहा जुंगे मुखिया (रूके मुखिया)"** को सन्दर्भमा पनि प्रकाश पार्नु भएको छ। स्मरण रहोस् नेकपा आन्दोलनका एक जना शिखर व्यक्तित्व मोहनबिक्रम सिंह समेतलाई पाल्पाली कम्युनिष्ट नेता कमलराज रेग्मीले २०१० सालमा पार्टी सदस्यता दिएको कुरा धवल पुस्तकालय पाल्पाको प्रकाशन **पथप्रदर्शक**मा उल्लिखित छ। गौरवपूर्ण इतिहासको गाथा बोकेको पाल्पाली आन्दोलनका सन्दर्भमा **पुष्पलाल, पत्रकारिता र पाल्पा** अर्थात् **पुपपा** बिषयक सङ्क्षेपमा छलफल गर्ने जमर्को यस आलेख मार्फत् गरिएको छ।

**पुष्पलालको पारिवारिक स्थितिः**

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिब कमरेड पुष्पलालको जन्म बाबा भक्तलाल र आमा तुल्सीमायाको कोखबाट बि.सं.१९८१ साल असार १५ गते रामेछापको भँगेरीमा भएको हो। जागिरको सिलसिलामा तत्कालीन हाकिम अर्थात् सुब्बासम्मको पदमा कार्यरत भक्तलालको स्थायीघर भने काठमाण्डौं नै हो। पुष्पलालका दाजु गंगालाल, भाइहरू गौरीलाल, देवीलाल,बिजयलाल, दिदी हिरण्यकुमारी र बहिनी पुण्यलता हुन्। बुवा भक्तलाल त्यसबेलाको सुब्बा जस्तो महत्त्वपूर्ण पदमा कार्यरत रहनुले उहाँको परिवार मध्यमस्तरको र शिक्षित परिवार भएको आँकलन गर्न सकिन्छ। बि.सं.१९८५ मा त्रिचन्द्र कलेजमा आइएस्सी पढ्दै गरेका दाजु गंगालालले दरबार हाइस्कुलमा अध्ययनरत भाइ पुष्पलाललाई नेपाली समाजमा राजनीतिक परिवर्तनको आवश्यकता र विश्वराजनीतिक घटना परिघटनाका बारेमा समेत जानकारी गराउने गरेको बताइन्छ। यसउसले पनि पुष्पलाललाई राणा निरङ्कुशतन्त्रको अन्त्य गर्ने अभियानमा लाग्नु पर्ने प्रेरणा प्राप्त भयो। १९९७ सालमा आफ्ना दाजु गंगालाल सहित शुक्रराज शास्त्री, धर्मभक्त र दशरथ चन्दलाई राणाशासन बिरोधी गतिविधिमा लागेको आरोपमा गोली ठोकेर र फाँसी दिएर हत्या गरेपछि दाजुको चिता सामु उभिएर श्रद्धाञ्जलीस्वरुप राणा शासनको अन्त्य गर्ने प्रण गरेको क्रान्तिकारी इतिहास छ।म्याट्रिक पास गरेपछि बनारसको हरिश्चन्द्र इन्टरमिडियट कलेजमा अध्ययनरत पुष्पलालले राजनीतिक व्यस्तताकै कारणले कलेज परित्याग गर्नुभयो। औपचारिक अध्ययन परित्याग गरे पनि उहाँको स्वअध्ययनले आफूलाई विशिष्ट दार्शनिक चिन्तक समाजशास्त्री र सिद्धान्तकारको रूपमा उभ्याउन सफल हुनुभएको प्रमाण उहाँद्वारा लिखित र प्रकाशित **विश्व कम्युनिष्ट आन्दोलनको घोषणा पत्र** (Communist Menifesto) लाई नेपालीमा अनुवाद र प्रकाशन गर्नु, नेपालमा जनवादी गणतन्त्र स्थापनाका लागि संयुक्त आन्दोलनको एजेण्डा अघि सार्नु र एवम् रीतले नेपाल कम्युनिष्ट पार्टीको संस्थापन र सङ्गठन बिस्तारमा आजीवन लागिरहनुले पुष्टि गर्दछ।

३) **पुष्पलाल र पत्रकारिता**

३ १) Wordweb ले पत्रकार र पत्रकारिताबारे भन्छ –1. News papers and magazines collectively 2. The profession of reporting photographing or editing news stories for one of the media. अर्थात् पत्रकारितालाई एकसाथ भन्नुपर्दा समष्टिमा अखबार म्यागजिन हो। प्रतिवेदन लेखन सम्पादन र फोटो खिच्ने ब्यवसाय हो। Wordweb मा यसरी नै पत्रकारबारे यस्तो भनिएको छ –1. A writer for newspapers and magazines 2. Someone who keeps a diary or journal अर्थात् अखबार र म्यागजिनका लागि लेख्ने लेखक। जसले घटनावलीको अभिलेख राख्दछ ऊ पत्रकार हो। प्रयोगात्मक नेपाली शब्दकोष भन्छ–समाचार, लेख, रचना आदि लेख्ने एवम् संकलन, सम्पादन र प्रकाशन गर्ने ब्यक्तिलाई पत्रकार भनिन्छ भने पत्रकारिता भनेको पत्रकारले गर्ने काम छापा तथा विद्युतीय माध्यमबाट गरिने गतिविधि आदि हुन्। सारतः पत्रकार र पत्रकारिता

नागरिकलाई सुसूचित गर्ने प्रेस जगत, स्रष्टासर्जक जगत, चिन्तक र साधक हुन्। जसले सञ्चारको माध्यमबाट नागरिकलाई सुसूचित गर्दछन्। अहिले प्रेस जगतलाई सम्मानपूर्वक राज्यको चौथो अंगको रूपमा लिइन्छ तर राणाशासन कालमा त्रिचन्द्र कलेजको शुभारम्भ गर्दा आफ्नो शासन सत्तालाई प्रहार गर्ने बञ्चरो खडा गरेँ भनेर राणा प्रधानमन्त्री चन्द्र शमशेर तुरुक्क रोएका थिए भनी त्यो बेला प्रेस स्वतन्त्रता थिएन। लेख्ने, पढ्ने, बोल्ने अर्थात् अभिब्यक्ति स्वतन्त्रता थिएन। त्यस्तो बेला आजको जस्तो पत्रपत्रिका छपाउने, श्रव्य र दृश्य माध्यमलाई प्रयोग गर्ने कुरै थिएन। नागरिकलाई सुसूचित गर्न सचेत र संगठित हुन आफ्नो अधिकार प्रयोग गर्नका लागि आफै तयार होऊ भनेर लेख, निवन्ध, कविता, गजल, भजन जुनकुनै विधाबाट सम्प्रेषण गरिए ती सबै तत्कालीन परिवेशमा एकखालको पत्रकारिता नै हो। यस्तै पुष्पलाल पनि वाक् प्रकाशन, सभा सङ्गठन गर्ने अधिकार नभएका बेला नागरिक अधिकारप्राप्तिका लागि प्रथमतः महाकवि लक्ष्मीप्रसाद देवकोटा लिखित **ज्यानै पो जाओस् प्राणै पो जाओस् पर्वाह गर्दैनौं, मानिसलाइ चाहिने मानिसको हक नलिई छाड्दैनौं** जस्ता कवितालाई माध्यम बनाएर सम्प्रेषण गरेको पाइन्छ।

३ (२) राजनीतिक जागरण र प्रजातन्त्र प्राप्तिका लागि नेपाली राष्ट्यि काङ्ग्रेस डिल्लीरमण समूहको कार्यालय सचिव भइ काम गरिरहेको बेला नागरिक अधिकार के हो ? यसबारे प्रवचन दिन जानु छ, यसबारे बताइदिनुस् भनेर आफ्ना अध्यक्ष रेग्मीसँग आग्रह गर्दा नागरिक अधिकारबारे बुझ्न त एमए विए पढ्नुपर्छ भन्ने जवाफ पाएपछि काङ्ग्रेसबाट क्रान्ति हुँदैन, सम्भव छैन, भन्ने ठहर गरी त्यो पार्टी छाडेको पाइन्छ। त्यसपछि क्रान्तिकारी पार्टी निर्माणमा पुष्पलाल लाग्नु भएको पाइन्छ। काङ्ग्रेस पार्टीमा रहँदा नै मार्क्स एंगेल्सद्वारा लिखित विश्व कम्युनिष्ट घोषणापत्र नेपालीमा अनुवाद गरी प्रकाशन गरिसक्नु भएका पुष्पलालले अनुवाद साहित्यबाट पत्रकारिता वा मिडियामा प्रवेश गर्नु भएको थियो भन्दा नै उपयुक्त होला। किनकि घोषणापत्र अनुवाद र प्रकाशन त्यो बेलाको पत्रकारिता नभएर अरु के हुन सक्थ्यो र ?

३ (३) पुष्पलाल स्वयम् लेख्नुहुन्छ —घोषणापत्रको प्रकाशनले राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा देहायको विषयतर्फ महत्त्व राख्दछ। यसको प्रकाशनले हजारौ बर्षदेखि नेपालको वौद्धिक क्षेत्रमा सामन्ती पूँजीवादी र साम्राज्यवादी बिचारधाराले एकाधिपत्य जमाएर बसेको थियो त्यसलाई तोडी नेपालको वौद्धिक जगत्मा वैज्ञानिक समाजवादी विचारधाराको प्रवेश गरायो।

- यसले गर्दा नेपालको इतिहास र जनवादी सङ्घर्षलाइ ऐतिहासिक भौतिकवादका आधारमा हेर्ने र अध्ययन गर्ने कोशिश भयो।
- हाम्रो देशको सामन्तवाद विरोधी जनसङ्घर्षलाई साम्राज्यवाद विरोधी सङ्घर्षसँग एकात्मकता कायम गऱ्यो।
- नेपालको जनवादी आन्दोलनमा देखा परेका सम्झौतापरस्त नीतिका विधिहरू संझौतारहित सङ्घर्ष गर्ने र समाजवादको बाटोमा लम्कन वामपन्थी जनवादीहरूलाई नयाँज्योति दियो र यसले नेपालमा नेपाल कम्युनिष्ट पार्टी जन्मनका निमित्त आवश्यक पृष्ठभूमि तयार भयो।**(स्रोतः नेपाली कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त इतिहास : पुष्पलाल पृ ३१)** सारतः यो नमूना र ऊर्जावर्द्धक, रचनात्मक पत्रकारिता हो।अहिलेको मिडिया जगत्ले पनि उहाँबाट सिके हुन्छ।

३ (४) आफ्नो स्वअध्ययन, स्वचिन्तन र नेपाली समाजको आमूल परिर्वतनको आँकलन गरेर तथा भारतीय मार्क्सवादी विद्वान नृपेन्द्रचक्रवर्ती तथा पाल्पा अर्गलीमा जन्मी पश्चिम बंगालका एम्एल्ए भएका मजदुर नेता रतनलाल ब्राह्मणको ऊर्जावर्द्धक सल्लाह र रतनलाल कै व्यवस्थापनमा र उहाँकै घर, कलकत्तामा २२ अप्रिल १९४९ मा नेकपाको गठन भएपछि पार्टीको रणनीतिक लक्ष्य, उद्देश्य र लक्ष्य प्राप्त गर्ने मार्ग चित्रलाइ देहाय वमोजिम अपिल मार्फत् सम्प्रेषण गरेको पाइन्छ। अपिलको सार मात्र प्रस्तुत गरिएको छ। **(अपिल जारी मिति बैशाख १२, २००६ पर्चा नं १ (क) सङ्गठक समिति नेपाल कम्युनिस्ट पार्टी )**

**"नागरिक स्वतन्त्रता सम्पूर्ण वर्गलाई आवश्यक छ, अतः क्रान्तिकारी नागरिक समिति बनाऔं ।**

एकातिर नागरिक अधिकार लिइछाड्छौ भन्ने नारा बुलन्द गर्ने तर हाम्रा भाइहरू राणाको जेलमा रहेका छन्। अर्कोतिर धेरै दिनदेखि कुरेको विधान २००६ सालको शुरुमा राणा सरकारले घोषणा गऱ्यो। नागरिक स्वतन्त्रताको विषयमा ऐन कानून नियमावली जारी भयो। यो घोषणा हाम्रा ती वीर सहिदहरूको स्मृतिमा ठूलो अपमानको कुरा हो। जसले आफ्ना दाजुभाइ दिदीबहिनीहरूले लेख्ने बोल्ने, सभासङ्गठन गर्ने, पढ्ने स्वतन्त्रता पाउँछन् भनेर हाँसीहाँसी दुश्मनको गोली छातीमा थापेका थिए। फाँसीको तखतामा झुण्ड्याइएका थिए, फेरि यो घोषणा नेपालका सपूतहरूका लागि ठूलो अपमानको कुरा हो। जो सभा सङगठन गर्न नदिने राणाशाहीको ऐनलाई लत्याएर जेल बसेका छन् साथै यो घोषणा हामी हजारौं नरनारीका निम्ति एउटा हाँक र चुनौति हो। जसले राणाशाहीको अगाडि घुँडा टेक्नुभन्दा अनेकौ किसिमका यातनाहरू सहे, देशबाट निकालिन समेत श्रेयस्कर ठानिरहेका छौं। अतः हाम्रा प्रत्येक नरनारीले यस घोषणालाई लत्याई कोतपर्व होइन क्रान्तिकारी तरिकाले राणाशाहीको तखता उल्ट्याउँने छौं भन्ने प्रतिज्ञा गर्नु परेको छ। "

पर्चामा अगाडि भनिएको छ " नेपाली जनताको नागरिक स्वतन्त्रताको लडाइँ एउटा यसकारण यो लडाइँ (आवश्यक परेको अवस्थामा) अहिंसात्मकसम्म मात्र सीमित हुनुहुँदैन। हरेक टोलटोल, हरेक सहर, हरेक गाउँ, हरेक जिल्ला, हरेक स्कुलकलेज र हरेक कलकारखानाहरूमा नागरिक स्वतन्त्रताका क्रान्तिकारी समितिहरू बनाऊ। राणा शाहीको जनविरोधी नीतिको खुलम् खुला बहिस्कार गर।"

कम्युनिस्ट आए वर्वाद हुन्छ भन्ने त्यसबेलाको काँग्रेसी प्रचार बिरुद्ध पर्चामा भनिएको छ —"यसकारण क्रान्तिकारी नेतृत्व गर्ने कम्युनिस्ट पार्टी गठन नहुँदै यी काङ्ग्रेसीहरू तँछाडमछाड गर्दै कम्युनिस्ट डर देखाई राणासँग संझौतागर्न अगाडि विश्वेश्वरप्रसाद कोइराला काठमाण्डौंमा गई प्रधानमन्त्री मोहन शमशेरलाई यही ब्यहोराको विन्तीपत्र चढाए — "यस्तासँग एकदम सावधान याद गर ! सामन्तवादी समाज र शासन व्यवस्था नेपालमा रहेसम्म एकाध वकुला भगते नेताहरू नेपालको शासनमा छानिएर गए पनि जनताको दुःख कष्ट कम हुँदैन। यो त क्रान्तिकारी जनतालाई भुलमा (झुक्यानमा) पार्ने तरिका मात्र हो। अतः यसमा हाम्रो माग हुनु पर्छ "राणाहरूसँग सम्झौता होइन क्रान्ति ! क्रान्ति !! क्रान्ति !!! "पर्चाको सार भाव यस्तो रहेछ –"सामन्ती

शासन व्यवस्थालाई चक्नाचुर गर । विदेशी साम्राज्यवाद र भारतीय पूँजीवादको प्रभाव र घेरादेखि अलग होऊ । मजदुर किसानको शासन खडा गर । यस शासनमा धनी साम्राज्यवादी र प्रतिक्रियावादीहरूका दलालहरू बाहेक सबै शोषित पीडित जनतालाइ हिस्सा देऊ । मजदुर किसानको शासन खडा गर । सोभियत रुस र दक्षिण पूर्व युरोपका नव प्रजातन्त्रहरू र आजाद चीनसँग रणनैतिक सम्वन्ध कायम गर । समाजवादको लक्ष्य राखी शासन चलाऊ । यसलाई नवप्रजातन्त्र भन्दछन् । दक्षिण पूर्व. युरोप र आजाद चीनमा यस्तै शासन छ । हामीलाई पनि त्यही चाहिन्छ । नव प्रजातन्त्र जिन्दावाद !" सारतः यसरी पुष्पलालले पार्टीगठन भएकै दिन पछि अर्थात बैशाख १२, २००६ मै लोकतान्त्रिक समाजवाद र गणतन्त्रको तस्बिर स्पष्टसँग खिचेको पाइन्छ ।

**३ (५) कम्युनिस्ट पार्टीको प्रचार पत्र**

यसरी नै नेपाली जनतालाई सुसूचित गरी क्रान्तिप्रति सचेत र जागरुक गराउन पार्टी स्थापना भएको पुगनपुग ५ महिना पछि कम्युनिस्ट पार्टीको प्रचार पत्र प्रकाशन गर्ने जोहो मिलाउनुभयो । आफै लेखक आफै सम्पादक भई साथीहरूको सहयोगमा ती निरङ्कुस राणातन्त्र कालमा विचार प्रधान सामग्री प्रकाशन गर्नुको पछाडि अत्यन्त ठूलो महत्त्व छ । **त्यो दिन १५ सेप्टेम्वर १९४९ थियो** । पत्रिकाको शिरोभागमा ५ कुने तारा भित्र हँसिया हथौडा अंङ्कित लोगो, महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा सिर्जना गरिएको **'पहाडी पुकार'** शीर्षकमा प्रकाशित देहायको समाजवादी गीत थियो, जसलाई परेड गीतका रूपमा पनि प्रयोग गरीएको थियो ।

**पहाड पर्वत खोला नाला जग्गा जमिन सबको**
**मालिक हामी दास बनौं किन,**
**हिस्सा सबमा सबको ।**
**जाऔं क्रान्ति गरौं**
**नाश गरौं यो राणाशाही**
**ध्वस्त गरौं यो तानाशाही !**

यो कम्युनिष्ट पार्टीको प्रचार पत्र कम्युनिष्ट पार्टीको घोषणापत्रको रूपमा प्रकाशित भएको थियो । पार्टीको प्रचार पत्र सबै उल्लेख गर्न यहाँ सम्भव भएन । केही अंश मात्र प्रस्तुत गरौँ—"आदिम आर्थिक प्रथा अझै नेपालमा चालु नै छ । किसानहरूले आफ्नो खाना मात्रै पैदा गर्दैनन् उनीहरूद्वारा प्रयोग गरिने धेरैजसो बस्तुहरू पनि उनीहरूले नै तयार गर्दछन् । राणा, जिम्वाल, द्वारे,जमिनदार, ठालु र मुखियाहरू आफ्नो मात्र विलासका निम्ति किसानहरूबाट उठाएको मालपोत र करहरू खर्च गर्छन् । आजभोलि बन्दव्यापारमा पनि कर लगाएर उनीहरू दोहोरो कङ्गाल नेपाली जनताको रगतपसिना चुस्न पल्केका छन् । सामन्तवादी शासक वर्ग, राणा, चौतरिया, साहेबज्यू, भाइभारदार, जमिनदार, गुरुज्यू, दिनपरदिन उकलँदो मध्यम वर्गको हातमा नेपालको धेरैजसो जग्गाजमिनहरू छन् । किसानहरूको हातमा थोरैजसो जमिन छन् तर खास गरेर छैन भने पनि हुन्छ । आफ्ना प्रभुहरूको खेत खनजोत गर्नलाई किसानहरूले हलो कुटो कोदालो लगाउनु पर्छ । तर बालीनाली चाहिँ ४ भागमा ३ भाग लिने तिनै प्रभु नर पशुहरूको भलाई पूरा गर्नका निम्ति समर्पण गर्नु पर्दछ ।

बि.सं. १९७१ मा कमारा प्रथा हटाइएको भनिए तापनि शारीरिक दण्ड प्रथा चालु नै छ । अझै पनि किसानहरूलाई धरपकड गरी १५ दिनसम्म थुन्ने अधिकार यस सामन्तवर्गलाइ प्राप्त नै छ । वास्तवमा किसानहरू अर्द्ध कमाराका अवस्थामा छन् । ....." आदि सामन्तवादी र साम्राज्यवादी प्रभुत्वलाई सदाका लागि अन्त्य गर्ने जिम्वेवारी पूरा गर्ने काम नेपालका मजदुर वर्गको काँधमा आएको छ । यही कुरा उक्त घोषणा पत्रमा सम्प्रेषित छ ।

"सामन्तवादी प्रथा र साम्राज्यवादी पूँजीवादको जुवालाइ उखेलेर फ्याँक्ने संघर्षमा क्रान्तिको अद्भूतको काम ऐतिहासिक तवरले मजदुरवर्गले नै गर्नुपर्दछ । आज नेपालमा मजदुरवर्ग संख्यामा कमै छ तापनि त्यही बढ्दो शोषणको आधारमा नेपालको मजदुर वर्ग दिनहुँ दुई किसिमले बढ्दैछ । एक उसको संख्या बढ्दैछ अर्को राजनैतिक तवरले पनि दिनहुँ बलियो हुँदैछ । सोभियत कम्युनिष्ट पार्टी (बोल्सेभिक)को इतिहासमा कमरेड स्टालिनले लेखेका छन्–

"हामीले आफ्ना भावी कार्यक्रमको फैसला समाजका ती वर्गस्तरहरूको आधारमा गर्नु हुँदैन, जसको हाल केही प्रभाव भए तापनि अगाडिको विकास बन्द भइसकेको छ । हामीले त्यसको आधारमा आफ्नो कार्यक्रम बनाउनुपर्छ जसको शक्ति हाल प्रमुख नभए तापनि जो बिकासमान छ र जसको भविष्य उज्ज्वल छ ।"

नेपालमा बढ्दो वर्गसंघर्षतिर यसको द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणले मात्र क्रान्तिकारीहरूले सही रणनीति तयार गर्न र मार्क्स, एंगेल्स लेनिन तथा स्टालिनले बोकेको नहारिने झण्डामुनि यस संघर्षलाई संगठित पारी विजयी बनाउन सक्नेछन् ।

त्यसपछि जनवादी क्रान्तिकारी सामाजिक तथा राजनीतिक मित्रशक्तिहरूलाई संयुक्त कार्यक्रमका आधारमा संयुक्त मोर्चाको अपिल गर्दै एक जनवादीकार्यकम पनि पेस गरिएको छ ।

धेरै दिनदेखि हाम्रो हृदयमा उब्जेका इच्छाहरूलाई वास्तबिकतामा ल्याउन सबैको साझा वैरी सामन्तवादीनिरंकुश सत्ताको विरुद्ध जनताको एकता कायम गर्नका निम्ति हामी नेपालका मजदुर, किसान, सिपाही पसिना चुहाउने मध्यमवर्ग र समस्त प्रजातान्त्रिक शक्तिहरू तपसिलका प्रजातान्त्रिक कार्यक्रमको आधारमा मेलको डोरीमा बाँधिन सक्छन भन्ने हामीमा पूर्ण विश्वास छ ।

- सामन्तवादी निरंकुश राजसत्ता र विदेशी शोषणको जुवालाई एकदम सफाचट गरी नेपाललाई पूर्ण तथा वास्तविक रुपले स्वतन्त्र गराउने ।
- मजदुर, पसिना चुहाउने किसान र शोषित तथा दलित निम्न मध्यमवर्गलाई प्रतिनिधित्व गर्ने एउटा प्रजातान्त्रिक सरकारको जग बसाउने अंग्रेजी अमेरिकन साम्राज्यवादी र तिनका भारतीय कठपुतलीहरूसँग नाता तोडी सबै जातिको स्वतन्त्रता र शान्तिको निम्ति लडिरहेको प्रजातान्त्रिक राष्ट्रहरूसँग नाता जोड्ने ।
- सर्वसाधारण जनतालाई पूर्ण स्वतन्त्रता, प्रजातन्त्र र मूल आर्थिक अधिकारहरू इत्यादिको सुरक्षा दिने विधान बनाउने । यो विधान वालिग मताधिकारमा आधारित हुनेछ । विशेष अधिकार, जातिपाति र साम्प्रदायिक भेदभावहरूलाई ऐन कानूनद्वारा खतम गरिदिने र यस्ता ऐन कानूनहरूका विरुद्र जानेहरूलाई ऐन कानूनद्वारा संजाय गर्ने ।

- एक कौडी पनि हर्जाना नदिइकन जमिन्दारी तथा सामन्तवादी शोषणका सम्पूर्ण प्रथालाइ निर्मूल पारिदिने र .जग्गाजमिन खेतवारी, हलो, कुटो, कोदालो र फाली चलाउने र मच्चाउने किसानलाई भागबण्डा गरिदिने। गाउँ देहातका कर्जा र व्याजखोर प्रथा हटाइदिने तथा खोतालालाई बाँच्नयोग्य ज्याला दिने।
- यातायात, बैंक, चिया बगान, खानी र उधोगधन्दामा लगाइएका विदेशी पूँजीहरू राज्यद्वारा जफत गर्ने र यिनीहरूसित सम्बन्धित कुराहरू राष्ट्रियकरण गर्ने।
- ठूलाठूला उद्योगधन्दाहरू,,बैंकहरू र इन्सुरेन्स कम्पनीहरूलाई राष्ट्रियकरण गर्ने संस्थानहरूमा मजदुरहरूद्वारा नियन्त्रण गरिने कुराको ग्यारेन्टी दिने, मजदुरहरूलाई जिउन योग्य ज्याला दिने। दिनमा आठघण्टाको कार्यकाल लागु गर्ने
- ठूलाठूला पूँजीपतिहरूलाई उद्योगधन्दाको खासखास ठाउँबाट हटाउने र देशका आर्थिक स्रोतहरूलाई विकसित तथा समृद्ध तुल्याउनका निम्ति एउटा आर्थिक योजना बनाउने।
- दमनकारी सम्पूर्ण ऐन, कानून बर्खास्त गर्ने।
- नोकरशाही शासनप्रथा खतम गर्ने र त्यसको सट्टामा जन समितिहरूको रेखदेखमा रोजिएका प्रतिनिधिहरूलाई हाकिम नियुक्त गर्ने।
- सर्वसाधारण जनतालाई हात हतियार दिने र जनताको प्रजातन्त्रीय फौजको गठन गर्ने।
- बिनासिफारिस सबैलाई पढ्ने अधिकार दिने र प्राथमिक शिक्षा अनिवार्य रुपले चालु गर्ने।
- महिलाहरूलाई समान प्रजातन्त्रीय अधिकार वा हक दिने।

अन्तमा, जनवादी क्रान्तिको पूर्ण विजयका निम्ति सशक्त कम्युनिष्ट पार्टीको आवश्यकता देखाउँदै सबै क्रान्तिकारी शक्तिहरूसँग अपिल गरिएको छ।

यी सबै कुराहरूमा नेपाल कम्युनिस्ट पार्टीले भाग लिएको छ, संगठन गर्नेछ। पसिना चुहाउने सम्पूर्ण नेपाली जनताको वर्ग संघर्षको नेतृत्व गर्नेछ र विजयको शिखरसम्म पुऱ्याउने छ।पूँजीपति र निम्नपूँजीपतिहरूका अरु संस्थाले नेपाली जनतालाई विश्वासघात गरे अब पछि पनि त्यसै नै गर्नेछन्। तर नेपाल कम्युनिस्ट पार्टी मजदुर वर्गको पार्टी मार्क्सवादलेनिनवाद मार्ग दर्शनमा आपद्विपद्मा जहिले पनि जनताको लहरमा साँचो क्रान्तिका लागि संघर्ष गर्नेछ, लड्नेछ, बढ्नेछ।

**दिल्ली सम्झौता**

राणा काङ्ग्रेसको बीचमा दिल्लीमा सम्झौता भइ मोहन शमशेरको अध्यक्षतामा राणा काङ्ग्रेस सरकार गठन गर्ने सम्झौता फरवरी १९५१ मा भयो। जनतामा असन्तुष्टि आयो। दिल्ली सम्झौता धोका हो भन्ने निचोडमा नेकपा पुग्यो। जमिन कसको जोत्नेको,घर कसको बस्नेको नारा गुञ्जित भयो। कमरेड पुष्पलालले जनतालाई होसियारीपूर्वक अघि बढ्न आव्हान गर्नुभयो।

**२०१७ सालको शाही कदम र पुष्पलाल**

संसदीय सरकार विघटन, पार्टीमाथि प्रतिबन्ध,ब्यापक गिरफ्तारीपछि रुसमा रहेका डा. केशरजङ्ग रायमाझीले राजाको कदमलाई प्रगतिशील कदम भनी स्वागत गरे भने पार्टीको तर्फबाट पुष्पलालको अगुवाइमा राष्ट्रको नाममा अपिल प्रसारण भयो। अपिलको मूल बुँदा तपसिल बमोजिम छन् :

- २०१७ पौष १ गतेको प्रजातन्त्र मास्ने कदम राजदरबारबाट २००७ साल देखि प्रजातन्त्रका विरुद्ध गरिएको षडयन्त्रको पराकाष्ठा हो।
- राजा राष्ट्रिय स्वार्थको प्रतीक नभई सामन्ती स्वार्थका प्रतीक हुन्।
- देशको सार्वभौमिकता होइन, राजाको सार्वभौमिकता खतरामा छ।
- शाही वर्गीय सङगठनहरू सामन्ती फासिष्ट सङ्गठन हुन्।
- शाही प्रशासकीय व्यवस्था सामन्ती अवसरवादीहरूको व्यवस्था हो।
- नियन्त्रित प्रजातान्त्रिक व्यवस्था सामन्ती अवसरहरूको अखडा हो।
- नियन्त्रित प्रजातन्त्रको नारा अवसरवादी र जनविरोधी छ।
- संयुक्त आदोलन नै प्रजातान्त्रिक सङ्घर्षको बिजयको ग्यारण्टी हो।

(स्रोतः **पुष्पलाल छानिएका रचना**हरू भाग २ बाट )

नेपाली जनताको प्रजातन्त्रका लागि नयाँ जनवाद र समाजवादी क्रान्तिका लागि, सम्पूर्ण शोषित पीडित वर्गको अधिकार र मुक्तिका लागि पुष्पलालले अखिल नेपाल किसान संघको घोषणापत्र नयाँ जनवादका लागि नेपाली जनताको मूलबाटो, नेकपाको राजनैतिक प्रस्ताव जस्ता दस्तावेज र विधानमात्र होइन उहाँले सबैजसो विधानको मस्यौदा लेख्नुभयो। नेपालमा मातृसत्तात्मक समाज, नेपालमा एकतन्त्रको उद्गम बिकास र भविष्य नेपाली समाजको ऐतिहासिक भौतिकवादी अध्ययन आदिजस्ता लेख रचना ग्रन्थ लेखिरहनु भयो, प्रकाशन गरिरहनु भयो।

**पुष्पलाल पाल्पामा**

नेकपा पार्टी स्थापना भएपछि जिम्मेवारी बाँडफाड भयो । जसअनुरुप नरबहादुर कर्माचार्यलाई विराटनगरमा मजदुरका बीचमा, नारायणविलास र दुर्गादेवीलाई काठमाडौं उपत्यकामा, निरञ्जन गोबिन्द बैद्यलाई बिरगञ्ज केन्द्रमा किसानका बीचमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने गरी जिम्मा दिइयो। महासचिव पुष्पलाललाई पार्टी कार्यालय सञ्चालन र पाल्पा केन्द्रबाट त्यस क्षेत्रमा कामको जिम्मेवारी तोकेको देखिन्छ। **कम्युनिस्ट पाक्षिक प्रचारपत्र** प्रकाशनपछि नेपालब्यापी एकैचोटी सत्याग्रह गरेपछि जनसमुदाय कम्युनिस्ट पार्टीमा गोलबद्ध भए।

**सङ्गठनात्मक क्षेत्रको निर्माण**

आज हाम्रो देशमा गणतन्त्र पश्चात् मुलुकको राजनीतिक संरचना अन्तर्गत ७ प्रदेशमा संरचित छ। पुष्पलालले त्यसबेला नै नेपाललाई देहायबमोजिम भौगोलिक संगठनात्मक संरचना निर्माण गरेको पाइन्छ :

१. **कोशी प्रदेशः** मोरङ, झापा, धरान, धनकुटा, भोजपुर, इलाम र उप क्षेत्रमा पश्चिम कोशी (महोत्तरी सप्तरी) आदि।

२. **गण्डकी प्रदेश**लाई ४ उपक्षेत्रमा राखियो क्रमशः उत्तर गण्डक (काठमाडौं उपत्यका पूर्व १ नं र पश्चिम १ नं), दक्षिण गण्डक (मकवानपुर, बारा, पर्सा, रौटहत र सर्लाही ), मध्य गण्डकमा गोर्खा, कास्की, लमजुङ, तनहुँ, स्याङ्जा र चितवन, पश्चिम गण्डकमा पाल्पा, गुल्मी, नवलपुर, बुटवल तथा तौलिहवा।

३. **समग्र पश्चिम कर्णाली प्रदेशमा** नेपालगञ्जलाई केन्द्र मानी राजनीतिक प्रचार ब्यवस्था मिलाएको पाइन्छ । यसरी हेर्दा पुष्पलालको प्रमुख संगठन निर्माण र पार्टी प्रचार केन्द्र गण्डक तथा हालको लुम्विनी क्षेत्र नै रहेको पाइन्छ। **पुष्पलालले पाल्पालाई केन्द्र बनाएर राजनीतिक संगठन निर्माण र विचार सम्प्रेषणमा प्रभावकारी भूमिका निर्वाह गरेकोले पाल्पा राजनीतिक केन्द्र बन्न पुग्यो ।**

४.२ **पुष्पलालको पाल्पा आगमन र योगदान**

नेपाल कम्युनिस्ट पार्टी स्थापना र संगठन निर्माण पुष्पलालकै योजना र सक्रियतामा भएको थियो । त्यस पार्टीमा केसरजङ्ग रायमाभ्ाी पनि समाहित भए । रायमाझी महासचिव जस्तो गरिमामय पद र जिम्मेवारीमा पुगे । कमलराज रेग्मीजी त पुष्पलालकै प्रभावले यस क्षेत्रको जिल्ला कमिटीको सचिव र तत्कालीन गण्डक प्रान्तीय कमिटीको सचिव र केन्द्रीय सदस्य मात्र होइन कम्युनिस्ट पार्टीको संस्थाकै रूपमा यस क्षेत्रमा सुपरिचित हुनुभएको पाइन्छ । यस पङ्क्तिकार २०४६ लगत्तै कमलराज रेग्मीको घर तानसेन मेहलधारामा पुगेका बेला उहाँ गाउँफर्क राष्ट्रिय अभियानको अध्यक्ष पदमा रहेका बेला पनि पुष्पलाल र कम्युनिस्ट पार्टीले सम्प्रेषण गरेका प्रचार सामग्री ठूलो टिनको बाकसभरि प्रशस्तै देखिएको थियो। ती दस्तावेजहरू केही पढेर, केही साभार गरेर लेख तथा प्रतिवेदन लेखेको रेग्मीजी दिवंगत भइसक्दा पनि झल्झली सम्झना हुन्छ। विगतमा रेग्मीको घर गण्डक क्षेत्रकै पार्टी कार्यालय भएको पाइन्छ।अद्यापि पुराना दस्तावेजहरू त्यहीँ छन् होला।

४.२ **नेकपा गठनमा पाल्पाली माटोको योगदान**

सबैलाइ थाहा छ, नेकपाको गठन कमरेड पुष्पलालले कलकत्ता श्याम बजार नवीन सरकार लेन २८ स्थित रतनलाल व्राहमणको घरमा गर्नु भएको हो । यस सर्न्दभमा डा. केसरजङ्ग रायमाझी **केही सम्झना केही चिन्तन** नामक आफ्नो स्मृति ग्रन्थको पृष्ठ २५ को **माइला बाजे** शीर्षकमा लेख्नुहुन्छ — "बिदाको बेला नेपाल नआउने भए पछि छुटटीका दिनहरू सङ्गठनका कामका अतिरिक्त अध्ययन र वङ्गालका गाउँगाउँ घुमेरै बित्यो। त्यसबाहेक समयसमयमा म फुर्सद मिलाएर रतनलाल व्राम्हण कहाँ जान्थेँ।उहाँलाई सबैले माइलाबाजे भन्थे। माइलाबाजेसँग समय बिताउँदा निकै ज्ञानवर्द्धक हुन्छ भन्ने मलाई अनुभव भयो। माइला बाजेको व्यक्तित्वबाट प्रभावित भएर होला मलाई उहाँको बिगतबारे जान्न ठूलो उत्कट अभिलाषा थियो। कुरा गर्दा पनि जोशिलो पारा निकाल्ने उहाँको स्वभाब थियो। म पनि अरु जस्तै उहाँलाई माइलाबाजे भनेर सम्बोधन गर्थें। उहाँले मलाई बाबु तिमी भनेर बोलाउनुहुन्थो। कुरैकुरामा एक दिन प्रसङ्गबस पाल्पाको कुरा निस्कियो । सम्भवतः त्यस दिन उहाँ अलिबढी भावुक हुनुभएको थियो।उहाँले पनि आफ्नो पुर्ख्यौली घर पाल्पा भएको बताउनुभयो। त्यसपछि उहाँ प्रतिको मेरो आत्मीयतासँगै जिज्ञासा पनि अरु बढ्यो। कुराकानीको क्रममा उहाँले भन्नुभयो— मेरो घर पाल्पा अर्गली हो। एउटा दुर्घटनापछि म मुग्लान आएँ। यहाँ पहिले देखि नै थुप्रै नेपालीहरू चियाबगानमा मजदुरी र कलकाखानामा चौकीदारी गर्दथे। मैले पनि त्यस्तै कामबाट आफ्नो जीबनको सुरुवात गरेँ। उत्तरी क्षेत्रका ठूलाठूला चिया बगानमा अंग्रेज हाकिम थिए। नेपाली मजदुरमाथि उनीहरूले दुर्व्यवहार गर्न खोज्थे, यसैबीच कहिलेकाहीँझगडा पनि हुन्थ्यो।"

यी भनाइले के पुष्टि हुन्छ भने काठमाण्डौंका भक्तलाल र तुलसीमायाका सुपुत्र भई रामेछाप भँगेरीमा पुष्पलाल जन्मेपनि नेपाल कम्युनिष्ट पार्टीको जन्म गराउन उत्प्रेरक भूमिका निर्वाह गर्नुका साथै गासबास र सुरक्षाको ब्यवस्थापन गर्नेकाम तानसेनको माटो अर्थात् अर्गलीको माटोमा उम्रिएको रतनलाल व्राम्हणको योगदान अहम् रहेको छ।

४.३ **कति पटक पुष्पलाल पाल्पामा**

पुष्पलालको पाल्पामा सशरीर कति पटक आगमन भयो यो सवालले त्यति महत्त्व राख्दैन जति पाल्पाली मजदुर किसान र देसभक्तहरूलाई क्रान्ति कारी महाअभियानमा समाहित हुन पुष्पलालको दर्शन, सिद्धान्त, विचार प्रवाह सम्प्रेषणले महत्त्व राख्दछन् । त्यसो त पुष्पलाल पाल्पा ३ पटक सशरीर उपस्थित भई निरङ्कुश राणाको अन्त्य र जनवादी गणतन्त्र नेपाल स्थापनाका लागि वामनेताहरू तानसेन टक्सार निवासी चिनियाँलाल बज्राचार्य, तानसेन ८ मदनपोखरा निवासी घण्टप्रसाद अर्याल जस्ता दर्शौं व्यक्तिहरू जो अहिले पनि जीवित हुनुहुन्छ उहाँहरूले नै बताउनुहुन्छ। मिति त ठ्याक्कै भन्न सकिदैंन तर तानसेनमा आएर एक पटक त रणउजिरेश्वरी भगवतीमन्दिर परिसरमै आम सभालाई सम्बोधन गर्नुभएको हो। उहाँ पाल्पा आउँदा कहाँ बस्नुभयो ? कहाँ खानुभयो ! यो पनि जिज्ञासा प्रकट हुन सक्छ। कम्युनिस्ट पार्टीका नेता बस्ने खाने घर जनताकै घर हो। कार्यकर्ता र शुभचिन्तकको घर हो। यति मात्र होइन तानसेन शीतलपाटी नजिक अहिले पनि उहाँको आफन्तजन हुनुहुन्छ। हिरण्यलालदेव प्रधान उहाँको आफन्त नातेदार हुनु भएकाले उहाँ हिरण्यलालदेव प्रधानकै न्यानो आतिथ्यमा पारिवारिक ढङ्गले बस्नुहुन्थ्यो । यो कुरा आफ्ना बुबाले भन्नुहुन्थ्यो भनेर हिरण्यलालका माइला छोरा पशुपति प्रधान लगायत सन्तति र परिवारजनले बताउनुहुन्छ। स्मरण रहोस् नेवाः जाति अर्थात् नेवार जातिको बाक्लो बस्ती र सङख्यामा धेरै भएको क्षेत्र काठमाडौं उपत्यका पछि तानसेन पाल्पा नै हो। यद्यपि कम्युनिष्ट पार्टीको नेताले जात थर र कुललाईभन्दा विचार, सिद्धान्त र व्यबहारलाई महत्त्व दिन्छन्। पुष्पलाल उपर्युक्त विशेषताले परिपूर्ण हुनुहुन्थ्यो र नमूना पनि । जातीय स्वार्थभन्दा वर्गीय स्वार्थ र विचारप्रधान हुन्छ भन्ने मान्यता अनुरुप पुष्पलालले थर श्रेष्ठ हटाएर नाम पुष्पलाल मात्र लेख्न थाल्नुभएको पाइन्छ। नेकपाको गठन पश्चात् महासचिवको हैसियतले उहाँको कार्यक्षेत्र नेपालभरि र जहाँ नेपाली छन् बिदेशमा पनि हुन्थ्यो। यसका अतिरिक्त सङ्गठनात्मक र प्रचारात्मक काम सम्पादन गर्न पुष्पलालको विशेष जिम्मा गण्डक क्षेत्र नै थियो। त्यसैले पनि पश्चिम गण्डक उप क्षेत्रको प्रमुख केन्द्र अर्थात् पुष्पलालको प्रमुख मुकाम पाल्पा हुन गएको देखिन्छ। मध्यगण्डकको प्रमुख केन्द्र बन्दीपुर, पश्चिम गण्डकको प्रमुख केन्द्र तानसेन भएकोले पनि पुष्पलालको आइजाइ बढी हुनु स्वाभाविक हो। सारतः उहाँ २००९ सम्ममा ३ पटक पाल्पा आएको इतिहास पाइन्छ।

४.५ **पुष्पलालको पाल्पा बसाइ र प्रसारणको परिणाम के हो ?**

४.५.१

२००८ सालमा नेपाली काङ्ग्रेस मातृका प्रसाद कोइरालाको सरकारले पार्टीमाथि प्रतिबन्ध लगायो। पार्टी प्रतिबन्धित भए पनि यस पाल्पा जिल्लामा मजदुर किसानहरू चुप लागेर बसेनन्। अखिल नेपाल किसान सङ्घको

नेतृत्वमा ुफटाहाले फट्याइँ छोड नत्र आफ्नो गावैँ छोडु भन्ने नारा गुञ्जित गर्दै यहाँ फटाहा विरोधी आन्दोलनमा सरिक भए।

४.५.२ राणा शासनको अन्त्य र संभौता परस्त नीति विधिका विरुद्धमा २००७ साल पुस १९,२०,२१ गते नेकपाका नेता कमलराज रेग्मीको नेतृत्वमा ३ दिनसम्म तानसेनमा लगातार जुलुस प्रर्दशन गरे।

४.५.३ यस बीचमा सुदखोर साहुमहाजनका विरुद्ध आन्दोलन भए, तमसुक च्यातिए। रुके मुखिया विरोधी आन्दोलनले फटाहालाई थरिकम्प बनायो र गोल रकम तोड आन्दोलन, गोदामप्रथा तोड आन्दोलन, बिर्ता प्रथा खारेजी, भ्रष्ट्राचार विरोधी आन्दोलन, हलो जोत आन्दोलन, बाँधा मुक्ति आन्दोलन निरन्तर भइरहे। रुके मुखिया जस्ता जाली फटाहाहरूलाई काखी च्याप्ने र ुकिसान जनतालाई अन्याय गर्ने बडाहाकिम तारकबहादुर शाह निक्ली जु जस्ता सङघर्ष भए। जनताको मनोबल उठ्यो, सङगठित भए। अखिल नेपाल किसान सङ्घ र पार्टी विशाल र सुदृढ भयो। तानसेन सहर र गाउँगाउँका सबै जातिका जनता गोलवद्ध भए। पाल्पाको सुदखोर फटाहा रुके मुखियाको ज्यादतीबारे जुँगे मुखिया फटाहा भनी पुष्पलालले लेख्नु भएको छ।

४.५.५ २०१५ सालको आमनिर्वाचनमा निर्वचन क्षेत्र नं. ९४ बाट नेकपाका उम्मेदवार कमलराज रेग्मीलाई विजयी गराए। क्षेत्र नं. ३ मा नेकपाका उम्मेदवार डा. केशरजङ्गलाई विजयी बनाउन नसके पनि सम्मानजनक मत दिलाउन सफल भए। २०१५ सालको चुनावमा नेकपाले देशव्यापी रूपमा ४ सीट जिते मध्ये पाल्पाले प्राप्त गरेको १ सिट सङ्घर्षकै परिणाम हो

४.४.४ **पुष्पलालबाट प्रभावित कवि कलाकार र सर्जकस्रष्टा**

पुष्पलालबाट स्थापित पार्टी र सम्प्रेषित पर्चा नं. १ (क) र कम्युनिष्ट पाक्षिक पत्र पढेर तथा उहाँको प्रत्यक्ष सम्पर्कबाट धेरै कवि कलाकार, स्रष्टा सर्जकहरूले यथार्थवादी र क्रान्तिकारी लेख, निबन्ध, नाटक, गीत,कविताहरू लेखे, छापे, मंचन गरे। गाए, वाचन गरे। ती मध्ये नेता कमलराज नै कुशल साहित्यकारका रूपमा नेपाली साहित्यको अग्रपङ्तिमा हुनुहुन्छ। कवि ईश्वरी आचार्य जो आँशु कवि हुनुहुन्थ्यो, उहाँका साहित्यिक रचना कालजयी छन्। त्यस्तै तानसेनका त्रिरत्न वज्राचार्यका गीत सिर्जना र घण्टप्रसाद अर्याल, पदमवहादुर थापा हरिच्याण्टु जस्ता गायक र नेताहरूले क्रान्तिकारी गायन मार्फत् त्यसबेला जनतालाई जुरुकै उठाएका थिए। त्रिरत्न वज्राचार्यले पनि कलम चलाएका थिए। यहाँ त्यतिबेलाका केही नमूना जागरण गीतहरूको झलक मात्र प्रस्तुत गरिन्छ।

**त्रिरत्न वज्राचार्य तानसेन**

क) वीर किसान हो बढौँ अगाडि
सामन्तको राज तोड्न।
आज हामी देख्दैछौ जनवादी चीन
जहाँ आज खुसी छन् मजदुर किसान।
अब हामी सामन्तको अधीन बस्ने किन ?
ख) ए साथी बढ्दै छ क्रान्ति दिनदिन
नेपालमा छिन छिन।
हेर्नुहोस् आँखा खोली दुनियाँको ऐना
एसियाको बढ्दो चढ्दो देश राम्रो चाइना।
उम्लिरहेछ जुनदेशमा वीर लाल सेना
साथी डर लिनु किन ?
सहिदको सङ्घर्षले पायौ आज मैाका
जुकासँग लड्नलाई छाती आफ्नो फुकाऔँ।
साथी कसम अव मुक्का
ग) ए साथी ....................
नजाऊँ है त्यो गोर्खे संस्थामा।
आज तपाईंलाई झुक्याउन खातिर दश पाँच रुपैयाँ दिँन्छन्।
पैसाले हाम्रो मनुष्य जीवन बाख्रा सरी किन्छन।
अन्तिममा हामीलाई लडाईमराई कुत्तासरी फाल्छन्।
ए साथी .......

**कवि ईश्वरीप्रसाद आचार्य पूर्वखोला**

**क) सारा मानिसको यथार्थ जसमा इन्साफ राम्रो हुने।**
**भोको कोही नभई गरीव सवले शिक्षा समेत पाउने।**
**घर घरमा बिजुली र मोटर पनि डाँडाभरि दौडने।**
**त्यै हो क्या जनवाद हामी सबैले क्रान्ति गरी ल्याउने।**
**ख) नाम सारी निहुँले लुटेर जनता जुँगा मसार्ने गरी**
**आएको नृपवहादुर हसुलो चोर्ने बिरालो सरी।**
**त्यसको साथ दिई धनन्जय पनि आएछ कम्मर कसी**
**सिलुवा गाउँ लुटेछ सात सयको थैलो र सिङ्गो खसी।**

**टंकप्रसाद अर्याल, दर्छा**

**दुखी जनले खान माग्दा पाप लाग्छ गरे**
**सुनसुन गरीव दाजुभाई यी पापीले दुई नीति बनाए।**
**उनै ठूला जाली फटाहा अन्तपुरमा खाने।**
**कोही साहु ठेकी पाहुर अत्तो थापी खाने।**
**माटो असल भैंसी खसी राख्न हाम्ले हुन्न।**
**हाम्रो सुखमा फटाहाको ओठ लाग्छ जल्न।**
**सुनसुन** ..................

४.४.६) हाल पाल्पा तानसेन नगरपालिका–३, टक्सारका मेघराज शर्मा र तानसेन–८ का सोमनाथ अर्यालले पुष्पलालसँग धेरै बसउठ गर्नु भएको उहाँहरू बताउनु हुन्छ। शर्मा भन्नुहुन्छ –२०२९ सालतिर आवाज साहित्यिक सङ्गालो प्रकाशन गर्न जहाँ हाम्रो साहित्य संस्कृति कस्तो हुनुपर्छ भन्ने विषयमा वताउँदै उक्त **आवाज** पत्रिका सम्पादन गर्न कमरेड पुष्पलालले सुझाव दिनु भएको थियो।

४.४.७) **पुष्पलाल र सांस्कृतिक अभियान**

२०२५ सालमा पार्टीको पुनर्सङ्गठन गर्नका लागि गोरखपुरको कसायमा तेस्रो सम्मेलन गरे पछि सर्कुलर मार्फत् भूमिगत ढङ्गले पार्टी निर्माणका साथसाथै सांस्कृतिक जागरण अभियान सञ्चालन गर्न पार्टीव्यापी परिपत्र जारी भयो। यस परिपत्र बमोजिम भूमिगत कार्यकर्ताहरूको नेतृत्व र निर्देशनमा पाल्पा ता.न.पा. अन्तरर्गत मदनपोखरामा पटक–पटक लाहुर जाने धोको, गंगालालको चिता, पचास रुपैयाँको तमसुक जस्ता नाटकहरू विद्यालयमा मञ्चन गरियो। यस्तै नाटकहरू हुमिन, झडेवा, रुप्से, पश्चिम ख्याहा, अर्गली, चिर्तुङ्गधाराको घोरबन्दा जस्ता पाल्पाका विभिन्न गाउँहरूमा चेतनामूलक नाटक प्रदर्शन भए। यसको अगुवाइ बाबुराम पाण्डे, सँस्कृतिकर्मी सोमनाथ अर्याल, हीराप्रसाद नेपाल, झपेन्द्र जीसी, बुद्धिनाथ अर्याल लगायत सयौं व्यक्ति र कलाकारहरूले गरें। यी साँस्कृतिक नाटक र नृत्यले सामाजिक परिवर्तन तथा समाजवादी सन्देश सम्प्रेषणको भूमिका निर्वाह गरेको पाइन्छ। जनवादी गणतन्त्र प्राप्तिका लागि संयुक्त आन्दोलन नै एकमात्र बाटो रहेको सन्देश दियो। **नरौ नरौ साइँला तिम्रो दिन आउँदैछ अब त,** जस्ता प्रगतिशील गीतहरू गाउँसहरमा गुञ्जित भए।

४.४.८ **पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार**

पुष्पलाल २०३५ साल श्रावण ७ गते राजनीतिक लेखन प्रकाशन मार्फत्विचार सम्प्रेषणको महाअभियानमा जुटिरहेका बेला यो संसारबाट महाप्रस्थान गर्नुभयो। उहाँको गणतान्त्रिक महाअभियान अतुलनीय छ। नेपाली जनता ऋणी छन्। उहाँको गुन तिर्न सक्ने क्षमता कसैसँग छैन। नेपाली जनतालाई पुष्पलालले लगाउनु भएको गुन सम्झेर उहाँको सम्मान खातिर कम्तीमा पुष्पलाललाई स्मरण गर्ने हेतुले तानसेन नगरपालिकाले पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष खडा गरी १,११,१११ रुपैयाँ र सम्मानपत्रबाट पत्रकारितामा युगीन सम्प्रेषण गर्ने संचारकर्मीलाई पुरस्कृत गरी उत्प्रेरित गर्ने हेतुका साथ नगरप्रमुख अशोककुमार शाहीको प्रस्तावमा **पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष** स्थापना गरेको छ, अवश्य नै यो सान्दर्भिक र औचित्यपूर्ण छ। अदम्य साहसका धनी, सिद्धान्तनिष्ठ र क्रान्तिकारी विचार प्रवाहका अद्वितीय व्यक्तित्वका धनी पुष्पलालको उच्च विचार, समाजवादी सिद्धान्त, व्यवहार र सादा जीवनशैलीलाई अनुशीलन गर्नु सबैको दायित्व हो।

**निष्कर्ष** : पुष्पलाल लेखक, अन्वेषक, वैज्ञानिक समाजशास्त्री, मार्क्सवादी दार्शनिक, सिद्धान्तकार, संस्कृतिविद्, राजनीतिज्ञका साथै कुशल सम्पादक विशिष्ट विद्वान समेत हुनुहुन्थ्यो भन्ने कुरा उहाँद्वारा लिखित, सम्पादित, सम्प्रेषित दर्जनौ ग्रन्थहरू, अपिलहरू, कम्युनिस्ट पाक्षिक पत्रहरूले नै अभिव्यक्त गरिरहेका छन्। उहाँका सम्पूर्ण रचनाहरूले नेपालको लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र संचारगत विकासका लागि मात्र होइन समाजवाद निर्माण, स्वाधीनता, राष्ट्र र नागरिकको काँचुली फेर्ने चाहने जुनसुकै आस्थामा आवद्धका लागि पनि उर्जावर्द्धक पुष्टकारी हुनेछ। मार्क्सवादी महाविद्वान् पुष्पलालको अध्यनशीलता, लेखनशीलता र सम्प्रेषणशीलता अद्वितीय छन्। यसै प्रसङ्गलाई आत्मासात गरी जननेता मदनभण्डारीले पुष्पलालप्रतिको मुल्याङकन प्रस्तुत गदै यो पपुपा आलेखलाइ विट मार्ने अनुमति चाहान्छु। ३६ औं पुष्पलाल स्मृति अङ्क पृष्ठ १२ मा उहाँ भन्नु हुन्छ–"पुष्पलाललाई समग्रतामा विश्लेषण गर्ने हो भने यो नेपालको कम्युनिस्ट आन्दोलनको इतिहास हुनेछ। उहाँको विचार काम र व्यक्तित्वलाइ अलग गरेर नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास पूर्ण हुन सक्दैन।" यसो हो भने उहाँले विचार तथा पार्टीको अगुवाइ गर्नु भयो होइन र ? तब न तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाही समेत प्रभावित भए र संस्थागत रूपमा पुष्पलालको योगदानलाई चिरस्थायी बनाउन तानसेन नगरसरकारले पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष स्थापना गर्ने सर्वसम्मत महत्त्वपूर्ण निर्णय गऱ्यो। नगरप्रमुखले देश र नागरिकप्रतिको वीपी लगायतका नेताहरूको योगदानलाई समेत असल कर्ममार्फत् सम्झने बताएका छन्।

**केही सन्दर्भ सामाग्री :**

१. **पुष्पलाल जीवन, कृतित्व र शिक्षा** ( नेत्र पन्थी ) ३६ औं पुष्पलाल स्मृति दिवस ७ श्रावण २०७१

२) **पथ प्रदर्शक** (प्रकाशक धवल पुस्तकालय, पाल्पा २०७४)

३) **नेपालमा कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास** (प्रकाशक पुष्पलाल स्मृति प्रतिष्ठान २०५३)

४) **पुष्पलाल छानिएका रचनाहरु** भाग १, २, ३, ४ (प्रकाशक पुष्पलाल स्मृति प्रतिष्ठान २०५३)

५) **पाल्पामा किसान आन्दोलन** (लेखक झपेन्द्र जीसी, प्रकाशोन्मुख)

६) **केही सम्झना केही चिन्तन** (रायमाझी केशरजंग, प्रकाशक श्रीमती बोनिता पाण्डेय २०५९)

७) **नेकपा पाल्पाको राजनीतिक प्रतिवेदन** (प्रकाशक नेकपा (एमाले) पाल्पा २०४९)

**(तानसेन नगरपालिकाका विकास सद्भावना दूत)**

- कर तिरौं, नगरको विकास निर्माणमा सहभागी बनौं।
- नगरपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर चुक्ता नगरे कुनै पनि सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन।
- कर तिर्नु सबै नगरबासीहरूको कर्तव्य हो, सेवा प्राप्त गर्नु अधिकार हो।
- कर तिरौं, सभ्य नागरिक बनौं।
- समयमै कर तिरौं, जरिवानाबाट बचौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# पुष्पलाल र अध्ययन



- दिल साहनी

पुष्पलाल प्रायःजसो हामीबीच कुराकानी हुँदा भन्ने गर्दथे कि पढेकाले जान्दछ कि परेकाले जान्दछ । तर पढेकाले पनि नपरी जान्दैन । यस कुराको सम्बन्ध सिद्धान्तलाई व्यवहारमा मिलाउने र व्यवहारलाई सिद्धान्तसित मिलाउने सवालसित छ । माओले सिद्धान्त र व्यवहार दुबै कुराको समान महत्त्व हुने कुरामा जोड् दिँदै भनेका छन् –सिद्धान्त बिनाको व्यवहार अन्धो हुन्छ । व्यवहार बिनाको सिद्धान्त लंगडो हुन्छ । माओले यो पनि भनेका छन् सिद्धान्त र व्यवहारमा सिद्धान्त नै प्रमुख पक्ष हो । यस लेखमा म पुष्पलालले व्यवहारभन्दा पनि सिद्धान्तमाथि जोड दिएको कुराको चर्चा गर्न चाहन्छु ।



पुष्पलाल मनमोहन अधिकारी जस्तै विश्व विद्यालयमा अध्ययन गरेका व्यक्ति थिएनन् । उच्च शिक्षा प्राप्त गरेका व्यक्ति थिएनन् । उनले हाई स्कूलको शिक्षा मात्र पूरा गरेका थिए । फेरि पनि उनी कुनै विश्व विद्यालयमा अध्ययन गरेका व्यक्तिभन्दा कम पढेका व्यक्ति जस्ता लाग्दैनथे । अझ साँचो कुरा त के भने पुष्पलालको अध्ययन र विद्वताका सामु ठूला ठूला विश्व विद्यालयबाट उच्च शिक्षा प्राप्त गरेका व्यक्ति पनि फुच्चे लाग्दथे । कम्युनिष्ट पार्टीका महासचिव भएका वा कम्युनिष्ट पार्टीका संस्थापक नेता समेत भएका पुष्पलालको मार्क्सवाद सम्बन्धी सैद्धान्तिक ज्ञान त गहन र :व्यापक हुने नै भयो । उनको अंग्रेजी भाषामाथिको दखल पनि बेजोडको थियो । उनी जब अंग्रेजी भाषामा कसैसित कुराकानी गर्दथे हामीलाई लाग्न सक्दथ्यो उनी अंग्रेजी भाषाका ठूलै विद्वान हुन् । एक दिन मैले पुष्पलाललाई प्रश्न गर्दै भनेको थिएँ –तंपाईको अंग्रेजी भाषा यति राम्रो कसरी भयो ? जवाफमा उनले भनेका थिए –उनी नेपाली काङ्ग्रेसमा हुँदा पार्टी कार्यालयमा बस्दथे । त्यहाँ आउने अंग्रेजी र हिन्दी दुबै भाषाका समाचार पत्रहरू गहिरिएर अध्ययन गर्दथे । त्यसले गर्दा नै उनको अंग्रेजी भाषा राम्रो हुन गएको हो । पुष्पलालको यो भनाइ आफैमा ठीक होला । तर मलाई लाग्दछ उनको अंग्रेजी भाषा हिन्दी र अंग्रेजी पढेर मात्र त्यति राम्रो भएको होइन । यथार्थ कुरो त के होला भने उनको अंग्रेजीमा लेखिएका मार्क्सवादी साहित्यको व्यापक अध्ययनले उनको अंग्रेजी भाषा सम्बन्धी ज्ञान राम्रो भयो होला । साथै उनले नेपाल बारे अंग्रेजीमा लेखिएका धेरै पुस्तक पढेर पनि उनको अंग्रेजीको भाषा पनि राम्रो भएको होला । जे होस्, मैले यहाँ भन्न खोजेको कुरा के हो भने पुष्पलालको अंग्रेजी भाषामा राम्रो दखल थियो । उनको अंग्रेजी भाषामा राम्रो दखल भएको हुनाले नै उनी भारतका ठूला नेता तथा बुद्धिजीवी विशेष गरी मार्क्सवादी बुद्धिजीवीबीच सुमधुर सम्बन्ध स्थापित गर्न सफल भएका थिए । पुष्पलालको सम्पर्क विश्व विद्यालयका चर्चित बुद्धिजीवीबीच पनि हुन पुगेको थियो ।

मार्क्सले जस्तै पुष्पलालले पुस्तकालयमा बसेर अध्ययन गर्न खोज्दथे । उनी जहाँ जान्थे पुस्तकालयमा पुगेर आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिन्थे । उनले आफूले पढेको कुराको नोट बनाउँथे । नोट अंग्रेजीमा नै बनाउँथे । अंग्रेजी भाषामा लेख्दथे । उनले मलाई एकपल्ट भनेका थिए– मलाई नेपाली भाषामा लेख्नुभन्दा अंग्रेजी भाषामा लेख्न सजिलो लाग्दछ । अबदेखि म तपाईंलाई अंग्रेजीमा नै चिठीपत्र लेख्नेछु । पुष्पलालले मलाई अंग्रेजीमा लेखेका कैयौं चिठी पत्र अझ पनि मसित सुरक्षित छन् । उनले मलाई कति चिठीपत्र बनारसबाट लेखेका थिए भने कति कलकत्ता वा दरभंगाबाट ।

निश्चित रूपमा मनमोहन अधिकारी पुष्पलालभन्दा धेरै पढेलेखेका व्यक्ति थिए । मनमोहन अधिकारीले विश्वविद्यालयसम्मको शिक्षा समेत प्राप्त गरेका थिए । पुष्पलालले एकपल्ट कुरैकुरामा हामीसित भनेका थिए उनलाई मनमोहन अधिकारीले कम पढेको मान्छे भनी हेपेर बोल्दा उनले मनमोहन अधिकारीलाई मुखैभरिको जबाव दिएका थिए ।

निश्चित रूपमा बुर्जुवा शिक्षाले पनि मार्क्सवादी ज्ञानलाई समृद्ध पार्न सहयोग गर्दछ । आखिर मार्क्स, लेनिन र माओले पनि त बुर्जुवा शिक्षा नै प्राप्त गरेका थिए । बुर्जुवा शिक्षा प्राप्त गरेको मान्छेले कत्ति शिक्षा प्राप्त नगरेको मान्छेले भन्दा छिटो कुरा बुझ्न सक्दछ । बढी कुरा बुझ्न सक्दछ । यो कुरा म माइला बाजे (रतनलाल ब्राह्मण) को सन्दर्भमा पनि चर्चा गर्न सक्दछु । सायद दार्जीलिङका **(लेखक तथा इतिहासविद् झपेन्द्र जीसीका अनुसार उनी नेपालको पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. १४ स्थित अर्गली पुर्ख्यौली घर भएका रतनलाल ब्राह्मण हुन्- प्रधानसम्पादक)** माइला बाजे जेठो नेपाली कम्युनिष्ट हुन सक्दछन् । पुष्पलालले २००६ सालमा कलकत्तामा नेपाल

कम्युनिष्ट पार्टी स्थापना गर्दा दार्जीलिङका चर्चित कम्युनिष्ट नेता माइला बाजे भारतीय कम्युनिष्ट पार्टीमा सम्मिलित भइसकेका थिए। त्यतिबेला गुवाहाटीका प्रेम सिंह सुवेदी पनि भारतीय कम्युनिष्ट पार्टीमा संगठित भइसकेका थिए। माइला बाजे कुनै पढेलेखका व्यक्ति थिएनन्। उनले त पुष्पलालले जति पनि स्कूली शिक्षा प्राप्त गरेका थिएनन्। फेरि पनि दार्जीलिङमा त के पूरै भारतमा माइला बाजे (रतनलाल ब्राह्मण ) लाई टक्कर दिने अर्को नेपाली कम्युनिष्ट नेता भएको मलाई थाहा छैन।

यिनै माइला बाजेलाई हामी केही साथीहरूले दार्जीलिङमा भेट्ने प्रयास गरेका थियौं १९७२ तिर । शिलाङबाट दार्जीलिङमा साहित्य सेमिनारमा भाग लिन गएको सन्दर्भमा । हामीले पार्टी कार्यालयमा रतनलाल ब्राह्मणलाई भेट्न नसके पनि उनी खुदै हामीलाई भेट्न सेमिनार स्थल गोर्खा दुख निवारक भवनमा आएका थिए । उनले हामीलाई कलकत्ता उड्ने साइतको बेलामा भेटेका थिए । त्यतिबेला उनले हामीसित कुराकानी गर्ने सन्दर्भमा मेरो अध्ययनको बारेमा जिज्ञांसा राखेका थिए । मैले उनलाई एल.एल.वी. अध्ययन गरिरहेको कुरा बताएको थिएँ। यो कुरा सुनेर उनले उत्साहित हुँदै भनेका थिए – म अनपढ रहेर पनि यतिसम्म गर्न सकें। तपाईं कानून अध्ययन गरिरहेको व्यक्ति हुनुहुँदोरहेछ । म तपाईंबाट धेरै कुराको आशा गर्दछु। तपाईंले हाम्रो समाजमा ठूलो योगदान पुऱ्याउन सक्नुहुनेछ।

पुष्पलाल धेरै अध्ययनशील कम्युनिष्ट नेता थिए । उनले जति मार्क्सवादी साहित्यको अध्ययन गरेको नेपाली नेता पाउन गाह्रो छ। पुष्पलालले जस्तै मार्क्सवादको गहिरो अध्ययन गरेका दोस्रो नेता भनेकै मोहन बिक्रम सिंह हुन् । पुष्पलाल मार्क्सवादका साथसाथै नेपालको इतिहासको गहिरो अध्ययन गर्न चाहन्थे । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा आधारित रही उनी नेपालको इतिहास लेख्न चाहन्थे। त्यस सम्बन्धमा उनले नोट पनि तयार पारेका थिए। तर उनको असामयिक मृत्युले उनको सपना साकार हुन सकेन। तथापि नेपाली समाजको मातृ सत्तात्मक अध्ययन र जन आन्दोलनको ऐतिहासिक अध्ययन विश्लेषण पनि पुष्पलालको इतिहासको भौतिकवादी अध्ययनकै श्रृंखला हो।

पुष्पलालले हामीलाई धेरै नै पुस्तक अध्ययन गर्न उत्प्रेरित गर्दथे। ती सबको यहाँ चर्चा गर्न संभव छैन। तथापि यहाँ केही केही पुस्तकको चर्चा चलाउनु उचित कुरा नै हुन्छ होला। पुष्पलालले हामी सबैलाई पटकपटक अध्ययन गर्न जोर दिने एउटा पुस्तक हो – क्यालिफोर्निया युनिवर्सिटीका प्रोफेसर लिउ ली रोजको **नेपाल स्ट्राटेजी फर सर्भाइबल**। अर्को पुस्तक हो अमेरिकी पत्रकार जेम्स बेल्डनको **चाइना शेक्स द वर्ल्ड ।**

म स्मरण गर्दछु पुष्पलालले आफ्नो जीवनको अन्त्यतिर पंचतन्त्रको अध्ययन गर्न थालेका थिए । उनी भन्दथे–हामी पंचतन्त्रका कथाको शिक्षालाई नेपाली क्रान्तिमा प्रयोग गर्न सक्दछौं । पुष्पलालले गौतम बुद्धको सोंच्ने तरिका निकै बैज्ञानिक छ भन्दथे। द्वन्द्वात्मक भौतिकवादी छ भन्दथे।पुष्पलाल हर शिक्षालाई नेपाली क्रान्ति र नेपाली जनताको मुक्तिको लागि प्रयोग गर्न चाहन्थे । पुष्पलाल यो पनि भन्दथे–हामीले हाम्रा कुरा मात्र पढ्ने होइन, बिरोधीका कुरा पनि गहिरिएर अध्ययन गर्नु पर्दछ । तब मात्र हामी सही ठाउँमा पुग्न सक्दछौं । दस्तावेजको कसरी अध्ययन गर्ने भन्ने पुस्तिकामा पुष्पलालले भनेका छन् – हामीले सही कुरा बुझ्न आफ्ना र आफ्ना विरोधीका दस्तावेज एकै ठाउँमा राखेर अध्ययन गर्नुपर्दछ। तब मात्र हामी सही कुरो के हो राम्ररी बुझ्न सक्दछौं।

(लेखक तथा प्राध्यापक)

**नागरिकपत्र**

## ओझेलमा पार्नु भएन बौघा पोखराथोकलाई



**– नेत्रप्रसाद गैरे**

हाल तानसेन नगरपालिका वडा नं १२ मा पर्ने साबिक बौघा पोखराथोक गाउँ विकास समितिको आफ्नै पहिचान थियो। बौघा पोखराथोकको परिचय भनेकै मुख्यतः उन्नत जातका गाईबाट दूध उत्पादन, बेमौसमी तरकारी उत्पादन, बाख्रा पालन, तामाका भाँडा उत्पादन लगायतका आत्मनिर्भरतामुखी कर्म हुन् । यस वडाका विभिन्न भागबाट दैनिक करीब २ हजार लिटर दूध र सयौँ किलो तरकारी तानसेन वजारमा पठाईन्छ । यस वडाको लुहुङ सेरोफेरोमा घरेलु उद्योगको रूपमा तामाको भाँडा उत्पादन गरिन्छ जसले ख्याति कमाएको छ । उन्नत नश्लको बाख्राको स्रोत केन्द्रको रूपमा समेत यो वडा परिचित रहेको छ । यस वडाको डाँडा भेगमा सुन्तला, अवल र गाईघाटका खेतमा धान उत्पादन राम्रो हुन्छ।

पर्यटकीय महत्त्वका रतन पाँडे थान, चेचीकोट डाँडा, टुँडिखेल कुइरेभीर लगायत आर्कषण केन्द्र बन्न सक्दछन्। तानसेन बजारदेखि करीब ३ किलोमिटर दूरीमा अवस्थित बौघापोखराथोकको विकासका लागि तानसेन चण्डीभन्ज्याङ्ग लुहुङ जोर्ते हुँदै अर्गली जाने सडकलाई नगरस्तरीय योजनामा पारेर सम्पन्न गर्नुपर्नेमा यो काम हुन सकेको छैन । नगर, प्रदेश र संघीय सरकारको समेत सहयोग जुटाएर यो सडकलाई अविलम्ब पूरा गर्नेतर्फ वडाअध्यक्ष, नगरप्रमुख लगायत सरोकारवाला सांसदहरूको समेत ध्यानाकर्षण होस्। बौघा पोखराथोकलाई ओझेलमा पार्ने काम नहोस्, धन्यवाद।

**(समाजसेवी)**

# तानसेनमा जन्मेका अन्तर्राष्ट्रिय ख्यातिप्राप्त आचार्य भिक्षु अमृतानन्द महास्थविर



- छत्रराज शाक्य

तानसेनमा जन्मनु भएका महानायक आचार्य भिक्षु अमृतानन्द महास्थविरले त्यसताका राजा त्रिभुवनसित कुरा गर्नुभई काठमाडौं उपत्यका बाहिर सर्वप्रथम बि.स. २०११ मा शाक्य बज्राचार्य कुलपुत्रहरूको चूडाकर्म गर्ने हुकुम प्रमांगी व्यवस्था गरिदिएर पाल्पा तानसेनका बौद्ध समाजलाई ठूलो गुन लगाउनु भएको छ। नेपालमा राणा शासनकालमा बि.सं. २००१ मा ८ जना बौद्ध भिक्षुहरूलाई बौद्ध भिक्षु भई भगवान् बुद्धको धर्म उपदेशलाई प्रचार गरेको भनी देश निकाला गरिएको थियो। भिक्षु अमृतानन्द श्रीलंका बौद्ध देशमा जानु भई भिक्षु नारद महास्थविरको नेतृत्वमा शिष्ट मण्डल नेपालमा ल्याई तत्कालीन राणा प्रधानमन्त्री पद्मशमशेर राणासित कुरा गरी ८ जना बौद्ध भिक्षुहरूलाई पुनः नेपाल प्रवेशको अनुमति दिलाउनमा महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो।

बि.सं. २०१३ मा चतुर्थ विश्व बौद्ध सम्मेलन र बि.सं. २०४३ मा १५ औं विश्व बौद्ध सम्मेलन नेपालको काठमाण्डौं र लुम्बिनीमा भिक्षु अमृतानन्दकै नेतृत्व र व्यवस्थापनमा सफलताका साथ सुसम्पन्न भयो। यसका साथै नेपालको पूर्वदेखि पश्चिमसम्म र तराईदेखि हिमालसम्म यात्रा/भ्रमण गर्नुभई नेपालमा जन्मनुभएका शाक्यमुनि गौतम बुद्धको धर्मलाई विभिन्न माध्यमबाट प्रचार-प्रसार गर्नुभएको थियो। यसरी नेपालमा तथागत भगवान बुद्धबाट प्रतिपादित थेरवाद बुद्ध धर्मको पुनर्जागरण गरी विकास र संरक्षण गर्नमा भिक्षु अमृतानन्दले अतुलनीय एवम् धेरै महत्त्वपूर्ण योगदान दिनुभएको निर्विवाद छ।

अन्तर्राष्ट्रिय बौद्ध जगतको क्षेत्रमा भिक्षु अमृतानन्द सन् १९५० मा स्थापित विश्व बौद्ध भ्रातृत्व संघ (World Fellowship of Buddhist) को संस्थापक उपाध्यक्ष भएर सन् १९५० देखि प्रारम्भ भएको विश्व बौद्ध सम्मेलनहरूमा व्यवस्थापक र नेपाल राष्ट्रको प्रमुख सहभागी प्रतिनिधिको रूपमा लामो अवधिसम्म योगदान दिनुभएको थियो। साथै जापानदेखि अमेरिकासम्म पटक-पटक विश्व भ्रमण गरी धर्मदूतको रूपमा बुद्ध धर्म प्रचार प्रसार गर्नमा महत्त्वपूर्ण योगदान दिनुभएको हुँदा भिक्षु अमृतानन्द अन्तर्राष्ट्रिय रूपमा पनि ख्यातिप्राप्त बौद्ध विद्वान् हुनु भएको निर्विवाद छ।

**भिक्षु अमृतानन्दको पुर्खा, जन्म र बाल्यकाल**

करीब दुई सय बर्ष अघि काठमाण्डौं उपत्यकाको ललितपुर नगरको दरबार परिसरको केही पर हःखा टोलको मध्य भागमा भाजुमन् शाक्यको घर थियो। उनको सुन चाँदीको गहना ज्यासल पसल थियो। उनी गहना बनाउने कालिगढ हुन्। उनको शेष पछि उनैका छोरा रत्न राज शाक्यले पनि आफ्नो पिताको व्यवसायलाई अगाडि बढाए। उनका ७ जना छोराहरू मध्ये माहिला बुद्धिमान शाक्य र साहिँला पद्मराज शाक्य दुईजना व्यवसायकै क्रममा तानसेन पाल्पा आएका थिए। तानसेनको भीमसेन टोलमा यिनीहरूले बसोबास गरे। तानसेनबासीहरूले दुबै दाजुभाइलाई क्रमशः ठूलो हःखा (तरी हःखा) र सानो हःखा (चिरी हःखा) भन्न थाले।

तरी हःखा बुद्धिमान् शाक्यबाट हिराकाजी शाक्य जन्मेका थिए। हिराकाजी शाक्य र मोतीमाया शाक्यको कोखबाट बि.स. १९७५मा लालकाजी शाक्यको जन्म भयो। यिनै लालकाजी शाक्य पछि गृहत्याग गरी भिक्षु अमृतानन्द बने।




आचार्य भिक्षु अमृतानन्द महास्थविर

सानो हःखा पद्मराज शाक्यबाट बि.स.१९६३ मा अनन्त राज शाक्यको जन्म भयो, उहाँका ३ जना छोराहरू बृजराज शाक्य, पुष्पराज शाक्य र छत्रराज शाक्य (लेखक) को जन्म भएको थियो।

बालक लालकाजी शाक्यको बाल्यकाल तानसेनकै भीमसेन टोल, नारायण टोल, अमरगंज र श्रीनगर डाँडामा घुम्दै खेल्दै बित्यो। पिता बुद्धिमान्‌बाट छोरा लालकाजीको प्रारम्भिक शिक्षा आरम्भ भयो। लालकाजी हुर्कदै उमेर बढ्न थालेपछि उनको आनीबानी, स्वभाव आदिमा पनि परिवर्तन

देखिन थाल्यो । घुमक्कड, शूरो, धुत्याई र बदमासी गर्ने स्वभावको हुन थाल्यो । सुन चाँदीको दुकानमा सुन जोख्ने पुरानो मोहर रुपैयाँ नै चोरेर लगेर आफ्नो पछि लाग्ने साथी भाइहरूलाई मिठाई पसलमा लगेर मिठाई जेहरी ख्वाउने गर्दथे । यसरी उनी साथीहरूको वीचमा टोली नेता जस्ता थिए । यसो गर्दा पिता बुद्धिमानले सजाय दिन बाँधेर राख्ने गर्दथे । यसरी बाँधेर राख्दा, खाना खान नदिंदा लालकाजीका काकी ज्ञानी देवी शाक्य (लेखकका माता)ले माथि घरबाट गएर खाना बराबर ख्वाउने गर्नुहुन्थ्यो । पछि केहीठूलो भएपछि घरबाट तानसेन बाहिर भारततिर भाग्न थाले । काका मोतिकाजीले खोज्न गएर फेला पारेर फकाएर घर फर्काउनु हुन्थ्यो। स्वामी सच्चिदानन्दले लालकाजीको हात र चिना हेरेर यो बालक घर बस्दैन, भविष्यमा ठूलो मान्छे बन्ने छ, नाम कमाउनेछ भनि भविष्यवाणी गरेका थिए रे । यी सबै कुराको विचार गरी बुबा बुद्धिमानले १६ बर्षको उमेरमा नै छोरा लालकाजीको विवाह गरिदिएका थिए ।


स्केचः डिराम पाल्पाली

विवाह पश्चात् उहाँ पुनः भागेर भारतको कुशीनगरमा पुग्नु भयो। लालकाजी शाक्य प्रव्रजित भई श्रामणेर अमृतानन्द बने। तर काका मोतिकाजी शाक्य केही समय पछि पछ्याउदै कुशीनगर पुग्नुभयो। युवा लालकाजीले काकालाई अनेक कुराकानी गरी अलमल्याउनु भयो र आफू फर्कनु भएन।


अन्तमा भिक्षु चन्द्रमणि महास्थविरज्यूकहाँ वि.स. १९९२ (सन् १९३६) मा प्रव्रजित हुनु भई श्रामणेर अमृतानन्द हुनुभयो।

**बुद्ध धर्म अध्ययन गर्न बर्मा र श्रीलंका प्रस्थान**

त्यसपछि उहाँ भारतको कालिङ्गपोङ्ग जानुभयो। केही समय बिताएपछि उहाँ भिक्षु महाप्रज्ञासँग नेपालको भोजपुर जानु भयो। भोजपुरमा उहाहरू दुवैलाई बुद्ध धर्म प्रचार गरेवापत जेल सजाय दिइएको थियो ।त्यस पछि उहाँ बुद्ध धर्म अध्ययन गर्न बर्मा (म्यानमार)मा जानु भयो र भिक्षु शाक्यानन्दसँग मोलमिन सहरमा भेट्नुभयो। त्यसबेला शाक्यानन्द भन्ते उपसम्पदा ग्रहण गरी बुद्ध धर्मको अध्ययन गर्दै हुनुहुन्थ्यो। अमृतानन्द भन्तेलाई त्यहाँ अनुकूल परिस्थिति नहुँदा त्यहींबाट उहाँ श्रीलंका जानु भयो । श्रीलंकामा उहाँले पहिला विद्यालङ्कार परिवेण (विद्यालय) मा र त्यसपछि वजिराराम, कोलम्बोमा बौद्ध ग्रन्थ त्रिपिटकको अध्ययन गर्नुभयो । अध्ययन पश्चात् श्रामणेर अमृतानन्द श्रीलंकाको वजिराराम रत्नमलमा श्री धर्मरक्षित वंशावलङ्कार कार पेलेन भिक्षु वजिराण महास्थविरको उपाध्यायकत्वमा उपसम्पदा ग्रहण गर्नुभई पूर्ण भिक्षु अमृतानन्द हुनुभयो, २५ जनवरी १९४० मा।

नेपाल फर्कनु भई बुद्ध धर्मको प्रचार–प्रसार कार्यमा संलग्न भई बि.स.१९९८ (सन् १९४०) मा भिक्षु अमृतानन्द बुद्ध धर्मको प्रचार प्रसार कार्यमा सक्रियताका साथ लाग्नुभयो । यही क्रममा स्वयम्भू किण्डोल विहारमा उहाँले पहिलो पटक दिनुभएको बुद्ध धर्म सम्बन्धीमा प्रवचन धेरै गहिरो प्रभावकारी एवम् महत्त्वपूर्ण थियो। यो प्रवचनमाला १ महिना सम्म निरन्तर चल्यो। त्यसबेला समाजमा विद्यमान कुरीति, परम्परावादी अन्धविश्वासी प्रथाको विरोधमा भगवान् बुद्धको सत्य अध्यात्म उपदेश साह्रै नै प्रभावकारी ढंगबाट ऐतिहासिक रूपमा महत्त्वपूर्ण प्रवचन दिनु भएको थियो।

नेपालमा बुद्ध शिक्षा प्रचार प्रसार गर्ने उद्देश्य राखेर एउटा बौद्ध विद्यालय स्थापना गर्ने योजना अनुसार उहाँले काठमाण्डौं स्वयम्भूमा आनन्दकुटी विद्यापीठ (विद्यालय) वि.स. २००८ मा स्थापना गर्नुभयो । एकताका राष्ट्रमा नै उत्कृष्ट विद्यालयको रूपमा उक्त विद्यालय प्रख्यात थियो।




एकपटक आनन्दकुटी विहारमा भन्तेज्यूलाई भेट्न जाँदा अब बुद्ध धर्म विषयमा त्रिपिटक आदि ग्रन्थहरूको अनुवाद वा लेखेर प्रकाशित गर्नु भएमा नेपाली बौद्ध साहित्यको अभाव पूरा हुन्थ्यो होला भनेर मैले भनें। भन्तेज्यूले भन्नुभयो –छत्रराज, मैले बुद्धकालीन ग्रन्थहरू क्रमशः प्रकाशित गर्ने उद्देश्य अनुसार अनुवाद गर्ने लेख्ने काम प्रारम्भ गरिसकेको छु।

केही साल पश्चात् **"बुद्धकालीन ब्राह्मण संग्रह –१"** पुस्तक ३ थान अमृतानन्द भन्तेले पठाउनु भएको (२०२९ मा) तानसेनमा प्राप्त भयो। म धेरै खुशी भएँ। त्यसपछि २०२९ मा नै दोस्रो संग्रह **"बुद्धकालीन गृहस्थीहरु"** भाग १ प्रकाशित भयो। त्यसपछि बुद्धकालीन ग्रन्थहरूको लेखन र प्रकाशन कार्य निरन्तर उहाँको जीवनको अन्तिम समयसम्म अर्थात् २०४५ सम्म चल्यो। र बुद्धकालीन ग्रन्थहरू मात्र १६ बर्षको अवधिभित्र २६ वटा प्रकाशित गर्नुभयो। उहाँले जीवनको अन्तिम समय २०४७ सम्म पनि पुस्तक लेखन, प्रकाशन गरिराख्नुभयो।

बुद्धकालीन ब्राह्मण, गृहस्थीहरू, महिलाहरू, राजपरिवारहरू, परिव्राजकहरू, श्रावकचरित, ब्रह्मादिदेव, प्रेतकथा, विमानकथा आदि २६ वटा ग्रन्थहरू नेपाली भाषामा, अरु बुद्ध धर्मका विभिन्न पुस्तकहरू २५ वटा, नेपाल भाषा (नेवारी)मा २१ वटा, अंग्रेजी भाषामा ३ वटा गरी जम्मा ७५ वटा,सबैभन्दा बढी पुस्तक ग्रन्थहरू लेखन, अनुवाद र प्रकाशन गर्नु भई नेपाली बुद्ध धर्म र बौद्ध साहित्यको भण्डार वृद्धि गर्नमा महत्त्वपूर्ण एवम् अतुलनीय योगदान दिनु भएको छ भन्ने कुरा निर्विवाद रहेको छ।

**नेपालमा विश्व बौद्ध सम्मेलनको आयोजना**




Bhikkhu Amritananda representing Nepal is an International Buddhist Conference

विश्व बौद्ध सम्मेलनमा नेपालको प्रमुख सहभागी भिक्षु अमृतानन्द महास्थविर

नेपालमा चतुर्थ विश्व बौद्ध सम्मेलन सन् १९५६ मा र पन्ध्रौं विश्व बौद्ध सम्मेलन सन् १९८६ मा काठमाडौंमा आयोजना गर्नुमा भिक्षु अमृतानन्द महास्थविरकै नेतृत्व र ब्यवस्थापन आदिमा प्रमुख भूमिका थियो।

यसरी नेपालमा थेरवाद बुद्धधर्मको पुनर्जागरण, संरक्षण एवम् विकास गर्नमा आचार्य भिक्षु अमृतानन्दको प्रमुख भूमिकाको साथै महत्त्वपूर्ण योगदान रहेको छ।

**तानसेनको विकासमा भिक्षु अमृतानन्दको योगदान**

१. बि.स. १९९२ मा प्रव्रजित भई श्रामणेर भइसके पछि उहाँको तानसेन आगमन बराबर भइरहन्थ्यो। संभवतया बि.स. १९९४–९५ तिर उहाँ तानसेनमा आउनु भई ललितबिस्तर ग्रन्थ प्रकाशित गर्न आर्थिक सहयोग संकलन गरी जानुभएको थियो। सो पुस्तक प्रकाशित गरी तानसेनमा वितरण गर्नुभयो। मैले पनि संग्रह गरीराखेको छु।



संस्थापक भिक्षु अमृतानन्दबाट निर्मित बुद्ध विहार होलाङ्दी तानसेन बि.स.२०२९

२. नेपालको सबैभन्दा पुरानो बौद्ध पत्रिका धर्मोदयको ग्राहक संख्या बढाउन भ्रमण गर्ने क्रममा २००५ सालमा उहाँ तानसेन आउनु भई ५२ जना ग्राहक (काठमाडौं पछि सबैभन्दा बढी) बनाउनु भई पत्रिका पठाउनुहुन्थ्यो। यसको साथै बुद्धधर्म सम्बन्धी विभिन्न पुस्तकहरू र आफ्नै पुस्तकहरू तानसेनबासी ज्ञाती बन्धुहरूलाई बेला–बेलामा वितरण गरेर पाल्पाली बौद्धहरूमा बुद्धधर्मको चेतना वृद्धि होस् भन्ने मंगल कामनामा आफ्नो जीवनको अन्तिम घडीसम्म पनि संलग्न हुनु हुन्थ्यो।

३. आनन्द विहार र महाचैत्य विहारमा वि.स. २००४ मा क्रमशः

ज्ञानमाला संघ र सभा स्थापना भएपछि उहाँले उक्त र अन्य संस्थाहरूलाई निरन्तर मार्गदर्शन र सहयोग गरिराख्नुभयो । तानसेनका विभिन्न संस्थाहरूले निमन्त्रण गर्दा कार्यक्रममा आउनु भई तानसेनबासीहरूलाई हौसला प्रदान गर्नुहुन्थ्यो ।

४. बि.स. २०११ भन्दा पहिला पाल्पाली बौद्धहरूलाई चूडाकर्म संस्कार गर्न काठमाडौं ललितपुरमा आआफ्ना बही बहालहरूमा जानुपर्दथ्यो । यो प्रथा साह्रै खर्चिलो, दुःखकर, कष्टकर थियो । वि.स. २००८ तिर भिक्षु शाक्यानन्द महास्थविरको नेतृत्वमा एक टोली काठमाण्डौं गएर भिक्षु अमृतानन्दसित भेटेर चूडाकर्म तानसेनमै गराउनेबारे कुराकानी गर्‍यो । यसरी भिक्षु अमृतानन्दको नेतृत्वमा भिक्षु शाक्यानन्द, भिक्षु सुबोधानन्द (पूर्व) र अन्य केही गृहस्थीहरू नारायणहिटी राजदरबारमा पुगे । राजा त्रिभुवनसित भिक्षु अमृतानन्दले चूडाकर्म उपत्यका बाहिर तानसेन र भोजपुरमा पनि गर्न अनुमति दिने ब्यवस्थाको लागि माग राख्नु भयो र सो अनुसार राजाबाट स्विकृती बक्स भयो । यही हुकुमको आधारमा तानसेनमा उपत्यका बाहिर सर्बप्रथम २०११ मा आनन्द विहारमा शाक्य, बज्राचार्यहरूको चूडाकर्म संस्कार सम्पन्न भयो । यसले गर्दा तानसेन र वरपर जिल्लाका बौद्धहरूलाई आर्थिक, सामाजिक र धार्मिक दृष्टिकोणले ज्यादै सरल र सुगम हुन गयो । पाल्पाली बौद्धहरूले भिक्षु अमृतानन्दको यो गुन कहिले पनि बिर्सन सक्ने छैनन् ।

**बुद्ध विहार होलाङ्दीको निर्माण र स्थापना**

बि.स. २०२८ मा तानसेन आउनुहुँदा ज्ञानमाला संघ आनन्द विहार परिवारसित भिक्षु शाक्यानन्दको लागि एउटा नयाँ विहार निर्माण गर्न पाए वेश हुने कुरा राख्नुभयो । उहाँकै अध्यक्षतामा विहार निर्माण समिति गठन भएपछि निर्माण कार्य पनि उहाँ नै ४ महिना तानसेनमा बस्नु भई शुरु गर्नुभयो । उहाँले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाट विहारको लागि अर्थ स्रोत साधन संकलन, परिचालन गर्नुभयो । भिक्षु अमृतानन्द काठमाण्डौं जानु भएपछि उपाध्यक्ष भिक्षु शाक्यानन्द र त्यसपछि भिक्षु चुन्दले बुद्ध विहारको निर्माण कार्यको रेखदेख गर्नुभएको थियो । बि.स. २०२९ मा अमृतानन्द भन्तेले थाईलैण्डका दाता श्रीमती रंगश्रीले दान गर्नुभएको भगवान् बुद्धको ५ फुट अग्लो सुनौलो मूर्ति तानसेन ल्याइदिनुभयो । विहार निर्माण कार्य २०३२ सम्म हुँदा सबभन्दा माथि ठूलो आकारको चैत्य भएको उपसथागार (पूजा र प्रार्थना) विहार तयार भयो । त्यसपछि धम्म सभा हल र विहार भवन (भिक्षु आबास गृह) निर्माण भयो ।

वि.स. २०५३ बैशाख २६ गते बुद्ध विहार होलाङ्दीमा संघनायक भिक्षु शाक्यानन्द महास्थविरको अध्यक्षतामा बसेको बैठकले आनन्द विहार ज्ञानमाला संघको स्वीकृती र पछि अनुमोदनमा **"करूणा बौद्ध संघ"** स्थापना भएको थियो । २०५३ देखि हालसम्म बुद्ध विहार भवन, प्राङ्गण र पर्खालको मरम्मत, पुनःनिर्माण नयाँ भवनको निर्माण कार्य गर्नुको साथै सम्पूर्ण विहारको रेखदेख संरक्षण कार्य गर्नुको साथै उद्देश्य अनुसार बौद्ध धार्मिक कार्यक्रम, गतिविधि गर्दै आइरहेको छ ।

हाल सम्म करुणा बौद्ध संघले बुद्ध विहार होलाङ्दीमा विभिन्न आर्थिक स्रोत र साधन करीब रु. २० लाख परिचालन गरी विहारको मरम्मत, पुनःनिर्माण गरियो । यसको साथै १० फुट चौडा ६६ वटा सिढीहरू, आधार पर्खाल १० फुट उचाई र ८६ फुट लम्बाईको नयाँ निर्माण गरिएको छ । करुणा भवन र मैत्री कक्ष भवन नयाँ २ वटा निर्माण गरिएको छ । विहारको संस्थापक आचार्य भिक्षु अमृतानन्द महास्थविरको अर्द्धकदको सालिक स्थापना गरी बि.स.२०६१ भाद्र ५ गते १४ औं अमृतानन्द स्मृति दिवसमा अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरज्यूबाट समुद्घाटन भब्य समारोहमा गरिएको थियो । यसको साथै अमृतानन्द भन्तेले आफ्नो जीवनमा प्रयोग गर्नु भएका विभिन्न बस्तुहरू काठमाडौं आनन्दकुटी विहारबाट ल्याई भिक्षु अमृतानन्द संग्रह स्थापना गरिएको छ । बुद्ध धर्मको प्रचार प्रसार गर्ने उद्देश्यले २०५३ सालमा नै करुणा बौद्ध पुस्तकालय स्थापना गरिएको छ ।




करुणा बौद्ध संघबाट निर्मित भिक्षु अमृतानन्दको सालिक
बि.स.२०६१


आचार्य डा. भिक्षु अमृतानन्द महास्थविरको तानसेनबासीहरूको लागि बुद्ध विहार होलाङ्दी एउटा धर्मोपहार हो । यसको संरक्षण, निर्माण र विकासमा हामी तानसेन पाल्पाका सबै नगरपालिका, संघ संस्थाहरू, उपासक उपासिकाहरू लागेर एउटा दर्शनीय धार्मिक केन्द्रका रूपमा

विकसित गर्न सकेमा उहाँप्रति साँचो श्रद्धाञ्जली हुनेछ।

**विश्व बौद्ध जगत्मा महानायक आचार्य भिक्षु अमृतानन्द महास्थविर–**

महानायक डा. भिक्षु अमृतानन्द महास्थविर विश्व बौद्ध जगतमा एक जेष्ठ महानायक भिक्षु, बौद्ध विद्वान्, पाली त्रिपिटकलाई नेपाली भाषामा अनुवाद तथा लेखन गर्नुहुने प्रसिद्ध ग्रन्थकार, बुद्ध धर्मका प्रसिद्ध धर्मोपदेशक, धर्मदूत, तीक्ष्ण प्रवचक, बौद्ध साहित्य चक्रवर्ती ख्याती प्राप्त प्रतिभाशाली महानायकको साथै बहुआयामिक असाधारण ब्यक्तित्वका धनीका रूपमा सबैले चिनिएका बौद्ध ब्यक्तित्व हुन्।

सर्वप्रथम अमृतानन्द भन्ते बुद्धधर्म अध्ययन गर्न सन् १९३७ मा बर्मा र त्यसपछि श्रीलंका जानुभयो। नेपाल फर्केर बुद्ध धर्म प्रचार प्रसार गर्ने कार्यमा लाग्नुको साथै, अन्तर्राष्ट्रिय विभिन्न बौद्ध सम्मेलन, सेमिनार, बौद्ध कार्यक्रम, अन्तर्राष्ट्रिय बैठकहरूमा विभिन्न आयोजक देशहरूका निमन्त्रणामा नेपाल राष्ट्को पूरक प्रतिनिधि (Delegate) को रूपमा धेरै पटक विश्वका धेरै मुलुकहरूमा जानुभयो।


Addressing the 4th WFB conference, Kathmandu, 1956.

भिक्षु अमृतानन्दबाट सम्बोधन, चतुर्थ विश्व बौद्ध सम्मेलन, काठमाण्डौं, नेपाल सन् १९५६

सन् १९५० मा श्रीलंकाको राजधानी कोलम्बोमा सम्पन्न प्रथम विश्व बौद्ध सम्मेलनमा नेपालको तर्फबाट भाग लिनुभयो। त्यसैबेला विश्व बौद्ध भ्रातृत्व संघ) (World Fellowship of Buddhist, WFB) स्थापना भयो। भिक्षु अमृतानन्द महास्थविर सो संस्थाको संस्थापक उपाध्यक्षको रूपमा निर्वाचित हुनुभयो। प्रारम्भदेखि जीवनको अन्तिम समयसम्म पनि प्रत्येक २ वर्षमा विश्वका विभिन्न देशका राजधानी तथा ठूला सहरमा हुने विश्व बौद्ध भ्रातृत्व सम्मेलनहरूमा करीब सबैजसोमा नेपालको तर्फबाट र डब्लु.एफ.बि. को उपाध्यक्ष र आयोजकका रूपमा सहभागी हुनुभयो। गौतम बुद्धका उपदेश प्रचार र विश्व शान्तिको लागि गरिने सम्मेलनहरूमा उहाँको योगदान निकै महत्त्वपूर्ण मानिन्छ।

चतुर्थ र पन्ध्रौ विश्व बौद्ध सम्मेलहरू क्रमशः सन् १९५६ र १९८६ मा नेपालको काठमाडौंमा उहाँकै नेतृत्व र व्यवस्थापनमा सम्पन्न भएका थिए। विश्वका विभिन्न राष्ट्रहरूमा विश्व शान्ति सम्मेलनहरूमा पनि धेरैपटक उहाँ सहभागी हुनुभयो।

त्यस्तै भगवान् बुद्धको धर्म प्रचार प्रसार गर्न धर्मदूतको रूपमा भिक्षु अमृतानन्द दक्षिण पूर्व एशियाका देशहरू, अमेरिका र युरोपियन लगायत विश्वका सबैजसो देशहरूमा पटक पटक लामो समय सम्म भ्रमण (यात्रा) गर्नुभएको थियो।

**विभिन्न धार्मिक मान, पदवी सम्मान प्रदान**

भिक्षु अमृतानन्दलाई उहाँले बुद्ध धर्मको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिनु भएकोमा विभिन्न राष्ट्रहरूले उच्च मान पदवी सम्मान प्रदान गरेका छन्। केही प्रमुख मान पदवीको संक्षिप्त चर्चा प्रस्तुत गरिन्छः

१. श्रीलंका, अमरपुर निकायबाट नेपाल शासन शोभन सिरि धम्मरक्खित वंशावलङ्कार सन् १९५५ मा प्रदान

२. श्रीलंका बजिररामबाट धम्मरक्षित वंशावलङ्कार धम्मकिरती सिरी सन्र १९८५ मा

३. श्रीलंका तीनवटै निकायबाट विश्वमै सर्बप्रथम महानायक र त्रिपिटक विशारद शासनजोतक उपाधि प्रदान

४. मंगोलियाको केन्द्रीय बौद्ध परिषद्बाट धार्मिक उपाधि गार्डेन प्रदान

५. नेपाल सरकारबाट सन् १९६८ मा गोरखा दक्षिण बाहु प्रदान

६. भारत, नालन्दा पाली संस्थानबाट विद्यावारिधि (Ph.D) को मानार्थ उपाधि सन् १९७९ मा प्रदान। सो संस्थाबाट पाली भाषामा आचार्यमा प्रथम श्रेणीमा प्रथम हुनुभएको थियो १९५५ मा।

७. श्रीलंका बौद्ध एकेडेमीबाट साहित्य चक्रवर्ती (D.Lit.) मानार्थ उपाधी प्रदान १९७६ मा

यसरी तानसेनमा जन्मनुभएका तानसेनका सुपुत्र नेपालको थेरवाद बुद्धधर्मको पुनर्जागरण र बिकासमा अतुलनीय योगदानको साथै विश्व बौद्ध जगत्मा ख्यातिप्राप्त महान बौद्ध व्यक्तित्व नेपाल बौद्ध आकाशको उज्वल नक्षत्र २०४७ को भाद्र ५ गते सधैंको लागि बिलायो। आचार्य भिक्षु अमृतानन्दको योगदान, ज्ञान, शिक्षाको स्मरण अनुसरण तथा प्रचार प्रसार हामी सबैको दायित्व हो।

– (बौद्ध विज्ञ)



# विश्वेश्वर प्रसाद (वीपी) कोइराला र पाल्पा

– विधान श्रेष्ठ

नेपालको प्रजातान्त्रिक आन्दोलनमा पाल्पालाई उर्बर भूमिको रूपमा चिन्ने गरिन्छ। काठमाण्डौको भाइ भनेर चिनिने तानसेन सहरमा २००७ साल अगि देखि नै काङ्ग्रेस र कम्युनिष्ट राजनीतिक गतिविधिहरू र शैक्षिक जागरणका क्रियाकलाप, पुस्तक पढ्ने दलानको रूपमा धवल पुस्तकालयको स्थापना हुनुले राजनीति र शैक्षिक कृयाकलापको केन्द्र पाल्पा भएको प्रष्ट हुन्छ। वीपी कोइरालासँग पाल्पाको सामीप्यताको संक्षिप्त चर्चा गर्नु सान्दर्भिक ठानी यहाँ प्रस्तुत गरिएको छ । काठमाडौंबाट धपाइएका पश्चिम कमाण्डिङ्ग जर्नेल बडाहाकिम रुद्र शमसेर राणाशासनसँग असन्तुष्टी छन् भन्ने मनोबैज्ञानिक तथ्य थाहा पाएर उनका छोरा गोपाल शमसेरको चिट्ठी लिएर वीपी कोइराला व्यापारीको भेषमा भूमिगत तरिकाले पाल्पा आउनुभएको थियो। भनिन्छ, वीपी कोइरालाको पाल्पा आगमनको प्रवन्ध डा. त्रिवेणीप्रसाद प्रधान र बैकुण्ठध्वज राजलवटले मिलाउनुभएको थियो। दीपक बोहराको पिता प्रतिमान बोहराको सहयोगमा श्रीनगर वंगलामा रुद्र शमसेरसँग वीपी कोइरालाको भेट भएको थियो। राजा त्रिभुवनलाई पाल्पा ल्याउने प्रवन्ध मिलाएर वीपी बुटवल हुँदै गोरखपुर लाग्नुभयो। २००७ सालको क्रान्तिका सर्बोच्च कमाण्डर मातृकाप्रसाद कोइराला हुनुहुन्थ्यो। उहाँ र राजा त्रिभुवनमा घनिष्ट सम्वन्ध थियो। यता राजा त्रिभुवनलाई पाल्पामा ल्याउन वीपीको तयारी उता पाल्पामा राजालाई ल्याउँदा सुरक्षित राख्न सक्छौं कि सक्दैनौं भनेर काठमाडौँमा गम्भीर बहस चलिरहको थियो। सर्बोच्च कमाण्डरको सल्लाहमा राजाले भारतीय दूतावासमा शरण लिन पुगी दिल्ली प्रस्थान गरिसकेपछि राजा त्रिभुवनलाई पाल्पामा ल्याई जनक्रान्ति सफल बनाउने वीपी कोइरालाको त्यतिबेलाको सपना अधुरै रह्यो। यसैको कारण मातृकाबाबु प्रति वीपीको मनमा चिसो पसेको थियो । वीपी प्रवासमा निर्वासित जीवन बिताउँदा भारतीय जेलमा परेका र त्यहाँका नेताहरूमा देखिएको राष्ट्रियतालाई कसरी जगेर्ना गर्ने भन्ने कुरालाई आत्मबोध गरेर नै राजा त्रिभुवनलाई पाल्पा ल्याउँदा राष्ट्रियताको राम्रो जग बस्दथ्यो भन्ने वीपीको ठहर थियो। जुन दिन राजा त्रिभुवन भारतीय दूतावासमा पसे त्यो दिन देखि नै नेपालमा राष्ट्रियता कमजोर भएको हो । कर्णेल उजीरसिंह थापाले अंग्रेजलाई जितेर रण उजिरेश्वरी भगवती मन्दिर बनाउदा राष्ट्रियताको प्रतीक मानिए झै राजा त्रिभुवन पाल्पामा आई राणा शासन ढलेको भए यी दुई घटनाको इतिहास राष्ट्रियताको सन्दर्भमा सुनौलो अक्षरले लेखिन्थ्यो। यो अवसरबाट हामी पाल्पाली चुक्यौं।



रुद्र शमसेरका गतिविधिहरूबाट सशंकित राणाहरूले उनलाई निगरानी गर्न काठमाण्डौबाट क्षेत्रविक्रम राणालाई पाल्पा पठाए । त्यसपछि उनलाई निगरानी गर्न आफ्नै निवासमा नजरबन्द गराएर जनक्रान्तिको सफलता पछि मात्र छोडेका थिए।

२००७ सालमा जनक्रान्ति सफल भएपछि २००८ सालमा गृहमन्त्री भएर वीपी कोइराला पाल्पा आउनु भएको थियो। त्यसबेला उहाँलाई फरक बिचारका व्यक्तिहरूले काजीपौवा लगायत ठाउँठाउँमा अवरोध गरेर फिर्ता पठाएका थिए।

२०१५ सालको आम निर्वाचनमा सुवर्ण शमसेरलाई गुल्मी क्षेत्रबाट जिताउन पाल्पा १ बाट शिवप्रसाद खजाञ्चीलाई टिकट दिंदा असुन्तुष्ट पक्ष डा. त्रिवेणीप्रसाद प्रधानलाई सम्झाइबुझाइ गरेर पछि आफ्नो वचन अनुसार डा. त्रिवेणीप्रसाद प्रधानलाई स्वास्थ्य मन्त्री बनाउनु भयो।

२०३३ पौष १६ गते मेलमिलापको शर्त राष्ट्रियता र प्रजातन्त्रको नीति लिएर नेपाल आएको ३ वर्षमा नै विद्यार्थी आन्दोलनको कारण जनमत संग्रहको घोषणा भयो। बहुदलको प्रचार प्रसारको क्रममा २०३७ फाल्गुण २२ गते वीपी तेस्रो पटक पाल्पा आउनु भयो। त्यतिबेलाको गैहाबारीमा विशाल आमसभा भएको थियो। जहाँ अहिले वीपीको सालिक राखिएको छ र स्थानको नाम पनि वीपी चोक राखिएको छ। विशाल आमसभा भएको कारण त्यस ठाउँको नाम विशाल बजार राखिएको कुरा विशाल बजार निर्माण समितिका अध्यक्ष भूयुमान लिगलले बारम्बार बताउनु हुन्थ्यो। त्यसै बेला धवल पुस्तकालय परिसरमा नेवि संघ पाल्पाको कार्यकर्ता भेलालाई गरिएको सम्बोधन नै विश्व समाजवादी आन्दोलनको लागि प्रेरणाको स्रोत मानिन्छ। भनिन्छ उहाँको पाल्पामा गरिएको सम्वोधन पढ्ने हो भने समाजबादको बारेमा उहाँका अरु भाषणहरू नपढ्दा पनि हुन्छ। उहाँको सम्बोधनको सार संक्षेप "समाजबाद भनेको साम्यबाद नै हो, त्यसमा प्रजातन्त्र थपिएको हुन्छ। साम्यबाद भनेको समाजबाद नै हो त्यसमा प्रजातन्त्र निकालिएको हुन्छ। साम्यवादमा प्रजातन्त्र थपिदिनुहोस् – त्यो समाजबाद भयो। समाजबादबाट प्रजातन्त्र निकालिदिनुहोस् – त्यो साम्यवाद भयो फरक यत्तिनै हो "।

धवल पुस्तकालय परिसरमा ने वि संघ पाल्पाको कार्यकर्ता भेलालाई गरिएको सम्बोधन यसैसाथ (पेज ३० देखि) संलग्न गरिएको छ।

# २०३७ साल फागुण २२ गते धवल पुस्तकालय परिशरमा नेपाल विद्यार्थी संघ पाल्पाका कार्यकर्ताहरूलाई प्रशिक्षण गर्दै वीपी कोइरालाले व्यक्त गरेको ऐतिहासिक सम्बोधन ।



"आज मलाई एउटा विषय दिएर बोल्न भनिएको छ । त्यो विषय हो – समाजबाद, प्रजातान्त्रिक समाजबाद । प्रजातान्त्रिक समाजबाद संस्कृति र सभ्यतालाई जनाउने एउटा शब्द हो । त्यसो हुनाले एउटा सभ्यता या संस्कृतिलाई एक घण्टाको भाषणबाट म बताउन सकुँला, त्यो सम्भव छैन । किनभने यदि यो कुनै बेद वाक्यको कुरा भए शायद त्यसरी बताउन सकिदो हो या त्यसको कुनै सानो पक्षलाई मात्रै लिएर बताउन सकिदो हो । तर व्यापक रूपमा निर्मित भइरहेको नयाँ सभ्यता र संस्कृति छ, समाजवादको जुन संस्कृतिले केवल आर्थिक व्यवस्थालाई मात्र छुँदैन त्यसले हामीहरूको अरु पनि कलात्मक या संस्कृतिका पक्षलाई छिचोल्छ । मानव सभ्यताका तमाम आयामलाई यसले छुन पुग्छ । यस्तो विषयमा बोल्दा एक घण्टाको भाषण वा एक दिनको भाषण या एक महिनाको भाषणले त्यो सम्भव छैन । यति भनेर म केवल मोटामोटी रूपमा दुई तीन बुँदा तपाईंहरूको सामु राख्छु ।

व्यक्ति समाजमा हुर्किन्छ बस्छ । समाज नभइकन मानिसले जीवन यापन गर्न सक्दैन । मानिसको प्रादुर्भाव हुनु भन्दा पहिले, मानिस आउनु भन्दा पहिले उसलाई खाने–लाउने व्यवस्था पनि भएको प्राकृतिक साधन पूर्वनिर्मित भएको हुनु पर्दछ । मान्छे आए पछि जल र अन्नको व्यवस्था हुँदैन अन्न र जलको व्यवस्था भइसकेपछि मात्रै मानिसको प्रादुर्भाव हुनुसक्छ । त्यस्तै समाज बनिसकेपछि अनि मानिस आउँछ । समाज नभए..... यो तपाईंहरूलाई अप्ठेरो लाग्दो हो । कसरी ? समाज त मान्छेले पो बनाउँछ भनेर । समाजको व्यवस्था नभइकिन एउटा बच्चा जन्मेर त्यो बाँच्न सक्दैन, केवल आमाको देखरेखमा मात्र त्यो बाँच्न सक्दैन । बालक जन्मिने बित्तिकै आमाको पनि संरक्षण चाहिएको छ । आमाको संरक्षणको निम्ति पुरुष चाहिया छ । हुँदा हुँदा एउटा सामाजिक वातावरण चाहिया छ । त्यसो हुनाले मानिस आउनुभन्दा पहिले उसको प्रादुर्भाव हुनुभन्दा पहिले समाजको संरचना भएको हुनु पर्दछ । अनि मात्रै मानिस आउन सक्छ । त्यसो हुनाले व्यक्ति र समाज नछुट्टिने गरी ....... जस्तो कालिदासले भनेका छन् – अर्थ र शब्द नछुट्टिने गरी जसरी मिसिया हुन्छन "वागर्थौ इव संपृक्तौ" .. भन्या जस्तै–समाज र व्यक्ति पनि नछुट्टिने गरी रहेका हुन्छन् । तर समाजमा बस्नु पर्ने कर छ र त्यही समाजबाट नै हामीलाई असुविधा पनि भइरहेछ । एकातिर समाजमा बस्नु पर्ने कर छ र समाज राम्रो भएन भन्ने भावना पनि हामीलाई छ । त्यसो हुनाले कुनै पनि भावुक हृदय भएका संवेदनशील व्यक्तिले अव ऊ आफू र समाजतिर दृष्टि दिन्छ उसलाई असन्तोष हुन्छ – समाज त राम्रो भएन, समाज त राम्रो हुनुपर्ने भनेर । यो भावना नै सबभन्दा पहिले अंकुरित समाजबादको भावना हो । समाजबादको चर्चा आज मात्रै चल्या होइन । समाजवादको नाउँ या त्यो शब्दको संरचना वा प्रयोग पनि भएको थिएन होला तर पनि मान्छेको मनमा समाज कस्तो हुनुपर्छ भन्ने विचारहरू थिए । अव हाम्रै मुलुकलाई लिऊँ, हाम्रै मुलुकमा पनि बुद्ध जन्मिए । बुद्धलाई पनि आफू र समाजलाई देख्दा एउटा करुणाको भाव जागृत भयो – अव कसरी मानिसको दुर्भाग्य हटाउने भनेर उनले एउटा बाटो लिए । म त्यसलाई समाजबादी बाटो भन्दिन तर उनको यो भावना, यो मैले देखाएको बाटो भएन– मान्छेले यो बाटो पहिल्याएनन् भने उनीहरूलाई दुःखै दुःख हुन्छ भन्ने जुन भावना उनलाई आयो यो करुणाको भावना पनि समाजबादको भावना हो । त्यसैले रामायण वा महाभारत आदि जति पनि धार्मिक ग्रन्थहरू छन् ती यसै भावनाबाट प्रेरित भएर लेखिए । त्यसैले समाजबादको जरो हामीले खोज्दै गयौं भने त्यहाँ पुग्नुपर्दछ त्यहाँ पहिल्याउनु पर्दछ । मानिसले जब सबभन्दा पहिले चिन्तन गऱ्यो होला आफू र आफ्नो समाजको बारेमा यो त वडा अप्रयाप्त अवस्थामा रहेछ भन्ने उसलाई लाग्यो होला । त्यही वखतदेखि नै समाजबादको बिचार पनि आएको होला । मैले अघिनै तपाईंहरूलाई भनिसकें लामो इतिहासको कुरा भन्ने अहिले समय पनि छैन । केवल तपाईंहरूको जिज्ञासालाई कुतकुत्याउन मात्रै म चाहिरहेछुँ ।

यो त मैले समाज र मानवका कुराहरू भने । यसै बखतमा अर्को एउटा इतिहासको घटना घट्छ । अब इतिहासपट्टि हामी हेरौं । इतिहासमा हमेसा एउटा पक्षको प्रधानता देखिन्छ । मैले आर्थिक क्षेत्रमा मात्रै भनेको होइन इतिहासको धार्मिक पक्षमा ठूलाठूला मन्दिरहरू बने, मन्दिरसँगसँगै ठूलाठूला मस्जिदहरू बने । युरोपमा वा अमेरिकामा क्रिश्चियन समुदायका ठूलाठूला गिर्जाघरहरू बने । हाम्रो यहाँ पनि पशुपतिनाथको त्यस्तो सुन्दर या पाटनको त्यस्तो सुन्दर कृष्ण मन्दिरहरू बने । इतिहासको त्यो धार्मिक अवसरमा धार्मिक प्रधानता भएको अवसरमा मानिसहरूको मस्तिष्कको प्रष्फुटन धार्मिक अभिव्यक्तिमा भएर गयो ।

जब हामी आधुनिक कालमा आउन थाल्छौं यो औद्यौगिक सभ्यतामा जव आउन थाल्छौं त हामीहरू के पाउँछौ भने ठूलाठूला कलकारखानाहरू खुले । भव्य इमारतहरू बने । अमेरिकामा, रुसमा पुलहरू बने । तिनीहरूले सुरुङहरू बनाए–समुन्द्र मुनि । अहिलेको युगले यत्रो आविष्कार गऱ्यो चन्द्रमामा मान्छेहरू पुऱ्यायो । तर हामीहरू यो विर्सन्छौं कि प्रागऐतिहासिक युगमा झन् त्यस बखत कति आविष्कारहरू भए । कुन मानिसले गहुँको आविष्कार गऱ्यो ? गहुँ भन्ने प्रकृतिमा छैन । गहुँको प्रारुप पुरानो प्रकृतिको रुप हो । त्यसलाई प्रशोधित गरीकन गहुँ भयो । त्यो कसले गऱ्यो होला ? आगोको कसले आबिस्कार गऱ्यो ? कसले यो पत्ता लगायो होला । गहुँ रोप्यो, धान रोप्यो भने फेरि त्यहाँबाट गहुँ हुन्छ, धान हुन्छ भन्ने ? प्रागऐतिहासिक कालमा पनि यस किसिमका आविस्कारहरू, खोजहरू, नयाँ बिचारहरू आए । त्यसको अहिलेसम्म पनि महिमा छ उपादेयता छ । जुन मानिसले या जुन समुदायले वा जुन समाजले यो चक्र बनायो होला त्यही चक्रको आधारमा आजका तमाम औद्योगिक क्रान्तिहरू चलिरहेको छ । यदि हामीले त्यस चक्रलाई वाद दियौ भने कुनै पनि औद्योगिक क्रान्ति सम्भव छैन । यदि गहुँको आबिस्कारलाई बिर्सिदियौं भने हामीहरूको भोजन अप्रयाप्त हुन्छ । अहिले गहुँको नयाँ नयाँ किसिमको आविस्कारहरू हुन थालिसकेको छ । प्राग ऐतिहासिक कालदेखि लिएर अहिले र अव भर्खर भर्खर नयाँ नयाँ प्रयोगहरू हुन थालिरहेका छन् । इतिहासलाई मोटामोटी रूपमा हेर्दा एउटा युग आउँदो रहेछ, त्यसमा एक एक वटा कुराको प्रधानता हुँदोरहेछ । भनेको मतलव जुन बखतमा धार्मिक आधार प्रधानता थियो या धार्मिक चेतना प्रधान थियो त्यसबेला मानिसको अरु कुनै काम नै थिएन खालि धर्म मात्रै गर्नु थियो । खालि गीता मात्रै पढ्नु थियो । त्यो होइन । तर इतिहासको मूल आधार धर्मपट्टि गएको थियो । औद्योगिक इतिहासको आधार औद्योगिक विकास, उद्योग धन्दापट्टि औद्योगिक क्रान्तिपट्टि गएको छ । यसरी इतिहासले

दुईवटा कुरा भनेको छ एउटा समाज र व्यक्ति, अर्को इतिहासको सम्वन्ध । समाजमा यही क्रममा हामी दुवैलाई जोड्न खोज्छौं । अव, जब हामीले चिन्तन गर्न थाल्यौं कि समाज अप्रयाप्त भयो । मानिसको सम्भावना बेसी छ । त्यो बिकसित हुन पाएन, मानिस छोटो छैन, मानिस ठूलो छ तर समाजमा बसेर त्यसले छोटो हुनु परेको छ । अव त्यसको चिन्तन गर्दा हामी पाउँछौं– सवभन्दा पहिले यसमा ध्यान दिने ग्रीकका दार्शनिकहरू भए । तिनीहरूले समाज कस्तो हुनुपर्छ भनेर चिन्तन गरे । हामीहरूले अहिले पनि तिनीहरूका ग्रन्थहरू कलेजहरूमा पढ्दैछौं । हिन्दू चिन्तकहरूले पनि बिचार गरे तर जसरी समाजको अर्थलाइ लिएर जसरी ग्रीकहरूले गरे त्यसरी हिन्दूहरुले गरेनन् । ग्रीकहरूले चिन्तन गरेको वखतमा पनि समाजबादको परिकल्पना नभएको होइन । प्लेटो जो ग्रीक दार्शनिक थिए – उनले त साम्यवादको परिकल्पना गरेर भने – राम्रो समाज किन भएन भने मान्छेले न्याय पाएनन् । न्याय भनेको के ? भनेर छलफल गर्न थाले । अनि हुँदा हुँदा न्याय भनेको के ? भनेर वर्णन गर्दा गर्दा उनी भन्छन्–त्यस्तो व्यवस्था होस् जसमा प्रत्येक व्यक्तिहरूमा निहित जो सम्भावनाहरू छन्, त्यसको जो रुफान (Inclination) छ, जो स्वभाव छ त्यसको जो प्रकृति छ त्यस अनुरूप त्यसले काम पायो भने त्यसका सम्भावनाहरू विकसित हुन्छन् । स्वभावको विपरीत त्यसले काम गर्नुपर्‍यो भने त्यसको विकास हुँदैन । यो कता कता हिन्दू दर्शनसँग मेल खान थाल्यो । त्यसले के भन्यो भने, स्वभाव भनेको तीन किसिमको हुन्छ – एउटा स्वभाव लड्ने भिड्ने क्षेत्रीको जस्तो, अर्को परिवार राखौं, दुलहीलाई गहना बनाई दिउँ, खाऊँ–पिऊँ आदि भन्ने । तेस्रो स्वभाव हुन्छ – ज्ञान पट्टि जाने, यो लड्न पनि सक्दैन, व्यापार खेती पनि गर्न सक्दैन । हिन्दू सिद्धान्तका मुताविक यो ज्ञानयोग हो । हिन्दूहरूले यसलाई चार वर्णमा बिभाजन गरे, ग्रीकहरूले तीन बर्णमा .......।

स्वभावका अनुसार मानिसले काम पाए भने त्यो समाज सबै भन्दा कल्याणकारी हुन्छ र त्यसले व्यक्तिको पनि कल्याण गर्छ । २००० वर्ष भन्दा पहिले त्यस वखतका चिन्तक प्लेटोले बडो तर्क दिएर, कुनै कथाको रूपमा नभनेर यसलाई राजनीतिक सिद्धान्तको रूपमा प्रतिपादित गरे । उनले भने – जन्मिने बित्तिकै, सानै केटाकेटी देखि नै उसको संरक्षण लिन थाल्नुपर्दछ र त्यसलाई पढाउनु पर्दछ अनि त्यसलाई हेर्नुपर्छ कि त्यो कुन स्वभावको व्यक्ति हुन सक्छ । यदि त्यसले खेतीपाती गर्ने धन सम्पत्ति जोड्ने हो भने त्यसलाई मेट्रीकुलेशन या आइ. ए. सम्म पढाएर छाडिदिनु पर्छ । उसले आफ्नो घरबार जोहो गरोस् । त्यसपछि बाँकी दुई वटा स्वभाव भएका शिशुहरूलाई अफै तालिम दिनुपर्छ । क्षेत्रीजस्तो स्वभाव भएकालाई त्यस्तै तालिममा वी.ए. स्तर जस्तो योग्यता गराएर अव देशको रक्षा गर, शान्ति सुरक्षा स्थापित गर भनेर लगाउनुपर्छ त्यसपछि अगाडि तालिम दिने सम्वन्धमा उनी भन्छन् ती अगाडिको तालिमहरूमा जाने व्यक्तिहरू शासक हुन । तिनको विवाह गर्न पाईदैन, घर जोर्न पाइदैन, आफ्नो दुलही भन्न पाइदैन, आफ्नो छोरा भन्न पाइदैन । र उनीहरूलाई कुनै किसिमको बन्धन पनि हुनु हुँदैन । तिनको सुख सुविधाको हेरबिचार समाजले गरिदिन्छ भने न तिनीहरूले सम्पत्तिको लोभ गर्नुपर्‍यो जस्तो कि अहिलेका मन्त्रीहरूले गर्छन् । त्यो बर्गले शासन गर्‍यो भने समाज राम्रो हुन्छ । र, एउटा शासन गर्ने बर्ग, एउटा संरक्षण गर्ने बर्ग तथा एउटा समाजलाई आर्थिक दृष्टिकोणले चलाउने बर्ग । यो कहाँसम्म बैज्ञानिक हो, होईन् त्यसमा म जान चाहन्न । समाजबादको एउटा बिचारको श्रृङ्खला कसरी आयो भन्दा मैले यो कुरा भनेको हुँ । त्यसपछि बीचबीचमा अरु पनि चिन्तक र बिचारकहरू आए तिनीहरूले आफ्नाआफ्ना कुराहरू गरे । कतिले त उपाख्यान र कथाको रूपमा भने । कस्तो कथा भने, एउटा मानिसको नाउ डुव्यो रे, नाउ डुबेर जाँदाजाँदा त्यो मानिस एउटा देशमा पुग्यो रे । र, त्यो देशमा कस्तो व्यवस्था थियो रे भने सुनै सुन थियो रे, बाटोमा । त्यो मान्छेले सुन टिप्दा केटाकेटीले सोद्धथे रे यो किन टिप्या भनेर । यो त कस्तो पागल मान्छे रहेछ टिप्दै आफ्नो पकेटमा पो हालिरहेछ । सुन ठिक होइन भन्ने सभ्यता थियो त्यहाँ । त्यस्तै आख्यानहरूबाट एउटा कथाको रूपमा त्यस्तो समाज हुनुपर्दछ भन्ने परिकल्पना गरे । यसै बीचमा औद्योगिक क्रान्ति भयो । औद्योगिक क्रान्ति भनेको उद्योग धन्दाहरूको स्थापनालाई प्राथमिकता दिनु हो । पहिले मानिसहरू खेती गर्थे, खेतीबाट आफ्नो सम्पत्ति उत्पादन गर्थे । त्यस पछि कलकारखानाबाट सम्पत्ति उत्पादन हुने भयो । त्यसै कारणले खेती या भू–स्वामित्वको आधारमा स्थापित शासक बर्ग र औद्योगिक क्रान्तिपछिका नयाँ बर्गका बीच अधिकारको निम्ति कसमस हुन थाल्यो । सयकडौं, हजारौं बर्षदेखि सामन्ती बर्गको शासनमा यो नयाँ बर्ग उत्पन्न भएर गयो । यो पनि शासनमा हिस्सेदार बन्न गयो, शासक हुन पुग्यो । फलस्वरुप पुनः एउटा चिन्तनको प्रक्रिया प्रारम्भ भयो नयाँ उद्योग धन्दाहरू आउन थाले । त्यसमा बढी शोषण हुन थाल्यो । गाउँ घरमा त अलिक स्वच्छ वातावरण नै हुन्छ जति सुकै शोषण भए तापनि दुई पेट खान त पाइन्थ्यो । अव फोहर सहरमा, अँध्यारो कोठामा बालकहरूलाई कल कारखानामा काम लगाउनाले एउटा भयानक प्रतिकृया जागृत भयो । त्यसै बखतमा स्पष्ट रुपले समाजबादी बिचार आउन थाल्यो, दुई सय बर्ष अगाडि । सबैले नयाँ ढङ्गले सोच्न थाले । उद्योग धन्दा कुनै एक व्यक्तिको हातमा नदिएर समाजले नै यसलाई चलाएको खण्डमा सबैलाई लाभ हुने कुरा हो भनिकन एउटा आन्दोलन चल्यो । इङ्ल्याण्डमा चल्यो तर त्यो सफल हुन सकेन । आन्दोलनकारीले भनिठाने, इङ्ल्याण्डको वातावरण ठिक छैन । त्यसैले उनीहरूले आफ्नो उपनिबेश बनाएर अमेरिका गए । आफूसँग भएको सबै पूँजीलाई मिलाएर काम गर्ने कल कारखाना खोल्ने प्रयास गरे । तर त्यो पनि सफल हुन सकेन तर पनि समाजबादका विचारहरू भने बढ्दै गए । त्यसै बखतमा एक सय बर्ष पहिले भन्नु पर्‍यो, एउटा ठूला चिन्तक, ठूला बिचारक, धेरै अध्ययन गरेका कार्लमार्क्सको अभ्युदय भयो । मार्क्स भन्दा पहिले धेरै बिचारकहरू थिए । तिनीहरूका सबै कुराको राम्ररी मनन गरेर मार्क्सले एउटा सिद्धान्तको प्रतिपादन गरे । व्यक्ति र समाज दुईटैलाई जोडेर मार्क्सले भने – इतिहास स्वतः चालित एउटा प्रक्रिया हो, त्यसको प्रचलनमा, त्यसको सञ्चालनमा व्यक्तिको त्यति हात हुँदैन । हुन त व्यक्तिको मार्फत् हुन्छ तर त्यो व्यक्ति इतिहासको हतियार भएर त्यो काम गर्छ त्यो आफ्नो स्वइच्छाले काम गर्दैन । हतियार चाहि व्यक्ति हो भनेर उनले इतिहासको बिबेचना गरेर भने – मानव सभ्यता या इतिहासको मूलमा आर्थिक कुरा छ । मानिसले जन्मिने बित्तिकै उसलाई पेट भर्न खानेकुराको उसलाई पहिले जरुरत हुन्छ । त्यसो हुनाले उसले पेटको निम्ति अनेक संघर्ष गर्छ, हलो जोत्छ । तसर्थ सबभन्दा पहिलो आधार–सभ्यता–इतिहासको त्यो मानवले आफ्नो आर्थिक व्यवस्थापनको लागि गरेको प्रक्रियामा निर्मित हुन्छ । समाज र त्यही प्रक्रिया मार्फत् इतिहास बन्छ । उनले समाज र इतिहासको एउटै आधार बनाए आर्थिक आधार । इतिहासलाई चलाउने पनि त्यही तत्व हो र समाजको रचनाको तत्व पनि त्यही हो । मानिसको बिबेक भन्नुहोस् या बुद्धि भन्नुहोस्त्यसले पनि आर्थिक तत्वलाई इंगित गर्छ । उनले भने । त्यसकारण समाजबादीहरूमा सबभन्दा ठुलो प्रभाव मार्क्सको परेको छ । यद्यपि

म केही हद सम्म मात्र उनलाई मान्दछु। सबै कुरामा मान्दिन। आफूभन्दा पहिलेका समाजबादीहरूलाई उनले भने – तिमीहरूले इतिहासलाई नबुझेर, इतिहासको क्रमलाई नबुझेर समयभन्दा पहिले नै समाजबाद ल्याउने कोशिस गर्‍यौं। त्यसो हुनाले तिमीहरू निरर्थक भयौं तिमीहरू असफल भयौं। जब इतिहासले इतिहास हिड्दै गएर स्वतः त्यो ठाउँमा पुगे पछि समाजबाद आउने अवस्थामा पुगेपछि त्यस बखत समाजबादको कुरा गरेको भए त्यो सार्थक हुन्थ्यो। त्यसभन्दा पूर्व नै समाजबादलाई वरावरीको आधारमा तिमी ल्याउछु भन्छौ भने त्यो सम्भव छैन। उनले त्यो यस निम्ति भने, समाजबादको सबभन्दा पहिलो आधार त समानता हो, आर्थिक समानताको आधार। अव आर्थिक समानता गर्ने हो भने सबैलाई खान लाउन त पुग्नुपर्‍यो।

मैले मार्क्सबादलाई आफ्नो भाषामा भनिरहेको छु। मानौं नेपालमा एकलाख गज मात्रै ऊनी कपडा बन्छ रे भने यहाँका डेढ करोड जनतालाई कसरी बाड्ने ? समानताको आधारमा दिने हो भने एक एक बित्ता दिनु पर्‍यो, त्यो निरर्थक हुन्छ। तसर्थ एक लाख गज कपडालाई नै समान उपयोग गर्ने जुन व्यवस्था होला त्यो समाजबाद हुन सक्दैन। त्यस अवस्थामा समाजबादको कल्पना गर्नु पनि निरर्थक हो, तर जब सबैलाई ऊनी कपडा पुग्ने उत्पादन क्षमता होला, त्यस बेला समाजबादको कल्पना व्यवहारिक कल्पना हो, नत्र काल्पनिक। मार्क्सले त्यसैलाई भने युरोपियन समाजबाद। जवसम्म उत्पादन चरम विकासमा पुग्दैन, उत्पादनको प्रक्रियाले, उत्पादनको व्यवस्थालाई, यति चरम अवस्थामा पुर्‍याउँदैन, जवसम्म सबैलाई आवश्यकताको कुरा पूरा हुन सक्दैन त्योभन्दा पहिले नै समाजबादको कुरा गर्नु त्यही मैले भनेको एकलाख गज कपडाले सबैलाई पुर्‍याइदिन्छु भन्नु जस्तो हो। अव सबैलाई पुर्‍याउनको निम्ति कति गज कपडा चाहियो ? कति करोड गज कपडा चहियो ? मानौं तीन करोड गज कपडा चाहियो भने ऊनी फ्याक्ट्री र त्यति नै ऊनको निम्ति भेडा चर्ने ठाउँ यी यावत कुरा हुनुपर्‍यो। त्यो हुनलाई एउटा प्रक्रियामा, आर्थिक प्रक्रियामा त्यो व्यवस्था जानुपर्दछ। भनेको मतलव, पूँजीपति व्यवस्थामा जानुपर्दछ। त्यसो हुनाले ऐतिहासिक क्रममा पूँजीपति व्यवस्थाको एउटा ठूलो कल्याणकारी कुरा के हुन्छ भने त्यसले उत्पादनलाई चरम अवस्थामा पुर्‍याइदिन्छ। त्यसपछि त्यो अगाडि बढ्न सक्दैन। किनभने त्यसमा शोषण रहन्छ। शोषणकै आधारमा पूँजीपति व्यवस्था बढ्छ, र त्यही शोषणको आधारमा त्यसले बिकास पनि गर्छ, तर एक ठाउँमा पुगिसकेपछि शोषण मात्र रहन्छ विकास चाहिँ रहँदैन। त्यस बखतमा भने समाजबादको कुरा गर्नुपर्छ र अनि पूँजीबादी व्यवस्थाको अन्त्य गरेर समाजबाद ल्याउनु पर्छ। त्यो भन्दा पहिले समाजवादको परिकल्पना गर्‍यौं भने, त्यो समाजबाद एउटा काल्पनिक र कोरा नारामा मात्र सीमित रहन्छ। जस्तो कि आजकलका धेरै बामपन्थीहरू यस्तै कुरा गर्छन्। त्यसै कारण मार्क्स भन्छन्– पूँजीबादी व्यवस्थाको विकास नभैकन समाजबाद आउन सक्दैन। आफ्नो जमानामा उनले इङ्ल्याण्डको पूँजीबादी व्यवस्थाको ठूलो अध्ययन गरेका थिए र त्यसै आधारमा उनको सबैभन्दा बढी चर्चित किताव पूँजी (Capital) पनि उनले लेखे। मार्क्सले भन्न के खोजेका छन् भने, इतिहासको आधार एउटा मात्र छ, त्यो आधार हो अर्थ। र, त्यही अर्थले अर्थको सृष्टि गर्ने प्रक्रियामा समाजबादको संरचना हुन्छ, त्यही क्रममा इतिहासको रथ पनि हिड्छ। उनले सारा कुरालाई एउटै आधारले, एउटै मान्यताले, एउटै विश्लेषणले समाजका बिसङ्गति एवम् त्रुटिहरूको व्याख्या गर्न थाले। मार्क्सले भने – पूँजीपतिले पूँजी बढाउने नियतमा उद्योग धन्दा खोल्छ। त्यस उद्योगबाट जुन नाफा हुन्छ उसले पुनः अर्को उद्योग खोल्छ। अर्को उद्योगबाट पनि नाफा हुन्छ फेरि अर्को उद्योग खोल्छ। नाफा कहाँबाट हुन्छ भने– कलकारखानामा काम गर्ने मजदुरहरूको शोषणबाट। आखिर नाफा आकाशबाट त झर्दैन। मजदुरहरूले जति मेहनत गरेर सम्पत्तिको आर्जन गर्छन् त्यसमा पूँजीको रूपमा पूँजीपतिले जुन कुरा लिन्छ त्यसलाई शोषण भनिन्छ। आखिर सम्पत्तिको सृष्टि या प्रकृतिले नै गर्छ या प्रकृतिसँग मान्छेको संघर्षबाट सम्पत्तिको सृष्टि हुन्छ। जो मजदुर या काम गर्ने मानिसहरू हुन् तिनले नै सृष्टि गर्छन्। पूँजीबादी व्यवस्थामा उत्पन्न भएको मजदुरहरूले सृष्टि गरेको जो सम्पत्ति छ त्यो सम्पत्तिको ठुलो हिस्सा पूँजीपतिले लिन्छ। अनि त्यसलाई उसले पुनःएकातिर ल्याउँछ। त्यसले गर्दा औद्योगिक बिकास भएर जान्छ। त्यो क्रमले हुँदाहुँदा सबैलाई पुग्ने गरी कोटको कपडाको औद्योगिकै विकास भई सक्दछ। तैपनि त्यसले शोषण गर्दछ भने अव शोषण गर्न दिइनु हुँदैन। पहिले त शोषण ऐतिहासिक आवश्यकता थियो, अव आवश्यकता हुँदैन। त्यस बखतमा पूँजीपतिलाई हटाएर हामीले अव तमाम जनताको अधिकारमा, त्यो कुनै एउटा व्यक्तिको एउटा मालिकको सम्पत्ति वा उद्योगधन्दा नभएर त्यो सम्पूर्ण समाजको हुनुपर्दछ। अर्थात् त्यसको सामाजिकीकरण या राष्ट्रियकरण (Socialization or Nationalization) हुनु पर्दछ भन्ने कुरा मार्क्सले भने। मार्क्सको यस बिचारले समाजमा ठुलो प्रभाव पर्‍यो। र अहिलेसम्म पनि त्यसले प्रभाव पारेको छ। अर्को कुरा मार्क्सले भने–अर्थमा आधारित व्यवस्थामा राजनीति भन्ने कुराको कुनै स्वतन्त्र अस्तित्व नै छैन। आर्थिक व्यवस्थाको जुन ढाँचा हुन्छ त्यसले दुईटा बर्ग निर्मित गर्छ। यदि खेतीको आधारमा समाजको संरचना भएको छ भने एउटा खेतको मालिक हुन्छ, अर्को खेतमा काम गर्ने कृषक। एउटा मालिक बर्ग–भूपति या सामन्ती बर्ग र अर्को काम गर्ने बर्ग। तिनीहरूका बीच धेरै किसिमबाट सम्वन्ध हुन्छ। एउटा सम्वन्ध त के हुन्छ भने म रुपैयाँ दिन्छु तिमी काम गर त्यसको एउटा आधार बनाइन्छ। हाम्रो तराईतिर आधा मलाई देऊ आधा राख भनेर कमाउन दिइन्छ। त्यसलाई बटैया भन्छन्। कति चाहिँ के भन्छन् भने ल म रुपैयाँ दिन्छु तँ काम गर। एउटा यस्तो सम्वन्ध हुन्छ मालिकको र मजदुरको त्यस आर्थिक व्यवस्थामा। पूँजीपति व्यस्थामा पनि दुईटा बर्ग हुन्छन्। एउटा उद्योग धन्दाको मालिकको बर्ग हुन्छ। अर्को त्यो उद्योग धन्दामा काम गर्ने मानिसहरूको बर्ग। त्यसकारण सम्पत्तिको उत्पादनको क्रममा दुइटा बर्ग हुँदै आएको छ इतिहासमा। त्यसरी जब समाज एउटा यस्तो अवस्थामा पुग्छ जव पूँजीपति व्यवस्थाले साराको आवश्यकतालाई पूरा गर्ने त्यस्तो स्थितिमा समाजलाई पुर्‍याइसकेपछि पूँजीपति व्यवस्थालाई हटाईदियो भने समाजबादी व्यवस्था आउँछ र यस्तो समाजबादी व्यवस्थामा दुइटा बर्ग रहँदैन– न कोही शोषित बर्ग रहन्छ न शोषण गर्ने बर्ग नै। त्यसरी राजनीतिक कुरामा पनि यही कुरा लागु हुन्छ। जस्तो आर्थिक व्यवस्था छ त्यसको एउटा प्रतिविम्व राजनीतिमा पनि हुन्छ। सरकार भनेको त्यो हो, जसले यस व्यवस्थाको रक्षा गर्छ। एउटा कुरा तपाईंहरूले बिचार गर्नुभयो भने यो कुरा अझ स्पष्ट हुनेछ। यहाँ झ्यालखाना छ नि, त्यो झ्यालखानाका कैदीहरूलाई तपाईंले हेर्नु भयो भने...... त्यसको अध्ययन गर्दा काठमाण्डूमा मैले के पाएँ भने ९० प्रतिशत भन्दा बेसी त्यहाँ थुनिएका मानिसहरू केवल सम्पत्तिको कारणले जेल परेका छन। त्यो पनि कसैको व्यक्तिगत सम्पत्तिको दाबी गर्‍यो भनेर। व्यक्तिगत सम्पत्तिको संरक्षणको निम्ति ९० प्रतिशत कैदीहरूले जेलमा बस्नु परेको छ। अर्को एउटा अध्ययन गर्दा के

पाइयो भने स्वास्नी मान्छे र मान्छेको सम्वन्धमा पनि त्यो भाव प्रदर्शित हुँदोरहेछ। मानीलिऊँ मेरो एउटा व्यक्तिगत सम्पत्ति छ रे म मरें भने देखि त्यो सम्पत्ति कसले पाउने भन्दा मेरै छोराले पाउनुपर्छ।

अव मेरो छोरा भन्ने बित्तिकै त्यसको ग्यारेण्टी हुनुपऱ्यो भन्दा स्वास्नी मानिसलाई बन्धनमा राख, कसैसँग सम्वन्ध हुन नदेऊ भनिकन स्वास्नी मानिसहरूको बन्धनमा पनि सायद यो भावना छ कि ? किनभने मेरै छोरा हुनुपऱ्यो । इतिहासको एउटा कुरा गरौं – फ्रान्सको इतिहासमा त्यहाँ राजगद्दी कसले पाउने भन्दा राजाका छोराले भने। अव यो राजाको छोरा हो कि कुनै दरबारियाको छोरा हो कसरी थाहा पाउने ? त्यो थाहा पाउन त गाऱ्हो छ नि ..... त्यसो हुनाले रानीलाई जेलमा राखेको जस्तो राख्नु पऱ्यो । मुगल बादशाहहरूको त्यही चलन थियो। हामीहरू व्यावहारिक सम्वन्धमा त बडो भारी पवित्रताको कुरो गर्दछौं तर यहाँ पनि छुन पुगेको रहेछ यो व्यक्तिगत सम्पत्तिले । जुन दिन व्यक्तिगत सम्वन्धको आधार नष्ट होला। त्यस दिन सायद बैबाहिक पद्धतिमा पनि ठुलो परिवर्तन आउन सक्छ भन्ने दार्शनिकहरूले बिचार गरेका छन । जस्तो कि मैले भने जेलको कुरा, चोर भन्नुहोस् वा डाँका भन्नुहोस् या कुनै अपराधको कुरा लिनुहोस्– यो अपराधलाई केलाएर हेर्दा हामी के पाउँदछौं भने व्यक्तिगत स्वामित्वको रक्षाको निम्ति पुलिस पल्टन जेल सबै रहेछन् । त्यसो हुनाले आर्थिक कारणबाट यो सव कुरा भएको हो भन्ने कुरा मार्क्सले भने। त्यहाँ सम्म त यो कुरा हो कि भने जस्तो पनि लाग्दछ। र हो पनि शायद। तर एउटा कुरो मानिसहरूको पेट मात्र छैन। उसको उद्योगधन्दा केवल पेट भर्न मात्र होइन, अरु पनि त्यसका कारण छन्।

मानिसले जति ठूलाठूला क्रान्तिहरू गरे, हुनत सायद मार्क्सले भने झैं इतिहासका चक्र अन्तर्गत यसका आर्थिक कारण होलान् तर जुन प्रेरणाबाट मान्छे होमिन्छ। त्यो क्रान्तिमा निश्चय नै पेटको कारणले मात्र होमिदैंन । हामीहरूकै देशमा जति क्रान्तिहरू भए त्यो खान लाउन पाएका मानिसहरूले नै गरे । यति मात्र होइन अस्ति शिवरात्री थियो–कुन प्रेरणाबाट लाखौंको सख्यामा मानिसहरू शिवजीको मन्दिरमा गए ? त्यो प्रेरणा कसरी आयो ? यदि अब कसैले भनोस् त्यो पनि पेटको निम्ति गरेको, त्यो भन्न सुहाउदैन। अर्को कुरा हिन्दूस्थानमा हिन्दू र मुसलमानहरूको मारपिट भइरहेको छ। सबै मान्छे एउटै कारखानमा मजदुर भएर हिन्दू र मुसलमान काम गरिरहेका छन तर साम्प्रदायिक दंगा भएर एक अर्कालाई मार्छन्। यदि मार्क्सले भनेको कुरा सही भएको भए बर्ग हितले जुन एकता ल्याउनु पर्ने हो, त्यो भएन। यसबाट के देखिन्छ भने जस्तो बाइबलमा भनेको छ मान्छे केवल रोटीको आधारमा मात्र बाँच्दो रहेनछ। अरु पनि आधारहरू त्यसलाई चाहिँदो रहेछ। रोटी दिएर त्यसलाई सन्तुष्ट राख्न चाहे तापनि मान्छे असन्तुष्ट नै हुन्छ अरु कुरा त्यसले पाएन भने। मानिसमा खालि एउटा आर्थिक आयाम मात्र छैन। अरु अरु आयामहरू पनि छन् र तिनमा आर्थिक आयाम पनि बडो महत्त्वपूर्ण छ। तर केवल आर्थिक आयाम मात्र छ भनेर मान्छेको कल्पना गर्न थाल्यो भने मान्छे–सानो, सीमित, एउटा क्षुद्र व्यक्ति भएर जान्छ। मान्छे, भावनाको पनि मान्छे हो। साँच्चै भन्ने हो भने, मान्छेको उत्थान भावनाको आधारमा भएको छ। एउटा कल्पनाको आधारमा भएको छ। एउटा सपना त्यसले देखेको छ र त्यसैको आधारमा भएको छ। केवल कसरी मेरो पेट भर्छ भन्ने मात्र चिन्तनमा त मानिसले ठूलो काम पनि गर्न सक्दैन र जति जति ठूला कामहरू भएका छन ती सबै पेट भरिसके पछि मात्रै भएका छन्। त्यसकारण आर्थिक आधारमा मात्रै मान्छे चलायमान हुँदा रहेनछन् बरु अन्य आधारमा पनि हुँदा रहेछन्।

आर्थिक व्यवस्था राम्रो भयो भने व्यक्ति स्वतः असल भएर जान्छ। व्यक्ति भन्ने कुरो त परिणाम हो, आर्थिक व्यवस्थाको। त्यसको मस्तिष्क त निर्मित हुन्छ आर्थिक व्यवस्थाले र आर्थिक व्यवस्थालाई ठिक पारेको खण्डमा अरु सबै कुरा ठिक हुन्छन् व्यक्तिको। उसको बुद्धि पनि ठिक हुन्छ र अरु सबै यावत कुराहरू ठिक हुन्छन् भन्ने यत्नमा आर्थिक कुरामात्र ध्यान दिएर अरु पक्षलाई छोडिदिएको खण्डमा त्यो व्यक्ति आर्थिक प्राणीमात्र हुँदैन त्यो एउटा पशु तुल्य मात्र हुँदैन कि त्यो कुनै शासक बर्गबाट प्रेरित एउटा दबेर बसेको तत्व भएर जान्छ। त्यसकारण आर्थिक आधार मात्र मानिसको सबै थोक होइन । त्यसैले समाजबाद भनेको एउटा ठूलो सभ्यता र संस्कृति हो। समाजवाद भनेको अहिलेसम्म इतिहासमा जति मानव समाजले प्राप्ति गर्दै आयो त्यही हो। त्यो धार्मिक क्षेत्रमा प्राप्ति गरोस् या औद्योगिक क्षेत्रमा वा ज्ञानको क्षेत्रमा गरोस् या अरु क्षेत्रमा।

पूँजीपति व्यवस्थामा भूपतिहरूका विरुद्धमा सबै मान्छे स्वतन्त्र हुन्, सबैले हक पाउनुपर्छ भन्ने आन्दोलन चल्यो। राजा र पार्लियामेण्टका बीच इङ्ल्याण्डमा लडाइँ भयो। फ्रान्समा राज्यक्रान्ति भयो । समानता र भातृत्व (Equality and Fraternity) भनीकन । अनि प्रजातान्त्रिक विचार आयो –सामन्ती व्यवस्थालाई समाप्त पार्ने व्यवस्थाको खोजीमा । मानव सभ्यतामा मानव संस्कृतिमा यसबाट एउटा नयाँ आयाम थपियो र समाजलाई अगाडि लग्न यो आयामलाई छाडेर आर्थिक समानता गरेर मात्र हुँदैन भन्ने प्रश्न उपस्थित भयो । त्यसैकारण समाजवाद–प्रजातान्त्रिक समाजवाद भन्या छ यो किन "प्रजातान्त्रिक" भन्नुपऱ्यो ? मान्छे भनेपछि त्यसलाई विशेषण त दिनुपर्दैन । मान्छे भनेको नाक, आँखा, कान भएको मान्छे भन्नु त पर्दैन। समाजवाद भनेको त्यसमा प्रजातान्त्रिक पक्ष पनि त्यस सभ्यतामा रहेकोलाई समाजवाद भन्छन्। यो भन्ने खण्ड किन पऱ्यो भने, समाजवादको नाउँमा प्रजातन्त्र चाहिँदैन भन्ने तत्व हाम्रो मुलुकमा पनि छन्। त्यस्तै अरु मुलुकहरूमा पनि छन्। केही मुलुकहरूमा शासन पनि तिनीहरूको चलिरहेको छ र त्यहाँ हामीहरू अधिकार दिँदैनौ, केवल रोटी मात्र दिन्छौँ भन्छन्, त्यो हामीलाई स्वीकार्य छैन। त्यसैले जुनसुकै नाउँमा चाहे पेटको नाउँमा होस या समानताको नाउँमा अथवा जुनसुकै नाउँमा भए पनि प्रजातन्त्रको अपहरण भएको हामीलाई मान्य छैन भन्ने मात्र हामी समाजबादीहरूको एउटा बिचार छ। समाजबादी भएर केवल पेट भरे पुग्छ अरु हामीलाई चाहिँदैन भन्नेहरूको अर्को बर्ग छ। त्यसो हुनाले त्यही छुट्याउनलाई प्रजातान्त्रिक समाजबाद भनेको हो। अव अन्त्यमा एउटा सानो कुरा भनेर म बिसाउन चाहन्छु। समाजबाद र साम्यबादमा के फरक छ ? मैले यति भनिसकेपछि तपाईंलाई बिचारले घचघच्याईसके पछि एउटा परिभाषा दिएर अन्त्य गर्न चाहन्छु। "समाजबाद भनेको साम्यबाद नै हो, त्यसमा प्रजातन्त्र थपिएको हुन्छ। साम्यबाद भनेको समाजबाद नै हो त्यसमा प्रजातन्त्र झिकिया हुन्छ। साम्यवादमा प्रजातन्त्र थपिदिनुहोस् – त्यो समाजबाद भयो। समाजबादबाट प्रजातन्त्र निकालिदिनुहोस् – त्यो साम्यवाद भयो फरक यत्तिनै हो।"

वीपीको भावना आत्मसात गरेर अगाडि बढेमा लोकतन्त्र संस्थागत हुन सहयोग पुग्नेछ।

**स्रोतः नेपाल पुकार, सम्पादक यज्ञबहादुर थापा, वर्ष १ अंक १, २०३७ (नरेश भट्टराईको सहयोगमा)**

**(राजनीतिज्ञ तथा लेखक)**

# स्थानीय सरकारको कसिमा-तानसेन नगरपालिका



–नारायणप्रसाद कोइराला

**क) विषय प्रवेशः**

सिद्धान्ततः विकेन्द्रीकरणको उच्चत्तम बिन्दु नै स्थानीय स्वायत्त सरकार हो । आज विश्वमा जति पनि विकसित देशहरू छन् ती सबैमा अधिकार सम्पन्न स्थानीय सरकार छन् । ती देशहरू एकात्मक हुन् वा संघीय तर स्थानीय सरकार बलियो छ। अर्को भाषामा भन्ने हो भने स्थानीय तहलाई सरकारको रूपमा व्यवस्थित गरेको कारण नै विकसित भए।

नेपालमा धेरै वर्षको प्रयोग र प्रजातन्त्रको पुनर्स्थापनापछि निर्वाचित स्थानीय तहका जनप्रतिनिधिहरू र त्यसका संघ महासंघ स्थानीय तहमा अधिकार निक्षेपणका लागि लागिरहे । अहिले भएको संवैधानिक व्यवस्था हुनुमा ती अग्रजहरूको भूमिका महत्त्वपूर्ण छ। आज नेपालमा संवैधानिक रूपमा स्थानीय सरकार छ र त्यसलाई सार्थक बनाउने दायित्व वर्तमान निर्वाचित जनप्रतिनिधिहरूकै काँधमा छ। नभुलौँ, नागरिकलाई समृद्ध तुल्याउने मुख्य भूमिका पनि जनप्रतिनिधि कै हो।

**ख) संवैधानिक व्यवस्थाः**

नेपालको संविधानको धारा ५६ ले राज्यको संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने प्रष्ट व्यवस्था गरेको छ। जसको अर्थ कुनैपनि तह कसैको मातहत होइन । त्यसैगरी धारा ५७ ले राज्य शक्तिको बाँडफाँडको व्यवस्था गर्दै प्रष्ट रूपमा अधिकारको सूची बनाई अनुसूचीमा राखेको छ । जहाँ अनुसूची ८ मा स्थानीयको एकल अधिकार र अनुसूची ९ ले साझा अधिकारको व्यवस्था गरेको छ । धारा ५९ ले आर्थिक अधिकारको प्रयोग गर्न कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने प्रष्ट व्यवस्था गरेको छ। धारा ६० ले राजस्वको बाँडफाँड र एकल अधिकारको सूचीमा कर लगाउने र स्रोतबाट राजस्व उठाउने व्यवस्था छ।

कार्यान्वयन गर्ने बारे धारा २१४ र संविधान बमोजिम कार्य सञ्चालन गर्न कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम कार्य विभाजन र कार्य सम्पादन हुने व्यवस्था छ। धारा २२६ मा अनुसूची ८ र ९ मा रहेको विषयमा कानून बनाउने अधिकार छ भने २२९ ले प्राप्त हुने सबै प्रकारका राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान ऋण र अन्य स्रोतबाट प्राप्त हुने रकम आफ्नै सञ्चित कोषमा जम्मा हुने व्यवस्था र खर्च गर्ने व्यवस्था आफैले बनाउने कानून बमोजिम हुने व्यवस्था गरेको छ।

उपरोक्त पृष्ठभूमिमा हाम्रो संवैधानिक व्यवस्था अनुसार स्थानीय तह सरकारको रूपमा रहेको छ। सन्नतीकटताको सिद्धान्त (Principal of Subsidiarity) अनुसार नगीचको. सरकार स्थानीय सरकार नै हो । जसलाई नागरिकको सामाजिक सूरक्षा, स्थानीय पूर्वाधारको साथै संविधानको मौलिकहक र कर्तव्यमा उल्लेख भएका शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, अपाङ्ग, जेष्ठ नागरिकहरूको संरक्षण र सञ्चालन गर्ने अधिकार प्राप्त छ। नागरिकले यो काम हुने आशा राखेका छन्।

**ग) के उपरोक्त व्यवस्था कार्यान्वयन भएका छन् ?**

आधिकारिक रूपमा कुनै तथ्याङ्कको आधारमा नभई यस पंक्तिकारको स्थानीय तहका मूलीहरूसँगको संस्थागत सम्बन्ध र आफनो रुचिको विषय हुँदा जानकारी प्राप्त हुने र खोजी गर्ने हुँदा माथि देखि तल सम्मका गतिविधिहरूबारे सूचना प्राप्त हुनु स्वाभाविक छ। त्यसैका आधारमा विश्लेषण गर्दा समग्रमा संबैधानिक व्यवस्था अनुसार काम सन्तोषजनक रुपले भएको पाँइदैन, जसका निम्न कारण छन्।

१. कतिपय स्थानीय सरकारका जनप्रतिनिधिहरूमा संवैधानिक र कानूनी व्यवस्थाको जानकारी नहुनु पनि हो । त्यसो हुनुमा नयाँ व्यवस्थाबारे उपयुक्त प्रशिक्षण नहुनु वा लिन नखोज्नु एकातिर छ भने अर्कोतर्फ पुरानो मानसिकता एवम् प्रत्यक्ष वा अप्रत्यक्ष दलीय बन्धनलाई पनि तोड्न नसकेको अवस्थालाई अस्वीकार गर्न सकिदैन।

२. निक्षेपणको मुख्य सिद्धान्त काम (Function), स्रोत (Fund), र काम गर्ने व्यक्तिहरू (Functionaries) हो । संविधान र कानूनले कार्य विभाजन त गऱ्यो तर संघीय सरकारको नेतृत्व तह र कर्मचारीतन्त्र (Bureaucracy) को पुरानै मानसिकताले कतिपय स्थानमा कर्मचारी नै पुगेनन् अर्थात् समायोजन हुनै सकेन । कर्मचारी नपुगेको मात्र नभई नियुक्ति गर्नसम्म पनि दिइएन।

अर्कोतर्फ सवैधानिक व्यवस्थालाई लत्याउदै स्वास्थ्य, शिक्षा र कृषि जस्ता महत्त्वपूर्ण र नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरू कुनै न कुनै बहाना वा अर्कै नाउँमा कार्यालय खडा गरियो वा विगतका केन्द्रीय संरचना हटाइएन। त्यति मात्र होइन आफै गर्न प्रयत्न गर्ने

सरकार प्रमुखहरूलाई अनेकौ व्यवधान खडा गरियो त्यो आजसम्म पनि विद्यमान छ।

अर्कोतर्फ प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत र केही शाखा प्रमुखहहरू संघीय सरकारका कर्मचारी भएकाले माथिका हाकिमहरू प्रतिको वफादारीले पनि निर्णय कार्यान्वयन गर्न गराउन र खर्च गर्न गराउन समस्या देखा परेको छ। त्यति मात्र नभई संघीय तहका कर्मचारीहरू र स्थानीय तहका कर्मचारीहरू बीचको इगो वा समन्वयको अभाव कार्य सम्पादनका लागि बाधक बनेको छ। छिटोछिटो सरुवा हुने र कार्यबोझको समयमा उपस्थित नहुने र त्यस्तालाई कारवाही गर्न नमिल्ने जस्ता अदृश्य अवरोध स्थानीय तहको मुख्य समस्या पनि हो।

पहिलेको तुलनामा स्थानीय तहलाई प्राप्त हुने स्रोत बढी त हो। तर निक्षेपणको सिद्धान्त वा संवैधानिक व्यवस्था अनुरूप स्थानीय तहले पाएको स्रोत नगण्य हो। उच्च विकसित देशहरूमा स्थानीय तहले कूल गार्हस्थ्य उत्पादनको ४०% भन्दा बढी पाउने गरेको दृष्टान्त छ। तर हामी कहाँ सोझो रूपमा राजस्वको अनुपातमा १०% पुग्दैन। संघीय सरकारका शिक्षक र कर्मचारीका लागि हुने साधारण खर्च पनि स्थानीय सरकारको अनुदान भित्र राख्नु निक्षेपणको सिद्धान्त र संवैधानिक व्यवस्थाको प्रतिकूल हो। त्यसैले प्राप्त भएको स्रोत न्यून हो।

उपलब्ध स्रोतहरूमा पनि व्यवस्थित योजनाको अभाव, प्राथमिकीकरण नै नगर्ने आदत, व्यावहारिक लागत अनुमानको अभाव, कार्यान्वयन गर्ने उपयुक्त संरचना छनौटमा कमजोरी, वडा पिच्छे भागबण्डा गर्ने पुरानै मानसिकता, दलगत दवाब वा स्वार्थ र कतिपय स्थानमा आर्थिक लाभलाई केन्द्रबिन्दुमा राख्ने मनोवृत्ति पनि नकारात्मक पक्ष हो।

३. शिक्षा, स्वास्थ्य, कृषि, आवास, रोजगार, विपद व्यवस्थापन, पर्यटकीय महत्त्वका परम्परागत सीप र प्रविधि, धार्मिक सांस्कृतिक पक्षको सुधार र संरक्षण प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्धन र उपयोग कर प्रणालीको व्यवस्थापन, ढल व्यवस्थापन र सरसफाइ, सार्वजनिक शौचालय निर्माण र व्यवस्थापन, पार्किङ्ग लगायत समग्र मानवीय पक्षको विकासको महत्त्व नबुझी केवल निर्माण कार्यलाई विकास देख्ने जनप्रतिनिधि र जनताको मनोरोग डरलाग्दो छ।

४. विकासको लागि सफ्टवेयर (Software) पूँजीगत खर्च हो। उपरोक्त विषयहरूमा सचेतना कार्यक्रम र त्यस्तो कार्यक्रमका लागि सूचना प्रविधिको प्रयोग र कार्यान्वयन गर्न सामाजिक संस्थाहरूको उपयोग जस्ता महत्त्वपूर्ण पक्ष गौण भएको छ।

५. व्यवस्थित तथ्याङ्क दिगो विकासका लागि महत्त्वपूर्ण आधार हो। त्यसैमा आधारित भएर मेरो गाउँ वा मेरो नगर कस्तो बनाउने भन्ने दूरदृष्टिलाई व्यवहारमा उतार्न गरिने प्रक्रिया वा योजना कमै मात्रामा भएको छ। आजको सूचना प्रविधिको युगमा हरेक घर र प्रत्येक नागरिकको तथा समग्र पक्षको रेकर्ड राख्न सकिन्छ। त्यसतर्फ ध्यान पुगेको देखिएन।

६. व्यवस्था जतिसुकै राम्रो होस् उपयुक्त सञ्चालक भएन भने राम्रो प्रतिफल प्राप्त हुँदैन। स्थानीय सरकारका कामहरू राम्रो हुन जनप्रतिनिधिहरूको दक्षता, योग्यता, क्षमता, इमान्दारीता, निष्पक्षता, पारदर्शिताका साथै सहभागितामूलक निर्णय प्रक्रिया मुख्य हो।

७. जनप्रतिनिधि वा कुनै पनि व्यक्ति आफैमा सबै जान्ने हुदैन तर क्षमता र योग्यता न्यूनतम आवश्यक सर्त हो। आफूसँग नभएको ज्ञान वा सीप अरुबाट लिन सकिन्छ तर मै जान्नेछु भन्ने भावना गलत छ। समावेशी हुनै पर्दछ तर तथाकथित लोकप्रियताका लागि ल्याइएका वा दलीयकरणको कारणबाट आएका जनप्रतिनिधिहरूमा क्षमताको कमीले कार्य सम्पादन हुन नसकेको र आपसी बेमेल वा सहकार्य नहुँदा काम प्रभावित हुन पुगेको यथार्थलाई पनि अस्वीकार गर्न सकिदैन।

माथिको समीक्षा समग्रमा गरिएको हो। कतिपयले आफूलाई व्यवस्थित गर्दै काम गर्दा राम्रो प्रतिफल प्राप्त गरेको उदाहरणहरू पनि छन्। समग्रमा विविध प्रतिकूलताका बावजुद पनि भएका प्रयत्न राम्रै छन्। त्यस भित्र प्रजातन्त्रको सुन्दर पक्ष अधिकार तल दिए आफै सिक्दै, सुधार गर्दै राम्रो गर्दछन् र दिगो हुन्छ भने सिद्धान्तलाई पनि अस्वीकार गर्न सकिन्न तर जनप्रतिनिधिहरूको भूमिका नै होइन भन्ने किमार्थ होइन। साथै कुनै सामाजिक सञ्जाल वा छापाहरूमा आएको जस्तो नकारात्मक कुराहरूमा पनि आंशिक मात्र सत्यता छन्।

### घ) बाहिरबाट हेर्दा तानसेन नगरपालिकाः

तानसेन नगरपालिकासँग यस पङतिकारको नीतिगत, संस्थागत, निर्णय प्रक्रिया, कार्यान्वयन वा अनुगमन कुनैमा पनि प्रत्यक्ष संलग्नता छैन। अधिकांश समय यहीं भित्र बस्ने हुँदा र जानकारी राख्ने स्वभाव आदिको आधारमा समीक्षा गरिएको छ।

काम गर्नेहरूको आफ्नै समस्या हुन्छ र बाहिरबाट हेर्दा जस्तो सजिलो हुँदैन नै तिनै असजिला कारणहरूले पनि कार्य सम्पादन हुन नसकेको हुन सक्छ तथापि निम्न कुराहरू भए अझ राम्रो हुने नै छ।

### समग्र योजनाको मार्गचित्रः

तानसेन नगरपालिका पुरानो र ऐतिहासिक सहर हो। प्रसाशनिक केन्द्र, व्यापारिक केन्द्र र शिक्षाको केन्द्र अब रहेन। यी केवल इतिहास मात्र हुन्। समयानुकूल विकासमा अगाडि बढन नयाँ खोजी हुनै पर्दछ। बौद्धिकताको, उद्यमशीलता र पूँजीको पलायन भएको स्थानमा अगाडि बढ्न कम चुनौति हुँदैन। यथास्थितिवादी सोच, नयाँ बसोवास गरेको समाज, पुरानो बजार भित्र सहरीकरणबाट उत्पन्न हुने नयाँ नयाँ समस्याहरू र समाधानका उपायका साथै नयाँ

थपिएका ग्रामीण क्षेत्रहरूको समुचित विकासको योजना तर्जुमा आफैं चुनौति र अवसर हो। ती निम्न अनुसार छन्ः

१. तानसेन नगरपालिकालाई आर्थिक रूपमा कसरी विकास गर्ने ? त्यसका क्षेत्रहरू कुन कुन हुन् ?

२. बढदो सहरीकरणको व्यवस्थापन, आवास, बाटो, ढल, खानेपानी लगायतको कुरा के कसरी समाधान गर्ने।

३. जनताको आर्थिक उन्नतिका लागि रोजगारी र स्वरोजगारको क्षेत्र कुन कुन हुन र कसरी गर्ने ?

४. नगरपालिकाका ग्रामीण क्षेत्रको विकासको ढाँचा के कस्तो हुने ?

५. राज्यले उपलब्ध गराएको सर्बसुलभ शिक्षा हाम्रो सन्दर्भमा कसरी गुणस्तरयुक्त बनाउने र सामुदायिक विद्यालयहरूको उचित व्यवस्थापन कसरी गर्ने ?

६. निजीक्षेत्रका विद्यालयहरू प्रतिको दृष्टिकोण के कस्तो हुने ? र नियमन कसरी गर्ने ?

७. स्वास्थ्य क्षेत्रको अवस्था कस्तो छ ? स्वास्थ्यसँग सम्बन्धित सरसफाइ र व्यवस्थापन, सार्वजनिक शौचालयको व्यवस्था कहाँ र कसरी गर्ने ? सहजरुपमा स्वास्थ्य सेवा कसरी प्रवाह गर्ने ?

८. प्राकृतिक स्रोतको उपयोग, कर प्रणालीको व्यवस्था, परम्परागत सीप र प्रविधि, धार्मिक पुरातात्विक स्थलको संरक्षण, संस्कृति, कला, जात्रा, पर्वका साथै परम्परागत खाद्यपरिकार, भेषभूषा आदिको उपयोग, व्यवस्थापन, संरक्षण र सम्वर्द्धन कसरी गर्ने ?

९. पुराना सम्पदा, पुराना कलाहरू, घर वा वस्ती, टोलहरूको संरक्षण गर्ने नीति र नयाँ मापदण्डहरू कहाँ ? के कस्तो हुने ? र कसरी कार्यान्वयन गर्ने ?

१०. घर परिवार वा प्रत्येक नागरिकको रेकर्ड राख्ने र जनचेतनाका कार्यक्रमहरू के कस्तो हुनुपर्ने ? र कसरी कार्यान्वयन गर्ने ?

११. सामाजिक संघ संस्थाहरू, नागरिक समाज वा बौद्धिक वर्गहरूको क्षमतालाई समुचित उपयोग गर्दै नगरपालिकालाई समुन्नत बनाउने रणनीति के कस्तो हुने ?

१२. हाम्रा प्राथमिकताका गौरवका आयोजना के के हुन सक्छन् ? त्यसले हाम्रो आर्थिक गतिविधिमा कहिलेसम्म के कति योगदान पुऱ्याउछ ?

१३. हरेक कार्यमा जनसहभागिता अत्यावश्यक छ तर जनसहभागिता र लागत सहभागिता फरक पनि हो। काम, स्थान र जनताको समग्र अवस्थाको पृष्टभूमिमा त्यसको प्रकार र प्रतिशत कति सामयिक र व्यावहारिक छन् ?

१४. योजना तर्जुमा, बजेट बिनियोजन, आवश्यक प्राविधिक लागत अनुमान् आर्थिक र प्रतिफलको आधारमा हुन पर्ने र कार्यान्वयनमा उपभोक्ता समिति, सामाजिक संघ संस्था र निजीक्षेत्र मार्फत् कार्यान्वयन हुने कुराको मापदण्ड के कस्तो हुने ?

१५. कर्मचारी संयन्त्रको कार्यशैली, सेवाग्राहीहरू बीचको सम्बन्ध कस्तो छ के सेवाग्राही संन्तुष्ट छन् वा असन्तुष्टीका कारण के के छन् र ती कसरी निवारण गर्ने ?

ङ) सारांशमा उपरोक्त बुँदाहरूको परिधिभित्र नै तानसेन नगरपालिकाका धेरै कुरा समेटिएका छन् । सैद्धान्तिक रूपमा उठाइएका ती विषयहरूले नीति, योजना, काम, स्रोत व्यवस्थापन र कार्यान्वयनबारे समीक्षा, सुधार, पुनर्विचार वा नयाँ निर्माण गर्ने आधार बनाउने नै छ। माथिका सबै बुँदाहरूको ब्याख्या गर्दा योजनाको दस्तावेज नै हुन पुग्छ। अतः आवश्यक भए पछि पुनः अलग अलग राख्न सकिन्छ, तर पनि माथि उल्लेख भएका बाहेक वा त्यसैभित्र रहेर प्रष्ट रूपमा तोकेर निम्न कुरा राख्न चाहन्छु।

१. नगर प्रमुख शिक्षित, बिनयशील, दुरदृष्टियुक्त र जनप्रिय त हुनहुन्छ नै तर व्यवस्थित सचिवालयका साथै विषय विज्ञ टिमको अभाव भएको प्रष्ट देखिन्छ। त्यस्तो बनाउँदा राम्रो हुन्छ। एक्लो मेहनत भन्दा सामूहिककार्य सहज र बलशाली तथा दिगो हुनसक्दछ।

२. योजनाहरू त छन् तर समग्र तानसेन कति वर्षमा कुन कुन क्षेत्रमा कसरी, कति लागतमा कस्तो बनाउने ? त्यस्को मार्गचित्र हुनुपर्दछ। बनाउनु पर्दछ।

३. पर्यटनको विकास कसरी गर्ने ? के के गर्ने ? श्रीनगर विगबुद्ध, गुफाचौर गणेशधाम, नयाँ बसपार्क, रानीघाट दरबार अर्थात् रानीमहल, पाल्पा दरबार संग्रहालय, टुँडीखेल, खेल मैदानका साथै एयरपोर्टबारे छुट्टै विस्तृत कार्य योजना बनाई बाहिर ल्याउनुपर्ने।

४. यातायातको व्यवस्थापन, पार्किङ्स्थल, सहायक राजमार्ग, सहरी सडक र पुरानो सडकका साथै बजार भित्रका सडकहरूको मापदण्ड, नीति र कार्यान्वयनका आधारहरू प्रष्ट आउनुपर्ने । ठुला सवारी साधनहरू बजार प्रवेश गर्ने समय, औचित्य, बाइपासको सुरुवात वा नयाँ निर्माण शून्य सहनशिलताका आाधारमा कार्यान्वयन गर्नुपर्ने। बजारलाई प्रदुषणमुक्त बनाउनु पर्ने।

५. सरसफाइलाई पहिलो प्राथमिकतामा राख्दै सार्वजनिक शौचालयहरूको तत्काल निर्माण फोहर व्यवस्थापन गर्ने किनकि यो नै पर्यटनको लागि अनिवार्य शर्त हो। ल्याण्डफिल्ड साइड सञ्चालन ढिला भयो।

६. जनसहभागिता र लागत सहभागिताबारे तत्काल पुनर्विचार गरी सुधार गर्ने।

७. कर्मचारीका काम र कमजोरबारे आएका वा सुनिएका गुनासा र अकर्मण्यताका निवारणका लागि काम, जिम्मेवारी र कार्य

सम्पादनको दैनिक अनुगमन हुने पद्धतिको तत्काल विकास गर्ने। समयमै आवधिक कार्ययोजना निर्माण, शाखाहरूको नियमित बैठक नागरिकका गुनासा सम्बोधन गर्ने कार्य नियमित गरिनुपर्दछ।

८. योजना कार्यान्वयन गर्दा वा गराउँदा उपभोक्ता समूह वा सामाजिक संघ संस्थालाई पहिले पेश्की नदिने र उधारोमा काम गराउँदा लागत, गुणुस्तर, दिगोपना, पारदर्शिता र सेवाग्राहीले पाउने दुखलाई सरलीकृत गर्नुपर्ने।

९. चर्चामा आएका फजुल र साधारण खर्च कटौतीका साथै चुहावट रोक्नमा ध्यान दिनुपर्ने।

१०. नगरपालिकाको हरेक पक्षको सुधार गर्न प्रविधिको प्रयोग गर्नुका साथै जनताको समग्र पक्षको चेतना अभिबृद्धिका लागि सामाजिक संघ संस्था, नागरिक समाज, बुद्धिजीवी र निजीक्षेत्रको संलग्नतामा सञ्चालन गर्ने गरी सफ्टवेरका लागि रकम विनियोजन गरी तत्काल काम सुरु गर्ने।

१२. UNDP संगको साभेदारीमा सञ्चालन हुन गइरहेको युवाका लागि उद्यमशीलता कार्यक्रम स्वंयमा चुनौतिपूर्ण र अवसर दुवै हो । अन्यथा नहोस् यसको सफल कार्यान्वयनका लागि सतर्कतापूर्वक योग्य टिम निर्माण गर्नु पर्ने हुन्छ।

१३. यहाँको विकास अन्य गाउँ पालिकाहरूसँग अन्तर सम्बन्धित पनि छ। जसबाट उनीहरू पनि लाभान्वित हुन्छन र त्यसैले अरुलाई पनि साथै लिएर अघि बढ्ने कार्यलाई तीव्रता दिनु आवश्यक छ।

अन्तमा, निष्पक्ष भावले हेर्दा समग्रताको कसीमा पहिलो वर्ष सबैको जस्तो नयाँ हुँदा मूल्याङ्कन गर्नु अन्याय हुन्थ्यो । मूल्याङ्कन गर्ने भनेको गत वर्षकै हो । दलित, अल्पसङ्ख्यक समुदायका करीव १५०० परिवारको निःशुल्क स्वास्थ्य बीमा नगरपालिकाले गरेर मानवीय गुन लगाएको छ। उक्त बीमा यो आर्थिक वर्षमा नगरपालिकाका महिला स्वास्थ्य स्वयमसेविका, सरसफाइकर्मी र रातोनिलो कार्डवाला अपाङ्गता भएका व्यक्तिका परिवार समेत करीव २०० परिवारलाई थप गर्ने निर्णय भएको छ। नगरमा खानेपानीमा राहत, जेष्ठ नागरिक र सुत्केरी लक्षित घरघरमा स्वास्थ्य सेवा अभियान, टुँडिखेल स्तरोन्नति, शीत्तलपाटी हुँदै ढुँगा छाप्ने काम प्रारम्भ, सुविधायुक्त बसपार्क निर्माण आरम्भ, सडक बिस्तार लगायतका काम कति सम्पन्न भए कति सम्पन्न हुनेक्रममा छन्। यी राम्रा काम अर्थात् असल नियतका साथ ल्याइएका योजनाहरू सम्पन्न गर्न सबैको साथ र सहयोगको खाँचो पर्दछ। सीमित साधन स्रोतका वावजुद भएका काम सन्तोषजनक भएपनि पर्याप्त छैनन्। मूलतः प्राथमिकताको क्षेत्र, स्पष्ट कार्य योजना र कार्यान्वयनमा उपयुक्त संरचनाको अभाव देखिएकै छ। नगरप्रमुखले सम्भव नहुने कुरालाई यसकारणले यो काम गर्न सकिन्न भन्न अप्ठेरो मान्न हुँदैन अनि सामान्य औपचारिक कार्यक्रममा भाषण गर्दै र रिवन काट्दै महत्त्वपूर्ण समय वर्वाद गर्न त भनै हुन्न। तानसेनलाई प्राणदान दिन अर्थात् तानसेनवासीले सम्भनलायक काम गर्नका लागि हालको कार्यशैली सुधारेर स्पष्ट खाकासहित अगाडि बढ्नु पर्दछ। आशा छ काममा सुधार हुने छ। राम्रो होस्। शुभकामना !

**(साबिक गाउँ विकास समिति महासंघ नेपालका संस्थापक अध्यक्ष)**

## हाम्रो तानसेनका लागि लेखन सीप विकास प्रशिक्षण



तानसेन नगरपालिकाको मौलिक प्रकाशन **हाम्रो तानसेन** त्रैमासिक बुलेटिनका लागि २०७६ असार १३ गते बुलेटिन प्रकाशन समितिको आयोजनामा **लेखन सीप विकास प्रशिक्षण** सम्पन्न भयो । शुभारम्भ गर्दै हाम्रो तानसेन त्रैमासिकका संरक्षक तथा नगरप्रमुख अशोककुमार शाहीले तालिमले ज्ञान र सीपविकासमा टेवा पुग्ने बताउनुभयो। हाम्रो तानसेन त्रैमासिकका सल्लाहकार तथा उपप्रमुख लक्ष्मीदेवी पाठकले तालिमले लेख्ने काममा निखारता ल्याउने बताउँदै तालिम आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो।

**तालिमको मुख्य उद्देश्य**

- तानसेन नगरपालिकाको मौलिक प्रकाशन त्रैमासिक बुलेटिन **हाम्रो तानसेन** को लागि नगरपालिकाले सम्पादन गरेका नगर तथा वडास्तरका गतिविधि तथा योजनाहरूको समाचारमूलक सामग्री तयार पार्न सीप विकास गर्ने
- समाचारमूलक सामग्री तथा लेखका लागि तथ्यहरू संकलन गर्न सक्ने ज्ञान सीप प्रदान गर्ने
- समाचार तथा लेखका लागि अन्तर्वार्ता किन र कसरी ?
- तथ्यहरूलाई लिपिवद्ध गर्नेबारे ज्ञान सीप अभिबृद्धि

तालिममा नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल, वरिष्ठ पत्रकार मेघराज शर्मा, नेपाल पत्रकार महासंघ पाल्पाका पूर्व अध्यक्ष भपेन्द्र गहिरे र हाम्रो तानसेन त्रैमासिकका प्रधान सम्पादक गोविन्द भट्टराईले विषयगत सहजीकरण गर्नु भएको थियो।

# तानसेन : पुरानो संझना र आजका नगरबासीको चाहना



- लक्ष्मीकुमारी उपाध्याय

म २०२३ सालमा प्राथमिक शिक्षिकाको रूपमा नर्मल तालिम लिन मेरो जन्मस्थान परासीबाट पैदल हिडेर ३ दिनका दिन तानसेन आएकी हुँ । त्यतिबेलाको तानसेनको छायाँ–चित्र मेरो मानसपटलमा केही ताजै र केही धुमिल रूपमा रहेको छ । तलमाथि उकालो ओरालो, भीर, पाखाको पहिलो पहाडी भौगोलिक अनुभव मैले यही तानसेन आएर गरेकी हुँ । १० महिने तालिमको समय मैले सोचे भन्दा सुखद रूपमा व्यतीत गर्न पाउँदा म खुसी भएकी थिएँ । पैदलै रिडी – राम्दी भैरवस्थान घुमेको सम्झना छ । अचेल ती कुरा कथा जस्तै लाग्दछन् ।

त्यति बेला प्राकृतिक रूपमा तानसेन रमणीय स्वच्छ थियो । पानी कल धारामा नियमित आउँथ्यो र गाग्रीमा थापेर खाना पकाउने, पिउने गरिन्थ्यो । नुहाउन लुगा धुन ढुंगेधारामा गइन्थ्यो । जनै पूर्णिमा देखि जात्रा, पर्व शुरु भै साँस्कृतिक माहोल शुरु हुन्थ्यो । गाईजात्रा, रोपाइँजात्रा हुँदै नारायणजात्रा भगवतीजात्रा आदि पर्वका बेला तानसेन उत्साह र उमंगले भरिन्थ्यो ।

भगवती जात्रामा त्यतिबेला उच्च पदस्थहरू रथसँगै घोडामा सवार भै आ आफ्ना पोशाक र पदक लगाएर हिड्दाको पदध्वनि मेरो कानमा अझै गुञ्जदै छ । बाल, वृद्ध, नरनारी सजिएर भगवतीको रथलाई छुन तँछाड मछाड गरेको दृश्यले सबैलाई आनन्दित तुल्याएको सम्झना पनि ताजै छ । शैक्षिक रूपमा तानसेन त्यतिबेला अघि बढिरहेको थियो । पद्मपिव्लक हाईस्कुलको पहिचान (ख्याति) त्यतिबेला राष्ट्रिय रूपमै थियो ।

त्यसबेला तानसेनमा सामाजिक रूपमा नेवारहरूकै वाहुल्य थियो । जात्रा पर्वमा नेवारी संस्कृति झल्किन्थ्यो । नेवार साहुहरू व्यापार व्यवसायमा अव्बल भएर तानसेनमा जमेका थिए । तानसेनबाट पूर्व पश्चिम र उत्तर करीब ८ देखि १० कोश टाढाबाट लत्ता कपडा नुन आदि लिन भरियाहरूका साथ साना व्यापारीहरूको भीड लाग्थ्यो । तानसेन व्यापार व्यवसायको केन्द्र नै थियो ।

राजनीतिक रूपमा पनि तानसेन सचेत र जागरुक थियो । ममा राजनीतिक चेतना परिपक्व नभए पनि प्रारम्भिक राजनीतिको क, ख बुझ्दथें । २०१७ सालको राजनीतिक परिवर्तन पछि २०२३ सालसम्म पञ्चायतीकरण बलियो हुँदै गए पनि भुस भित्रको आगो झैं प्रजातन्त्रको धुकधुकी तानसेनमा जीवितै थियो । तानसेनको पाल्पा कारागारमा राजनैतिक वन्दी विद्यमान थिए । तानसेनमा काँग्रेस कम्युनिष्टको चर्चा घरभित्र हुने गर्थ्यो ।

मदनपोखरा कम्युनिष्टको गढ भन्थे । तानसेन पश्चिम काँग्रेसको गढ भन्ने चर्चा हुन्थ्यो । तानसेनमा साहित्यिक गतिविधि भइरहन्थ्यो । धवल पुस्तकालयमा साहित्यिक गोष्ठी र कवितापाठ आदि कार्यक्रम भइरहन्थे । शास्त्रीय कवि – माधव प्रसाद देवकोटा, कुलमणि देवकोटा, जगतबहादुर जोशी –चिनियाँलाल बज्राचार्य, कवीन्द्रमान सिंह, चेतवहादुर कुँवर आदि साहित्यकारका रूपमा चिनिइसकेका थिए । उहाँहरूलाई प्रत्यक्ष साक्षात्कार गर्ने मौका पाएकी हुँ । देवकोटाको **'हुस्सु पथिक'** र जोशीको **'जसवन्ते'** पढेकी पनि हुँ । त्यतिबेला नेपालको काठमाडौ बाहिर अरु ठाउँभन्दा यो ठाउँ रमणीय थियो । श्रीनगरको काखमा अवस्थित सानो आफ्नै शैलीको नगर भएकाले तानसेनमा पहिले देखिनै पर्यटकहरूको आगमन हुन्थ्यो । मिसन अस्पताल भुसलडाँडामा खुले पछि –मिसनका विदेशी डाक्टर तथा अन्य पनि तानसेनमा निरन्तर आउने क्रम क्रमशः बढ्दै गएको थियो ।

अहिले राजनैतिक परिवर्तनबाट तानसेन नगरपालिकाको भौगोलिक क्षेत्र विस्तार भै ज्यादै ठूलो भएकाले अहिले यसले विकासको ठूलो चुनौति सामना गर्नु परेको छ । अझ ग्रामीण भेगलाई नगरपालिकामा समावेश गरिएकाले पुरानो नगर र ग्रामीणभेगको असमानता कम गर्ने र समानुपातिक रूपमा विकास गर्ने दूरदृष्टिको खाँचो छ । संकीर्ण सोच र राजनीतिक आग्रह पूर्वाग्रहलाई पन्छाएर उदारचिन्तनका साथ सम दृष्टि राख्दै विकासका रेखा खिच्नु आजको आवश्यकता हो । मानवीय विकासका दुई पक्ष छन् । एक भौतिक त्यस्तै अर्को आत्मिक वा साँस्कृतिक । यो ठ्याक्कै देश, क्षेत्र,वा नगरकालागि पनि लागु हुन्छ । तानसेन नगर पाल्पा जिल्लाको सदरमुकामका साथै एक स्वायत्त स्थानीय तह हो । तानसेन नगरपालिकाको रूपमा यसको विकासको लागि शिक्षा,स्वास्थ्य, पर्यटनको विकासबाट नै विकास गर्ने लक्ष्य पहिले पनि लिइएको हो । तर अहिले तिनोटैमा चुनौति सिर्जना भएको छ । शिक्षा क्षेत्र विस्तार भएको छ । स्वास्थ्य क्षेत्रमा पनि मेडिकल कलेजको स्थापनाले विकास भएको छ ।

शिक्षा स्वास्थ्य अनि पर्यटन जे भनेपनि हरेक सवालमा स्तरीयताको चुनौति छ । विशेषज्ञताको खाँचो छ खासगरी स्वास्थ्य सेवामा र शिक्षामा गुणस्तरीयताको । पाल्पा तानसेन ती हरेक क्षेत्रमा पहिले अव्वल देखिएका उदाहरण छन् । तर अहिलेको स्तर खस्किएको जो सुकैले अनुभव गर्ने कुरो हो । पर्यटन विकासका लागि बाटो मुख्य अवरोधका रूपमा देखिएको छ । यसमा दृष्टि पुर्‍याउनु अहिलेको आवश्यकता हो । नगरमा प्राचीन कालदेखि चल्दै आएका जात्रा, चाड पर्व, गुठी परम्परा मठ मन्दिर वगैंचा, तलाउ पोखरी, नाच –गान, आदि (जोगाएर) संरक्षण गरी दर्शनीय बनाउनु पनि यहाँको आवश्यकता हो । यस्ता कुरामा हामी चुक्नु हुँदैन । यसतर्फ वर्तमान नगरप्रमुख अशोककुमार शाहीको नेतृत्वमा रहेका जनप्रतिनिधिको ध्यान समयमै जानु वेश हुनेछ । नगरवासीले समृद्ध तानसेन सुखी तानसेनवासी नारा व्यवहारमै अनुभूत गर्न चाहेका छन् ।

**(पूर्व प्रधानाध्यापक, पद्मपव्लिक नमूना माबि तानसेन)**

# मिडियाकर्मीको आँखामा तानसेन नगरपालिकाको दुई वर्ष



– राजेशकुमार अर्याल

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल संविधान कार्यान्वयनको महत्त्वपूर्ण चरणमा लागिपरेको छ। संविधानले परिकल्पना गरे अनुरुप संघीयता हाम्रो देशको लागि नयाँ यात्रा हो। शताब्दियौंदेखिको केन्द्रीकृत शासनलाई संघीय ढाँचामा बदल्नु सहज छैन। नेपालको संविधान बमोजिम तीन तहको निर्वाचन सम्पन्न भएपछि तीनै तहका सरकारहरूले आर्थिक, सामाजिक विकासलाई गति दिने प्रयत्न गरिरहेका छन्।

संविधानको अधिकारसँगै आमआकाङ्क्षा चुलिंदो छ। अर्कोतर्फ सरकारी कामकाजदेखि विकास निर्माणसम्म मौलाएको स्वच्छन्दताको अचुक अस्त्र निर्वाचनलाई मानियो। स्थानीय सरकारले जनप्रतिनिधि पाए, कर्मचारी समयमा पाउन सकेनन्। तत्काल आवश्यक ऐन कानून पनि थिएन। स्थानीय तहको संरचना निर्धारण आयोगले सिफारिस गरेको एक स्थानीय तह बराबर औषतमा ७० कर्मचारीको व्यवस्था त के वडा सचिवसम्मको कर्मचारी सरकारले पठाउन सकेन। केन्द्रीकृत मानसिकता बोकेका जनप्रतिनिधि, निक्षेपित कार्यक्रम सञ्चालन गरेका कर्मचारी र संविधानले दिएको अधिकार र स्रोत साधन सहज वितरण तथा निर्देशित गर्न नेतृत्व चुकेका कारण स्थानीय तहको गतिविधि जनताले वाहवाह गर्ने गरी अगाडि बढ्न सकेन।

संविधान अनुरुप स्थानीय सरकार निर्माण गरिसकेपछि पनि नगरपालिका र गाउँपालिकामा विभिन्न समितिहरू कायम रहेका देखिन्छन्। प्रदेश र स्थानीय तहमा झरेका कतिपय योजना पुनः संघमा फर्किएका छन्। संघ, प्रदेश र स्थानीय तहबाट एकै ठाउँमा खुद्रा योजनाहरू जाने क्रम रोकिएको छैन। संविधानको अनुसूची ८ ले प्रदान गरेका अधिकार र साझा सूचीमा रहेका कतिपय व्यवस्थालाई समयमा प्रबन्ध नगरिदिएका कारण निर्वाचित जनप्रतिनिधिहरूले स्थानीय सरकारलाई आफ्नो योजना बमोजिम हिंडाउन सकिरहेका छैनन्। यद्यपि निर्वाचनपछिका दुई वर्षमा गरेका काम कारवाही, उपलब्धि र प्रगतिको तुलनात्मक अध्ययन गर्दा तानसेन नगरपालिका अग्रभागमा देखिन्छ।

**तानसेन नगरपालिका र नेतृत्व**

तानसेन पाल्पा जिल्लाको प्राचीन सहर मात्र होइन, राज्यकै मुकामका रूपमा परिचित छ। सेनकालीन शासनकालमा बलियो राज्यको रूपमा रहेको पाल्पाको मुकाम रिब्दीकोट, पूर्णाकोटपछि तानसेन बनेको इतिहास छ। तानसेनलाई पनि कहिले्श्रीनगरु कहिले्तानसेनु भनेर भनिने गरेको पाइन्छ। मानव सभ्यताको विकासक्रममा नाम, थर, वतन र मुकामको नामाकरण र प्रयोगमा एउटै मान्यता धारण गरेको देखिदैन। नेपाल अंग्रेज युद्ध अगाडिका लालमोहर, स्याहामोहर, रुक्कापत्रमा्श्रीनगरु प्रचलनमा ल्याइएको छ भने सुगौली सन्धिपश्चात्तानसेनु को प्रयोग गरिएको छ।

नेपालको संविधान २०७२ जारी भएपछि संघीय गणतन्त्र नेपालको नयाँ प्रशासनिक विभाजनमा तीन तहको संरचना निर्माण भयो। संघ, प्रदेश र स्थानीय तहमध्ये नेपालमा गठन भएका ७५३ स्थानीय तहमध्येको तानसेन एउटा नगरपालिका र पाल्पा जिल्लाको सदरमुकाम हो। कालीको तीरदेखि तिनाउको तीरसम्म १०९.८ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिन पुगेको यो नगरपालिकाले आफूलाई अरुभन्दा पृथक र सेवाप्रवाहमा गतिवान देखाउन पहल प्रयत्न गरिरहेको छ।

तानसेन नगरपालिकामा २०७४ सालको स्थानीय तहको निर्वाचित जनप्रतिनिधिले नेतृत्व गरेको छ, जहाँ पञ्चायतविरुद्धको संघर्ष र शाही निरंकुशताका विरुद्धको आन्दोलनको नेतृत्व गरेका अशोककुमार शाही प्रमुख र महिलामा राजनीतिक जागरण र संगठन गरेकी लक्ष्मीदेवी पाठक उपप्रमुख छिन्। राजनीतिक, वैचारिक र दार्शनिक रूपमा पनि प्रशिक्षित मूल नेतृत्व रहनु तानसेन नगरपालिकाको विकासका निम्ति एउटा सबल पक्ष हो। नगरको समृद्धि र नगरबासीको खुशी प्राप्तिका लागि सबै जनप्रतिनिधिमा समान धारणा भेटिन्छ। जनप्रतिनिधिमा त्यति ठूलो विवाद देखिन्न। तानसेनको विकासका लागि आफ्नोतर्फबाट त्याग गर्न खोजेको देखिन्छ। सामान्य विवाद र बुझाइमा रहने अन्यौल बाहेक सभा र कार्यपालिका बैठक लामो समय चल्दैन, सर्वसम्मत निर्णय भएको देखिन्छ। यद्यपि निर्णय कार्यान्वयनमा बेलाबखतमा समस्याहरू देखिन्छन्। प्रशासनिक उल्झनहरू भेटिन्छन्।

जबसम्म नागरिकले राजनीतिक सुधार होइन, परम्परा र रुढीबादी प्रचलनको सुरक्षा खोज्दछन् तबसम्म विकासको गति बढ्दैन। राजनीतिक विचारधाराद्वारा सुधार गर्न खोज्ने र रुढीबादी प्रचलनको जामा पहिरिनेहरू बीच अनिवार्यतः संघर्ष उत्पन्न हुन्छ। राजनीतिक नेतृत्व (निर्वाचित जनप्रतिनिधि) र यथास्थितिवादी (पुरानो सत्ता नजिक) भएकाहरू बीच खटपट चलिरहेको छ। परिवर्तनको आलाप लगाउने र यथार्थमा परिर्वतन नचाहने शक्ति नै बाधक बनिरहेको छ। जब मानिसहरू वंशात्मक पद्धतिमाथिको आस्था र विश्वासलाई छोडेर लोकतान्त्रिक पक्षपाती बन्न थाल्दछन् तब उनीहरूले असाधारण पाइला अगाडि बढाएको महसुस गर्दछन्।

जहाँ राजनीतिक रूपले सचेत मानिसहरू रहन्छन् त्यहाँ मानिसको सक्रियता र गतिविधि बढी हुन्छ। विकासका लागि आम मानिसहरूको परिचालन महत्त्वपूर्ण हुन्छ। मानिसले आफ्ना माग, चाहना र योजना सरकारसँग पेश गर्दछन्, ती योजनाहरूका विषयमा लेखेर, बोलेर र

प्रदर्शन गरेर दवाव दिन सक्दछन् । नागरिकले विकासका लागि शान्तिपूर्ण रूपमा भेला, सभा सम्मेलन गर्न सक्छन्। आफ्ना माग राख्न र माग उपर सार्वजनिक छलफल चलाउन सक्दछन्। नेपालको संविधानले दिएको नागरिक स्वतन्त्रता प्रयोग गरेर विकासे विमर्श गर्दछन्। यो नै लोकतन्त्रको सुन्दर पक्ष हो। नेतृत्वले लोकतान्त्रिक संस्कार बसाल्न खोजेको देखिन्छ। विकासका योजनाले उपलब्धि देखाइसक्ने बेला भइसकेको छैन यद्यपि त्यसको समीक्षा गर्ने स्थितिमा पुगिसकेको छ।

**पर्यटकीय पूर्वाधार र विकास**

तानसेन नगरपालिकामा निर्वाचित नेतृत्वले सोचेको विकास हो व्यवस्थित सहर र पर्यटकीय नगर। इतिहास, कला र संस्कृतिले धनी, प्राकृतिक रुपले सुन्दर, हावापानी र तापक्रमका हिसाबले एकनास र सहज यातायातको पहुँच भएकाले पर्यटनलाई प्राथमिकता दिइएको देखिन्छ। नगरपालिकाले पाल्पा दरबार संग्रहालयलाई केन्द्र भागमा राखेर रानीमहल र श्रीनगरसहित यहाँका पर्यटकीय सम्पदाको संरक्षण, सम्वर्द्धन, उपयोग र विकासको नीति लिएको देखिन्छ।

नगरपालिकाले पाल्पा दरबार संग्रहालयको परिसरमा हरियो दुबो रोपण गरेर आकर्षक बगैंचा निर्माण गरेको छ। शीतलपाटीको भीमसेन मन्दिर, श्वेत गणेश र लक्ष्मीनारायणको मन्दिरमा पित्तलको छानो राखेर मन्दिर जीर्णोद्धार गऱ्यो। रुरुक्षेत्र रिडीमा दाहसंस्कारस्थल मर्मत संभार गऱ्यो। हृषिकेश मन्दिरको विकासका लागि प्रदेश र नेपाल सरकार (संघीय सरकार) सँग पैरवी गरिरहेको छ। रानीमहलको गुरुयोजना निर्माण गरेको छ, सरोकारवालाको सुझावपछि अन्तिम प्रतिवेदन निस्कँदैछ। रानीमहलमा शौचालय निर्माण, पर्खाल र सरसफाइमा लगानी बढाएको छ। रानीमहल हेर्नेहरूबाट अवलोकन शुल्क लिन टिकटको व्यवस्था गरेको छ। खड्ग शमशेर र तेजकुमारीको आकर्षक फोटो छापेको छ। रानीमहलका ऐतिहासिक सामग्री संकलन गरी दरबारभित्र लघु संग्रहालय निर्माण गर्दैछ। श्रीनगर भ्यू टावर मर्मतसंभार गरी सञ्चालनमा ल्याएको छ। रानीमहल र श्रीनगर उद्यान प्रतिव्यक्ति करीव ३० रुपैयाँ आम्दानी दिने स्थानमा पुगेका छन्, जुन त्यही क्षेत्रको पर्यटन प्रवर्द्धनका निम्ति लगानी गर्ने नीति छ। नगरपालिकाको तथ्याङ्क संकलन र पार्श्वचित्र प्रकाशन गरेको छ। तानसेनको गौरव र शानको रूपमा रहेको रानीमहललाई रेखदेख र संरक्षण गर्ने जिम्मेवारी वहन गर्न अग्रसर देखिन्छ। रानीमहलमा विजुलीवत्ती, खानेपानी व्यवस्थापन र इको पार्क निर्माणले थप पर्यटकलाई आकर्षण पैदा गरेको छ।



शीतलपाटीदेखि एनआइसी एशिया बैंकसम्म ढुंगा छाप्ने काम आरम्भ भएको छ। प्रकृतिले सिंगारेको गुफाचौर जाने बाटो निर्माण गरिएको छ। गणेशधामको रूपमा विकास गर्ने लक्ष्यसहित पूर्वाधार विकासमा ध्यान दिएको गुफाचौरमा करिव दुई हजार लालीगुँरास रोपण गरिएको छ। माण्डव्य आश्रम, सूर्य कुण्डको संरक्षण जस्ता कार्यले ऐतिहासिक स्थलको जगेर्नामा नगरपालिकाको ध्यान स्वतः गएको देखिन्छ। चालु आर्थिक वर्षमा श्रीनगर विग बुद्ध पार्कका लागि ५ करोड बजेट विनियोजन गरेको छ। श्रीनगरमा पर्यटकीय आकर्षण बढाउने उद्देश्यले विशाल बुद्धको मूर्ति निर्माण गर्ने र सुन्दर पार्क बनाउने योजना अघि सारेको छ। पर्यटन समिति गठन गरेको छ जसका माध्यमबाट तानसेनलाई व्यापक बनाउने गतिविधि भइरहेका छन्। फोटो प्रदर्शनी, नौमति (पञ्चै) बाजा प्रतियोगिता, पर्यटन प्रवर्द्धनात्मक कार्य समितिले देखाएका रुप हुन्। प्रदेश सरकारको बजेटमा श्रीनगर डवली निर्माण कार्य अगाडि बढेको छ भने मगर सांस्कृतिक संग्रहालय सहकार्यमा निर्माण गर्ने योजना पनि अगाडि सारेको छ। रणउजीरेश्वरी भगवती मन्दिर क्षेत्रको गुरुयोजना निर्माण गरेको छ तर पुरातत्व विभागको स्वीकृति नपाएका कारण रोकिएको छ। कोकलदेवी मन्दिरलाई पर्यटन प्रवर्द्धन गर्न सार्वजनिक निजी साझेदारीमा काम गर्ने मोडल ल्याएको छ।

**भौतिक पूर्वाधार निर्माण र विकास**

नगरपालिकाको विकासमा भौतिक पूर्वाधार नागरिकले देख्ने र लगानी धेरै हुने क्षेत्र हो। सडक पूर्वाधारलाई पहिलो प्राथमिकता दिएको नगरपालिकाले ग्रामीण क्षेत्रमा सात मिटर चौडा भएको सडक करीव १ सय किलोमिटर खन्ने र विस्तार गर्ने कार्य गरेको छ। बजार क्षेत्रभित्रका महत्त्वपूर्ण सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ, सडकको मर्मत सम्भारपछि खाल्डाखुल्डी देखिंदैन। कालीगण्डकी फास्ट ट्र्याक (तानसेन छेर्लुङ) र होलाङ्दी गुफाचौर मोटरबाटो स्तरोन्नति र सुधारले त्यसक्षेत्रका नागरिकमा उत्साह थपेको छ। तानसेन छेर्लुङ सडकको स्तरोन्नतिले नदीजन्य पदार्थको उत्खनन् र निकासी गरी तानसेनमा निर्माण सामग्री पुऱ्याउन सक्ने अपेक्षा गर्न सकिन्छ। जसले नगरको आन्तरिक स्रोत परिचालनमा समेत सहयोग गर्नेछ।





गुफाचौरमा पहिले सानो गाडी पनि जान सक्दैनथ्यो। छेर्लुङमा बाटोको ग्रेडमा तुलनात्मक सुधार भएको छ। नयाँपाटी सारेम दमकडा मोटरबाटो कालोपत्रे गर्ने कार्य आरम्भ भएको छ। तानसेन टुँडिखेल स्तरोन्नति, दमकडा खेलमैदान बिस्तार र अर्गली खेलमैदान निर्माण कार्य आरम्भ गरेको देखिन्छ। खानेपानीका योजना र विजुली बत्तीको प्रबन्ध मिलाउने

काममा यथेष्ट लगानी भएको देखिन्छ। काठका पोल विस्थापित गर्ने र नियमित विजुली आपूर्ति गर्ने काममा प्रगति हासिल गरेको छ।



**लोककल्याणकारी राज्यको अवधारणा र तानसेन नगर सरकार**

नगरपालिकाले संघ र प्रदेशले लोककल्याणकारी राज्यअन्तर्गत सञ्चालन गरेका कार्यक्रमहरूलाई प्रभावकारी मात्र बनाएको छैन, आफै लोककल्याकारी कार्यक्रम अगाडि सारेर जनताको हित सोच्ने सरकारको रूपमा अगाडि बढेको छ। आर्थिक अवस्था कमजोर भएका वर्ग मूलतः दलित, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको स्वास्थ्य बीमा प्रिमियम शुल्क नगरपालिकाले तिरिदिने गरेको छ। नगरपालिकाका १४ वटै वडाका दलित, अल्पसङ्ख्यक, महिला स्वास्थ्य स्वयंयसेविका, सरसफाइकर्मी र गरीव समेत गरेर यस आर्थिक वर्षदेखि करीव १७०० परिवारको बीमा गरेर आर्थिक अभावका कारण औषधोपचार गर्न नसक्ने वर्गको हितमा सरकार छ भन्ने अनुभूति गराएको छ। ज्येष्ठ नागरिकको घरदैलोमै पुगेर स्वास्थ्य जाँच गर्ने कार्य सुरु गरेको छ। महिलाको पाठेघर परीक्षण अभियान, महिला सचेतना कार्यक्रम सञ्चालन गरी नगर सरकारप्रति नागरिकको अपनत्व बढाउने काम भएका छन्। बालबालिका र ज्येष्ठ नागरिकको संरक्षणको पहल थालेको छ। तानसेनको सिविआरमा सेफ हाउस सञ्चालन र दमकडामा न्यानो शीतल घर निर्माण कार्यले असहाय र असक्त नागरिकको पक्षमा सरकार रहेको महसुस गर्न सकिन्छ। घरघरमा स्वास्थ्य सेवा अभियान र सरकारले प्रदान गरेको निःशुल्क औषधिमा थप दुई औषधि स्वास्थ्य चौकीलाई प्रदान गरेको छ। यसरी सरकारको दायित्व घरघरसम्म बढाएको देखिन्छ।

**युवा स्वरोजगार र महिला सीप विकास कार्यक्रम**

राजनीतिक व्यवस्था परिवर्तनका निम्ति अग्रिम भागमा उभिने युवाहरूले परिवर्तनको महसुस गर्न नपाएको गुनासो गर्ने अवस्थालाई अन्त्य गर्न तानसेन नगरपालिकाले पहिलोपटक युवा स्वरोजगार कार्यक्रम शुरु गरेको छ। नगरभित्रका युवाहरूलाई संगठित र उद्यमशीलतामा उत्प्रेरित गर्न तानसेन नगर युवा परिषद् गठन गरेर रचनात्मक कार्यक्रम सञ्चालन गरिरहेको छ। नगरपालिकाको जमानीमा ४० वर्ष मुनिका युवा, वैदेशिक रोजगारबाट फर्किएका, महिला, दलित र स्नातक तह उत्तीर्ण युवालाई युनएनडिपी र नेपाल बैंक लिमिटेडसँगको सहकार्यमा प्रस्ताव हेरी विना धितो ऋण प्रवाह गर्ने काम सुरु भएको छ। चालु वर्षभित्र कम्तिमा १ सय जना युवा यो कार्यक्रमबाट लाभान्वित हुनेछन्। महिला स्वरोजगार अन्तर्गत कमजोर आय भएकाहरूलाई बाख्रा, कुखुरा र सिलाइ मेशिन वितरण गरी सीप विकास र आयआर्जनमा टेवा पुऱ्याउने कार्य गरेको छ। दायित्व संस्थासँग युवा उद्यमशीलता अभिबृद्धिका लागि सहकार्य गरेको छ।



उत्पादक शक्ति, परिवर्तनको पक्षमा उभिने शक्ति युवालाई विकासका कार्यक्रममा साझेदार बनाउने साँचो अभ्यास तानसेनले शुरु गरेको छ। छिमेकी पालिकाहरूले यो कार्यक्रम आफ्नोमा पनि शुरु गर्न खोजेको देखिन्छ। आर्थिक स्वतन्त्रता खोजिरहेका युवाहरूलाई स्वरोजगारको अभियानमार्फत् परिवर्तनप्रति सकारात्मक बनाउने कोशिस भएको छ। नकारात्मक धारणा हटाएर उद्यमशीलता विकास गरेर लैजान सके धेरै राम्रो हुनेछ। प्राविधिक शिक्षाको अभाव छ, पढेलेखेका युवा विदेश ताक्ने अवस्था देखिन्छ। लागू औषध, मदिरा र आपराधिक क्रियाकलापबाट मुक्त राख्न युवालाई नै कार्यक्रम दिएको देखिन्छ। मुलुक र माटोप्रति गौरव बढाउने कुरामा लगाउन सके युवाले पक्कै तानसेन नगरपालिकालाई साथ दिनेछन्।

कृषि विना विकास सम्भव छैन। कृषि क्षेत्रमा बजेट विनियोजनमा प्राथमिकता दिएको छ। आर्थिक उन्नति र समृद्धिका लागि चालु वर्षको बजेटको प्राथमिकता परिवर्तन गरेको छ। वृक्षरोपण वर्षको रूपमा अगाडि बढेको छ। फूल, फलफूल र महत्त्वपूर्ण वनस्पति रोपणमा ध्यान दिएको देखिन्छ। कृषि उत्पादन बृद्धिका लागि उत्पादन, प्रविधि र बीउमा अनुदान दिने योजना कार्यान्वयन गर्दै आएको छ भने चालु आर्थिक वर्षमा निरन्तरता दिएको छ।

**शिक्षा र स्वास्थ्य**

संविधानले माध्यमिक तहसम्मको शिक्षा हेर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। नगरपालिकाभित्र रहेका बालविकास केन्द्र, आधारभूत तह, माध्यमिक तह, क्याम्पस, प्राविधिक शिक्षालय र विद्याश्रम गरी कूल १५९ संस्थाले शिक्षा प्रदान गर्ने कार्य गरिरहेका छन्। यस नगरपालिकाले शिक्षामा कार्यसम्पादनका आधारमा पुरस्कृत गर्ने गरेको छ। शिक्षालाई मौलिक बनाउने सोच अगाडि सारेको छ। शिक्षाका लागि सामाजिक, वातावरणीय सम्भावना राम्रो छ। संविधान पढेर नागरिकले

धेरै अपेक्षा गर्ने गरेका छन्। गुणस्तरसुदृढ बनिसकेको छैन। स्रोतको कमी छ। संक्रमणकाल भएकाले नीतिगत समस्या देखिन्छ।

**गुणस्तरीय जीवन**

आधारभूत कुरा विजुली, बाटो र खानेपानीमा धेरै काम भए। काठको पोल विस्थापन गरी फलामको पोल राख्ने कार्य भएका छन्। विजुलीमा सुधार छ। बाटो धेरै किलोमिटर खनिएको छ। पक्की बनाउने, नाली बनाउने र बाटोको स्तरोन्नतिको काम सुरु हुँदैछ। एक घर एक धारामा काम अगाडि बढेको छ। नगरपालिकाको मुख्य बजारमा खानेपानीको नयाँ दुई वटा प्रोजेक्टमा काम भइरहेको छ। कालीगण्डकी लिफ्ट र प्रभास सहलगानी खानेपानीको दुबै योजना अन्तिम चरणमा पुगेको छ। सानातिना आयोजनाको मर्मतसम्भार गरिएको छ। भुसलडाँडा, बर्तुङ र तेल्घामा मर्मतको काम गरिएको छ। सुधारात्मक काम प्रशस्त भएका छन्। नगरभित्रको सरसफाइ, फोहर उठाउने कार्यमा धेरै सुधार भएको छ, जसले तानसेनलाई सुगन्धित बनाइरहेको छ।

**निजी क्षेत्रलाई आकर्षित गर्ने अवधारणा**

नगरपालिकाले निजी क्षेत्रलाई विकासमा साझेदारी गर्न अपिल गरेको छ। नगरपालिका आफैले बीस वटा योजना तयार गरी लगानीमैत्री नगरपालिका बनाउन अग्रसर छ। लगानी मैत्री ऐन कानून पारित गऱ्यो लगानी सम्मेलन गर्दैछ। विकासमा जबसम्म निजी क्षेत्रले साझेदारी गर्दैन तबसम्म विकासको गति बढ्दैन भन्ने कुरा सिंगो नगरपालिकाले बोध गरेको छ। लगानी सम्मेलनका लागि इपिआइले सहयोग गर्दैछ।

**आन्तरिक स्रोत परिचालन**

पहाडी भेगको नगरपालिका भएकाले तानसेनको आन्तरिक स्रोत त्यति राम्रो छैन। चालु खर्च थेग्न नसक्ने स्रोतले विकास निर्माण बजेट बढाउन सक्ने कुरै भएन। यद्यपि दूरदृष्टि राख्ने नेतृत्वका कारण आन्तरिक स्रोत गत आर्थिक वर्ष प्रक्षेपण गरेभन्दा बढेको देखिन्छ। गत वर्ष पाँच करोड पैंतालिस हजार उठाएको छ। चालु वर्षमा ८ करोड उठाउने योजना अगाडि सारेको छ। कम्तिमा जनप्रतिनिधिको यो कार्यकालसम्म चालु खर्च पुगोस् भन्ने अपेक्षा गरेको छ। तानसेन नगरपालिकाको हकमा तेह्र करोडको लक्ष्य त्यति महत्त्वाकाङ्क्षी पनि होइन। आत्मनिर्भर नगरपालिका बन्न सके त्यो धेरै ठूलो सफलता हुनेछ।

**नगरवासीले सम्झने र भन्ने कुरा**

आधारभूत तहका नागरिकले बीमाको कुरा सम्झिएका छन्। कालीगण्डकी फास्ट ट्र्याक खुल्यो र आवतजावत गर्न सजिलो भयो भनेका छन्। पुरानो सहरको स्वरुप फर्काउन खोज्छ कि भन्ने आश जगाएका छन्। शीत्तलपाटी क्षेत्रमा ढुंगा छाप्ने काम हेरिरहेका छन्। बुढाबुढीले घरघरै स्वास्थ्यकर्मी पठाएको कुरा राम्रो मानेका छन्।

कतिपय नगरबासीले काम सम्पन्न नहुँदै योजनाको प्रचार गरेको मन पराएका छैनन्। एकांकी प्रचार गर्ने काम निको मानेका छैनन्। जनप्रतिनिधि समर्पित र इमान्दार छन्। गति बढाउन सकिरहेका छैनन् भन्ने गरेका छन्। वित्तीय प्रगति राम्रो देखाउँछन्, भौतिक र सामाजिक प्रगति भन्दैनन्। बहुसंख्यक मानिसहरू नगरको गतिविधिप्रति सकारात्मक नै छन्। मनोवल बढेको छ भन्छन्। कतिपयले प्रशंसाको आँखाले हेरिरहेका छन्।

एउटा तप्का विकासका पूर्वाधार निर्माणप्रति सन्तुष्ट छैन्। विकास निर्माणको काम र प्राथमिकता मिलेन भन्नेहरू पनि छन्। नगरपालिकाले लगानी अनुसारको प्रतिफल र उत्पादन दिन सकेको छैन। मसिना काममा मात्र बढी खर्च देखिन्छ। वृद्धवृद्धा, अपाङ्गता भएका, दलित, अल्पसङ्ख्यक समुदायलाई स्वास्थ्य सुविधा, स्वास्थ्य बीमा जस्ता कार्यक्रममा लगानी बढी देखिन्छ। अस्पताल, स्वास्थ्यचौकी राम्रो बनाउने कि डाक्टर घरघरमा पठाउने वहस भएको छ। योजनाको, कर्मचारीको कार्यशैलीको समीक्षा गरे हुन्थ्यो भन्नेहरू छन्। विकासको गति बढे हुन्थ्यो, नीतिगत कुरा समयमै दिए हुन्थ्यो भनिरहेका छन्। यो बौद्धिक वहसले नगरपालिकामा प्रकाश छरेको छ। सकारात्मक, आलोचनात्मक र समालोचनात्मक रुपले सोच्नेहरू सबै तानसेनको हित, भलो चाहनेहरू हुन्।

**कला संस्कृति, तानसेनको समृद्धि**

तानसेन इतिहास, कला र संस्कृतिले सम्पन्न छ। विविध जाति र समुदायको बसोबास भएकाले सांस्कृतिक वैभव छ। बजारमा मनाइने २५/२६ वटा जात्राहरूलाई सघाएको छ। मन्दिर मर्मत संभार र ऐतिहासिक स्थलमा विजुलीवत्ती जडान गरेको छ। तानसेनको कला, संस्कृति र पौरखलाई चिनाउनका लागि लघु वृत्तचित्र निर्माणमा लगानी गरेको छ। नेपाल भ्रमण वर्षसँग जोडेर तानसेनका सामग्री तयार गरिरहेको छ। पर्यटनका लागि प्रवेशद्वारका रूपमा रहेको सिद्धबाबाको सडक सुधारका लागि निरन्तर दवाव बढाएको छ। तिनाउ गाउँपालिकाको अभियानमा साथ दिएर झुम्सा चरङ्गे बाइपासमा लगानी गऱ्यो। नेपाल अंग्रेज युद्ध, राष्ट्रिय स्वाभिमान र भगवती रथयात्रालाई बढावा दियो। पाल्पाली ढाका र करुवाको प्रवर्द्धन गर्ने कार्यक्रमका लागि बजेट छुट्यायो।

**मिडियासँग सहकार्य र पत्रकारिताको विकास**

तानसेन नगरपालिकाले पत्रकारिताको विकास र विकासमा पत्रकारिताको सहयोग लिने मामिलामा नेपालमै अग्रपंक्तिमा देखिन्छ।




हालका नगरप्रमुख अशोककुमार शाही मेयर रहेकै बेला विगतमा नेपाल पत्रकार महासंघ पाल्पासँग सहयोग र सहकार्य प्रारम्भ भएको थियो। स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन माध्यमलाई नीतिगत रुपमै सहयोग गर्ने गरेको छ। समानुपातिक विज्ञापन नीति कार्यान्वयनमा लैजाने तयारी गरेको छ। नेपाल कम्युनिष्ट पार्टीका

संस्थापक पुष्पलालको नाममा पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष स्थापना गरी पत्रकारिता क्षेत्रको महत्त्वलाई उजागर गरेको छ। **हाम्रो तानसेन** नामक बुलेटिन त्रैमासिक रूपमा प्रकाशन गरी आफ्ना योजना र गतिविधि सार्वजनिक गर्ने कार्य गरेको छ। नेपाल पत्रकार महासंघ पाल्पाका पूर्व सभापति गोविन्दप्रसाद भट्टराईलाई प्रेस सल्लाहकारको रूपमा नियुक्त गरी प्रेस र सरकार बीचको सम्बन्ध सुमधुर बनाउने कोशिश गरेको छ। नेपाल पत्रकार महासंघसँग सञ्चारसँग सम्बन्धित विषयमा नियमित सरसल्लाह लिने गरेको छ।

पूँजीवादी चरित्र र उपभोक्तावादी चिन्तनका कारण हरेक मानिस प्रशंसामा खुशी र आलोचनामा बेखुशी हुने गरेको पाइन्छ। समग्रमा तानसेन नगरपालिकाको सन्दर्भमा मिडियाले न अतिरञ्जित आलोचना गरेको छ न अतिरञ्जित प्रशंसा नै। विषय र समय अनुसार सवल र दुर्बल पक्ष औंल्याउने गरेका छन्। अपवादका कुरा अलग भए।

**अन्तर्राष्ट्रिय सम्वन्ध विस्तार**

तानसेन नगरपालिकामा जनप्रतिनिधिले नेतृत्व गरे यता अन्तर्राष्ट्रिय सम्वन्ध विस्तारका काम अगाडि बढेका छन्। छिमेकी देश चीनको सिचुवान प्रान्तको लसान नगरसँग गत वर्ष तानसेनको मैत्रीपूर्ण भगिनी सम्वन्ध स्थापना भएको छ। त्यस्तै अन्य देशका केही नगरहरूसँग छलफल अगाडि बढेको छ।




चीनको लसान नगर र नेपालको तानसेन नगरपालिकाबीच
सुसम्बन्ध कायम भएको अवसरमा जारी संयुक्त वक्तव्य

**जनप्रतिनिधिको अनुभव, नागरिकको सोच र आगामी कार्यदिशा**

अधिकांश स्थानीय तहका जनप्रतिनिधि झैं तानसेनका जनप्रतिनिधिले निर्वाचनका बेला राखेका महत्त्वकाङ्क्षा, निर्वाचनपछि लागु गर्न चुनौति हुने गरेको स्वीकार गर्दछन्। इमान्दारिताका साथ भन्छन्, –पहिलो वर्ष सोचेअनुसार काम भएन। दोस्रो वर्षबाट कामले गति लिएको छ। काम शुरु गर्दा रणनीतिक महत्त्व, लगानीको विश्लेषण र प्रतिफलमा विश्लेषण कम हुने गरेको छ। विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना नै हुँदैनन्, जनताको मागलाई नै योजना बनाउने गरिएको अनुभव सुनाउँछन्। सामान्य ५/१० हजारका योजनादेखि करोडसम्मका योजना आउँछन्। योजनाको महत्त्व बुझ्ने र कार्यान्वयन गराउने जनशक्तिको अभाव देख्छन्। खुद्रे योजना भन्दा दीर्घकालीन योजनामा जोड दिनुपर्ने अवस्था छ।

नागरिकले स्थानीय सरकारको महत्त्व बुझेका छैनन्। स्थानीय सरकारले आफै कानुन बनाउने र लागु गर्ने निकाय हो भन्ने बुझाइ छैन। धेरैजसोमा नियम मिच्ने मानसिकता देखिन्छ। दिगो विकासका सन्दर्भमा तानसेनको मोडेल के हो ? आधुनिकताको नाममा जाने कि मौलिकता बचाउने ? यो प्रश्नमा भने जनप्रतिनिधिहरू एकोहोरिन्छन्। तानसेनका केही सम्पदा युनेस्कोमा सम्पदा सूचीमा सिफारिस भएको छ। सूचीकृत हुन सक्ने अवस्था छैन। टक्सारटोललाई परम्परागत सहरको रूपमा विकास गर्ने अवधारणा अगाडि सारेको पाइन्छ। घरका झ्यालढोकालाई नेवारीकरण र नेपालीकरण गर्न प्रेरित गर्ने नगरपालिकाको सोच छ। तर मानिसहरू सिमेन्टकै पक्की घरतर्फ लालायित छन्।

कतिपयको दास, सामन्ती युगको जीवनशैली छ। नेतृत्व र अगुवाहरू नै यथास्थितिमा छन्। समाजभन्दा आफूलाई फरक मान्नेहरूको जीवनशैलीमा नै सामन्तकालीन संस्कार भेटिन्छ। कर्मचारी सेवक होइन, शासक जस्ता छन्। जनता समृद्धिको पक्षमा छन्, प्रगतिको पक्षमा छन् तर त्यो रुपलाई साकार पार्न आभिजात्य वर्गको गुण बाधक बनिरहेको देखिन्छ। केही कर्मचारीहरूमा अघोषित सत्ता खोसिन्छ भन्ने मानसिकता छ। चेतना अभिवृद्धि गर्ने काम र कारवाही अघि सार्नु पर्छ। स्थिर अवस्थालाई गतिमा बदल्ने काममा स्थानीय सरकारले अगुवाई गर्नुपर्ने अवस्था छ। सरकारले नीति, कानून बनाउने हो, त्यसलाई प्रयोग, उपयोग र कार्यान्वयन गर्न सघाउने जिम्मेवारी नागरिककै हो। नगरपालिकाले सञ्चालन गरेका दुई तिहाई योजना अल्पकालीन छन्, एक तिहाई मध्यकालीन हुन्छन्। दीर्घकालीन प्रभाव पार्ने योजना एकदमै थोरै छन्। धेरै योजना बजेट पऱ्यो, खर्च भयो र सम्पन्न भयो भन्ने अवस्थाका देखिन्छन्।

स्रोत र साधन कमी हुनु, जनताको संघर्षबाट संविधानले स्थापित गरेका नीतिगत कुरा स्थानीय तहसम्म आउन ढिला हुनु, कर्मचारीको दरबन्दी समयमा पूर्ति हुन नसक्नु तानसेनका अहिलेका चुनौतिहरू हुन्। तीन वटै तहमा कम्युनिष्ट सरकार हुने र घोषणापत्रमा सार्वजनिक गरेका कार्यक्रम पहिलो वर्षमै ल्याएन भन्ने नागरिकको बुझाई हुनु पनि आलोचना बढ्नुका कारणहरू हुन्। साना चासो र सरोकारमा ध्यान नदिने, ठूला परियोजना घोषणा गर्ने तर समयमा सम्पन्न गर्न नसक्ने अवस्था नसच्याउने हो भने नेतृत्वप्रति अविश्वास बढ्न सक्छ। श्रीनगर विग बुद्ध पार्क, क्राफ्ट भिलेज, माण्डव्य सरोवर, दमकडा खेलमैदान र टुँडिखेल सौन्दर्यकरण, आधुनिक बसपार्क, गणेशधाम, हृषिकेश मोक्षसरोबर घोषणापत्रमा देखाउने हात्तीको दाँत जस्तै हो कि कार्यान्वयन गर्ने कार्यक्रम पनि हो भनेर नागरिकले सोधखोज गर्ने बेला आउँदैछ। व्यवस्थित सहर र पर्यटकीय नगरको नारा घन्काउने मात्र हो कि पर्यटक ल्याएर समृद्धि हासिल गर्ने हो नागरिकले सोध्ने बेला आउँदैछ।

शिवपोखरीको ल्याण्डफिल्ड साइट अझै चलेन। नक्सापासको समस्या अझै हटेन। वडाबाटै सबै सेवा प्राप्त हुन सकेन। बोलेको कुरा भएन, गर्छु भनेको कुरा गरेन, दिन्छु भनेको कुरा दिएन भन्नेहरू पनि छन्। आलोचना र टिप्पणीको नाममा गालीगलौजमा उत्रने कुरा होइन, हिजो तपाईंलाई पत्याएर भोट दिनेहरूले पनि खुसुखुसु कुरा गर्न थालेका छन्। अझै तीन वर्ष कार्यकाल बाँकी छ, कार्यदिशा र कार्यशैलीको समीक्षा गरेर अगाडि बढ्ने हो कि ? तानसेन सरकारको नेतृत्व गरेका व्यक्ति प्रति नै यी सवाल लक्षित छन्। तसर्थ अनुभवी नगरप्रमुखले व्यवहारबाटै जवाफ दिंदा तानसेनवासीले न्यायोचित ठान्नेछन्।

**(अध्यक्ष, नेपाल पत्रकार महासंघ पाल्पा)**

कविता

# भन्छ यो तानसेन



-डिल्लीराज अर्याल

राम्दी, लाम्दी, दरपुक भनूँ या भनूँ रानिघाट
अर्तुङ्गा, छेर्लुङ, रूरू, रिडी जे भनूँ तीर्थ, घाट
यै कालीको जल र बलमा हौंसिइस् तानसेन !
आऊँ, गाऊँ भजन  कि कुनै काम थालूँ नवीन !

झाम्रे, तीजी, भजन, करूवा, सोरठी, फागु भैलो
मालश्री वा श्रम र बहको, दाइँको, प्रेम-थैलो
जेजे जस्ता जति पनि बने गीत जानेर हाम्रो
सोचें आफ्नैपन छ तिनमा,खोजको काम हाम्रो

श्रद्धा पोखी युगभर त्यहीं बस्न आऊँ बसूँ म !
राम्रो माटो समथर गह्रा, खेत-कान्ला खनूँ म !
यो कालीको जललहर के प्यूँनलाई खिचूँ म
या कालीकै जलबगरकै झैं शिला नै रचूँ म ?

या माडीको रसमय धरा खेत जोतूँ फिरी म?
खोला साना अतिशय बने, खै भरूँ के गरी म?
जम्मै खोला सहमत भए बस्छु केही गरी म
सिङ्गै माडी सतत हरियो राख्छु खेती गरी म

त्यस्ता त्यस्ता रहर, क्षमता बिर्सिएँ आज मैले !
त्यत्रा त्यस्ता श्रम र पसिना बिर्सिएँ आज मैले !
आफै जिम्मा लिन चरनको पर्दथ्यो आज मैले !
जिम्मेवारी सकल युगको हुन्नथ्यो भुल्न मैले !

त्यत्रो खेती, ढल र जलको रूपमा मख्ख फाँट
रूख्खा सुख्खा अतिशय भयो भो घडेरी उराठ
यस्तै चाला यदि अझ रहे मासिए खेत फाँट
भोकै बस्ने दिन नजिकियो, भन्छ पर्वास फाँट

टाढै भन्ने पनि नजिकिंदा ती कुशेनी,धुसेनी
टाढै बस्ने रहर किन ए लालपाटी ! कसेनी !
आए काली नजिक नजिकै रूद्रवेणी र बेनी
बस्छस् आफ्नै सुर लय सधै गाउँदै कागबेनी !

देख्दादेख्दै पनि बगरमा चिल्लिँदा शालिग्राम
बन्दाबन्दै पनि त बिचमा तीर्थ वा पुण्यधाम
खै आफैले जतन तिनको गर्न खोज्ने समाज
हल्ला प्यारो हुनु नबुझिने राज बन्दैछ आज !

जम्मै चारैतिर सजग भै हेर यो तानसेन
देऊ अर्ती प्रगतिपथको हेर चाला र काम
सक्छौ चाहे सहमत भई गर्न वा रोक्न काम
सक्छौ चाहे त्रुटि, विकृतिमा होस् सधै रोकथाम।

हामी आफै यदि अघि सरे हुन्छ भन्ने छ थाहा
हामी अल्छी प्रतिदिन भयौं छैन यो के र थाहा ?
जान्दाजान्दै पनि जब सधै भोग्दछौं पीर घाहा
आफै केही दिन पछि त्यसै बन्नुपर्नेछ पाहा

तिम्रै आशा अब भगवती गर्दछिन् आज हेर
आशा जाग्दा गणपति स्वयं बोल्न लाग्दैन बेर
आफै नारायण, शिव तथा बुद्ध बस्छन् गमेर
भन्छन् भेटे सबल अगुवा, बन्न लाग्दैन बेर !

मेरा जम्मै दिन जब त्यसै खेलमा जान थाल्छन्
काखा-पाखा परिजन स्वयं गर्दछन्, जाल हाल्छन्
त्यो वेलामा भ्रम रहित भै मौनता बोल्न थाल्छन्
आफ्नो चासो सबसित लथालिङ्ग भै खोल्न थाल्छन्

'हामी आफै अब अघि सरौं'-भन्छ यो तानसेन
'हामी आफै अब बल गरौं'-भन्छ यो तानसेन
चल्दा हाम्रै सबल भुज यी बन्छ मैदान शैल
साँच्चै राम्रो अभिमत लिई देशमा फैल फैल ॥

**(वरिष्ठ साहित्यकार तथा स्वतन्त्र पत्रकार)**

# TANSEN: CORE TO THE DOOR



Gopal Prasad Bashyal

The Constitution of Nepal restructured the centralized governing system of Nepal to three-tiers of federal, provincial and local government. The first election of all these three governments was completed and all level governments are functioning at normal pace. The small territory of Tansen, established as Municipality in 1949, is expanded to Madanpokhara in the south and Argali in the north-west including rural area of former five Village Development Committees (VDCs) in 2015. The area of Tansen is 109.8 square kilometre and almost 50 thousand people reside there. Although Tansen was recognized as a Municipality long ago, there is very little internal resource. There is only three hundred six million and three hundred thousand total income (sharing of only forty six million four hundred thousand internal income) in fiscal year 2073/074 BS whereas the expenditure is six hundred ninety-one million one hundred thousand. There is expenditure more than double of total income and 1492.45 percentage more than internal income. This means there is very little of internal income and most of developmental activities depend upon the contribution of central government and the donors explored for particular projects. Therefore, the Municipal representatives are strangled by the limitation of budget and other resources. It seems that there is not any easy way to address people's needs and meet the targets of public announcements during election campaigns.

Despite of financial challenges, Tansen Municipality has commenced to act on some significant projects which might affect the overall development of Tansen and also make rural areas more functional. There was always a big issue of bus park which is really a small one and even the Tundikhel was occupied by private vehicles. The beauty of Tundhikhel was ruined by improper parking of vehicles and there was always danger of busy narrow road at the bus park area. Many years were spent on finding place for making bus park. Finally the present local government got success to seek agreement among people, political parties and completed legal procedures to make bus park at Bandevi area which is at the western side of Tansen town area. It took almost two years just to obtain local consent and permission of the government of Nepal since it's a forest area. When this is completed, the traffic in Tansen will be well-managed; Tundhikhel and surrounding areas will be beautified; and road safety will be entertained. The bus park will also expand residences at the west part of Tansen town area as well.

The Mayor Ashok Kumar Shahi has keen interest to beautify the core area of Tansen and extend development activities to the urban sites. The project of stone paving streets at the core of Tansen began at the door of Goddess Bhagawati temple and stopped at Shittalpati. The major streets of town area will be stone-paved in the running fiscal year. This will definitely enrich the beauty and make Tansen famous as the city of stone-paved streets. The other small internal link paths are black topped and made easier move of small vehicles. As Tansen city is highly populated with Newars who are mostly Buddhists and being a cool hill station there is possibility of attracting pilgrims at Lumbini which is only 65 Kilometre south of Tansen, a huge idol of Lord Buddha will be erected at Shreenagar hill soon. There is sister relationship with Lushan Municipality of China and Tansen Municipality and some joint projects are expected to be materialized to foster cultural understanding among people of both countries. The success of Big Buddha project will certainly attract tourists who go to Lumbini to visit Tansen as a tributary visit to Lord Buddha. Similarly, a graveled road to Guphachour, Telgha is constructed where a 18.5 feet tall Ganesh idol will be placed. This is only 10 kilometer from Tansen and surrounded by beautiful herbal vegetation. A Ganesh temple, house for devotees and other infrastructure for developing this hill as religious pilgrimage for Hindus have begun. These two big projects and other beautification and lightings of temples, Bihars, mosques and churches ensure cultural and religious values.

Tansen worked for legal and organizational preparations in the first year. Altogether 34 bills are approved to regularize functions of Tansen government. The second year was mainly a year of road construction. 7 kilometer road was blacktopped and around 100 kilometer road was track-opened. A very significant road construction project is linking Tansen to Kaligandaki corridor at Chherlung. This is only 13 kilometer

and a very short by-pass to link Tansen to the Kaligandaki corridor. It provides easy access to visitors and also to the local people to visit Tansen for different purposes. It makes easier for marketing local products which will certainly support income generation and improve living of people of the area. The Ganesh temple at Guphachour, Telgha and link road to Kaligandaki corridor are two catalyst projects which will expand linkage to Tansen city and its rural areas in the south-west and north respectively. Likewise, Tansen has two big cultural heritages: Rishikeshav temple, Ridi and Ranimahal. The Municipality has received management of Ranimahal contract for ten years. The palace is visited by hundreds of people every day. The Municipality is making a master plan for its effective management and invites more visitors there. It will create a huge opportunity of tourism development and enrich socio-economic status of people of Ward No. 13. It is needed to work jointly with Bagnaskali Rural Municipality since the benefits are shared by the residents of that area as well. Tansen has initiated this cooperation with Bagnaskali and a joint meeting of the Chiefs and other representative of both local bodies was hosted by Tansen Municipality and reached in to consensus to work jointly in the possible areas.

The next remarkable work of Tansen Municipality is social service to the target community. Perhaps Tansen is the first local government who invested huge money for health insurance of people. Altogether around 17 hundred people of dalit, indigenous and sweepers and sanitation staffs of Tansen Municipality are benefitted by this contribution on health insurance. Likewise, there is at-the-door health check up and treatment services to senior citizens at each ward. This kind of social services including recognition to the senior citizens have been effective and they are obtaining services at home. Even the youths receive loan support of five lakh rupees as seed money without any bond deposit. This is a youth self-employed project in operation with Nepal Bank Limited in technical guidance of World Bank. Deputy Mayor Laxmi Pathak looks happy to become successful to provide services to the senior citizens, women and youths and expects that the youths self-employed loan support will motivate youths to start some productive works, especially related to agriculture, and stop flying abroad for getting jobs. These activities will certainly bring some changes in the life of local people after some period of continuation.

Besides finance and resources, there are other challenges for the development of Tansen. It's an old city. Therefore, the streets are narrow and it seems it's impossible to expand streets in this kind of hill area. There was a very rude incident observed as the Municipality decided to take measurement of possible loss of property if the road to Tamghas is expanded. However, the Municipality began expanding road at unoccupied areas thinking that the others will realize pressure of government initiatives to widen roads. There is a serious problem of preserving traditional cultural identity and ignore the rest of development activities initiated and inspected to reach the assigned standards. Or it's urgent to find ways of making Tansen a busy hill station, not a cool lost hill. Similarly, as Tundikhel is under reformatting its face, the other parks and public places should be identified, beautified and exploited for recreation using their income for sustainable development and preservation. Another big challenge is outreach to rural areas. There is dire need of balanced development of urban and rural areas. The biggest challenge for the development of Tansen is Dobhan sector of Siddhartha highway which has attracted some national budget for the construction of tunnel road. It demands a joint effort of all three governments to begin and complete the construction project in time. After that a large number of visitors to Lunbini and residents of terai will enjoy the cool and peaceful environment of Tansen.

Tansen has possibility of tourism as the primary solution of income generation for the government and people. The other sectors like education, health, agriculture, micro industries are not sufficiently sustainable though they can contribute a lot for promoting economic and social activities in Tansen. The Ranimahal, Bhagwati and Amarnarayan temples, the Rhishikesh temple at Ridi, the Palpa Darbar or the Province Museum, Shreenagar hill and proposed Big Buddha and Ganesh temple can attract many visitors for experiencing true love, history, spiritual peace and natural beauty of long mountain range and foothills. The agro-horticulture products of Madanpokhara and Argali, handloom Dhaka clothes and Palpali karuwa, cultures of Newars like 9 day jatras in August, Magar folk culture are other few properties of Tansen to highlight. Home stay service is increasing. However, there is a lot to upgrade hotels for hospitality and amenities to allure tourists and increase overnight stay. At the same time, the local people must take advantages of these businesses related to tourism. Therefore, the local government, private and corporate institutions should work in collaboration to promote micro industries like handloom clothes and souvenir items. It's crystal clear that Tansen has very limited income but there are possibilities of advancing it only if both the government and private sectors, including individuals and institutions, work hard to make some visible changes at required standards.

(Journalist)

# नगरबासीको घर-घरमा स्वास्थ्य सेवा अभियान तानसेनको लोककल्याणकारी कामको नमूना



**- रेखीराम राना**

तानसेन नगरपालिकाले सुरु गरेका विभिन्न कार्यक्रमहरूमध्ये जेष्ठ नागरिक, अशक्त र विपन्नलाई सकारात्मक प्रभाव पारेको कार्यक्रम हो **"घरघरमा स्यास्थ्य सेवा अभियान कार्यक्रम"**। तानसेन नगरभित्रका ६० वर्ष माथि उमेर नाघेका नागरिकहरूले यो कार्यक्रम सुरु भएपछि सरकार घरमै आएको महसुस गरे। नगरभित्रका विपन्न, अशक्त, बृद्धबृद्धालाई लक्षित गरेर आर्थिक वर्ष २०/०७६ देखि नगरपालिकाले घरघरमा स्वास्थ्य सेवा सुरु गरेको थियो।



नेपालको संविधानमा देशका सबै नागरिकले सुलभ रूपमा स्वास्थ्य, शिक्षा सहितका अन्य आधारभूत सेवा पाउने उसको मौलिक हक हुनेछ भनिएको छ। यही मर्म र भावना अनुसार घरघरमा स्वास्थ्य सेवा अभियान कार्यक्रम सुरु गरेको तानसेनका नगरप्रमुख अशोककुमार शाही बताउनुहुन्छ। नगरप्रमुख शाहीले भन्नुभयो–"संविधानमै स्वास्थ्य सेवालाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ हामीले स्थानीय सरकारको तर्फबाट यो हकलाई व्यवहारमा उतार्ने प्रयत्न मात्र गर्‍यौं अहिले यसको राम्रो प्रभाव परेको पाएका छौँ।" नागरिकले सरकार भएको महसुस गर्ने गरी तानसेनले यो कामको थालनी गर्‍यो।

तानसेन नगरपालिका भित्रका ग्रामीण भेगका जेष्ठ नागरिकहरू विविध कारणले आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित रहेको निश्कर्षसहित नगरपालिकाले यो कार्यक्रम बनाएको थियो। पारिवारिक, आर्थिक, सामाजिक कारणले अस्पतालसम्म पुग्न नसकेका जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण गर्ने, आवश्यक स्वास्थ्य परामर्श दिने र निःशुल्क औषधि समेत व्यवस्थापन गर्नेमा यो कार्यक्रमलाई केन्द्रित गरिएको थियो। त्यसैले पनि यो कार्यक्रम प्रभावकारी बनेको हो। उमेरका कारणले अस्पतालको पहुँचमा पुग्न नसकेका जेष्ठ नागरिकलाई केन्द्रमा राखेर घरघरमा स्वास्थ्य सेवा अभियान कार्यक्रम तानसेनले सुरु गर्‍यो। पछि अरु गाउँपालिका, नगरपालिकाले पनि यही कार्यक्रमको अनुशरण गरेको पाइयो नगरप्रमुख शाहीले भन्नुभयो। यसको प्रभावकारिता र असर देखेपछि अहिले ५ नं. प्रदेश सरकारले समेत यही कार्यक्रमजस्तै

**घरघरमा स्वास्थ्य सेवाबाट लाभान्वित नागरिकको विवरण**

| क्रम संख्या | वडा नं. | सेवा दिएको स्थान | सेवा लिनेको संख्या (जना) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | पहिलो चरण | दोस्रो चरण | तेस्रो चरण | चौथो चरण | |
| १. | १ | घारेखोला | ३८ | २८ | २३ | ४७ | |
| २. | ५ | अर्चले | ४५ | ४६ | ४६ | ४१ | |
| | | सेतीपोखरी र चउनबारी | ७२ | ४६ | ४६ | ५४ | |
| ३. | ८ | चाउरेपोखरा र मदनपोखरा, टिण्टीआँप | ११७ | १०१ | ११९ | १५० | |
| ४. | ९ | दमकडा, डाँडाडुम | ११२ | २२१ | ७४ | १३१ | |
| ५. | १० | तेल्घा, आमडाँडा, | १२१ | २०९ | १२८ | १२७ | |
| ६. | ११ | बोखर, सम्मोबारी, बाँफा, चण्डीभंज्याङ् | ११५ | ११५ | १११ | १२५ | |
| ७. | १२ | रिब्दी, पोखराथोक, नामीकुवा र लुहुङ् | ८३ | १३९ | १५१ | १७८ | |
| ८. | १३ | छेर्लुङ्, केरवादी, स्वास्थ्य चौकी भवन | १५२ | १८० | १३६ | १४० | |
| ९. | १४ | अर्तुंगा, कुसेनी, हृषिकेश मन्दिर, | १०८ | १०७ | १४८ | १२४ | |
| | | जम्मा | १०४० | ११८५ | १०२२ | ११२१ | ४३६८ जना |

तथ्यांक स्रोत : तानसेन नपा, स्वास्थ्य शाखा

८० वर्षमाथिका जेष्ठ नागरिकको घरमै पुगेर सेवा दिने कार्यक्रम ल्याएको छ । गाउँमा विविध कारणले रोग पालेर बस्न बाध्य भएका बृद्धबृद्धालाई घरमै पुगेर सेवा दिने, आवश्यक परामर्श दिने, उपचार गर्ने, औषधि वितरण गर्ने र रिफर समेत गर्ने काम यो कार्यक्रमबाट भयो ।

स्थानीय सरकार आएपछि सरकार भएको अनुभूति दिलाउन र आफूहरूको स्वास्थ्य सेवा दिने दायित्त्वका हिसाबले पनि यो कार्यक्रम सुरु गरेको नगरप्रमुखको भनाइ छ। यही मान्यताका आधारमा नगरभित्रका ८ वटा वडाहरूमा चिकित्सक सहितको टोली घरघरमा पुगेर बृद्धबृद्धाहरूको उपचार गर्ने काम भएको छ। आर्थिक वर्ष २०७५/०७६ भित्र नगरभित्रका ४ हजार बढी जेष्ठ नागरिकले स्वास्थ्य सेवा, परामर्श र निःशुल्क औषधि पाएका छन् । नगरभित्र रहेका जेष्ठ नागरिकमध्ये ५० प्रतिशत जेष्ठ नागरिकहरूले सेवा लिएका तानसेन नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ। बाँकी जेष्ठ नागरिकको स्वास्थ्य उपचारका लागि सहज पहुँच पनि छ। त्यसैले पहिलो चरणमा ग्रामीण, दुर्गम र विपन्न बस्तीमा कार्यक्रम सुरु गरेको नागरपालिकाले जनाएको छ।

नगरपालिकाले आर्थिक वर्ष २०७५/०७६ मा घरघरमा स्वास्थ्य सेवा अभियान कार्यक्रम सञ्चालन गर्न १६ लाख ४० हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । बजेट सानो तर अभियान ठूलो र सेवा बढी । बजेट ठूलो भएर जनता, सेवाग्राहीलाई खुसी पार्न सकिन्छ भन्ने होइन, सानो बजेट भए पनि जनताको जीवनमा प्रत्यक्ष प्रभाव पार्नसक्ने कार्यक्रम हुँदा यो कार्यक्रमको प्रभाव सकारात्मक भएको कर्मचारीहरू बताउँछन्। सानो बजेट भए पनि तानसेनका दुर्गम स्थानमा पुगेर स्वास्थ्य सेवा दियौं तानसेन नगरपालिकाका स्वास्थ्य शाखा संयोजक सिरबहादुर रानाले भन्नुभयो–जेष्ठ नागरिक खुसी भएको पायौं हामी यसैमा खुसी छौं । नगर प्रमुखको जोडबल र हाम्रो सक्रियताले नगरपालिकामा यो कार्यक्रम सफल भयो ।

पाल्पा अस्पताल, मिसन अस्पताल र लुम्विनी मेडिकल कलेज क्षेत्र नजिकका जेष्ठ नागरिक अस्पतालमै पुगेर स्वास्थ्य सेवा लिन्छन् । तर जो अस्पतालदेखि टाढा छन्, जसको सहायता गर्ने परिवार नै छैनन्, उपचार गर्ने पैसा छैन उनीहरूका लागि घरमै पुगेर स्वास्थ्य सेवा दिनु भनेको नगर सरकारको उत्कृष्ट सेवामध्येको एक भएको तानसेन–१३ का वडा अध्यक्ष देवेन्द्रबहादुर रानाले बताउनुभयो । एक वर्षको अबधिमा बौघापोखराथोकका तीन स्थानमा गरी तीन पटक सेवा लिंदा जेष्ठ नागरिक खुसी भएको र यसले जनप्रतिनिधिलाई हौस्याएको उहाँले बताउनुभयो। नागरिकले सरकार आफ्नो घरमा आएको महसुस हुने गरी यो कार्यक्रममार्फत् स्वास्थ्य सेवा दिइएको जनप्रतिनिधिहरूको भनाइ छ।

**कार्यक्रमको प्रभाव :** घरघरमा स्वास्थ्य कार्यक्रमले समग्रमा सेवाग्राहीमा सकारात्मक प्रभाव पारेको छ । जेष्ठ नागरिकहरूले नियमित रूपमा सेवन गरिरहेको प्रेसर, मुटु, ग्याष्ट्रिक, मधुमेह जस्ता रोगहरूको औषधि घरमै पाउनु उनीहरूका लागि खुसीको कुरा हो । अभियानका क्रममा प्रेसर, मुटु, फोक्सो जस्ता रोगको परीक्षणले उनीहरूले आवश्यक सल्लाह पाएका छन् । यस्तै नियमित रूपमा सेवन गर्ने औषधि पाउँदा अझै खुसी लागेको बौघापोखराथोकको ८५ वर्षिया यमकला भट्टराईले बताउनुभयो । घरघरमा स्वास्थ्य सेवा अभियानले तानसेनमा औषधि लिन जान नपर्ने, खर्च गर्न नपरेको, विभिन्न अस्पतालमा टिकट काट्नुपर्ने झण्झटबाट मुक्त भएको भट्टराईको भनाइ छ। यस्तै उनीहरूले तीन/तीन महिनामा स्वास्थ्य परामर्श पाउँदा ज्यानै जाने जोखिमबाट समेत बच्न सफल भएका छन्। घरमै रोगलाई पालेर बस्नुपर्ने बाध्यता थियो उहाँहरू आएर सल्लाह र सेवा पाउँदा धेरै खुसी लागेको मदनपोखरा छापकी ७८ वर्षीया दमन्ती सारुले भन्नुभयो। सुगर र प्रेसरका बिरामीका लागि उपयुक्त सल्लाह पाएर आफूले थप उपचार अस्पतालमै गएर गरेको उहाँको भनाइ छ।

अभियानमा चिकित्सक सहित १२ जनाको स्वास्थ्यकर्मी खटेका थिए। यो अभियान तानसेनको वडा नं. १, ५, ८, ९, १०, ११, १२, १३ र १४ वडामा सञ्चालन गरिएको थियो। नागरिक प्रतिको जिम्मेवारी व्यवहारमै उतार्नका लागि नगरपालिकाले यो सेवा सुरु गरेको नगरपालिकाको भनाइ छ। वडा नं.: १ र २ मा आयुर्वेद स्वास्थ्य सेवा प्रदान गरिएको थियो।

**निष्कर्ष :** घरघरमा स्वास्थ्य सेवा अभियान तानसेन नगरपालिकाको सानो कार्यक्रम भएपनि यसको प्रभाव भने ठूलो रह्यो। नगरपालिकाले यो कार्यक्रमलाई निरन्तर रूपमा सञ्चालन गरे यहाँका नागरिकले सरकार घरमै आएको महसुस गर्ने थिए। नगर भित्रका विपन्न वर्ग, जेष्ठ नागरिक सहित फरक क्षमता भएका र हजार दिनका आमाहरूका लागि पनि नियमित स्वास्थ्य परीक्षणमा यो कार्यक्रमले मद्दत पुऱ्याएको छ।

**स्वास्थ्यका थप कार्यक्रमः** तानसेन नगरपालिकाले घरघरमा स्वास्थ्य सेवा अभियान सहित सुत्केरी पोषण, स्वास्थ्य बीमा कार्यक्रम समेत गरेको छ। यहाँका दलित, महिला, सुत्केरी, विपन्न समुदायका लागि स्वास्थ्य बीमा कार्यक्रम गरिएको हो । नगर सरकार गठन भएपछि नै सुरु भएको स्वास्थ्य बीमा कार्यक्रममार्फत अव करीव १ हजार ७ सय परिवारका सदस्यले सेवा प्राप्त गर्नेछन् । विपन्न नागरिकले स्वास्थ्य सेवा नपाएर ज्यान गुमाउन नपरोस् भनेर नगर सरकारले प्रतिव्यक्ति रु.२५ सय (यो वर्ष देखि ३५ सय) तिरेर बीमा गरेको थियो । यो कार्यक्रमबाट समेत नगरपालिकाका सेवाग्राही खुसी भएका छन्। यस्तै पाठेघरबाट पीडित महिलाहरूलाई लक्षित गरेर पाठेघर परीक्षण घुम्ती सेवा प्रदान गरिएको छ।

**पाठेघर जाँच सम्बन्धी शिविर**

तानसेनले महिलाहरूका लागि पाठेघरको क्यान्सरको रोग निदान गर्न सहयोग पुग्ने गरी १४ वटै वडामा क्याम्प सञ्चालन गरेको थियो । पाठेघरसम्बन्धी समस्या भएका महिलाको पहिचान गरी परामर्श र थप उपचारका लागि सल्लाह दिने उद्देश्य सहित तानसेनका १४ वटै वडामा शिविर सञ्चालन भएको थियो। शिविरमा एक हजार दुई सय ५० जना महिला सहभागी भएका थिए। तीमध्ये कतिपय महिलामा पाठेघरसम्बन्धी जटिल समस्या देखा परेको र उनीहरूलाई थप उपचारका लागि परामर्श

दिएको नगरपालिकाका स्वास्थ्य शाखाका उपसंयोजक शारदा भट्टराईले जानकारी दिनुभयो। उहाँका अनुसार शिविरबाट सहजरूपमा सेवा प्राप्त गरेपछि महिलाहरू खुशी भएका छन्।

**स्वास्थ्य बीमा, विपन्नलाई बरदान**

**आर्थिक वर्ष २०७५/०७६ मा स्वास्थ्य बीमा गरिएकाहरुको संख्यात्मक विवरण**

| वडा नं. | दलित | अल्पसङ्ख्यक | लक्षित वर्ग | |
|---|---|---|---|---|
| | | | म.स्वा.स्वं.से. | जम्मा |
| १ | ५९ | | ४ | ६३ |
| २ | २५ | | ६ | ३१ |
| ३ | ५० | | ४ | ५४ |
| ४ | ३४ | | २ | ३६ |
| ५ | ६८ | | ७ | ७५ |
| ६ | १५३ | ३४ | ३ | १९० |
| ७ | १४९ | ३५ | ४ | १८८ |
| ८ | १९७ | ४ | ५ | २०६ |
| ९ | ८४ | ५० | ४ | १३८ |
| १० | ७७ | ४७ | ९ | १३३ |
| ११ | ० | ० | ९ | १७६ |
| १२ | १४० | | ९ | १४९ |
| १३ | १६ | ५० | ५ | ७१ |
| १४ | ७० | ३ | ५ | ७८ |
| **जम्मा** | **१२८९** | **२२३** | **७६** | **१५८८** |

तथ्यांक स्रोत : तानसेन नपा, स्वास्थ्य शाखा

तानसेन नगरपालिकाले दुई वर्षदेखि निरन्तर सञ्चालन गरेको स्वास्थ्य बीमा कार्यक्रम विपन्न, दलित र अल्पसङ्ख्यक समुदायका लागि बरदान सावित भएको छ। विपन्न दलित, अल्पसङ्ख्यक र स्वास्थ्य स्वयम्सेविकालाई लक्षित गरी २०७६ असार सम्म १ हजार ५ सय ८८ घरपरिवारको स्वास्थ्य बीमा गरेको थियो। नगरपालिकाले गत आर्थिक वर्षमा तानसेनभित्रका सबै दलित परिवार, विपन्न परिवार, अल्पसङ्ख्यक (बोटे, कुमाल, माझी) समुदाय र स्वास्थ्य स्वयम्सेविकाको स्वास्थ्य बीमा गरेको हो। यो वर्ष तानसेन नगरपालिकाले महिला स्वास्थ्य स्वयम्सेविका, सरसफाइकर्मी समेत समेटेर करिव १ हजार ७ सय परिवारको निःशुल्क स्वास्थ्य बीमा गरिदिदैंछ।

नगरभित्रका आधारभूत वर्गलाई स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउन नगरपालिकाले एक हजार २ सय ८९ विपन्न दलित समुदायको स्वास्थ्य बीमा गरेको छ। नगरभित्रका दलित तथा विपन्न समुदायका बीमा गरेपछि करिब छ हजार बढी परिवार लाभान्वित भएका छन्। यस्तै नगरभित्र बसोबास गर्ने अल्पसङ्ख्यक बोटे, कुमाल, माझी, गुरुङ, र दराई समुदायका दुई सय २३ परिवारको स्वास्थ्य बीमा गरिएको तानसेन नगरपालिकाका स्वास्थ्य शाखाका संयोजक सिरबहादुर रानाले जानकारी दिनुभयो।



नगरपालिकाले नगरभित्र सक्रिय रहेका ७६ जना स्वास्थ्य स्वयम्सेविकाहरूको पनि स्वास्थ्य बीमा गरेको छ। नगरपालिकाले गत आर्थिक वर्षमा विनियोजन गरेको ४० लाख बजेटबाट स्वास्थ्य बीमा गरिएको हो। कूल एक हजार पाँच सय ८८ परिवारको झण्डै आठ हजार जनाको स्वास्थ्य बीमा गर्दा नगरपालिकाले ३८ लाख २२ हजार लगानी गरेको स्वास्थ्य संयोजक रानाले जानकारी दिनुभयो।

आर्थिक रूपमा विपन्न जसले स्वास्थ्य बीमा गर्न सक्दैनन् र आफ्नै पैसा खर्च गरेर उपचार गर्न सक्दैनन् ती परिवारलाई लक्षित गरी स्वास्थ्य बीमा गरिएको तानसेन नगरपालिकाले जनाएको छ। संविधानमा उल्लेख भएको नागरिकका मौलिक हक सही र यथार्थ रूपमा कार्यान्वयन गर्न स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिएको तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बताउनुभयो। नगरभित्रका गरिब दलित,



सिरबहादुर राना



शारदा भट्टराई

अल्पसङ्ख्यक र महिला स्वास्थ्य स्वयम्सेविकालाई लक्षित गरेर कार्यक्रम गरिएकाले स्वास्थ्य बीमा कार्यक्रमले विपन्न, अल्पसङ्ख्यक र स्वयम्सेविका लाभान्वित भएको नगरप्रमुख शाहीले बताउनुभयो।

स्वास्थ्य बीमा गरेका व्यक्तिहरूले यो कार्यक्रमबाट आफूहरूले धेरै फाइदा लिएको बताएका छन्। दुई हजार पाँच सय रुपैयाँ (अब ३५ सय) नभएर अस्पतालमा जाने अवस्था नै नभएका विपन्नलाई नगरपालिकाले गरेको स्वास्थ्य बीमाले रोग पालेर बस्नुपर्ने अवस्थाबाट मुक्त गरेको तानसेन–१०, बाँझबारीकी सीता विकले बताउनुभयो। स्वास्थ्य बीमा गरेपछि आफूले थाईराईडको चेकजाँच र औषधि नियमित रूपमा निःशुल्क पाएको र यसले आफूहरूजस्ताका लागि बरदान सावित भएको उहाँको भनाइ छ।

**(सम्पादक, नव संवाद साप्ताहिक)**

कविता

# मात्र एउटा इतिहास



शंकरप्रसाद गैरे

त्यस्तो होइन, हुनुहुँदैन
यही आदर्शको पुरानो र
खुइलिएको बर्को ओढेर बस्ने
सहरको नाम तानसेन होइन।

तानसेन तानसेन हो, एउटा इतिहास
त्यो इतिहास, जो कहिल्यै हारेन
बुद्धिले, विवेकले र पराक्रमले
हार्‍योहोला कहिल्यै छल र कपटसँग
छल र कपटले इतिहास रच्ने
सहरको नाम तानसेन होइन।

तानसेन बजारको नाम होइन,
सेवाको र सद्भावको नाम हो।
तानसेन मन्दिर र गुम्बा, चर्च र मस्जिदको नाम होइन
तानसेन आस्थाको नाम हो,
मानवता र श्रद्धाको नाम हो।

सेवा, सद्भाव, मानवता र श्रद्धाहीन
सहरको नाम तानसेन होइन।

प्राचीनता र नवीनता दुई पाङ्ग्रामा अडिएको
शिक्षा, स्वास्थ्य र पर्यटनको नारा बोकेको
भरियाको नाम होइन तानसेन
कुम्भकर्णको चिरनिद्रामा
समृद्धिको सपना देख्ने
आफ्नैपनमा रमाउने
पोख्ने र उठाउने पद्धति बोकेको
सहरको नाम तानसेन होइन।

उकालो र ओरालो
सल्लेरीको अव्यवस्थित झाडी
देख्नेले यही भन्ने अवस्थामा पुर्‍याइएको
“मात्र एउटा इतिहास बोकेको”
सहरको नाम तानसेन होइन।

(सर्जक)



# तानसेन नगरपालिका शिक्षा शाखाद्वारा

## आ.व. २०७५/७६ मा सम्पादन गरिएका मुख्य कार्यहरू



- रेशमलाल न्यौपाने

राणकालमै शिक्षा तथा प्रशासनिक गौंडाको रूपमा विकसित देशकै तेस्रो नगरपालिका तानसेन नगरपालिका नेपालको ऐतिहासिक नगरपालिका हो । पाल्पा जिल्लाको सदरमुकाम तानसेन प्राकृतिक, शैक्षिक तथा पर्यटकीय दृष्टिले आकर्षण केन्द्रको रूपमा रहेको छ। पाल्पा तानसेनको पुरानो साख जोगाउन भने सबैले सक्रियता बढाउनुपर्ने खाँचो छ।

तानसेन नगरपालिकाको आ.व.२०७५/०७६ को सशर्त अनुदानतर्फ प्राप्त कार्यक्रम तथा नगरपालिकाको आन्तरिक स्रोततर्फ तय गरिएका सबै शैक्षिक कार्यक्रम तानसेन नगरपालिकाले आ.व.२०७५/७६ को कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका तपसिलका शैक्षिक नीति तथा अन्य आधारहरूलाई समेत ध्यानमा राखी शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गरिएको छ।

**नीतिगत आधारहरु**

१. नगरशिक्षा ऐन नियम तर्जुमा गर्ने।
२. आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तरमा सुधार गर्ने
३. भर्ना कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरी विद्यालय उमेर समूहका सबै बालवालिकालाई विद्यालयमा भर्ना गर्ने।
४. शिक्षक कर्मचारीहरूको उपस्थितिमा नियमितता ल्याउन सबै सामुदायिक माध्यमिक विद्यालयहरूमा विद्युतीय हाजिरी मेसिन जडान गर्ने।
५. प्राविधिक शिक्षालय स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्ने।
६. आर्थिक, सामाजिक रूपमा पछि परेका वालवालिकालाई छात्रवृत्ति सुनिश्चित गर्न संस्थागत विद्यालयहरूसँग सहकार्य गर्ने।

**अन्य आधारहरु**

१. नगरशिक्षा समिति, नगरकार्यपालिका तथा नगर सभाबाट भएका निर्णय तथा प्राप्त निर्देशनहरू
२. नेपाल सकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भई शिक्षा तथा मानव स्रोतविकास केन्द्रबाट प्रकाशित आ.व. २०७५/०७६ को कार्यक्रम कार्यान्वयन पुस्तिका
३. सम्वन्धित निकायहरूबाट प्राप्त निर्देशन तथा परिपत्रहरू

उल्लिखित पृष्ठभूमिमा तानसेन नगरपालिका शिक्षा शाखाले आ.व.२०७५/०७६ मा सम्पादन गरेका मूख्यकार्यहरू निम्नानुसार वुँदात्मक रूपमा उल्लेख गरिएको छ :

- नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयको शैक्षिक, भौतिक अभिलेखहरू अद्यावधिक गरेको।
- तपसिलमा उल्लिखित शैक्षिक कार्यक्रमहरूको आयोजना गरी ३९औं राष्ट्रिय शिक्षा दिबस तथा ५२ औ अन्तराष्ट्रिय साक्षरता दिबस (८से.२०१८)मनाइएको।
- आधारभूततह स्तरीय चित्रकला प्रतियोगिता आयोजना गरिएको।



- माध्यमिक तह स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएको।
- माध्यमिक शिक्षा परीक्षा २०७४ मा ३.६५ वा सो भन्दा माथि GPA प्राप्त गरी विद्यार्थी उतीर्ण गराउन सफल नगरपालिका भित्रका १४ वटा विद्यालयहरूलाई प्रशंसा पत्रले सम्मान गरेको।
- शैक्षिक सत्र २०७४ को आधारभूततह (कक्षा ८) उतीर्ण परीक्षामा उत्कृष्ट अंक ल्याउन सफल २ / २ जना छात्राछात्रहरूलाई नगद तथा प्रशंसा पत्र प्रदान गरिएको।
- शैक्षिक सचेतनामूलक तथा राष्ट्रिय रूपमा प्रवर्द्धन गर्ने खालका सांस्कृतिक कार्यक्रम गरिएको।

- प्रतिनिधिमूलक रूपमा शैक्षिक सरोकारवालाहरूबाट शुभकामना तथा पृष्ठपोषण मन्तब्यको आयोजना गरिएको।
- शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी प्रारम्भिक कार्यको थालनी गरिएको।
- सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरूको बैठक आयोजना गरी समसामयिक शैक्षिक सन्दर्भहरूबारे छलफल तथा स्वास्थ्य सम्बन्धी औषधिसहितको झोला बितरण गरिएको।
- शैक्षिक सत्र २०७६ देखि नयाँ विद्यालय खोल्न र कक्षा थप गर्न निवेदन दिएका विद्यालयहरूमध्ये तोकिएको/पूर्वाधार पूरा गरेकालाई कक्षा थप तथा बालविकास केन्द्र खोल्न अनुमति प्रदान गरिएको।
- युवा प्रतिभा पहिचान कार्यक्रम अन्तरगत उद्यम परियोजना प्रस्ताव लेखन प्रतियोगिता सञ्चालन गरिएको।
- सम्पूर्ण विद्यालयका वि.व्य.स. अध्यक्ष तथा प्रधानाध्यापकहरूलाई विद्यालय व्यवस्थापन सम्बन्धी २ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको।
- नगर शिक्षा समितिका केही सदस्यहरू सहित सबै प्रधानाध्यापकहरूको सहभागितामा नमूना विद्यालय अवलोकनका लागि ३ दिने शैक्षिक अवलोकन भ्रमण व्यवस्था गरिएको।


तानसेन नगरपालिकाद्वारा आयोजित शैक्षिक अवलोकन भ्रमणको क्रममा पोखरा-१९, पुरन्चौर, कास्की मा अवस्थित भारती भवन मा.वि.को अवलोकन तथा अन्तरक्रिया पश्चात खिचिएको सामुहिक तस्बिर
मिति : २०७६-०१-२८

१६–२४ वर्षका युवाहरूको वडा तथा नगर स्तरमा युवा क्लव गठन गरी नमूना युवा संसदको अभ्यास कार्यक्रम सम्पन्न गरिएको।

- विद्यालय कार्यसम्पादन सूचकहरू तयार गरी विद्यालयहरूको कार्यसम्पादन स्तर मूल्याङ्कन गरी राम्रो कार्यसम्पादन स्तर भएका विद्यालयहरूलाई प्रोत्साहन गरिएको।
- विद्यार्थीहरूको चौतर्फी विकासको लागि तहगत रूपमा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिएको।
- जिल्ला खेलकूद विकास समितिसँग समन्वय गरी प्रथम नगर स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकूद प्रतियोगिता सञ्चालन गरिएको।
- नगरपालिका भित्रका १६–४० वर्षका बेरोजगार युवायुवतीहरूलाई लक्षित गरी २० जनालाई सिलाईकटाई र २० जनालाई वुटिक तालिम सञ्चालन गरिएको।
- आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ संशोधन गरी उक्त परीक्षा सञ्चालन व्यवस्थापन, प्रमाणीकरण तथा अभिलेखीकरण गरिएको।
- नगरपालिका भित्र सञ्चालित सबै माध्यमिक विद्यालयहरूमा विद्युतीय हाजिरी मेसिन जडान गरिएको।
- संस्थागत/सामुदायिक विद्यालयहरूको शैक्षिक कार्यक्रममा एकरूपता कायम गर्ने उद्देश्यले नगर स्तरीय शैक्षिक क्यालेन्डर निर्माण गरी कार्यन्वयन गरिएको।
- शैक्षिक सत्र २०७५ मा नगरपालिका भित्रका ९ वटा परीक्षाकेन्द्रमा सञ्चालित माध्यमिक शिक्षा परीक्षा अनुगमन गरेको।
- आवश्यकतानुसार नगर शिक्षा समिति, परीक्षा समिति, विद्यालय समायोजन तथा दरवन्दी मिलान समिति, क्यालेन्डर निर्माण समिति, विद्यालय कार्य सम्पादन स्तर मुल्याङ्कन समिति, अतिरिक्त क्रियाकलाप व्यवस्थापन समिति, प्रधानाध्यापक बैठक आदि बैठकको आयोजना, सञ्चालन तथा निर्णय कार्यान्वयन गरिएको।
- शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत तथा शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित आ.व.२०७५/०७६ को कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित आधार प्रक्रिया तथा विधि अवलम्वन गरी सशर्त अनुदान तर्फ प्राप्त सबै कार्यक्रमहरू कार्यान्वयन गरेको।
- विद्यालयहरूको माग बमोजिम अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिएको।
- स्थायी शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन,सम्पति विवरणको व्यवस्थापन गरिएको।
- शैक्षिक सत्र २०७५ मा सामुदायिक विद्यालयको विषयगत,कक्षागत तहगत सिकाइ उपलब्धि तयार गरी विश्लेषण तथा छलफल गरिएको।
- आ.व. २०७४/७५ को विद्यालयहरूको सामाजिक परीक्षण तथा लेखा परीक्षण गर्ने नीतिगत व्यवस्था गरिएको।
- सशर्त तर्फ ९८.१० प्रतिशत तथा नगरपालिकाको आन्तरिक स्रोततर्फ विनियोजित बजेटको ९५.८८ प्रतिशत वित्तीय प्रगति भएको।

नगरभा र नगरकार्यपालिकाबाट भए गरेका शैक्षिक विकास तथा सुधार सम्बन्धी नीति निर्णयलाई शिरोधार्य गर्दै शिक्षा शाखाले आफ्ना गतिविधिलाई निरन्तरता दिँदै आएको छ।

**(संयोजक, नगर शिक्षा शाखा)**

**सडक अवरुद्ध हुनेगरी व्यापारिक तथा निर्माण सामग्री नराखौं ।**

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# सहकारी क्षेत्र विकास र उपभोक्ता हित संरक्षण तर्फ संक्षेपमा आ.व.२०७५/०७६ को वार्षिक प्रगति अवस्था



- दुर्गाबहादुर थापा

आर्थिक वर्ष २०७५/७६ मा तानसेन नगरपालिका अन्तर्गत सरकारी क्षेत्र विकास र उपभोक्ता हित संरक्षण तर्फ भए गरेका कामलाई संक्षेपमा प्रस्तुत गरिएको छ :–

## १. सहकारी नियमन तथा प्रवर्द्धन कार्यक्रम :

| (विनियोजन तथा खर्च भएको कुल रकम रु.४ लाख) | | | | |
|---|---|---|---|---|
| सिनं- | सम्पन्न क्रियाकलाप | इकाई | लक्ष्य | प्रगति |
| १ | सहकारी प्रवर्द्धन कार्यक्रम | | | |
| | सहकारी क्षेत्रको क्षमता विकास | | | |
| १.१ | तानसेन नगर कार्यपालिकाका पदाधिकारीहरुको लागि सहकारी नियमन सम्वन्धी १ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन | पटक | १ | १ |
| १.२ | तानसेन नगर क्षेत्रमा कार्यक्षेत्र भएका नगरस्तरीय सहरकारीका अध्यक्षहरुको लागि २ दिने सहकारी व्यवस्थापन तालिम सञ्चालन | पटक | १ | १ |
| १.३ | सहरकारी संस्थाहरुका व्यवस्थापक तथा लेखापालहरुको लागि १ दिने COPOMIS तालिम सञ्चालन (१३ वटा स.संस्था) | पटक | १ | १ |
| १.४ | स्थानीय तहका सहकारी नियमनकर्ताको लागि सहकारी व्यवस्थापन सम्वन्धी ३ दिने तालिममा सहभागिता (१ जना जनप्रतिनिधी र १ जना कर्मचारी) | पटक | १ | १ |
| १.५ | सहकारी संस्थाहरुको व्यवसायिक रणनीतिक योजना तयारी सम्वन्धी प्रशिक्षण कार्यक्रम (विभिन्न ५ चरणमा) | सहकारी | ४५ | ४२ |
| २ | सहकारी क्षेत्रको नियमन कार्य | | | |
| २.१ | सहकारी संस्थाहरुका पदाधिकारीसंग परिचयात्मक अन्तर्क्रिया कार्यक्रम | पटक | १ | १ |
| २.२ | सहकारी संस्थाहरुको लेखा परीक्षण स्वीकृति प्रदान | गोटा | ४५ | ३४ |
| २.३ | सहरकारी संस्थाहरुको विनियम संसोधन तथा स्वीकृति | गोटा | ८ | ८ |

## २. उपभोक्ता हीत संरक्षण कार्यक्रम :

| (विनियोजन तथा खर्च भएको कुल रकम रु.२ लाख) | | | | |
|---|---|---|---|---|
| सिनं | सम्पन्न क्रियाकलाप | इकाई | लक्ष्य | प्रगति |
| २ | उपभोक्ता हीत संरक्षण | | | |
| २.१ | उपभोक्ता हित संरक्षण समिति र बजार अनुगमन समिति गठन | गोटा | १ | १ |
| २.२ | उपभोक्ता हित संरक्षण सम्वन्धी नगरस्तरीय प्रशिक्षण कार्यक्रम (कार्यपालिकाका पदाधिकारी, विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापक, टोल विकास संस्था समन्वय समितिका पदाधिकारी र कर्मचारीहरु) | गोटा | १ | १ |
| २.३ | नगरस्तरीय उपभोक्ता अधिकार तथा व्यवसायिको दायित्व विषयत प्रशिक्षण कार्यक्रम | गोटा | १ | १ |

### समस्या समाधानको लागि गरिएका प्रयासहरु :

- बजेट कमी भएता पनि मन्त्रालय तथा विभिन्न निकायहरुसँग समन्वय गरी कार्यक्रम व्यवस्थापन गरेको ।
- स्थानीय सहकारी संस्थाहरुसँग समेत साझेदारीमा कार्य गर्ने गरी समन्वयको वातावरण बनाईएको ।

### केही समस्याहरु :

- अधिक संस्थाहरु दर्ता प्रक्रियामा आउन चाहेको
- सहकारी क्षेत्रको लागि केन्द्रिय बजेट प्राप्त हुन नसक्नु
- सहकारी क्षेत्र हेर्ने जनशक्तिको कमी

(वरिष्ठ अधिकृत)

# तानसेन नगरपालिका कृषि तथा पशु शाखाको काम हेर्दा



- नेत्र गैरे

विश्व अर्थतन्त्रलाई नियाल्दा नेपाललाई कृषि प्रधान देशको रूपमा परिचित गराएको पाइन्छ तर त्यो परिचयले सार्थकता नपाएको अवस्था विद्यमान छ । सहर–केन्द्रित बसोबास, रोजगारको शिलशिलामा बिदेशिने नेपाली युवा जनशक्ति, बढ्दो बेरोजगारी यसका ज्वलन्त उदाहरणको रूपमा देख्न सकिन्छ । देशमा लोकतन्त्र, गणतन्त्र प्राप्तिसँगै विद्यमान संघीय सरकारले देशको अर्थतन्त्रलाई मजबुत गराउन कृषि तथा पशुजन्य उत्पादनलाई वृद्धि गर्नु पर्ने कुरामा दुईमत नरहेको बताउँदै आएको छ। बिडम्बना लगानीको प्रतिफल सरकारले प्राप्त सकिरहेको पाइदैन । यसै परिप्रेक्ष्यमा नेपालकै ऐतिहासिक नगरपालिका तानसेन नगरपालिका आफ्नो भू बनोट अनुसार भिन्नै प्रकृतिबाट प्रस्तुत भएको पाइन्छ।

नेपालको संघीय संरचना अनुसार तानसेन नगरपालिका साबिक तानसेन साथै नगर वरिपरिका नगर उन्मुख गाउँहरूको संगम भएको छ । पाल्पामै मात्र नभै नेपालमै कृषि क्षेत्रमा ख्याती कमाएका ग्रामीण क्षेत्र मदनपोखरा, अर्गली, तेल्घा, बन्दीपोखरा, छेर्लुङ, बराङ्दी लगायतका कृषि उर्वर भूमि र उपयोगी जनशक्ति यस नगरपालिकाका गहनाका रूपमा लिन सकिन्छ । यथार्थमा हेर्दा नगरपालिकाका २, ३, ४ वडा बाहेक सबै वडाहरू ग्रामीण बस्तीसँग जोडिएको पाइन्छ । नगरपालिकाका बस्तीहरू स्वभावैले कोही उत्तरायण छन्भने कोही दक्षिण फर्केको पाइन्छ। माटो र भूगोल सुहाँउदो बस्तीको माग अनुसार स्थानीय सरकारले माग सम्बोधन गरेको नगरपालिकाले बताएको छ।

**स्रोत तथा बजेट व्यवस्थापन**

गत आर्थिक बर्ष ०७५/०७६ मा यस तानसेन नगरपालिकाले नगरको पशु तथा कृषि क्षेत्रको बिकासको लागि निम्न अनुसार बजेट बिनियोजन गरेको थियो।

१) प्रदेश नं. ५ प्रदेश सरकारबाट (चिलिङ भ्याट खरीदको लागि) अनुदान १० लाख

२) तानसेन नगरपालिकाको स्रोत अर्न्तगतः–

क) नगर पशु बिकास कार्यक्रम १० लाख

ख) नगर कृषि बिकास कार्यक्रम७ लाख

ग) वडा स्तरीय पूँजीगत तर्फ (कृषि) ६ लाख १५ हजार

घ) वडा स्तरीय पूँजीगत तर्फ (पशु) १० लाख ४५ हजार

ङ) लक्षित वर्ग महिला (बीउ बाख्रा बितरण) ७ लाख

नगरपालिकाबाट बिनियोजित बजेटलाई बिशेषत नगरपालिकाको ग्रामीण बस्ती समेटिएका वडाहरूमा कृषि, पशु लगायतका क्षेत्रमा निम्न उल्लिखित काम गरेको पाइन्छ। जसमा :–

**१) पशु स्वास्थ्य सेवा**

क) हाल तानसेन नगरपालिका अर्न्तगत सञ्चालनमा रहेका पशुसेवाका कार्यक्रमहरू बिगतमा जिल्ला पशुसेवा कार्यालय मार्फत साबिक मदनपोखरा र अर्गली पशु सेवाकेन्द्रबाट सेवा सञ्चालन हुँदै आएकोमा हाल नगरपालिकाबाट यस सेवालाई निरन्तरता दिइदैछ । यसै कार्यक्रमलाई प्रभावकारी बनाउन



नगरपालिका क्षेत्रका कृषकहरूलाई पशुसेवा कार्यक्रम सञ्चालन गरिएको छ।

ख) नगरपालिकाका ग्रामीण वडाहरू ६, १०, ११, १२, १३ र १४ का टोलहरूमा परजीवी नियन्त्रण शिविर सञ्चालनका साथै स्थानीय कुखुरा बङगुरहरूमा जुकाको औषधि गाई, भैसी, बाख्राको लागि माटे, जुका लगायतका औषधि निःशुल्क वितरण गरिएको छ।

**२) पशु आहारा सेवा**

स्वस्थ तथा उत्पादनशील पशुहरू उत्पादन गर्न तथा पशुहरूको उत्पादकत्व वृद्धिमा सुधार गर्न गत आर्थिक बर्षमा निम्न काम गरिएको पाइन्छ :

क) डालेघाँस तथा भुइँ घाँस उत्पादन तथा वितरणः

(नर्सरी व्यवस्थापन : तानसेन न. पा. १ ध्रुवघाट) बाट विभिन्न जातका डालेघाँस तथा भुइँघाँसका बिरुवा निःशुल्क बितरण गरिएको छ।

ख) हिउँदे घाँसः जै, वर्सिम, भेचको बीउ वितरण गरियो।

ग) बहुवर्षीय घाँस : स्टाइलो, मोलासेस, नेपियर, मोलाटो, पासपालमका बीउ, बेर्ना, बितरण आदि।

घ) मिनरल ल्वक वितरण : १ सय थान (व्यवसायी किसान तथा समूह सहकारी मार्फत )

**३) नश्ल सुधार :**

नगर पालिकाका ५१७ वटा गाई भैसीलाई सफलतापूर्वक कृत्रिम गर्भाधान गराइएको।

**राष्ट्रिय पि. पि. आर खोप कार्यक्रम**

तानसेन नगरपालिका अर्न्तगत वडा नंम्वर १२ र १३ मा भेटेनरी अस्पताल तथा पशु विज्ञ केन्द्रको सहयोगमा ३६०० बाख्राहरूलाई पि. पि आर.खोप लगाईएको छ। त्यस्तै कुखुराहरूमा रानीखेत र बंगुरहरूमा स्वाइन फिवर खोप लगाइएको छ। यस कार्यक्रमबाट पशुहरूमा लाग्ने रोग नियन्त्रणमा सघाउ पुगेको पाइन्छ। गत आर्थिक वर्षको शुरुमा तानसेन नगरपालिका वडा नम्बर ८ अर्न्तगत जरे पीपल, छाप क्षेत्रमा पशुमा खोरेँत रोग देखा परेको र नियन्त्रणका लागि (F M D) लगाउने कार्य डुम्रे सहकारी संस्थाको प्राविधिक सहयोग गरिएको थियो।

**क्षमता अभिवृद्धि कार्यक्रम**

तानसेन नगरपालिकाको कार्यक्षेत्र मध्ये प्रायः धेरै वडाहरू ग्रामीण क्षेत्रमा पर्ने र ती वडाका कृषकहरूलाई कृषि तथा पशुपालनमा दक्ष बनाउन निम्न अनुसारका क्षमता बिकासका कामहरू सञ्चालन गरिएको थियो।

| क्र.सं | कार्यक्रम | स्थान | सहभागी |
|---|---|---|---|
| १. | पशुपालन व्यवस्थापन तालिम | ता.न.पा.६ | ५६ जना |
| २. | उन्नत तरकारी खेती प्रविधि तालिम | "" | ५४ जना |
| ३. | जैविक बिषादी व्यवस्थापन तालिम | "" | ३५ जना |
| ४. | सफा दूध उत्पादन प्रविधि तालिम | ता.न.पा १२ लुहुङ | ४३ जना |
| ५. | बाख्रा पालन व्यवस्थापन छलफल कार्यक्रम | ता.न.पा. १३ बौघागुम्हा | ६७ जना |
| ६. | कृषक पाठशाला सञ्चालन | ता.न.पा. १२ पोखराथोक | ४५ जना |
| ७ | (सहकारी) कृषि पशुपालन तालिम | ता.न.पा १४ अर्गली | ६४ जना |
| ८. | कृषक पाठशाला सञ्चालन (१६ हप्ते) | ता.न.पा.१३ छेर्लुङ | २५ जना |

**बजारीकरण कार्यक्रम**

| क्र.सं | कार्यक्रम | स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | चिलीङ भ्याट अनुदान | ता.न.पा. ८ (डुम्रे दुग्ध उत्पादक सं. संस्था | २ लाख | साझेदारी कार्यक्रम सञ्चालन |
| २. | डि फ्रीज अनुदान | ता.न.पा. १२ (लुहुङ दुग्ध उत्पादक स.सस्था) | ३० हजार | " " |
| ३. | चिलीङ भ्याट | ता.न.पा. १२ (लुहुङ दुग्ध उत्पादक स.सस्था) | ६ लाख, (प्रदेश ५ लाख) | " " |
| ४. | चिलीङ भ्याट | ता.न.पा. १३ (सामाजिक उद्यमी महिला स.सस्था) | ६ लाख, (प्रदेश ५ लाख | " " |
| ५. | मिल्क एनलाइजर | ता.न.पा. १२ (चिउँडी दुग्ध उत्पादक स.सस्था) | १ लाख अनुदान | " " |

गत आ. व.२०७५/०७६ मा कृषि र पशु क्षेत्रमा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरु

| क्र.सं | कार्यक्रम | स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | अर्गानिक कृषि तथा औषधि बनाउने तालिम | ता.न.पा ६ | ३० हजार | टोल बि.संस्थाको सहकार्यमा |
| २. | तरकारीका बीउ बितरण | | १ लाख | " " |
| ३. | पशुपालन तथा तरकारी खेती सम्बन्धी तालिम तथा औषधि/बीउ वितरण | | १ लाख | " " |
| ४. | उन्नत पशुपालक कृषकको लागि भकारो सुधार कार्यक्रम | ता.न.पा. ८ | १ लाख | समूह, समिति मार्फत |
| ५. | कृत्रिम गर्भाधानको लागि उपकरण | | ४० हजार | "" |
| ६. | तरकारी खेतीमा औषधि सुरक्षाको लागि एप्रोन | ता.न.पा. ८ | २५ हजार | वडा स्तरीय |
| ७. | डिजीटल (काँटा) तौलने मेसिन | "" | २५ हजार | "" |
| ८. | पशु फार्मको घाँस बीउ वितरण (समूह/फार्म) | "" | २५ हजार | समूह मार्फत |
| ९. | घाँस काट्ने मेसिन वितरण (अनुदान) | ता.न.पा. (६, ९) | २५ हजार | "" |
| १०. | फार्म सुदृढिकरण अनुदान १ जनालाई | ता.न.पा. ७ | ५० हजार | सशर्त कार्यक्रम |
| ११. | व्यावसायिक बाख्राफार्म खोरसुधार अनुदान (७ जनालाई) | ता.न.पा.१० | १ लाख ७० हजार | वडा स्तरीय |
| १२. | व्यावसायिक कृषकहरूको लागि उन्नत बीउ बिजन बितरण | "" | ५० हजार | समूह मार्फत |
| १३. | कृषि सिंचाइको लागि प्लाष्टिक पोखरी अनुदान | ता.न.पा.१० | ५० हजार | समूह मार्फत |
| १४. | थरी सुधार कार्यक्रम (४ जनालाई) | ता.न.पा. ११ बन्दीपोखरा | ५० हजार | वडास्तरीय |
| १५. | पशु उपचार सेवा | "" | ४५ हजार | वडास्तरीय |
| १६. | उन्नतजात मकैको बीउ/अमिलो बिरुवा बितरण | त.न.पा.१२ | ८५ हजार | वडास्तरीय |
| १७. | उन्नत जातको बोका बितरण (२ वटा) | ता.न.पा.११ र १४ | १ लाख | वडास्तरीय |
| १८. | व्यावसायिक कृषि तथा पशुपालन तालिम | ता.न.पा. ११ | ५० हजार | वडास्तरीय |
| १९. | पशु स्वास्थ्य तथा औषधि बितरण कार्यक्रम | ता.न.पा. १२ | १ लाख | वडास्तरीय |
| २०. | फरक क्षमता भएका व्यक्तिहरू लाई बीउ बाख्रा बितरण | "" | ४० हजार | संस्था मार्फत |
| २१. | जुठेल्नो पानी संकलन तथा तरकारी खेती तालिम | "" | २५ हजार | वडास्तरीय |
| २२. | उन्नत जातको मकैबीउ तथा फलफूल बिरुवा बितरण | ता.न.पा. १२ | १ लाख | वडास्तरीय |
| २३. | पशु संकलन केन्द्र स्थापना | ता.न.पा १३ | २ लाख | वडास्तरीय |
| २४ | पशु उपचार सेवा कार्यक्रम | ता.न.पा. १४ अर्गली | ७५ हजार | वडास्तरीय |
| २५. | केराको बिरुवा बितरण | "" | ७५ हजार | वडास्तरीय |
| २६. | कागती सुन्तला बिरुवा बितरण | (सबै वडाहरू) | १ लाख ५४ हजार | ता.न.पा. कृषि शाखा |
| २७. | मिनि टिलर (हाते टयाक्टर) बितरण (१३ वटा) | "" | ५ लाख ४० हजार | ता.न.पा.नगर स्तरीय |
| २८ | बीउ बाख्रा बितरण (१ सय ४ वटा) | "" | ७ लाख | ता.न.पा.नगर स्तरीय |

माथि उल्लिखित बिवरणका आधारमा तानसेन नगरपालिकाले आफ्नो सेवा क्षेत्रका ग्रामीण बस्तीहरूका कृषकहरूलाई मागको आधार र आवश्यकताको आधारमा सेवा प्रदान गर्दै आएको र यस आ.ब.मा अझ बिस्तार गर्दै लैजाने कार्य रहेको पशु चिकित्सक/पशु सेवा शाखा प्रमुख हरिप्रसाद कोइरालाको भनाइ छ। उहाँ भन्नुहुन्छ – तानसेन नगरपालिका बिगतका दिनहरूमा जस्तो सहर केन्द्रित नभै बृहत् बनेको अहिलेको अवस्थामा कृषि तथा पशुपालनका क्षेत्रमा स्थानीय सरकारबाट दिइने सेवा सुविधाहरूमा वृद्धि गर्ने काम भैरहेको छ। कृषि र पशुपालन गर्ने किसानको आय वृद्धिका कार्यक्रमका लागि योजना बनाउनु यस क्षेत्रका लागि प्रमुख काम भएका छन्। कृषकहरूको वास्तविक आवश्यकता र मागको आधारमा यस आ.ब.देखि थप कार्यक्रमहरू सञ्चालन गरिने कोइरालाको भनाइ छ।



तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीका अनुसार गत आर्थिक बर्षमा कृषिका क्षेत्रमा उल्लेख्य काम गरिएको छ। गत बर्ष तरकारी खेती, पशुपालन, भकारो सुधार, बीउ बाख्रा बितरण, उन्नत जातका मकै बीउ, फलफूल बीउ तथा बिरुवा बितरण गरिएको थियो। कृषकले के माग्छन् भन्दा के गर्न आवश्यक छ भन्ने हेतुले निम्न आय भएका ७२ परिवारलाई एक परिवार १ दर्जन लोकल कुखुराका चल्ला बितरण गरिएको र अनुगमन पछि प्रगतिको आधारमा थप सहयोग गर्ने र अरु थप परिवारलाई पनि स्वरोजगार र आत्मनिर्भर गराउने योजना रहेको नगर प्रमुख शाहीको भनाइ छ। यस बर्ष आवश्यकताको आधारमा कृषिमा उल्लेख्य फड्को मार्ने उहाँ बताउनुहुन्छ। उहाँले यस बर्ष कृषिका लागि नगरपालिकाले १ करोड ६० लाख बिनियोजन गरेको र जसमा छिमेकी गाउँपालिकालाई समेत सहयोग पुग्ने गरी गर्भाधान सेवा सञ्चालन गर्ने, तरकारी, दूध र बाख्रामा नश्ल सुधारका लागि बोयर जातका बोका कृषकलाई बितरण गर्ने, भैंसीपालक किसानहरूलाई प्रोत्साहन गर्नुका साथै स्थानीय गाईको संरक्षण तथा सम्वर्द्धनका लागि काम गर्ने योजना रहेको बताउनुभयो। तानसेन नगरपालिकामा बन वातावरण तथा कृषि समिति मार्फत अल्पकालीन र दीर्घकालीन नीति तथा कार्यक्रम बनाई काम शुरुगर्न थालिएको उहाँको भनाइ छ।

कटेरी नमूना गाई फार्मकी प्रोपाइटर पवित्रा गैरेका अनुसार किसानहरूलाई खादा र सम्मानपत्रबाट भन्दा उनीहरूको गोठ र उत्पादित बस्तुहरूको निरीक्षण गरी सहयोग आवश्यक रहेको बताइन। नगरपालिकाले कृषकद्वारा उत्पादित उपभोग्य बस्तुको उचित बजारीकरणको प्रवन्ध मिलाएमा उपभोक्ताहरू बिचौलियाबाट ठगिन नपर्ने उहाँको भनाइ थियो।

डुम्रे दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष गोपाल जीसीले कृषकहरूको लागि नगरपालिकाले गरेको सहयोग सऱ्हानीय भएको बताउँदै कृषकहरूलाई



**हरिप्रसाद कोइराला**

उत्पादनमा आधारित सहयोग कार्यक्रममा वृद्धि गर्नुका साथै कृषकलाई व्याजमा अनुदान कार्यक्रम भएमा उत्पादनमा वृद्धि गर्न सहज हुने बताउनुभयो। कृषकद्वारा उत्पादित दूधमा अन्य गाउँपालिकाका कृषक सरह अनुदान पाउनुपर्ने बताउँदै कृषकबाट उत्पादित दूध सुरक्षित प्याकेजिङ सहित उपभोक्ता समक्ष पुऱ्याउन नगरपालिकाले योजना बनाउनु पर्ने जीसीले सुझाव दिनुभयो।

कृषकहरूले उत्पादन गरेको दूध उत्पादनका आधारमा पाउने प्रतिफल घाटामा परेको हुँदा उत्पादनमा आधारित अनुदान तथा ऋणको व्यवस्था भएमा कृषकको उत्पादनमा प्रोत्साहन हुने लुहुङ दुग्ध उत्पादक सहकारी संस्थाका व्यवस्थापक युवराज पौडयालको भनाइ छ। नीति तथा कार्यक्रममा उल्लेख भएका योजना कार्यान्वयन भएमा तानसेनले कृषि क्षेत्रमा समेत फड्को मार्न सक्ने देखिन्छ।

**(पत्रकार)**

◆ समय मै कर तिरौं, गौरवान्वित बनौं र जरिवानाबाट बचौं।
◆ व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र व्यवसाय गरौं।
◆ समयभित्रै जन्म,मृत्यु, विवाह लगायत घट्ना दर्ता गरी आफ्नो अधिकार सुनिश्चित गरौं।
अनुरोधक: तानसेन नगरपालिका, पाल्पा

◆ बातावरणमैत्री नगर बनाउन सबै क्षेत्र जिम्मेवार बनौं।
◆ विकास निर्माणमा लागत सहभागिता जुटाऔं।
◆ प्लास्टिकमुक्त नगर बनाउने हाम्रो पहललाई साकार पारौं।
अनुरोधक: तानसेन नगरपालिका, पाल्पा

# तानसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय सूचना प्रविधि शाखाको गतिविधि



- प्रकाश गैरे

**सूचना प्रविधि शाखामा भए गरेका मुख्य कामहरू बुँदागत रूपमा प्रस्तुत गरिएको छः-**

- तानसेन नगरपालिकाका सम्पूर्ण वडाहरूमा इन्टरनेटको उपलब्धता
- वडा सचिबहरूलाई व्यक्तिगत घटना दर्ता र सम्पति कर व्यवस्थापन प्रणाली सम्बन्धी तालिम सम्पन्न।
- तानसेन नगरपालिका वडा नं. ९ जिल्लाकै पहिलो अनलाइनद्वारा सम्पति कर उठाउन सक्ने वडाको रूपमा स्थापित
- वडाहरूमा इन्टरनेटको उपलब्धता, सम्पति करको सफ्टवेयरको सुरुवात र तालिमपश्चात् वडाबाटै सम्पति कर, नगदी रसिद काट्ने कार्यको थालनी।
- व्यक्तिगत घटना दर्ताको सम्पूर्ण वडाहरूमा तालिम पश्चात्वडाहरूको युजर आइडी बनिसकेको र वडा १ देखि ७ सम्मकोले अनलाइन घटना दर्ता शुरुवात।
- सम्पूर्ण वडाहरूमा इमेलको सहज प्रयोग ईमेल मार्फत् सूचना सम्प्रेषण, बैठक निर्णय, सामाजिक सुरक्षाको विवरण पठाउने पाउने कार्य सहज भएको छ।

**वडा कार्यालयका ईमेलहरु :-**

| वडा कार्यालय | ईमेल |
|---|---|
| वडा १ | tansenmun1@gmail.com |
| वडा २ | tansenmun2@gmail.com |
| वडा ३ | tansenmun3@gmail.com |
| वडा ४ | tansenmun4@gmail.com |
| वडा ५ | tansenmun5@gmail.com |
| वडा ६ | tansenmun6@gmail.com |
| वडा ७ | tansenmun7@gmail.com |
| वडा ८ | tansenmun8@gmail.com |
| वडा ९ | tansenmun9@gmail.com |
| वडा १० | tansenmun10@gmail.com |
| वडा ११ | tansenmun11@gmail.com |
| वडा १२ | tansenmun12@gmail.com |
| वडा १३ | tansenmun13@gmail.com |
| वडा १४ | tansenmun14@gmail.com |

- तानसेन नगरपालिकाको मोबाइल एप शुरु। पाल्पा जिल्लाका १० स्थानीय तह मध्ये तानसेन नगरपालिकामा मोबाइल एपको प्रयोग पहिलोपटक भएको हो।
- तानसेन नगरपालिकामा इलेक्ट्रोनिक हाजिरीको २०७६ वैशाख देखि नियमितता।



- सामुदायिक बिद्यालयमा इलेक्ट्रोनिक हाजिरीको शुरुवात।
- तानसेन नगरपालिकाको नोटिस बोर्डको शुरुवात जसको नम्बर यस प्रकार छ :–

**तानसेन नगरपालिकाको कार्यालयको लागि** : १६१८०७५५२०९०९

**रानीमहलको लागि** : १६१८०७५५२०२१०९

- तानसेन नगरपालिकाको पार्श्व चित्रको डिजिटल डाटा Committed Nepal द्वारा हस्तान्तरण भएपछि उक्त डाटाको प्रयोग र व्यवस्थापन।
- तानसेन नगरपालिकाको सहकारी व्यवस्थापन सम्बन्धी अनलाइन प्रविधि प्रयोग गरी सम्पूर्ण सहकारी संस्थाहरूको USER ID बनेको छ र सहकारी सस्थाको व्यवस्थापन प्रणालीको कार्य भइरहेको छ।

तानसेन नगरपालिकाको वेबसाइट :- www.tansenmun.gov.np
फेसबुक :- https://www.facebook.com/tansenmunicipality/
ट्वीटर :- https://twitter.com/Tansenmun
इमेल:-info@tansenmun.gov.np
ito.tansenmun@gmail.com

(सूचना प्रविधि अधिकृत )

# तानसेन नगरपालिकाको आ.व. ०७५/७६ को आन्तरिक आम्दानीको अवस्था



- मधुसुदन घर्ती

नेपालको संविधानको धारा ५७ मा राज्यशक्तिको बाँडफाँडको व्यवस्था गरेको छ, जस अनुसार अनुसूची-५ मा संघको एकल अधिकार, अनुसूची-६ मा प्रदेशको एकल अधिकार, अनुसूची -७ मा संघ र प्रदेशको साझा अधिकार, अनुसूची-८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको व्यवस्था गरेको छ।

संविधानको प्रावधान बमोजिम स्थानीय तह सञ्चालनका सम्वन्धमा संघीय सरकारबाट छाता कानूनको रूपमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय

**तानसेन नगरपालिकाको आ.व. २०७५/०७६ को अनुमानित तथा यथार्थ आम्दानी विवरण**

| क्र.स. | विवरण | अनुमान | यथार्थ | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | अचल सम्पत्तिमा लाग्ने कर | ८०,६०,००० | ८०,८४,०७६।७८ | १००.२९ |
| २ | खुद सम्पत्तिमा लाग्ने चालु कर | ३६,७०,००० | ४७,८८,९८७।७६ | १३०.४९ |
| ३ | पूर्वाधार सेवा उपभोग कर | २९,००,००० | २५,८०,७२३।५ | ८८.९९ |
| ४ | मनोरञ्जन/विज्ञापनकर | ४,५०,००० | १,१२,८१९।७८ | २५.०७ |
| ५ | व्यवसाय कर | ३५,००,००० | २५,८१,१४५।६९ | ७३.७४ |
| ६ | भाडा तथा रोयल्टी रजिष्ट्रेशन | ७३,५०,००० | १,५५,०४,८२०।३६ | २१०.९४ |
| ७ | वस्तु सेवा विक्रीबाट | ६०,००,००० | ४७,८३,६२८।९० | ७९.७२ |
| ८ | प्रशासनिक सेवा शुल्क | २०,००,००० | १८,२९,१९६।६३ | ९१.४५ |
| ९ | सेवा दस्तूर | १,०२,६०,००० | १,०५,१२,१६०।७८ | १०२.४५ |
| १० | दण्ड जरिवाना | ३,१०,००० | ३,४९,२९१।७९ | ११२.६७ |
| ११ | अन्य | ५,००,००० | ४,२८,४६८।४ | ८५.६९ |
| | जम्मा | ४,५०,००,००० | ५,१६,४०,१३३।२५ | ११४.७५ |

प्राकृतिक स्रोत तथा वित्तीय आयोग ऐन, २०७४ जारी भइसकेको छ। संविधानले नगरपालिकाहरूलाई अधिकार प्रदान गरे बमोजिम यस तानसेन नगरपालिकाले सालबसाली आर्थिक ऐन जारी गरी संविधान तथा उपरोक्त कानूनको प्रावधान अनुरुपका कर तथा गैर कर संकलन गर्दै आएको छ।

स्थानीय तहको निर्वाचन पश्चात् जन निर्वाचित जनप्रतिनिधिहरू मार्फत तानसेन नगरपालिका नगर सरकारको रूपमा सञ्चालनमा आएको छ। यसै सन्दर्भमा नगरपालिका क्षेत्र भित्रका करदाता महानुभावहरूको कर सम्बन्धी मिश्रित प्रतिक्रिया आएको छ। केही करदाताहरू जननिर्वाचित प्रतिनिधिहरू आए पछि कर बृद्धि गरी जनतालाई करको भार बोकाएको अरोप लगाउने गरेका छन् । केही करदाताहरूको यस नगरपालिकाको करका दरहरूमा कमी रहेको छ करको दरमा बृद्धि गरी आन्तरिक आम्दानी बृद्धि गर्नुपर्छ तब नगरपालिकाले नगरको विकासमा लगानी बृद्धि गर्न सकिन्छ भन्ने सकारात्मक टिप्पणी रहेको छ। तथापि अधिकांश करदाताहरू समय सापेक्ष करको दरमा बृद्धि हुँदै जानुपर्छ भन्ने बुझाइमा रहेको पाइन्छ।



तानसेन नगरपालिकाको आ.व. २०७५/०७६ को कूल बजेटमा करीब ६ प्रतिशत मात्र आन्तरिक स्रोतको योगदान रहेको छ। नगरपालिकाको कूल प्रशासनिक खर्चमा करीव ११ प्रतिशत बजेट मात्र आन्तरिक स्रोतको योगदान रहेको छ। यसरी तानसेन नगरपालिकाको आन्तरिक आम्दानीको अवस्था हेर्दा न्यून रहेकोछ। सरकार सञ्चालनको सिद्धान्त अनुसार कम्तीमा नगरपालिकाले चालु खर्चलाइ धान्न सक्ने गरी आन्तरिक आम्दानी गर्नु पर्ने देखिन्छ। नगरपालिकाले राजस्वको दर र दायरालाई फराकिलो पारी प्रशासनिक खर्च धान्न सक्ने गरी आन्तरिक स्रोत प्रबर्द्धन गर्ने विषयलाई चुनौतिका रूपमा लिइएको छ। नगरपालिकाको विकास निर्माण गर्दा आन्तरिक स्रोत अभिबृद्धि हुने किसिमका परियोजनाहरूमा लगानी बढाई सबै पक्षको सकारात्मक सहयोग र सहकार्य हुन सकेको खण्डमा क्रमशः आन्तरिक स्रोत अभिबृद्धि गर्दै जान सकिने सम्भावना रहेको छ। यसतर्फ जनप्रतिनिधि, नगरवासी लगायत सरोकारवाला सबै को ध्यान पुग्नुपर्ने आवश्यकता रहेको छ।

**(प्रमुख, तानसेन नगरपालिका आन्तरिक राजस्व शाखा)**

# पाल्पा तानसेनमा बन्नेभयो हरियाली बसपार्क



- कोशलराज घिमिरे


तानसेनको मौजुदा बसपार्क साँघुरो भएकाले नयाँ बसपार्क बनाउनुपर्ने कुरा धेरैपहिले देखि उठेको भएपनि नगरप्रमुख अशोककुमार शाहीको नेतृत्वमा रहेको नगरकार्यपालिकाले कामलाई गति दिएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को २०७६ असार ५ गतेको बैठकले पाल्पा तानसेन बसपार्कका लागि जग्गा उपलब्ध गराउने निर्णय गरेको थियो। वन तथा भू –संरक्षण विभाग ववरमहल काठमाडौंमा मिति २०७६ असार १० गते सम्झौतामा हस्ताक्षरभएपश्चात् कानूनी रूपमा तानसेन नगरपालिकालाई करीव १२९१ रुख भएको लगभग १०० एक सय रोपनी (४.९९ हेक्टर) क्षेत्रफल जग्गा बसपार्कका लागि व्यवस्थापन गर्ने जिम्मवारी प्राप्त भयो । उक्त सम्झौताका बखत तानसेन नगरपालिकामा पाँचौं नगरसभा चलिरहेको थियो । सबै जनप्रतिनिधि एवम् सरोकारवालाहरूलाई थाहा भयो कि पाल्पा तानसेनमा बन्ने बसपार्कका लागि नगरप्रमुख अशोककुमार शाहीको पहलअनुसार सम्झौता भएको हो । काठमाडौंबाट तत्काल सम्झौता पत्र तानसेन पठाउने काम भयो। तानसेनमा रहेका र काठमाडौं गएका सरोकारवाला हामी सबै खुशी भयौं । यद्यपि नगरसभा चलेका कारण नगरप्रमुख काठमाडौं जान सक्नु भएको थिएन।



नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन तथा भू संरक्षण विभाग, ववरमहल काठमाडौंको तर्फबाट वन संरक्षण अधिकृत राकेश कर्ण र तानसेन नगरपालिकाको तर्फबाट आर्थिक प्रशासन शाखा अधिकृत कोशलराज घिमिरेले सम्झौता पत्रमा दस्तखत गरी आपसमा लिने दिने काम सम्पन्न भएको थियो। उक्त सम्झौता पत्रमा १ देखि २० बुँदा सम्म उल्लेख छ। आइ ई ई प्रतिवेदन र राष्ट्रिय प्राथमिकता प्राप्त योजना भएको तथा छिटो काम गर्नुपर्ने हुनाले समयमै फाईल अगाडि आएको सो जग्गाको सट्टा जग्गा तानसेन नगरपालिकाले दिई ५ वर्ष भित्र संरक्षण सम्वर्द्धन गरी १ रुखको सट्टा २५ रुखहरू लगाई हुर्काउनै पर्ने वा लगाउनु पर्ने छ जसको नियमन तथा आवश्यक अन्य सहयोगका लागि सम्बन्धित जिल्ला वन कार्यालयलाई समेत तोकिएको छ। कुनै हानिनोक्सानी गर्न नहुने जसको प्रतिवेदन दुई दुई महिनामा फोटा एवम् विवरण बनाई प्रगति प्रतिवेदन पठाउनुपर्ने कुरा सम्झौतामा उल्लेख छ। सो कामका लागि एक समिति रहने समेत व्यवस्था सम्झौतामा उल्लेख छ। अन्य कुराहरू प्रचलित कानून अनुसार हुने व्यवस्था सम्झौतामा उल्लेख छ । सम्झौताको कार्यान्वयन वा शुरुवात सम्झौताकै मिति २०७६।३।१० गते देखि लागु हने व्यवस्था रहेको छ।

पाल्पा तानसेनमा हरियाली बसपार्क निर्माणका लागि तानसेन वनदेवीको जग्गा प्राप्तिका निम्ति नेपाल सरकारबाट तानसेन नगरपालिकालाई जिम्मेवारीका साथ करीव १०० एक सय रोपनी जग्गा प्राप्त भएको हो। सो कामको शुरुवाती चरणका सम्झौता गर्न प्रमुख लगायत जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृत समेत पाँचौं नगर सभामा व्यस्त भएकाले नगरप्रमुख अशोककुमार शाहीको निर्देशानुसार मलाई जिम्मेवारी दिई पठाइएको थियो । बसपार्कका लागि आवश्यक जग्गा प्राप्ति सम्बन्धी काम केही समय अगाडि देखि नै नगरप्रमुख कै पहलमा विभिन्न चरण पार गरी अगाडि बढेको रहेछ। उक्त काममा पाल्पाका जिम्मेवार व्यक्तिहरूले खेलेको भूमिकालाई तानसेन नगरपालिका र सरोकारवाला सबैले कहिले पनि भुल्न सकिंदैन । त्यसमा पनि विशेषतः सम्झौताका लागि नगरपालिकाका शुभचिन्तक ठाकुर गैरे, नगरवासी नेत्रप्रसाद पाण्डे, चिरन गैरे लगायतका महानुभावले गरेको सहयोगले फाइल छिटो छिटो अगाडि बढाउन सकियो। सम्बन्धित शाखाका कर्मचारीहरूले नेपाल सरकारको २०७६।३।५ गते भएको निर्णय वन तथा भू संरक्षण विभाग बबरमहलको (च.नं.५१४ मिति २०७६।३।५ गते) निर्णय भएको ४ दिन मै विभिन्न आवश्यक प्रक्रिया पूरा गर्दै वन विभागमा यति शीघ्र अर्थात् ४ दिनमै कुनै पनि फाइल आजसम्म यसरी सम्झौताको चरणमा पुगेका थिएन भनेको समेत हामीले सुन्यौं। यी सबै कुराले गर्दा उहाँहरूको भूमिका महत्त्वपूर्ण







श्री तानसेन नगरपालिकाद्वारा प्रस्तावित पाल्पा बस पार्क आयोजनाका लागि
वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने र सोमा रहेको रुखबिरुवाहरु हटाउन दिने सम्बन्धमा


वन तथा भू-संरक्षण विभाग, बबरमहल र श्री तानसेन नगरपालिकाद्वारा प्रस्तावित पाल्पा बस पार्क आयोजना, तानसेन, पाल्पा बीच भएको


सम्झौता पत्र

२०७६









थियो भन्ने देखिन्छ। सम्झौताका विभिन्न प्रक्रियामा सम्बन्धित ब्यक्तिहरूले खेल्ने भूमिकाले कर्मचारीले गर्ने काम भन्दा बढी जोड दिने रहेछ तथा छिटोछिटो काम सम्पन्न हुने रहेछ भन्ने कुरालाई पुष्टयाँई गर्दछ।

पाल्पामा बसपार्क सानो भएकोले बस लगायत सवारी साधनहरूलाई टुँडिखेलमा तथा अन्य सडक छेउछाउ राख्दा यात्रुहरूलाई धेरै असहज भएको अवस्थामा यो हरियाली बसपार्कको काम शुरुवात भई चाँडो सवारी ब्यवस्थापन गर्ने काम भएमा पाल्पामा आउने आन्तरिक तथा वाह्य पर्यटकहरू लगायत सबैलाई राम्रो हुन सक्ने थियो। सबैले जान्नु पर्ने कुरा सफा र राम्रो बसपार्कका केही शर्त तथा चरणहरू सम्झौतामा उल्लेख भएका छन। ती कुरालाई पूरा गर्न सम्बन्धित सबैले सहयोग गरौं। दाताहरूले पनि विगतमा जग्गा अभाव लगायतका बहाना देखाउने कुरा अब सकिएको छ। विकास निर्माणमा इच्छा हुनेहरूले आआफ्ना क्षेत्रबाट सहयोग गर्न सक्नुहुनेछ भन्ने कुरा सम्झौताका छलफलका चरणमा भयो। उक्त सम्झौता बारेमा नगरपालिकाको वेभसाइटमा राखिएको छ। नगरकार्यपालिका अर्थात् नगरसरकारका निर्णयहरू पालना गर्नु हामी सबै नागरिकको कर्तब्य समेत हो यसर्थ हरियाली बसपार्क निर्माण सम्पन्न गर्नका लागि सबैले आआफ्नो ठाउँबाट सहयोग गरौँ।

**(शाखा अधिकृत, लेखा शाखा)**

# प्रवर्द्धनात्मक कार्यक्रम मार्फत् तानसेन नगरपालिकाको विकासमा गरिएका प्रयास



– भरतप्रसाद आचार्य

तानसेन नगरपालिकाले आ.व.०७५।०७६ मा नगर विकास प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत विभिन्न रचनात्मक कामहरू गरेको छ।

तानसेन नगरपालिका वास्तवमा प्राकृतिक स्रोत र साधनले भरिपूर्ण छ। भू–बनोट हेर्दा अनुकूलतम जलवायु, ग्रामीण वस्ती र वस्तीको स्वरुप, जंगल क्षेत्र, नदीनाला, खेतवारी, पहाड पखेराको धनी छ तानसेन । तानसेनको कुना कुनामा बसेको बजार, बजारको विस्तारित रुप, साना साना गल्ली, ऐतिहासिक धरोहर मठमन्दिर र पाटी, वजारको सरसफाइ, पुर्वाधार विकास तथा कार्यक्रम विकास मार्फत स्थानीय स्रोत साधनको उच्चतम र अनुकूलतम उपयोग गर्दै सुन्दर नगर, आत्मनिर्भर नगरवासीको दीर्घकालीन सोच साकार पार्न सम्भव छ । क्षेत्रगत रूपमा तानसेन नगरपालिकाले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण विकास र सुशासन तथा संस्थागत विकासमा बाँडफाँड गरेको कूल नगर विकास कार्यक्रम बजेट रु. १०,१६,३५,७७९।– मध्ये सवैभन्दा धेरै सामाजिक विकासमा बजेट विनियोजन भएको थियो । विनियोजित बजेटबाट तानसेन नगरपालिकाका ग्रामीण वडाहरूमा सञ्चालन गरिएको घरघरमा स्वास्थ्य सेवा अभियानले ठुलो महत्त्व राखेको छ । यसैगरी ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षण गर्नु नगर सरकारको जिम्मेवारी रहेको हुँदा पुराना मन्दिरहरूको छाना फेर्ने लगायत मर्मत कार्य समेत सम्पन्न गरेको छ । तानसेनमा पर्यटनको विकास र सम्भावनालाई मध्यनजर गरी Tourism Action Committee Tansen -TACT_को सक्रियतामा तानसेनको ऐतिहाँसिक स्थानहरूको फोटो प्रदर्शनी, पर्यटन गाईड तालिम, Audio Visual Media Documentry, पैदल यात्रीहरूको लागि रानीमहल जाने संकेत चिन्ह राख्ने काम सम्पन्न भएको छ। जसबाट तानसेन र समग्र पाल्पा जिल्लाका पर्यटकहरूलाई आकर्षण गर्न थप सहयोग भएको TACT का संयोजक सागरमान महर्जन बताउनुहुन्छ। दलित अल्पसङ्ख्यक महिला स्वास्थ्य स्वयंसेविकाहरू र सरसफाइकर्मीका परिवारलाई समेत नगरपालिकाले उपलब्ध गराएको निःशुल्क स्वास्थ्य वीमाले उत्तिकै प्रभाव पारेको छ। उपभोक्ता जागरण अभियान, मेयरकप र राष्ट्रिय स्तरका खेलकूद आयोजना, पाठेघरको मुखको क्यान्सर परीक्षण, महिला, वालवालिका, दलित, अपाङ्गता भएका, जेष्ठनागरिक, जनजाति र अल्पसङ्ख्यकहरूका लागि गरिएको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमबाट समुदायमा सशक्तिकरण बढेको पाइएको छ। तानसेनमा रहेको विभिन्न जात्रा पर्वहरूको संरक्षण र सम्बर्द्धन गर्ने हेतु कार्यक्रम गरिएकोमा नेपालमै तानसेनको जात्रा पर्वहरूले महत्त्व पाएका छन्।

तानसेन नगरपालिकाले युवाहरूलाई शशक्त गर्नको लागि तानसेन नगर युवा परिषद् गठन गरी विकास निर्माणको साझेदारको रूपमा युवा परिषदलाई अगाडि बढाइएको छ । आर्थिक समृद्धिको लागि महिला उद्यमशीलता कार्यक्रमबाट तानसेनका १०४ जना महिला कृषकहरूलाई २–२ गोटाका दरले उन्नत बाख्रा वितरणका साथै ३ जना महिला उद्यमीलाई सिलाई मेशिन वितरण र कृषकहरूको लागि १३ थान हाते ट्याक्टर वितरण गरिएको थियो । जसले गर्दा नगर भित्रका कृषकहरूलाई व्यावसायिक बनाउन थप सहयोग पुगेको छ भने उद्यम विकास गरी स्वयं आत्मनिर्भर बन्न उत्प्रेरणा बढेको छ । तानसेन नगरपालिकाले हरित सहर अभियान अन्तर्गत विभिन्न प्रजातिका लालीगुराँस फूलका विरुवा, तेजपत्ता, कपूर, चिउरी लगायतका करीव ९ हजार आकर्षक विरुवा श्रीनगर र गुफाचौर गणेशधाम वन क्षेत्रमा वृक्षरोपण गरी हरियाली प्रवर्द्धन गरेको छ।

पूर्वाधार विकास अन्तर्गत नगर सडक वत्ती, करिडोर पहुँच मार्ग पुरानो छिडी विस्तारको लागि घरजग्गा खरीद, व्यावसायिक कृषि विकास र सिंचाइ कार्यक्रम, Eco Friendly वस टर्मिनलको लागि संघीय सरकारबाट जग्गा प्राप्तिका लागि सम्झौता कार्य सम्पन्न भएको छ।

वन, तथा वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रबाट तानसेन ५ र ३ हुँदै होलाङ्दी झर्ने ढल व्यवस्थापन कार्य सम्पन्न भएको छ। जलाधार, तालकुण्ड सीमसार क्षेत्र संरक्षण कार्यक्रम अन्तर्गत प्रभासको सूर्यकुण्डको निर्माण कार्य सम्पन्न भएको छ । ता.न.पा. वडा नं. १३ स्थित बोटे समुदायहरूको खरको छाना विस्थापन गरी जस्तापाताको छाना र सोलार बत्तीको व्यवस्थापन गरेको छ। वैकल्पिक ऊर्जा कार्यक्रमबाट वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग सम्झौता गरी वायोग्यास प्लान्टको कार्यक्रम अगाडि वढाएको छ।

सुशासन तथा संस्थागत विकासबाट सूचना प्रविधि कार्यक्रम अन्तर्गत संचार सवलीकरणमा स्थानीय मिडियाहरूलाई सहयोग, पत्रकार महासंघ भवन निर्माणमा सहयोग तथा **हाम्रो तानसेन** नगर बुलेटिन प्रकाशन, नागरिकसँग मेयर रेडियो कार्यक्रम अन्तर्गत ३ वटा रेडियोसँग सम्झौता गरी उत्पादन र प्रसारण, जनप्रतिनिधि र कर्मचारीहरूको लागि क्षमता बिकास कार्यक्रम, पुस्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कारका लागि अक्षयकोष स्थापना र व्यक्तित्व सिफारिस गर्ने गरी उपसमिति गठन र कोषको स्थापना सम्पन्न गरेको छ। प्रविधि मैत्री नगरपालिका अन्तर्गत मोवाईल एप्स निर्माण, डिजिटल बोर्ड, वडाहरूमा Internet जडान, कर प्रणालीलाई Online बाट असुली गर्ने कार्य आरम्भ गरेको छ।

यसरी हेर्दा तानसेन नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत महत्त्वपूर्ण कामहरू सम्पन्न भएको देखिन्छ। यति हुँदाहुँदै पनि नगरवासीहरूको असीमित आवश्यकताहरूलाई पूरा गर्न न्यूनतम स्रोत र साधनको कारण योजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गरी न्यून स्रोतसाधनलाई अधिकतम् परिचालन गरी धेरै भन्दा धेरै समुदायहरू लाभान्वित हुने गरी कार्यक्रम तय गरिनु पर्ने आवश्यकता बोध भएको छ।

**(प्रमुख, सामाजिक विकास शाखा)**

# आव २०७५/७६ मा तानसेन नगरपालिका सरसफाइ शाखाका मुख्य गतिविधि



– शंकर भण्डारी

आर्थिक वर्ष २०७५/७६ मा सरसफाइ शाखाले विभिन्न कार्य सम्पादन गरेको छ। सीमित साधनस्रोत अर्थात् न्यून जनशक्तिका वावजूद यो शाखाले सम्पन्न गरेका मुख्य कामलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- टोल बिकास संस्थाका प्रतिनिधि तथा अन्य सरोकारवालागरी ६३७ जना को लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- **सफा तानसेन** अभियान अन्तर्गत ५० टोल बिकास,सरकारी कार्यालय, सुरक्षा निकाय, वडा कार्यालय र नगरपालिकाको समेत सहभागितामा बजारका बिभिन्न स्थानमा सरसफाइ गरिएको।



- रानीघाट दरबार अर्थात् रानीमहल, सार्वजनिक सम्पत्तिको संरक्षण तथा ती सम्पदा वरपर सरसफाइ अभियानमा तानसेनभित्रका मठ, मन्दिर, पाटी, पौवा, टुँडिखेल बसपार्क र श्रीनगरमा सरसफाइ बिशेष अभियान सञ्चालन गरियो।
- नेपाली सेनासँग सहकार्य गरी एकै दिन पाँच सय जनाको उपस्थितिमा बतासे,मिसन अस्पताल सेरोफेरो तथा बजार भित्रका अधिकांश भाग, प्रभाससम्मको नाली र सडक सफा गरिएको छ। जो नियमित रूपमा गरिनेछ। बुझिएको अवस्थामा रहेका करीब ७६ स्थानको ढल सुचारु गरेका छौं। दैनिक करीब ५ टन फोहर संकलन त्यसको ब्यवस्थापन र बजारको मुख्य क्षेत्र सफा गर्ने काम त नियमित नै भइरहेको छ। पाल्पा प्याब्सन र नगरपालिका भित्रका सरकारी बिद्यालयले ८० स्थानमा गरेको सरसफाइ अभियान नगरवासीको मानसपटलमा ताजै हुनुपर्दछ।
- तानसेनबाट निस्कने दैनिक ४ टन कुहिने फोहरबाट बायो ग्यास बनाउने परियोजनाबारे तानसेन नगरपालिका र वैकल्पिक उर्जा केन्द्रबीच सम्झौता हुनुका साथै स्थलगत अध्ययन र डिपीआर तयार भएको छ।
- आगामी केही समयभित्र बजारको फोहर संकलनका लागि कम्प्याक्टर गाडी खरीदको लागि टेन्डर प्रक्रियाबाट कार्य अगाडि बढेको छ।
- करीब २० वटा टोल बिकास संस्थासँगको सहकार्यमा करीब १२०० वटा फोहर संकलन गर्ने डस्टबिन बितरण गरिएको छ। आगामी दिनमा पनि यो कार्यलाई निरन्तरता दिदैंछौ। बजार सफा गर्नका लागि २ बुमर खरीदका लागि तयारी पूरा भएको छ।

**जनशक्तिको अभाब मुख्य समस्या**



- नगरमा बढ्दो फोहर संकलन गर्न गाडी पर्याप्त नभएको।
- बजार क्षेत्रको नालीको सही ब्वस्थापन गर्न नसकेको कारण चुनौति थपिएको छ।
- बजार सफा भए पनि र फोहर संकलन उदाहरणीय भए पनि टिकाटिप्पणी भइरहन्छ । ल्याण्डफिल्ड साईटको बारेमा पटकपटकको छलफल सकारात्मक भएको छ तर सञ्चालन हुन सकेको छैन, यसका लागि प्रयास निरन्तर जारी रहेको छ।
- हाल बाँसटारी, प्रभास र गोर्खेकोटमा सेवा बिस्तार गरिएको र आगामी दिनमा अर्गली र मदनपोखराको फोहर व्यवस्थापनका बारेमा क्लष्टर बनाउनका लागि योजना बनाउने सोच रहेको छ।
- बन्दीपोखराको बजार क्षेत्र, डुम्रे, तेल्घाको बजार एरिया चन्डीभन्ज्याङ्गको फोहरका बारेमा कार्यपालिकामा थप छलफल गरी आगामी रणनीति बनाउने सोच बनाएका छौं।
- तानसेनमा फोहरबाट मोहर बनाउने र नकुहिने फोहरको बर्गीकरण गरी शिशा जस्तै बिक्रीका लागि केही जग्गा र जनशक्ति भएमा हाम्रो नगर स्वच्छ र सफा सहर बनाउन सकिने कुरामा हामी विश्वस्त छौं। नगर प्रमुखको सोच व्यवहारमा उतार्न सकिएमा तानसेन साँच्चै सफा र सुन्दर हुनेछ, हामी सबैको साथ र सहयोग त्यसका लागि आवश्यक छ।

**(प्रमुख, तानसेन नगरपालिका सरसफाइ शाखा)**

तानसेन नगरपालिका
आर्थिक वर्ष २०७६/०७७ को
वार्षिक नीति तथा कार्यक्रम

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, पाल्पा
५ नं. प्रदेश, नेपाल
नगरसभाबाट पारित मितिः– २०७६/०३/१०

**खण्ड १**

**परिचय र समीक्षा**

**१.१ पृष्ठभूमि**

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली नागरिकले विगतमा पटकपटक गर्दै आएको संघर्ष, ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलन स्मरण गर्दै सर्वप्रथम लोकतन्त्र स्थापनाको महाअभियानमा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरूप्रति उच्च सम्मानकासाथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। घाइते योद्धाहरू र बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान प्रकट गर्दछु। संघीय नेपालको प्रदेश नं. ५ मा अवस्थित सुन्दर तथा ऐतिहासिक नगर तानसेन नगरपालिकाको गरिमामय पाँचौं नगरसभामा तानसेन नगर सरकारको आ.व. २०७६।७७ को नीति कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव अनुभूति भएको छ। यस अवसरमा तानसेनबासी लगायत सम्पूर्ण नेपाली नागरिकमा हार्दिक सम्मान प्रकट गर्न चाहन्छौं।

दशकौं लामो संघर्षपछि संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछि संक्रमणकाल पार गर्दै देशमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलवाद, सामाजिक न्यायसहितको समानुपातिक समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्त्वपूर्ण उपलब्धिहरू क्रमशः संस्थागत हुँदै गएका छन्। संविधानले आत्मसात गरेको विविधतासहितको एकता एवम् सामाजिक सांस्कृतिक ऐक्यवद्धताले हाम्रो स्वाभिमान उँचो बन्न पुगेको छ। सबैखालका विभेदको अन्त्य गरी आर्थिक समृद्धि, समानता, उच्च राष्ट्रिय भावनाको जगेर्ना तथा सामाजिक न्याय सुनिश्चित गर्न बलियो आधार खडा गर्न हामी लागिपरेका छौं र केही हदसम्म यस दिशामा हामीले उपलव्धि हासिल गरेका तथ्यहरू साक्षी छन्।

नेपालको संविधानको भाग १३ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिका र नगरपालिकाको राजस्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०७६/०७७ को तानसेन नगरपालिकाको नीति तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष पेश गरिएको छ।

स्थानीय तहको निर्वाचन पश्चात् हामीले निर्वाचित जनप्रतिनिधिको रूपमा तानसेन नगरसरकारको कार्यभार सम्हाल्दा संक्रमणकालीन अवस्था विद्यमान रहेको स्मरण गराउन चाहन्छौं। अहिले पनि सीमित स्रोत साधनका बीच असीमित आवश्यकता तथा माग र समस्याहरू सम्बोधन गर्नुपर्ने चुनौति विद्यमान रहेको छ। सीमित साधन स्रोतमा जनसहभागिता र जन योगदान मिसाएर पूँजी निर्माण गर्नुपरेको यथार्थ हामीलाई अवगतै छ। हो, स्थानीय स्रोत साधन ढुङ्गा, गिट्टी, बालुवा आदि हामीसँग अवश्य केही मात्रामाछन्। अव तिनीहरूको परिचालन र अधिकतम सदुपयोग गरेर अघि बढ्ने प्रयत्न हामीले गर्नु परेको छ। हाम्रो नगरपालिकामा ग्रामीण गाउँवस्तीको वाहुल्य रहेको छ। तानसेन नगरको समग्र र समानुपातिक विकास कसरी गर्ने ? यस बारेमा सबैको चिन्तन, मनन एवम् सबैको लगानी र सहयोगको खाँचो रहेको छ।

संघीयताको नयाँ अभ्यास भए पनि संविधान कार्यान्वयनको छोटो अवधिमा विकास र सुशासनको सुस्पष्ट दृष्टिकोण, स्थानीय कानूनको निर्माण, तानसेन नगरको नगर प्रोफाइल तयार, आन्तरिक राजस्व अभिबृद्धि सम्बन्धी चार बर्षीय कार्ययोजना, समायोजन भई आएका कर्मचारीहरूको व्यवस्थापन, केन्द्र र प्रदेश सरकारसँग अघि बढाइएका समन्वय र सहकार्यका प्रयासहरू तथा विभिन्न प्रतिकूलताका बीचमा पनि बजेटको कार्यान्वयनमा गरिएका विशेष प्रयासहरूले नै हामीलाई अनुकूलतातर्फ अघि बढ्ने आधार तयार भएको छ। यसका लागि सरोकारवाला सबैको प्रयास र योगदानले टेवा पुगेको हो।

यिनै पृष्ठभूमिमा उभिएर "समृद्ध नगर, आत्मनिर्भर नगरवासी, सफा नगर, सुखी नगरवासी" नारालाई हामीले निरन्तर अगाडि सारेका छौं।

चालु आर्थिक वर्ष २०७५/०७६ का लागि चौथो नगरसभाबाट स्वीकृत नीति, योजना र बजेट हाल कार्यान्वयनको अन्तिम चरणमा रहेको छ। विगतमा पारित नीति, योजना र बजेट कार्यान्वयनको हालसम्मको अवस्था मूल्याङ्कन र समीक्षा गर्दा पूर्वाधार तथा अन्य योजना कार्यक्रमहरूका उपलब्धिहरू सन्तोषजनक नै देखिन्छन्। बाँकी पेज नं. ६९

# तस्बिरमा तानसेन



खर्च सार्वजनिकीकरण तथा सुझाव संकलनका लागि पत्रकार सम्मेलन



तानसेन र बगनासकालीको सयुक्त कार्यपालिका बैठकका सहभागीहरु



तानसेन नगरपालिका स्तरीय नमूना युवा संसद् स्थापना र अभ्यास कार्यक्रमका सहभागीहरूसँग नगरप्रमुख, उपप्रमुख, जिल्ला युवा समितिका अध्यक्ष लगायत



युवा दिवसमा तानसेन नगरप्रमुख अशोककुमार शाही, उपप्रमुख लक्ष्मीदेवी पाठकसँग तानसेन नगर युवा परिषद्का अध्यक्ष गुराँस आत्रेय, पदाधिकारी र सदस्यहरु

# तस्बिरमा तानसेन



दलित समुदायका पत्रकारहरूको राष्ट्रिय सम्मेलनमा शुभकामना प्रकट गर्दै तानसेन नगर प्रमुख



तानसेनमा प्रधानमन्त्री रोजगार कार्यक्रम शुभारम्भ गर्दै पूर्व उद्योगमन्त्री तथा संघीय सांसद सोमप्रसाद पाण्डेय


तानसेनमा देखाइने परम्परागत रोपाइँ जात्राको झलक


अर्थविद् केशव आचार्यलाई हाम्रो तानसेन प्रदान गर्दै नगरप्रमुख अशोककुमार शाही


तानसेन-४ मा टोल विकास संस्थाका प्रतिनिधिलाई डस्टबिन प्रदान गर्दै नगरप्रमुख


तानसेन नगरपालिका स्तरीय प्रथम राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता शुभारम्भ गर्दै नगरप्रमुख अशोककुमार शाही

# तस्बिरमा तानसेन



तानसेन – १० गुफाचौरमा लालीगुराँसको बिरूवा रोप्दै नगरप्रमुख



पुष्पलाल स्मृति दिवसमा सामुदायिक रेडियो मदनपोखरामा पुष्पलाल परिसंवाद कार्यक्रममा नगरप्रमुख अशोककुमार शाही, प्रवक्ता दामोदरप्रसाद घिमिरे लगायत




पाँचौ नगरसभा शुभारम्भ गर्दै सभाअध्यक्ष नगरप्रमुख अशोककुमार शाही



पाँचौ नगरसभामा सहभागी नगरसभासद्हरु



तानसेन-१३ मा रहेको रानीमहल परिषरमा संघीय सांसद एवम् शिक्षा तथा स्वास्थ्य समिति सभापति जयपुरी घर्ती, प्रदेश सभासद् तुलाराम घर्तीमगर लगायत



जापानी समाजसेवी काजुमासा काकिमी अर्थात् ओकेबाजेलाई तानसेन नगरको साँचो प्रदान गर्दै नगरप्रमुख अशोककुमार शाही



तानसेन-३ निवासी उद्यमी धीरेन्द्र शाक्य काँसको सुकुण्डा, पानस बनाउदै



कार्यक्रम सकेपछि टुँडिखेलको फोहर सफा गर्दै कलाकार किरण चित्रकार लगायत

# तस्बिरमा तानसेन




नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवलाई हाम्रो तानसेन बुलेटिन प्रदान गर्दै नेपाल पत्रकार महासंघ पाल्पाका पूर्व अध्यक्ष भगवान भण्डारी



तानसेन सम्बन्धी फोटो प्रदर्शन कार्यक्रम घोषाणा समारोहमा नगरप्रमुख, फोटो पत्रकार भरत देउराली, TACT का पदाधिकारी लगायत



नगरसरसफाइ कार्यक्रम शुभारम्भ गर्दै नगरप्रमुख अशोककुमार शाही



हाम्रो तानसेन त्रैमासिकका लागि लेखनसीप प्रशिक्षण कार्यक्रममा सहजीकरण गर्दै नेपाल पत्रकार पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल



पाल्पाली ढाका उद्यमी पूर्णमाया महर्जन




उपभोक्ता अधिकार र उद्योगी तथा व्यवसायीहरूको दायित्व विषयक प्रशिक्षण एवम् अन्तरक्रिया कार्यक्रम शुभारम्भ गर्दै नगरप्रमुख

नीति, योजना र बजेट कार्यान्वयनको अनुभव र सिकाइबाट नगरको दिगो र सन्तुलित विकासका लागि ठोस र योजनाबद्ध रूपमा अगाडि बढ्ने पृष्ठपोषण र प्रेरणा मिलेको छ।

आ.व. २०७६/०७७ का लागि नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रमलाई समेत पुनरावलोकन गर्दै संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग र मार्गदर्शन, संघीय सरकारको नीति, प्रदेश सरकारको नीति, प्राप्त बजेट, योजना र कार्यक्रम, संविधानको अनुसूची–७ (संघ र प्रदेशको साझा अधिकारको सूची), अनुसूची–८(स्थानीय तहको अधिकारको सूची) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लिखित नगरपालिकाको कार्यक्षेत्र, स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शनलाई समेत ध्यानमा राखिएको छ । तानसेनको पर्यटन विकासमा सहयोग पुर्‍याउने अभिप्राय सहित वैदेशिक सम्बन्धको दायरा फराकिलो पार्दै लगिनेछ । नेपालले अन्तर्राष्ट्रिय स्तरमा प्रतिवद्धता गरेको सन् २०३० सम्म पूरा गर्नुपर्ने दिगो विकास लक्ष्य, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने लक्ष्य, चौधौं राष्ट्रिय आवधिक योजना र अन्तर्राष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषयगत क्षेत्रका प्रतिबद्धता बमोजिम नतिजा प्राप्तिमा सहयोग पुर्‍याउने गरी कार्यगर्न यो नगरपालिका कटिबद्ध रहने छ।

१.२ चालु आ.व. २०७५।७६ को नीति तथा कार्यक्रमको संक्षेपमा समीक्षा

तानसेन नगरपालिकाको तेस्रो नगरसभाबाट रु. ८०,१३,१०,०००।०बजेट सार्वजनिक गरिएको थियो । उपरोक्त बजेट अनुमान मध्ये चालु आ.व. को जेष्ठ मसान्त सम्म रु.७३,५८,१२,३४१।०० रुपैयाँ यथार्थ आम्दानी भएको छ। आम्दानी तर्फ ८६ प्रतिशत प्रगति रहेको छ।

खर्च तर्फ कूल जम्मा रु. ८०,१३,१०,०००। अनुमान गरिएकोमा उपरोक्त अनुमान बमोजिम चालु आ.व.को जेठ मसान्तसम्म कूल जम्मा रु. ५२,२६,८७,६५८।०० यथार्थ खर्च भएको छ । खर्च तर्फ ६५ प्रतिशत प्रगति भएको छ । खर्च प्रगति कम देखिएता पनि अधिकतम कार्यक्रमहरू सम्पन्न भइसकेका तर भुक्तानी प्रक्रियामा रहेकोले आषाढ मसान्त सम्ममा ९५ प्रतिशत प्रगति हुने देखिन्छ।

अत्यन्त मितव्ययी तथा पारदर्शिताका साथ कार्यालय सञ्चालन गरीएकाले चालु तर्फको विनियोजित बजेट जेठ मसान्तसम्म अधिकांश शीर्षकहरूमा बाँकी रहेको अवस्था छ । वित्तीय अनुशासनमा बसी कार्य सञ्चालन गर्दा सम्बन्धित शाखा तथा कर्मचारीको क्षमता विकास समेत हुँदै गएको छ। यसका अलवा,जनप्रतिनिधि तथा कर्मचारीहरूले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिने प्रण गरेको कारणले समेत बित्तीय अनुशासन कायम रहने कुरामा आशाबादी छौं।

## खण्ड २

## आगामी आ.व. २०७६/०७७ को नीति, बजेट तथा कार्यक्रम

### २.१ सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धि

नेपालको राष्ट्रिय अखण्डताको आन्दोलनसँग जोडिएकोअर्थात् वीर पुर्खाहरूले स्थापना र संरक्षण गरेको तानसेनस्थित ऐतिहाँसिक धार्मिकसम्पदा, कला–संस्कृति तथा पुरातात्वीक महत्त्वका संरचना हाम्रा लागि अमुल्य नीधि हुन् । यी नीधिहरूलाई संरक्षण गर्दै आउने पुस्तालाई नासोको रूपमा हस्तान्तरण गर्ने हाम्रो दायित्व हो, हाम्रो कर्तव्य पनि हो । पर्यटन विकासको सम्भावना तानसेनसँग प्रसस्त रहेको छ । पक्कै हो, तानसेन प्राकृतिक विविधताले भरिपूर्ण छ । यस नगरीको भू–बनोट, अनुकुलतम जलवायु, डाँडा–काडा, वन–जंगल, नदी–नाला, पाखा–पखेरा, खेत–खरीयान प्रकृतिका बरदान हुन् । यी सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्दै, स्रोत साधनको उच्चतम् र अनुकुलतम् प्रयोग गरेर यस नगरलाई **"समृद्ध नगर आत्मनिर्भर नगरवासी, सफा नगर सुखी नगरवासी"**दीर्घकालीन सोंच अनुरुपशिक्षा, स्वास्थ्यको केन्द्र बनाउन तथा पर्यटकीय नगरको रूपमा तानसेनको विकासका लागि आवश्यक योजनाहरू तर्जुमा तथा कार्यान्वयनलाई निरन्तरता दिईएको छ।

**मध्यकालीन परिकल्पना**

हाम्रो कार्यकाल भित्र निम्न लक्ष्य हासिल गर्न लागिपर्ने प्रतिबद्धता सहित कार्यक्रम अघि बढाएका छौं।

क) तानसेनसफा, सुन्दर, हरित, प्रदुषणरहित र सधैं विकास निर्माणका लागि तयार रहेको हुनेछ।

ख) तानसेन उद्योग व्यवसाय सञ्चालन गर्न सम्भावना र अवसर भएको मुलुककै राम्रो नगरपालिकाको रूपमा रहेको हुनेछ।

ग) तानसेन गुणात्मक शिक्षा र स्वास्थ्यको एक आकर्षक केन्द्रको रूपमा विकास भई पर्याप्त मात्रामा सीपयुक्त युवा जनशक्तिको उपलब्धता भएको नगर हुनेछ।

घ) तानसेनव्यवसाय गर्न र बस्न सजिलो र किफायती रहेको हुनेछ।

ङ) तानसेन नगरपालिकाको आर्थिक क्षेत्र समावेशी एवम् व्यवसाय अनुकुल रहेको हुनेछ।

च) तानसेन धार्मिक एवम् साँस्कृतिक पर्यटकीय क्षेत्रको रूपमा विकास भएको हुनेछ।

छ) तानसेन नगरवासीको आयस्तर बृद्धि भै स्वस्थ र सुखी जीवन यापन गरेको हुनेछन्।

ज) तानसेन नगरपालिकाको सेवा जनमैत्री, छिटो र छरितो भएको हुनेछ।

यी परिकल्पनाले आगामी बर्ष देखि हाम्रो मार्गदर्शन गर्नेछन् र हाम्रा सम्पूर्ण प्रयासहरू यी परिकल्पना साकार गर्नेतर्फ केन्द्रित हुनेछन्।

दीर्घकालीन सोंच तथा मध्यकालीन परिकल्पनालाई यथार्थतामा परिणत गर्ने तानसेनबासीको सपना साकार पार्न निम्नलिखित गतिविधिलाई निरन्तरता दिइएको छ।

- पर्यटन विकासको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ साथैपर्यटन पूर्वाधारको समयोचित विकास गरी तानसेनलाई आगामी

३ बर्षमा आन्तरिक पर्यटन केन्द्रको रूपमा स्थापित गर्न थप विकास गथिविधिलाई निरन्तरता दिइनेछ।

- नेपाल भ्रमण बर्ष २०२०, लुम्बिनी भ्रमण बर्ष २०७६ **र "तानसेन जाऊँ, प्रकृति र संस्कृतिसँग रमाऊँ"** पर्यटन अभियानलाई सफल बनाउन आवश्यक गवितिधिहरू सञ्चालन गरिनेछ।
- राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी कोरीडोरसँग छेर्लुङ–तानसेन खण्डलाई सिद्धार्थ राजमार्गमा जोडि Dadicated Fast Track निर्माणकार्यलाई निरन्तरता दिईनेछ।
- शिक्षा, खेलकूद, मनोरञ्जन, स्वास्थ्य, धार्मिक क्षेत्रमा आधारित पर्यटन विकासको लागि आन्तरिक तथा बाह्य उद्यमी र निजी लगानीकर्ताहरूलाई आकर्षित गर्ने किसिमका क्रियाकलापहरू तर्जुमा गरी सञ्चालन गरिनेछ।
- गुफाचौरमा मुलुकमै ठुलो गणेशधाम स्थापना गरी अधिकतम् धार्मिक पर्यटक भित्र्याउन आवश्यक पुर्वाधार तयारीको लागि आवश्यक पूर्वाधार निर्माण र सेतीपोखरी–गुफाचौर बाटोको स्तरोन्नतिलाई निरन्तरता दिइनेछ।
- तानसेन नगरपालिका.क्षेत्रमा बोटे/माझी बस्तीखरको छाना रहित बनाउनेकार्यक्रम सम्पन्न भैसकेकोले आगामी बर्षदेखि खरको छाना मुक्त नगरपालिका बनाउने नीति कार्यान्वयन गरिनेछ।
- टोल विकास संस्था, वडा समिति र स्थानीय संघसंस्थासँग फोहरमैला व्यवस्थापन, वातावरण संरक्षण तथा भौतिक पूर्वाधार विकास निर्माणका क्षेत्रमा गरिँदै आएकोमा आगामी बर्षदेखि अन्तरपालिका स्तरमा समेत सहकार्य गरिनेछ।
- दिगो विकास लक्ष्यलाई स्थानीयकरण (UNDP), सडक बोर्ड, DFID, CITYNET, The Asia Foundation लगायत अन्तराष्ट्रिय संस्थाहरू तथा मित्रराष्ट्र चीनको लसान नगरपालिकासँग सहकार्य गरिनेछ

### २.२ बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु

यो नीति तथा कार्यक्रम तयारी गर्दा नेपालको संविधान, दिगो विकासको लक्ष्यहरू, चौधौ आवधिक योजना,नेपाल सरकारको नीति तथा कार्यक्रम, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शनहरू, अर्थ मन्त्रालयबाट जारी गरिएका निर्देशिका तथा कार्यविधि, साबिकका स्थानीय निकायका परिषद्का निर्णयहरू,विगतका नगरसभाबाट पारित नीति, बजेट तथा कार्यक्रमहरू,तानसेन नगरवासीहरूबाट प्राप्त अमूल्य सुझाव, राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, नागरिक समाज तथा सञ्चारकर्मीज्यूहरूबाट प्राप्त सुझावहरूलाई महत्त्वकासाथ ग्रहण गरिएको छ।

सहभागितात्मक योजना तर्जुमा प्रक्रियाबाट वस्तीस्तर, वडास्तर, बजेट तर्जुमा समिति हुँदै आएका योजनाहरूलाई दीर्घकालीन लक्ष्य, उद्देश्यसँग तादात्म्यता मिलाई प्राथमिकताक्रम निर्धारण गरिएको छ। सरोकारवालाको राय सुझाव र नगरपालिकाको विगतका नीति तथा कार्यक्रमलाई समेत आधार मानी बार्षिक नगर विकास योजना तर्जुमा गरिएको छ।

#### २.२.१ समग्र नीति तथा आधारहरु

संघीय सरकार, राष्ट्रिय योजना आयोग र प्रदेश सरकारको नीति निर्देशनहरू नगर विकासका लागि मूलभूत मार्ग निर्देशन हुन्। नगर सरकारको नीति निर्देशनमा आधारित भई १५ वर्षे रणनीतिक योजना र ५ वर्षे आवधिक योजनाको मार्गदर्शनमा समग्र नगर विकास योजनाहरू कार्यान्वयन गर्ने संकल्पमा दृढ छौं।राजनीतिक स्थायित्व कायम भई मुलुक अब आर्थिक समृद्धि र विकासको दिशामा अगाडि बढेको छ। यस अवसरको सदुपयोग गर्दै हाम्रो नगरपालिकामा रहेका कृषि, वन, ऐतिहासिक धार्मिक तथा पर्यटकीय सम्पदा, प्राकृतिक स्रोत साधन र जनशक्तिको उचित परिचालन एवम् व्यवस्थापनबाट नगरको समृद्धि र विकासको ढोका खोलिनेछ भन्नेमा विश्वस्त छौं। **हाम्रो तानसेन राम्रो तानसेन** बनाउन संघीय र प्रदेश सरकारसँगको सहयोग र समन्वयका साथै स्थानीय उद्योगी, व्यापारी, बुद्धिजीवी, सञ्चारकर्मी, पर्यटनविद्, समाजसेवी लगायत समग्र तानसेनवासीको सक्रिय सहयोग र सहभागिताको लागि जोड दिइनेछ।

#### २.२.२ क्षेत्रगत नीति तथा आधारहरु

**क) आर्थिक क्षेत्र**

- तीव्र आर्थिक विकासका लागि आवश्यक लगानी प्रवर्द्धन गर्न तथा निजी क्षेत्रसँग साझेदारीलाई जोड दिने उद्देश्य अनुरुप आर्थिक वर्ष २०७६/७७ मा लगानीकर्तालाई केन्द्रित गरी **लगानी सम्मेलन**को आयोजना गरिनेछ। यसका लागि आवश्यक कानूनी, नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ। तानसेन भित्रका उद्यमीहरूको व्यावसायिक र व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिइनेछ।
- कृषिको आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रीकीकरण गरी कृषिजन्य उद्योगमार्फत् आधुनिक कृषि प्रणालीको अवलम्वनका लागि कृषि नीतिको तर्जुमा र कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ।कृषि उपकरण खरीद गर्न सरल ढङ्गले कर्जाको व्यवस्थाका लागि वित्तीय संस्थासँग सहकार्य गर्दै लागतमा निश्चित प्रतिशत नगद अनुदानसेमत उपलब्ध गराउने नीति लिइनेछ।
- कृषि पूर्वाधार विकास, कृषकहरूको क्षमता विकास गर्दै युवा रोजगारी सिर्जना, गरिवी निवारणमा योगदान पुग्ने गरी समावेशी आर्थिक विकासका कार्यक्रम कृषकको साझेदारीमा सञ्चालन गरिनेछ। साथै नगरपालिका क्षेत्रभित्र ३० रोपनी भन्दा बढी जग्गामा व्यावसायिक कृषि र व्यवसायीक रूपमा दुग्धजन्य उत्पादनका लागि गाई भैंसी पालन गर्ने किसानहरूलाई विशेष अनुदानको व्यवस्था गरिनेछ।
- कृषि उपजहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा,

आत्मनिर्भरता र निर्यात प्रवर्द्धनका लागि सिंचित क्षेत्र बिस्तार, माटो, मल र बालीहरूको संरक्षण, गुणस्तरीय बीउको उत्पादन तथा प्रयोग र सामूहिक वा सहकारीका माध्यमबाट जग्गा चक्लावन्दी गरी व्यावसायिक खेती गर्नका लागि प्रोत्साहन गरिनेछ। नवीनतम् प्रविधिमा आधारित साना सिंचाइ कार्यक्रम लागु गरिनेछ।

- कृषि र पशुपालनको लागि पकेट क्षेत्र निर्धारण गरी साझेदारी कार्यक्रम सञ्चालन, व्यावसायिक कृषक परिचय–पत्र वितरण गरी अभिलेख व्यवस्थित, पशु तथा बाली वीमामा कृषकहरूलाई प्रेरित गर्न बजेट व्यवस्था गरी जोखिम न्यूनीकरणमा जोड दिइनेछ।
- निर्यात योग्य बालीहरूको उत्पादन तथा प्रशोधन अभिवृद्धि गरी वाह्य बजारमा प्रतिस्पर्धी बनाउन युवा, महिला कृषक उद्यमीहरूलाई आकर्षित गरिनेछ । स्थानीयकृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।
- नश्लसुधार कार्यक्रमलाई प्रभावकारी बनाउन कृत्रिम गर्भाधान सेवा किसानहरूको घरदैलोमा पुग्ने गरी विस्तार, प्राकृतिक गर्भाधान सेवालाई प्रभावकारी बनाउन उन्नत नश्लका प्रजनन्योग्य बोका र राँगा वितरण गर्ने कार्यक्रम ल्याइनेछ।
- स्वस्थ तथा गुणस्तरीय मासु उत्पादन तथा विक्रीवितरण गर्न पशु वधशाला निर्माण, मासु जाँच प्रयोगशाला स्थापनाका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अवलम्वन गरिनेछ।
- ब्यवसायी र उपभोक्तालाई सचेतना लगायतका प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ । उपयुक्त स्थानमा कृषि तथा पशु हाटको ब्यवस्था गरिनेछ।
- IPMकृषक पाठशाला मार्फत कृषकहरूलाई जैविक खेतीतर्फ अभिप्रेरित गरिनेछ।
- उपभोक्ता हितलाई ध्यानमा राखी स्वच्छ तथा गुणस्तरीय दूध, दुग्धजन्य पदार्थ उत्पादन र बजारीकरणमा समयोचित पहल गरिनेछ।
- कृषिजन्य स्थानीय उत्पादन विक्री वितरण गर्ने व्यवसायमा २५ प्रतिशत व्यवसायकर छुटको व्यवस्था मिलाउँदै लगिनेछ।
- विकासमा तानसेनबासीको सहभागिता, अपनत्व र स्वामित्व कायम हुनेगरी आर्थिक विकास र गरिवी निवारणमा योगदान पुग्ने, उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, नगरबासीको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने खालका योजनाहरू कार्यान्वयनमा जोड दिइनेछ। साथै लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक निजी साझेदारी (PPP) अवधारणालाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ।
- **समृद्धिका लागि सहकारी** भन्ने मर्मलाई आत्मसात् गर्दै नगरपालिका भित्र रहेका सहकारी संस्थाहरूको नियमन र प्रभावकारिताका लागि सहकारी सम्बन्धी नीति कार्यान्वयनमा ल्याइनेछ। सहकारी संस्थाहरूमा रहेको शेयर सदस्यको पूँजीलाई सदुपयोग गरी सदस्यहरूको आर्थिक, सामाजिक विकासमा योगदान दिने खालका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। साथै सहकारीहरूको क्षमता र संस्थागत विकास गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- तानसेन नगरको मुख्य बजार भित्र रहेका १०० बर्ष भन्दा पुराना निजी तथा सार्वजनिक सांस्कृतिक, पुरातात्विक महत्त्वका घरहरूको संरक्षणको लागि Heritage Homes को अवधारणा अवलम्वन गरी त्यस्ता सम्पत्तिहरूको संरक्षणको लागि प्रोत्साहन स्वरुप संरचनाको अवस्थाको आधारमा प्रचलित कर छुट तथा अनुदानको व्यवस्था मिलाउने नीति लिइनेछ।
- परम्परागत प्रकृतिका कुँडुले घरहरू संरक्षणका लागि विशेष कार्यक्रम राखिनेछ। भाषा, साहित्य, कला र संस्कृति संरक्षणका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- तानसेन नगरपालिका भित्र रहेका धार्मिक, पर्यटकीय स्थल, तालतलैया र सीमसार क्षेत्रको संरक्षण तथा विकासको लागि तत् तत् क्षेत्रको गुरुयोजना बमोजिम तथा गुरुयोजना तयार हुन बाँकी क्षेत्रको गुरुयोजना तयार गरी सोको आधारमा योजनाहरू कार्यान्वयन गरिनेछ।
- पर्यटक आकर्षित गर्न एकल तथा आवश्यकता अनुसार छिमेकी स्थानीय तह, निजी क्षेत्रसँग सहकार्यमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- तानसेनका धार्मिक ऐतिहासिक सम्पदाहरू (ह्रृषिकेश, रतनपाँडे साधनास्थल, लिपिनदेवी, भवगती मन्दिर, अमरनारायण मन्दिर, बंशगोपाल, कोकलदेवी, माण्डव्य आश्रम, गुफाचौर बर्तुङ अर्चले शिवालय, प्रभास शिवालय मन्दिर, कुण्डली देवी, वालकन्या देवी, श्रीनगर गणेश मन्दिर, लक्ष्मीनारायण मन्दिर बसन्तपुर, ढाँडकुटी शिवालय, गणेशधाम) तथा स्थानीय बौद्ध/विहार/गुम्बा, चर्च, मस्जिद लगायतका क्षेत्रहरूको संरक्षण र प्रवर्द्धन गरिने कार्यलाई निरन्तरता प्रदान गरिनेछ।
- सामाजिक बञ्चितीकरण तथा बहिष्करणमा पारिएका, फरक क्षमता भएका, ज्येष्ठ नागरिक, महिला, बालबालिका, एकल महिला, दलित, अल्पसङ्ख्यक मुस्लिम, आदिवासी जनजाति समुदायको आर्थिक सामाजिक विकास गर्दै सम्मानपूर्ण जीवनयापन गर्न पाउने वातावरण सिर्जना गरिनेछ।
- आधा आकाश ओगटेका महिलाहरूको समयोचित सबलीकरणका निम्ति **"आर्थिक समृद्धिका लागि महिला उद्यमशीलता"** भन्ने नाराका साथ कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरपालिकालाई आर्थिक विकासको केन्द्रको रूपमा समेत विकास गर्न रोजगारी सिर्जना गर्ने खालका पाल्पाली ढाका, पाल्पाली करुवा र बगनासे साँचो लगायतका हस्तकलासँग सम्वन्धित साना तथा

लघु उद्यम, व्यावसायिक कृषि, पर्यटन पूर्वाधार विकासमा जोड दिइनेछ।

- पाल्पाली ढाकाको प्रवर्द्धन र विकासको लागि (ढाका कपडा ब्राण्डिङ) पाल्पाली गुणस्तर चिन्ह प्रदान गरी प्रमाणपत्र वितरण गरिनेछ। सक्कली पाल्पाली ढाका मात्र उत्पादन र विक्री गर्ने ढाका व्यवसायीहरूलाई करमा छुटको व्यवस्था मिलाइनेछ। पाल्पाली ढाका उत्पादन बृद्धि गर्न साना उद्यमीहरूलाई लक्षित गरी बुन्ने सीप हस्तान्तरण र प्रविधि हस्तान्तरण जस्ता कार्यक्रमहरू अगाडि बढाइने छ।
- परम्परागत पेशा एवम् सीप संरक्षण गर्दै आय आर्जनका लागि टेवा पुर्‍याउन आवश्यक कार्यक्रम गरिनेछ साथै अन्तरपालिका सहकार्यको अवधारणा अनुसार सहकार्यमा जोड दिइनेछ।
- उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपभोग्य सामान र सेवाको गुणस्तरीयताको सुनिश्चित गर्न बजार अनुगमन सम्बन्धी नीति, कानून एवम् मापदण्ड बनाई कडाइका साथ नियमित अनुगमन र नियमन गरिनेछ।

**ख) सामाजिक क्षेत्र**

- गरीब तथा विपन्न सिफारिस, छात्रबृत्ति सिफारिस, २०३७ साल भन्दा अगाडि मृत्यु भएकाहरूको मृत्यु प्रमाणित, जग्गा स्रेस्ता कायम सिफारिस, व्यवसाय नवीकरण सम्बन्धी सेवाहरू यसै बर्ष देखि निःशुल्क प्रदान गर्ने व्यवस्था मिलाइनेछ।
- आधारभूत र माध्यमिक शिक्षालाई नियमन तथा गुणस्तरीय बनाउन ऐन नियमको प्रभावकारी कार्यान्वयन गरिनेछ। आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका गरीव र जेहन्दार र फरक क्षमता भएका बालबालिकाहरूका लागि विशेष छात्रबृतिको व्यवस्था गर्न सामुदायिक/संस्थागत विद्यालयहरूसँग सहकार्य गरिनेछ।
- विद्यार्थीहरूको स्वास्थ्यलाई ख्याल गर्दै तानसेन नगरपालिका भित्रका सबै विद्यालयहरूमा यसै आ.व. देखि स्वच्छ पिउने पानीको लागि लागत सहभागितको आधारमा युरोगार्डको व्यवस्था मिलाइनेछ।
- उत्कृष्ट विद्यालयलाई पुरस्कृत गर्ने तथा शिक्षक तथा विद्यार्थी केन्द्रित भ्रमण आदानप्रदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयमा विज्ञान र प्राविधिक धारतर्फको विषय समावेश गरी नमूनाका रूपमा सञ्चालन गराउन विद्यालय व्यवस्थापन समितिसँग सहकार्य गर्ने नीति लिइनेछ।
- आवश्यकता अनुसार विद्यालय समायोजन (Merger) को नीति अवलम्वन गरिनेछ।
- संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य गरेको सन्दर्भमा भर्ना अभियानलाई निरन्तरता दिँदै माध्यमिक स्तरका सामुदायिक विद्यालयहरूमा विद्युतीय हाजिरीलाई प्रभावकारी बनाइनेछ।
- तानसेनको शैक्षिक विरासत कायम राख्नको लागि विज्ञ एवम् सरोकारवालाहरूसँग समन्वय गरी प्राविधिक शिक्षा तर्फ सार्वजनिक निजी साझेदारीको अवधारणमा ईन्जिनियरिङ कलेज सञ्चालनका लागि यसै बर्ष देखि गृहकार्य अगाडि बढाइनेछ।
- परम्परागत ज्ञान, खानपान, भेषभूषा रीतिरिवाज आदिको संरक्षण एवम् प्रवर्द्धनमा योगदान पुग्नेगरी युवा तथा बालबालिका लक्षित अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
- आधारभूत स्वास्थ्य सेवामा पहुँच र सुनिश्चितताका लागि नगरभित्रका स्वास्थ्य संस्थाहरूको सेवालाई थप प्रभावकारी बनाइनेछ।
- आयुर्वेद चिकित्सा पद्धति, ध्यान र योगलाई स्वास्थ्य उपचारको सहयोगी माध्यम बनाउन प्रोत्साहित गर्न विभिन्न स्थानमा लागत सहभागितामा अल्पअवधिको योग शिविरहरू सञ्चालन गरिनेछ।
- आमा तथा बालबालिकामा हुने कुपोषणको समस्या तथा मातृ शिशु मृत्युदर न्यूनीकरणका लागि ३५ दिन भित्र नगरपालिकामा दर्ता हुने तानसेन नगरपालिका भित्रका सुत्केरी महिलाहरूलाई दिइँदै आएको पोषण भत्तालाई निरन्तरता दिइनेछ।
- स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति र सेवा विमुख नागरिकहरूको लागि स्थानीय स्वास्थ्य संस्थालाई व्यवस्थित गर्दै घरघरमा स्वास्थ्य सेवा प्रदान गर्ने नीतिलाइ निरन्तरता दिइनेछ। साथै स्थानीय स्वास्थ्य संस्थाबाटै महिलाहरूको पाठेघरको मुखको क्यान्सर परीक्षणको कार्यमा सेवा पुर्‍याउन आवश्यक पहल गरिनेछ।
- सामाजिक स्वास्थ्य वीमा कार्यक्रम तर्फ विगतमा दलित, अल्पसङ्ख्यक एवम् सिमान्तकृत नागरिकहरू, महिला स्वास्थ्य स्वयंसेवीका र नगर सरसफाइकर्मीको लागि गरिएको स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिंदै यसै बर्ष देखि रातो/नीलो परिचयपत्र प्राप्त अपाङ्गता भएका व्यक्तिलाई समेत निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था मिलाइनेछ।
- यसै आ.व. देखि रातो, नीलो परिचयपत्र प्राप्त अपाङ्गता भएका नागरिकलाई अस्पतालमा स्वास्थ्य परीक्षण गराउन प्रति पटक रु. ५ सय यातायात खर्चको व्यवस्था गरिनेछ।
- स्वच्छ खानेपानी व्यवस्थापन र सरसफाइ अभियान सञ्चालन गरिनेछ। खानेपानी आयोजना सञ्चालन र मर्मत सम्भारका कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको छ। पुराना ढुङ्गेधाराहरू र खानेपानीको मूल संरक्षण र व्यवस्थापनमा विशेष जोड दिइनेछ।
- HIV/AIDS संक्रमित परिवारका सदस्यलाई रोजगार तथा आय आर्जनका कार्यक्रममा संलग्न गराई उनीहरूको आर्थिक सबलीकरणमा जोड दिइनेछ। सरोकारवाला संघ संस्था तथा संक्रमित र प्रभावितहरूको समूहसँग समन्वय एवम् साझेदारी गरिनेछ।

- लैङ्गिक हिंसा, लैङ्गिक विभेद, छुवाछूत जस्ता कुरीति र कानूनले बर्जित गरेका कुप्रथा, अन्धविश्वासको अन्त्य र मानव ओसार पसार तथा बेचबिखन, बालविवाह, बालश्रम विरुद्ध सामाजिक सचेतनामूलक कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।
- विवाहित एकल महिला, HIV/AIDS संक्रमित व्यक्ति र फरक क्षमता भएका व्यक्ति आफू प्रोपराइटर भई व्यवसाय सञ्चालन गरेमा व्यवसाय करमा ५० प्रतिशत कर छुट दिने व्यवस्था मिलाइने छ।
- वालमैत्री स्थानीय शासनका सूचकहरूलाई सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गरिँदै लगिनेछ।
- तानसेन नगर युवा परिषद् (Youth Council) गठन गरिसकिएको सन्दर्भमा विकास निर्माण तथा सामाजिक कार्यमा युवा परिचालन, खेलकूद लगायतका युवा लक्षित कार्यक्रम सञ्चालनलाई निरन्तरता दिई समाज विकासका रचनात्मक काममा समेत युवा परिचालन गर्दै लगिनेछ। साथै खेलकूद पूर्वाधार विकासमा जोड दिइनेछ । नगरपालिकाले अगाडि सारेका कार्यक्रमलाई सफल बनाउन परिषद्ले आवश्यक सहयोग पुऱ्याउनेछ।
- यस नगरलाइ युवामैत्री नगरको रूपमा विकास गरिनेछ।
- राष्ट्रियस्तरका खेलकूदहरू, प्रदेश स्तरका खेलकूदहरू, जिल्ला तथा स्थानीय स्तर लगायतका खेलकूद गतिविधिहरू सञ्चालनमा प्राथमिकता दिइ सहयोग पुऱ्याइनेछ।
- बैंक मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएकोमा बैंकको पहुँच नपुगेका वडाहरूमा शाखा रहित बैंकिङ् मार्फत वितरण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउदै लगिनेछ।
- गैर सरकारी संस्था र सामाजिक संस्थाहरूको नियमनका लागि आचारसंहिता एवम् कार्यविधि,निश्चित सूचक र मापदण्ड बनाई नियमन/अनुगमन गरिनेछ।

### ग) पूर्वाधार क्षेत्र

- श्रीनगरको समयोचित विकास गर्दै बौद्ध पर्यटन प्रवर्द्धनका लागि **"बिग बुद्ध पार्क"** निर्माण कार्य अगाडि बढाइनेछ।
- आवश्यकता, लागत, समय, अपेक्षित प्रतिफल तथा प्रभावको आधारमा आयोजनाको वर्गीकरण तथा प्राथमिकीकरण गरी सन्तुलित रूपमा स्रोतको परिचालन गरिनेछ । आवधिक योजनाको रणनीति अनुसार मध्यमकालीन खर्च संरचनामा आधारित भई आयव्ययको प्रक्षेपण र आयोजनामा बजेट विनियोजन गरिनेछ । आयोजना र कार्यक्रमको संख्यात्मक भन्दा गुणात्मक पक्षमा जोड दिइनेछ।
- नगरको प्रभावकारी पूर्वाधार विकासमा नगरगौरबका आयोजनाहरूलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । यस कार्यमा संघ तथा प्रदेश सरकारसँग थप साझेदारी गर्नको लागि विशेष कोषको व्यवस्था मिलाइनेछ।
- **समुदायको लगानी दिगो विकासको थालनी** भन्ने भावनाका साथ ६०/४० जस्ता सहलगानीका कार्यक्रमहरू तथा नगरगौरबका योजनाहरू सञ्चालन हुने व्यवस्था मिलाइनेछ।
- नगरपालिकाको मौजुदा स्रोत र साधनले कार्यान्वयन गर्न नसकिने, वडाबाट सिफारिस भएका ठूला योजना, विस्तृत परियोजना कार्यान्वयनको लागि विशेष अनुदान, समपूरक अनुदान परिचालन गरी सम्पन्न गर्न जोड दिइनेछ।
- विकास आयोजनाहरूको गुणस्तरीयता र दिगोपनाका लागि निश्चित सूचक र निश्चित मापदण्डका आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ । निर्माण सम्पन्न सबै प्रकारका भौतिक पूर्वाधारहरूको लगत तयार गरी मर्मत संभार कार्यलाई प्राथमिकतामा राखिनेछ । ठूला प्रकृतिका योजनाहरूको काम सम्पन्न पश्चात् तेश्रो पक्ष मूल्याङ्कन (Third Party Evaluation) पद्धति अवलम्बन गरिनेछ। विगतमा शुरु गरिएका अधुरा योजना तथा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- घरनक्सा पास सम्बन्धी कार्यलाई थप व्यवस्थित र सहज बनाउन प्रचलित कानूनको अधीनमा रही भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ।
- सडक अतिक्रमण हटाई नगरलाई व्यवस्थित, वातावरणमैत्री र हरित नगरको रूपमा विकास गर्न एक घर २ विरुवा नीति कार्यान्वयन गरिनेछ।
- हरियाली बस टर्मिनल अवधारणा अन्तर्गत तानसेन–५ मा वातावरणमैत्री बसपार्क (Eco-Friendly Bus Terminal) निर्माणको लागि सम्वन्धित निकायसँग समन्वय गरी निर्माण कार्य अघि बढाइनेछ।
- भू–उपयोग योजना सहितको दीर्घकालीन एकीकृत सहरी विकास गुरुयोजना तर्जुमा गरिनेछ।
- आम नागरिकसँगै आन्तरिक तथा वाह्य पर्यटक आवागमनमा सहजता तथा पर्यटन विकासका लागि सहयोग पुऱ्याउन तानसेन नगरपालिका वा छिमेकी स्थानीय तहस्थित उपयुक्त स्थानमा आन्तरिक हवाइमैदान सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ।
- नगर क्षेत्र भित्र रहेको ऐलानी, पर्ती जग्गाको लगत अभिलेखीकरण गरिनेछ। साथै ऐलानी, पर्ती जग्गाको संरक्षण र समुचित उपयोगतर्फ पहल गरिनेछ। त्यस्ता प्रकृतिका जग्गामा बनेका घर टहराहरूलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम उपयोग/उपभोग शुल्क लगाउने व्यवस्था थालनी गरिनेछ।
- व्यवस्थित वस्ती विकास तथा सहरीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ।
- नगरका केही सडकमा ढुङ्गा छाप्ने कार्य सम्पन्न उन्मुख भएकोले अन्य सडकमा समेत ढुङ्गा छाप्नका लागि सम्भाव्यता अध्ययन गरी कार्य अगाडि बढाइनेछ।

- चालु आर्थिक बर्षको वैशाख मसान्तसम्ममा वडाका निर्धारित योजना तथा कार्यक्रम सम्पन्न गरी फरफारक गर्ने पहिलो एक वडालाई प्रोत्साहन स्वरुप रु. ५ लाख बराबरको थप योजना प्रदान गरिनेछ।
- अव्यवस्थित बसोबास तथा सुकुम्बासी समस्या समाधान गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ।
- तानसेन नगरपालिका क्षेत्रभित्र भएका काठका विद्युत्पोललाई विस्थापित गर्दै लगिनेछ।

**घ) वातावरण तथा विपद् व्यवस्थापन**

- जडिबुटी वनस्पतिको संभाव्यता अध्ययन गरी पकेट कार्यक्रम सञ्चालन गरिनेछ । जटीबुटी प्रशोधन कारखाना स्थापना गर्न नीतिगत व्यवस्था मिलाई उद्योग सञ्चालनका लागि निजी क्षेत्रलाई प्रेरित गरिनेछ।
- जैविक विविधताको संरक्षण र संवर्द्धन गर्दै वन अतिक्रमण रोक्न अतिक्रमित वनक्षेत्र फिर्ता, डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रणका लागि सरोकारवाला निकाय र समुदायसँग सहकार्य गरिनेछ । वनको बहुउपयोगको नीति अवलम्वन गर्दै खाली जग्गाहरूमा वृक्षरोपण अभियान सञ्चालन कार्यलाई प्रोत्साहित गरिनेछ।
- सामुदायिक वनहरूलाई व्यवस्थित गर्दै त्यस्ता वन क्षेत्रहरूमा जडिबुटी, गैरकाष्ठ वन पैदावार र आय आर्जनका विविध कार्यक्रमहरू सञ्चालन गर्न अभिप्रेरित गरिनेछ।
- भूसंरक्षण, जलाधार व्यवस्थापन र जलउत्पन्न प्रकोप न्यूनीकरणका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- विपद् जोखिम न्यूनीकरण, जलबायु परिवर्तनको असर न्यूनीकरण तथा जैविक विविधता संरक्षणका लागि दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्न पहल गरिनेछ।
- वाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी जस्ता विभिन्न प्रकारका दैवी तथा प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकहरूलाई तत्काल राहत दिन नगर विपद् व्यवस्थापन कोष मार्फत् राहत उपलव्ध गराइनेछ।
- विपद व्यवस्थापनका लागि Quick Response Team तथा छुट्टै ईकाई निर्माण गरिनेछ। साथै प्रयाप्त पानी क्षमता सहितको वारुण यन्त्र तथा भूगोलमैत्री उपकरणहरूको थप व्यवस्था गरिनेछ साथै साना सडक तथा भित्री वस्तीहरूमा आगलागीबाट जनधनको क्षति न्यूनीकरण गर्न फायर हाईड्रेन्टको व्यवस्था मिलाइनेछ।
- नगर क्षेत्रभित्रबाट निस्कने फोहरमैलाको संकलन, पुनःउपयोग, प्रशोधन र विसर्जनका लागि सार्वजनिक निजी साझेदारी अवधारणा तथा अन्तरपालिकास्तरमा सहकार्यका आधारमा काम अगाडि बढाइनेछ । नगरपालिका क्षेत्रको खुल्ला ढललाई व्यवस्थित गरी घर निर्माण गर्दा अनिवार्य रूपमा सेफ्टी टंकी निर्माण गर्नुपर्ने नीति अवलम्वन गरिनेछ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- न्यायिक समितिको कार्य सम्पादन प्रक्रिया प्रभावकारी बनाउन समितिका पदाधिकारी र मेलमिलापकर्तालाई आवश्यक ज्ञान, सीप अभिवृद्धिका लागि व्यवस्था मिलाउँदै लगिनेछ । न्याय सम्पादन सहज बनाउँदै गोपनीयता सुनिश्चिततामा जोड दिँदै बन्द इजलास निर्माण गरिनेछ।
- सहज, सरल ढङ्गले निःशुल्क न्याय सम्पादनका लागि मेलमिलाप समितिको समेत सहयोग र समन्वयमा कार्यक्रम अगाडि बढाइनेछ।
- यसै बर्ष थालनी गरिएको द एसिया फाउण्डेशनको आर्थीक सहयोगमा कमिटेड नेपाल मार्फत तानसेन नगरपालिकाको बहुबर्षीय (२० बर्षे) बृहत् योजना निर्माण यसै आ.व भित्र सम्पन्न गरिनेछ। साथै व्यवस्थित नगर बनाउन GISDigital House Numbering गर्ने कार्ययोजनालाई क्रमशः कार्यान्वयन गरिनेछ।
- नगरपालिकाले लिएका नीतिहरूको प्रभावकारी कार्यान्वयन, नगरपालिकाको सम्पतिको सुरक्षा र संरक्षण लगायतका कार्यका लागि नगरप्रहरीहरूको सीप विकाससँगै सेवा विस्तार गरी प्रभावकारी रूपमा परिचालन गरिनेछ । सम्भव भएसम्म यसै वर्षदेखि क्रमशः ग्रामीण वडामा समेत नगर प्रहरी सेवा बिस्तार गर्दै लगिनेछ।
- नगरपालिकाको आन्तरिक स्रोत परिचालनलाई दिगो र प्रभावकारी बनाउन, स्रोत साधन परिचालनमा आत्मनिर्भर बनाउँदै लैजान करको दायरा बढाइनुका साथै करका दरहरूलाई समसामयिक र बैज्ञानिक बनाइनेछ। राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन लगायत राजस्व प्रशासन सुधार तथा ४ बर्षे आवधिक राजस्व प्रक्षेपण योजनालाई कार्यान्वयनमा ल्याइनेछ।
- नगरपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई चुस्त, दुरुस्त तथा समयानुकूल प्रविधिमैत्री तथा थप प्रभावकारी बनाउन संस्थागत सुधार गरिनेछ। सेवा प्रवाहको अवस्था र कार्यबोझका आधारमा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मौजुदा जनशक्तिको क्षमता विकास गर्दै आवश्यक थप दक्ष जनशक्तिको व्यवस्था मिलाइनेछ। कर्मचारीलाई कार्यसम्पादनको आधारमा दण्ड र पुरस्कृत गरिनेछ।
- कर्मचारीको मनोबल बृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै कार्यसम्पादनलाई नतिजामुखी बनाउन कर्मचारी प्रोत्साहनको आकर्षक कार्यक्रम ल्याइनेछ।
- पदाधिकारीहरूको क्षमता विकासमा जोड दिइनेछ। निर्णय प्रक्रियालाई चुस्त, दुरुस्त र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकारीहरूलाई नतिजा प्रति उत्तरदायी र जिम्मेवार बनाइनेछ।

- करदातालाई कर तिर्नुपर्ने रकम सहितको विवरणको Apps Develop वा SMS मार्फत जानकारी गराउने व्यवस्था मिलाइनेछ।
- व्यवसाय दर्ता प्रक्रियालाई सरल र सहज बनाई बार्षिक व्यवसाय कर संकलनलाई समेत सरल र सहज बनाउन वडा स्तरबाटै रु. २ लाख सम्म पूँजी भएका व्यवसाय वडा कार्यालय मार्फत दर्ता गर्ने, वडा कार्यालय मार्फत व्यवसाय कर संकलन गर्ने तथा व्यवसाय कर संकलनका विशेष कार्यक्रम सञ्चालन गर्दै लगिनेछ।
- जनताप्रति जवाफदेही र उत्तरदायी सेवा प्रवाहका लागि भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ। नगरपालिकाको काम कारबाहीलाई सरल, सहज, सुविधायुक्त र सेवाग्राहीमैत्री बनाई सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र सुशासनयुक्त बनाउन सूचना र प्रविधिको अधिकतम् उपयोग गरिनेछ।
- नगरपालिकाले लिएका नीति, योजना, बजेट तथा कार्यक्रम र तिनको कार्यान्वयनको अवस्थाको बारेमा जनताले प्रत्यक्ष तथा परोक्ष रूपमा जानकारी पाउन Tansenmun App प्रभावकारी बनाउँदै लगिनेछ साथै नगरका गतिविधिहरूमा सुसूचित हुने गरी प्रविधिमैत्री प्रबन्ध मिलाइनेछ। यस कार्यमा छापा तथा विद्युतीय सञ्चार माध्यमसँग समेत सहकार्य गर्न सकिनेछ।
- तानसेन नगर सरकारको मौलिक प्रकाशन **हाम्रो तानसेन** त्रैमासिक बुलेटिन तथा अन्य प्रकाशनलाई निरन्तरता दिइनेछ।
- लोकतन्त्र स्थापनाका लागि योगदान दिएका राजनेताको सम्मानमा रचनात्मक काम गर्ने उद्देश्यअनुरुप पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष स्थापना गरिएको छ भने अन्य राजनेताको सम्मानमा यथोचित कार्य गरिनेछ।
- पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघ र प्रेससँग सम्बन्धित अन्य सञ्चार संस्थासँग समन्वय गरी समानुपातिक विज्ञापन नीति कार्यान्वयनको प्रक्रिया अगाडि बढाइनेछ । साथै मर्यादित र निष्पक्ष पत्रकारिताको विकासका लागि सहकार्य गरिनेछ।
- पत्रकारहरूको क्षमता विकास तथा सञ्चार गृह सबलीकरण सहयोग कार्यक्रमलाई कार्यसम्पादनको आधारमा निरन्तरता दिइनेछ भने महासंघको समन्वयमा सूचना केन्द्र सञ्चालनका लागि पहल गरिनेछ।
- संघीय सरकारबाट स्वीकृत भएको स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA) को कार्यान्वयनलाई अधिकतम उपयोग गरी वित्तीय व्यवस्थापनलाई अझै सुदृढीकरण गरिनेछ।
- आर्थिक व्यवस्थापनमा वेरुजु हुने अवस्थाको न्यूनीकरण गर्दै आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरी विगतदेखि रहेका पेश्की तथा बेरुजु फछ्र्यौटमा जोड दिंदै शून्य वेरुजु नीति अवलम्वन गरिनेछ।
- तानसेन नगरपालिकाको खर्च तथा गतिविधि नियमित रूपमा विभिन्न ढङ्गले सार्वजनिक गर्नुका साथै सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमलाई आवश्यकता अनुसार निरन्तरता दिंदै नागरिक सन्तुष्टि सर्वेक्षण कार्य गरिनेछ।
- विद्यालय, सहकारी, उपभोक्ता समिति, लगायतका संघसंस्थाको क्षमता विकास गरी लेखा तथा अभिलेख व्यवस्थापन र संस्थागत सुदृढीकरणका लागि आवश्यक सहयोग गरिनेछ।
- नगरपालिका भित्रका सम्भाव्य प्राकृतिक स्रोत र साधन, ऐतिहासिक धार्मिक, पर्यटकीय सम्पदा तथा स्थलको पहिचान गरी त्यसको अभिलेख राखिनेछ साथै विकास आयोजना तथा परियोजनाहरूको छनौट गर्दा उपलब्ध प्राकृतिक स्रोत साधनको दिगो उपयोग र वातावरणीय पक्षलाई ध्यानमा राखी वातावरणमैत्री विकास अभियानका लागि नागरिकस्तरमा सचेतना अभिवृद्धि तथा सहकार्यलाई जोड दिइनेछ।
- तानसेन नगरपालिका भित्र रहेका पर्यटकीय दृष्टिले महत्त्वपूर्ण गन्तव्यहरूको पूर्वाधार निर्माण गरिदै गइनेछ।
- तानसेनबासीलाई राहतस्वरुप तानसेन खानेपानी उपभोक्ता समिति मार्फत मासिक खानेपानी महशुलमा दिंदै आएको अनुदान सहयोगलाई निरन्तरता दिइनेछ।
- नगरपालिकाका सम्पूर्ण वडाहरूमा विद्युत, इन्टरनेट, टेलिफोनको पहुँच विस्तार गरी नगर कार्यालय र वडा कार्यालयलाई नेटवर्किङ गरिसकिएको, विद्युतीय अभिलेखन प्रणाली प्रयोगमा ल्याइएको, वडाबाटै कर, शुल्क तिर्न सकिने सहज र सरल पूर्वाधार तयार भइसकेकोले सेवाग्राहीलाई प्रदान गरिने सेवा प्रवाह सहज तुल्याउँदै लगिनेछ।
- राजस्व संकलन प्रभावकारी बनाउनका लागि नागरिक सचेतना बिस्तार तथा दण्ड र पुरस्कारलाई निरन्तरता दिइनेछ।
- सुशासन र पारदर्शितालाई जोड दिंदै प्रत्येक विहीबार ३ बजे देखि नगरप्रमुख, उपप्रमुख, प्रवक्ता र शाखा प्रमुखहरूको उपस्थितिमा प्रगति समीक्षा, आगामी दिनको कार्ययोजना र सम्बन्धित सेवा ग्राहीको उपस्थितिमा जनगुनासो सम्बोधन हुने गरी शुरुगरिएको जनअदालत कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

२.३ **मुख्य मुख्य आयोजना र क्रियाकलापहरु**

- श्रीनगर Big Buddha Project
- तानसेन रिङरोड स्तरोन्नति
- रानीमहल एकीकृत विकास
- हृषिकेश अर्गली एकीकृत विकास कार्यक्रम

- न्यूनतम अनुदान तथा सूत्रमा आधारित अनुदान कार्यक्रम

**२.४ अनुमानित व्यय र स्रोत व्यवस्थापन**

आ.व. २०७६/०७७ को लागि करीब रु. १ अरब बराबरको बजेट प्रस्तावित गरिएको छ जुन निम्न शीर्षक अनुसार खर्च विनियोजन गरिएकोछ।

- प्रशासनिक खर्च
- वित्तीय व्यवस्था
- नगर गौरवका योजना
- समपूरक कोष मार्फत सञ्चालन कार्यक्रम
- नगर स्तरीय कार्यक्रमहरू
- विशेष कोष मार्फत् हुने कार्यक्रम
- वडा स्तरीय पूँजीगत कार्यक्रम
- सशर्त कार्यक्रम
- अन्य खर्च तथा कार्यक्रमहरू

**२.५ उप-संहार**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मर्म अनुसार तीन तहका सरकार सबल र सक्षम बन्न सकेमा **"सुखी नेपाली, समृद्ध नेपाल"** नारा साकार हुनेछ । सबैले आआफ्नो जिम्मेवारी वहन गर्ने क्रममा संविधानले निर्दिष्ट गरेको अधिकार क्षेत्रको हेक्का राख्न सकियो भने समृद्धिको यात्रा पक्कै सार्थक हुने छ। शहीदका सपना साकार पार्ने तथा नागरिक अपेक्षालाई सम्बोधन गर्नका लागि विकास निर्माणका कार्यमा एकाकार भएर लाग्नुपर्ने बेलामा साधन, स्रोत अनि अधिकारक्षेत्रका बारेमा पिरोलिनु पर्ने अवस्था रहनु हुँदैन।

अन्त्यमा, नेपालको संविधान कार्यान्वयन, तानसेन नगर सरकारले पारित गरेका ऐन, नियम, कार्यविधि, मापदण्डको कार्यान्वयन, पुनः निर्माण तथा आर्थिक विकासका विविध पक्षमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने संघीय सरकार, प्रदेश सरकार, सम्पूर्ण राजनैतिक दल, सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारीहरू, नागरिक समाज, सञ्चार जगत्, बुद्धिजीवी लगायत समस्त तानसेनवासी,सरकारी तथा गैरसरकारी संघसंस्था, UNDP, Australian Aid, The Asia Foundation, Committed Nepal, EPI लगायत अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरूलाई हार्दिक धन्यवाद । तानसेन पाल्पाबासीको जय होस्।

धन्यवाद।

**- अशोककुमार शाही (सभा अध्यक्ष)**

**कविता**

## महिला त्यसै पछि परेको होइन



**- लक्ष्मी पाठक**

महिला पछि किन भए, अधिकारबाट वञ्चीत छन्।
सधै देख्ने आँखा उनै छन्, गृहिणीमा राखिरहन्छन्॥
आवश्यकता आयो भने तिमी नभै काँहा हुन्छ र।
तिमी हामी एकै होनि, फरक कोही छैन तर॥

आन्दोलन पनि गऱ्यौँ झण्डा समाई।
कालो पट्टि कालो झण्डा बोक्यौ निरङ्कुश फाल्नलाई॥
हिजोसँगै हिड्ने साथी, आज भए पावरफुल।
अधिकार पाउँदैमा, नबिर्स पहिलेका कुरा॥

संविधानले पनि दियो, मौलिक अधिकारहरू।
व्यवहारमा लागु हुन लाग्नु पर्दछ सबै बरु॥
संघ, प्रदेश, स्थानीय सरकारको मान्यतामा।
जनप्रतिनिधि चयन गरियो यसै सिलसिलामा॥

बोलिदियो, लेखिदियो संविधानले पनि।
कुनै एक पद मुख्य महिलालाई नै दिनु भनि॥
भाग लियौं निर्वाचनमा धेरै जसो जित्यौ पनि।
आ–आफ्नो अधिकारको मान्यता दिइयो अनि॥

किन हेपिन्छ महिला भनी संविधान नियमावली पढ।
महिला, पुरुष फरक भनी कँहा कता लेखेको छ र॥
स्थानीय सरकार सञ्चालन ऐनमा पनि अधिकार तोकेकै छ।
आफ्नो, आफ्नो अधिकार प्रयोग गर्न पनि नरोक॥

पुरुष प्रधान देश सधै लागु रही रहन्छ भने।
कार्यालयमा पनि यस्ता व्यवहार चलिरहन्छ रे॥
ठूलो माछो सधै हावी भन्ने उखान रही रह्यो।
सामन्ती संस्कार रह्यो समानता कता गयो ?



# तानसेन नगर युवा परिषद्

- गुराँस आत्रेय

युवासोँच आफैमा प्रतिपक्षी हुन्छ । अझै तानसेन जस्तो नगरपालिका जहाँ जनताको चाहना असीमित छ, ती असीमित आवश्यकतालाई सीमित साधन स्रोत परिचालन गर्ने नगरसरकारले पूरा गर्न सक्दैन । जसले गर्दा आफैले चुनेको सरकारसँग पनि प्रतिपक्षीको जस्तो व्यवहार शुरु हुन सक्छ। अझै जनप्रतिनिधिको व्यवहार पनि स्थायी सरकारको जस्तो बन्न थाल्यो भने नागरिकको आफ्नो सरकारप्रतिको विश्वास पूरै शून्य हुन्छ।



हाल ५० हजार भन्दा बढी जनसंख्या रहेको तानसेन नगरपालिकामा हामीले युवा भनिएको १५ देखि ४० वर्ष उमेर समूहको संख्या करीब २० हजार रहेको छ । जुन संख्या मध्ये युवाले मुख्य आवश्यक ठान्ने रोजगार गर्ने युवाको संख्या आधा पनि छैन । जसले गर्दा युवाहरूको समस्या समाधान गर्ने मुख्य लक्ष्य सहित स्थापित तानसेन नगर युवा परिषद्को मुख्य काम नै रोजगारीको सिर्जना गर्नु रहेको छ। पाल्पाको भूवनोट अनुसारको रोजगारी सिर्जना गर्न तानसेन नगरपालिकासँगै युवा परिषद्लागि रहेको छ। **"स्वरोजगारको लागि उद्यमशीलताको विकास"** मुख्य नाराका साथ अघि बढिरहेको युवा परिषद्ले स्थापनासँगै पहिलो सभा सम्पन्न गरेको छ। तानसेन नगरपालिका मिनीहलमा सम्पन्न दुईदिने सभामा तानसेन नगरपालिकाका उद्यमी युवाहरूको अनुभव आदानप्रदान, उद्यमको सम्भावना, उद्यमशीलता, तानसेनको सांस्कृतिक, ऐतिहासिक महत्त्व र उद्यमका बारेमा प्रशिक्षण तथा अन्तर्क्रिया गरेको थियो। युवा दिवसको अवसर पारेर तानसेन नगर युवा परिषद्ले तानसेनका सफल उद्योगी व्यवसायीलाई सम्मान सहित अनुभव आदान प्रदानको कार्यक्रम आयोजना गरेको थियो । युवालाई अन्य संस्थामा रोजगार गर्ने भन्दा पनि आफै उद्यमी बन्ने भोक जगाउने युवा परिषद्को मुख्य लक्ष्य रहेको छ। यही लक्ष्य पूरा गर्न तानसेन नगरपालिकासँगको समन्वयमा युएनडिपी, दायित्व र प्रधानमन्त्री स्वरोजगार कार्यक्रम युवा लक्षित गरी अघि बढिरहेको छ। प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत तानसेन नगरपालिकाले बेरोजगार युवाहरूको लगत संकलन गर्ने र विभिन्न कामको लागि सिफारिस गर्ने काम गरिरहेको छ । दायित्व नेपालले तानसेन नगरपालिकामा रहेका उद्यमीलाई विभिन्न तरिकाबाट सार्वजनिक गर्ने, पुरस्कृत गर्ने र अरु युवाहरूलाई उद्यमी बनाउन उत्प्रेरणा प्रदान गर्ने काम गरिरहेको छ। युएनडिपीको सहयोगमा रेडा पाल्पाको समन्वयमा भएको कार्यक्रममा उद्यमशीलता विकास र उद्यमको लागि सहुलियत ऋण प्रदान गर्ने काम गरिरहेको छ । नगरपालिकाले स्वरोजगारी सहयोगका लागि आव्हान गरेको मागपत्र भरेका युवाहरूमध्येबाट चयन गरी नेपाल बैंक लिमिटेड, पाल्पाबाट नगरपालिका जमानी बसी बिना धितो ऋण प्रदान गर्ने काम चलिरहेको छ। आफै केही गर्छु भन्ने सोच राखेका उद्यमशील युवालाई तानसेन नगरपालिकाले युएनडिपीको सहयोगमा परामर्श कक्ष खोल्ने कार्यक्रम अघि बढेको छ। जसमा केही गर्छु भनेर आउने युवालाई कुन काम गर्दा के के फाइदा, अवसर, चुनौति, बजार, लगानी, सहयोग, तालिम लगायत अवस्थाको सम्पूर्ण जानकारी दिने कार्यक्रम रहेको छ।

कर्मसँगै सफलता र असफलताले पछ्याइरहेका हुन्छन् तर अर्जुनदृष्टिका साथ कटिबद्ध भएर कर्म गर्दा सफल भएका उदाहरणहरू हाम्रो समाजमा धेरै छन्। तानसेन नगरपालिका सम्पूर्ण युवाहरूलाई कर्मशील, आत्मनिर्भर र उद्यमी बनाउने अभियानमा छ। जसमा तानसेन नगर युवा परिषद् सँगसँगै रहेको छ। एकै दिनमा र एकै रातमा केही उपलब्ध हुँदैन निरन्तर कर्ममा लागौं सफल भइन्छ, जसको लागि सहयोगी संस्थासँग समन्वय गर्नेकाम तानसेन नगर युवा परिषद्ले गरिरहनेछ।

**(अध्यक्ष, तानसेन नगर युवा परिषद्)**



# प्रधानमन्त्री रोजगार कार्यक्रम र तानसेन नगरपालिका



- कलश न्यौपाने

**कार्यक्रमको परिचय**

- नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रूपमा समावेश गरेको छ। सोही मौलिक हकको कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ जारी समेत भएको छ। नेपाल सरकारले चालु आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेटमार्फत सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसर सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिकले वाध्यताले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको छ।



रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारहरूको पहिचान र सूचीकरण गर्ने र रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरिने व्यवस्था गरेको छ।

- न्यूनतम रोजगारी प्रदान गर्न नसके नेपाल सरकारले हरेक वेरोजगार परिवारलाई एक जना श्रमिकले एक सय दिन काम गर्दा प्राप्त गर्ने न्यूनतम पारिश्रमिकको पचास प्रतिशत रकम निर्वाह भत्ता दिनुपर्ने व्यवस्था छ।
- बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यावसायिक कृषि, सिंचाइ, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पूर्वाधार लगायतका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक कार्यहरूमा सहकार्य र समन्वय गरी एकीकृत रूपमा थप आन्तरिक रोजगारी सिर्जना गर्नु आवश्यक छ।

**कार्यक्रमको दीर्घकालीन सोच**

- सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच हुनेछ।

**कार्यक्रमको लक्ष्य**

- आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक सुरक्षाको प्रवर्द्धन गर्नु यो कार्यक्रमको लक्ष्य हुनेछ।

**कार्यक्रमको उद्देश्य**

(क) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने।

(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरूबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने।

(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने।

(ङ) सार्वजनिक पूर्वाधारहरूको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने।

(च) आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरूको पहिचान गर्ने।

**कार्यक्रमको रणनीति**

(१) स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माणका कार्यहरूमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने।



(२) रोजगारी सिर्जनाका लागि अन्तरक्षेत्रगत तथा अन्तरतहगत समन्वय गर्ने।

(३) सीपमूलक तालिममार्फत बजारको माग अनुरूपको श्रमशक्ति विकास र आपूर्ति गर्ने।

(४) रोजगारी सिर्जनामा निजी, सहकारी तथा सामुदायिक क्षेत्रसँग सहकार्य गर्ने।

(५) रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी तथ्याङ्क नियमित रूपमा अद्यावधिक गरी उपयोग गर्ने।



**कार्यक्रमका लक्षित समूहः**

- यस कार्यक्रमका लक्षित समूह १८ देखि ५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्ति तथा निजको परिवार हुनेछन्।

**बेरोजगार व्यक्ति**

- "बेरोजगार व्यक्ति" भन्नाले एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको समूहको नागरिक सम्झनु पर्छ।

**रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु :**

(१) कृषि, सहकारी तथा पशु विकास

(२) ऊर्जा, सिंचाइ तथा नदी नियन्त्रण

(३) खानेपानी तथा सरसफाई

(४) वन तथा वातावरण

(५) पर्यटन प्रवर्द्धन

(६) सडक यातायात

(७) शिक्षा, युवा तथा खेलकूद

(८) पुनर्निमाण

(९) सामुदायिक पूर्वाधार निर्माण

(१०) ठूला तथा राष्ट्रिय गौरवका आयोजना

(११) सूचना तथा सञ्चार प्रविधि

**स्थानीय तहको भूमिका**

स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरू तथा रोजगारदाताहरूको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन गर्ने भूमिका स्थानीय तहको हुनेछ।

**कार्यक्रम कार्वानयनको लागि स्थानीय तहको जिम्मेवारी**

(१) यस कार्यक्रमको कार्यान्वयनमा स्थानीय तहको क्षेत्रभित्र रहेका बेरोजगार व्यक्ति र रोजगारदाताको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने, स्थानीय तहको बजेट तथा कार्यक्रमबाट स्थानीय रोजगारी सिर्जना गर्ने र तथ्याङ्कको साझेदारी, कार्यक्रमको अनुगमन र प्रतिवेदन गर्ने कार्यमा प्रदेश सरकार र नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने जिम्मेवारी प्रत्येक स्थानीय तहको हुनेछ।

(२) यस्तो जिम्मेवारी निर्वाह गर्न स्थानीय तहले देहाय बमोजिमका कार्यहरू गर्नुपर्नेछ।

(अ) गाउँ कार्यपालिका वा नगर कार्यपालिका

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान बमोजिम आफ्नो क्षेत्रभित्रका बेरोजगार व्यक्तिहरूको तथा रोजगारदाताहरूको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने गराउने,

(ख) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहभित्र रोजगारी सिर्जनालाई प्राथमिकता दिने,

(ग) प्राविधिक रुपले मेसिनको प्रयोग नगरी नहुने काम बाहेकका स्थानीय आयोजनाहरूको निर्माण श्रममूलक प्रविधिको प्रयोगबाट गर्ने नीति स्वीकृत गरी कार्यान्वयन गर्ने,

(घ) वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सिर्जना हुने रोजगारीमा रोजगार सेवा केन्द्रबाट बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत श्रमिक माग गरी काममा लगाउने,

(ङ) काममा लगाइएका बेरोजगार व्यक्तिहरूको काम गरेको दिनको पारिश्रमिक बैंकिङ प्रणालीमार्फत समयमै भुक्तानी दिने व्यवस्था मिलाउने,

**रोजगार सेवा केन्द्र**

- "रोजगार सेवा केन्द्र" भन्नाले बेरोजगार व्यक्तिको सूचना संकलन, रोजगारीका अवसरहरूको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी र रोजगार सम्बन्धी अन्य

सेवा प्रदान गर्न ऐन बमोजिम स्थापना भएको रोजगार सेवा केन्द्र सम्झनुपर्छ।

- प्रत्येक स्थानीय तहमा एक रोजगार सेवा केन्द्र रहनेछ।
- रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ परिच्छेद (८), दफा ४४ अनुसार हुनेछ।

**आ.ब २०७५/०७६ को प्रगति तथ्याङ्क संकलन**

रोजगार सेवा केन्द्रले १३२८ बेरोजगार व्यक्ति, रोजगारीको अवस्था सूचना संकलन गरी Excel sheet तयार गरेको रोजगारमूलक आयोजना सम्पन्न गर्ने कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको लागि आएको सशर्त अनुदान रकम अनुसार १४ वडाका २६ आयोजनामा ३६३ जनालाई रोजगारी प्रदान गरिएको छ बेरोजगारी सूचीबाट रोजगारी प्राप्त गरेका व्यक्तिहरूको कूल संख्याः ३६३

महिलाः– ६९ पुरुष : –९४

| | |
|---|---|
| कूल सशर्त अनुदान | ४१०००००/– |
| कूल ज्याला रकम | २९६८८००/– |
| औजार खरीद रकम | ५९३९९७/– |
| अन्य खर्च | ७४५००/– |
| कूल खर्च | रु. ३६३७२९७ /– |

**कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना अन्तर्गत वार्डगत योजना**

| वार्ड गत आयोजना | वार्ड | रोजगारी संख्या |
|---|---|---|
| १. पुछार जाने गोरेटो बाटो निर्माण तथा मर्मत | | |
| २ .घरे खोला प्रा.बि देखि माथि सरुको घर बाट | १ | २८ |
| जाने मोटरबाटो मर्मत | | |
| ३. धर्मशालादेखि गैरागाउँ , गैरागाउँ देखि ध्रुबघाट हुदै | | |
| सिद्धार्थ राजमार्ग जोड्ने बाटोको नाली सफा गर्ने | | |
| ४.अमर नारायण मन्दिर परिसर,फुलबारी सरसफाई ,सडक नाली सफाई एबम् नुहाउने पोखरी मर्मत | २ | ५ |
| ५.फेकली डाँडा देउराली मोटर बाटो निर्माण | ८ | २८ |
| ६.बतासे देखि रानीमहल जाने बाटोको नाली सफाई | | |
| ७.कैलाशनगर चोकदेखि श्रीनगर जाने नाली निर्माण | ५ | २१ |
| ८ .पोडे खोल्सापारि निशान धारा पुरानो बाटो मर्मत तथा सरसफाई | ३ | १३ |
| ९ .बाँसटारि झडेवा मोटरबाटो बाहेकका मोटर बाटो र नाली सफाई मर्मत संभार र नाली निर्माण | ९ | २१ |
| १०.हुलुन्दी देखि परिवार नियोजन सम्मको नाली सफाई | ४ | १३ |
| ११..कुन्सरे जाने बाटो देखि वार्ड ७ जोड्ने मोटर बाटोमा नाली निर्माण | ६ | १५ |
| १२ .माडीभ्युदेखि राम मन्दिर सम्म सडक खाल्डा पुर्ने, नाली निर्माण | | |
| १३ .पक्लुवा कुन्सरे मोटर बाटो सफाई तथा नाली निर्माण | ७ | १३ |
| १४. बंशगोपाल पार्क सफाई, चिल्ड्रेन पार्क सरसफाई , कुसुन्डाँडा पार्क सरसफाई | | |
| १५.डुम्रे सुनडाँडा तेल्घा मोटर बाटो नाली निर्माण | १० | १४ |
| १६.प्रभास गणशाल सुरुङतुङ्ग आम डाँडा मोटर बाटो नाली निर्माण | | |
| १७ .बयरघरि तल्लो गणशाल ताल्लीपीपल , गणशाल ,बोहोरापोखरासम्म बाटोमा नाली निर्माण | | |
| १८.नेटापोखरा देखि अवल मोटर बाटो नाली निर्माण (आम डाँडा | १२ | ४६ |
| १९. चण्डीभन्ज्यांग भुतेधारा मोटर बाटो घुम्ती काट्ने तथा नाली सफाई | | |
| २०. बिरपोखरा देखि कुइरेभिर टुँडिखेल मोटर बाटो नाली निर्माण तथा पोखरी सफाई | | |
| २१.खिरिघाट देखि जोर्ते मोटर बाटो पर्खाल, नाली निर्माण तथा पहिरो सफाई | | |
| २२.बौघा गुम्बादेखि केरबादी मोटरबाटोमा नाली र खाल्डा पुर्ने | १३ | ८६ |
| २३.डाँडाटोल हुदै बौंडी पिपल जाने बाटो निर्माण | | |
| २४.चिउदि भुल्के लिफ्ट खानेपानी मुहान सम्म जाने बाटो सुधार | | |
| २५.कुसेनी क्षेत्रको सडक नाली निर्माण तथा सफाई | १४ | ३० |
| २६ .सडक सुधार तथा वृक्षारोपण आयोजना | ११ | २१ |

( तानसेन नगरपालिका रोजगार संयोजक)

# यस्तो रह्यो तानसेन नगरपालिका जिन्सी शाखाको मुख्य गतिविधि



- रामजीबहादुर कार्की

सामान्य हेराइमा कम महत्त्वपूर्ण तर कार्यालयको आवश्यकता परिपूर्तिका हिसाबले जिन्सीको ठूलो महत्त्व छ। तानसेन नगरपालिका अन्तर्गत जिन्सी शाखाबाट आ.ब.२०७५।२०७६ मा सार्बजनिक खरीद ऐन नियमावली बमोजिम बोलपत्र/दरभाउपत्र/कोटेशन र सिधै खरीद मार्फत् तानसेन नगरपालिका कार्यालय तथा बडा कार्यालयहरूका लागि आवश्यक कार्यालय सञ्चालन तथा स्टेशनरी सम्बन्धी तपसिल अनुसारको सामग्री खरीद तथा छपाईका कार्य सम्पन्न गरी नगरकार्यपालिका, शाखा तथा वडा कार्यालयहरूलाई उपलव्ध गराइयो .

**स्थानीय राजपत्र तथा हाम्रो तानसेन त्रैमासिक प्रकाशन**

नेपालको संविधानले प्रत्याभूत गरेको व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था अनुरुप स्थानीय सरकारले आफ्नो दैनिक तथा बार्षिक कार्य सञ्चालन गर्न आफ्नो अनुकूल हुनेगरी ऐन नियम वनाई लागु गर्ने भएको हुँदा तानसेन सरकारको रूपमा रहेको नगरपालिकाबाट हालसम्म निम्न बमोजिमका ऐन नियम बनाई स्थानीय राजपत्रमा प्रकाशन गरी सोही बमोजिम लागु गरिएको छ । साथै सर्बसाधारणहरूको माग बमोजिम आवश्यकता र नियमानुसार उपलब्ध गराइएको छ।

**स्थानीय राजपत्र**

| | |
|---|---|
| • तानसेन नगरपालिकाद्वारा प्रकाशित ऐन | ११ |
| • तानसेन नगरपालिकाद्वारा प्रकाशित नियमावली | ३ |
| • तानसेन नगरपालिकाद्वारा प्रकाशित कार्यविधि | १६ |
| • तानसेन नगरपालिकाद्वारा प्रकाशित आचार संहिता | १ |
| जम्मा | ३४ |

तानसेनको इतिहास, कला, संस्कृति, शिक्षा, पर्यटन लगायत विविध गतिविधि प्रकाशन हेतुले तानसेन नगर

कार्यपालिकाले **हाम्रो तानसेन** त्रैमासिक प्रकाशन शुरु गरेको छ। आर्थिक वर्ष २०७५/७६ मा नियमित रूपमा ४ अंक प्रकाशन गरी आवश्यकताअनुसार वितरण समेत गरिएको छ। विशेषतः वाहिरबाट तानसेन घुम्न आउने पाहुनाहरूका लागि तानसेन सम्बन्धी जानकारीका निम्ति यो अति उपयोगी रहेको प्रतिक्रिया समेत पाठकहरूबाट प्राप्त भएको छ। यसैगरी बजेट पुस्तक, ब्रोसर लगायतका सामग्री समेत हामीले प्रकाशन तथा वितरण गरेका थियौं।

**कार्यालय सञ्चालन सामान तथा स्टेशनरी**

नगरकार्यपालिका कार्यालय, शाखा कार्यालय र नगरकार्यपालिका मातहतका वडा कार्यालयहरूमा नियमित कार्य सञ्चालनका लागि आवश्यक करीव ६० प्रकारका स्टेशनरी तथा सरसफाइ सम्बन्धी सामग्री खरीदका लागि शिलबन्दी दरभाउपत्र माग गरी सवैभन्दा कम अंक कवोल गर्ने सप्लायर्सबाट सामग्री खरीद गरी मातहत शाखा तथा वडा कार्यालयहरूमा समानुपातिक रूपमा उपलब्ध गराइयो .

**छपाई सम्बन्धी कार्य**

नगरकार्यपालिका कार्यालय, नगरपालिकाका विषयगत शाखा र मातहतका वडा कार्यालयहरूमा नियमित रूपमा कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न प्रकारका निवेदन, सिफारिस, लेटरप्याड तथा अन्य कागजातहरू छपाई गरी वडा कार्यालयहरूमा समानुपातिक रूपमा उपलब्ध गराइयो । बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड संशोधन २०७३ र नेपाल राष्ट्रिय भवन निर्माण संहिता २०६० अनुरूप भवन निर्माणको लागि आवश्यक नक्सा किताव तयार गरी प्रयोगमा ल्याइएको छ।

तत्काल अति आवश्यक पर्ने सामानहरू स्वीकृत दरभाउपत्र दाताबाट खरीद गर्न समय अभाव भएको अवस्थामा नगरपालिकामा सूचीकृत भएका फर्म तथा सप्लायर्सबाट नियमानुसार सामान खरीद गर्ने व्यवस्था मिलाइएकोमा सामान खरीदमा गुणस्तर र मितव्ययिता अपनाउँदा केही सामान खरीदमा गुणस्तरमा कमी देखिएपछि सुधारका लागि ध्यानाकर्षण गराइयो। नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूबाट निःशुल्क वितरण गरिने औषधि समेत निश्चित मापदण्ड अनुसार सहुलियत दरमा खरीद गर्ने काम भएको तथ्य हाम्रो तानसेनको पूर्णाङ्क ५ (दिवाकर अर्यालको लेख) मा उल्लेख भइसकेको छ। आगामी वर्षका लागि समेत हामीलाई सिकाइ समेत भएको छ।

**स्थानीय तहमा सम्पत्ती हस्तान्तरण**

जिल्ला कृषि विकास कार्यालय, महिला तथा वालवालिका विकास कार्यालय, जिल्ला सहकारी कार्यालयका जिन्सी तथा श्रेस्ताहरू स्थानीय तहमा हस्तान्तरण हुने क्रममा तानसेन नगरपालिका क्षेत्रभित्र रहेको सेवा कार्यालयहरूमा भएका सामान नगरपालिकामा हस्तान्तरण भई आएको छ। महिला विकास कार्यालयको तानसेन वडा न. २ मा रहेको पक्की भवन सहित १ रोपनी जग्गा, कृषि सेवा केन्द्रको तानसेन वडा न ९ दमकडामा रहेको ५ रोपनी जग्गा, तानपा वडान.१४ अर्गलीमा जिल्ला पशु सेवा केन्द्रको नाममा रहेको १ रोपनी ७ आना भएको जग्गाधनी प्रमाणपत्र सहितको भवन समेतको जग्गा हस्तान्तरण भइआएको छ।

**कार्यालय व्यवस्थापन तथा सुधार**

- तानसेन नगरपालिका तथा नगर कार्यपालिका कार्यालय व्यवस्थित

रूपमा सञ्चालन तथा सेवा प्रवाहलाई मर्यादित बनाउने क्रममा तानसेन नगरपालिकाले कार्यालय परिसर, कार्यकक्ष तथा सेवाग्राही बस्ने स्थानहरूमा सि.सि. क्यामेरा (C.C. Camera) जडान गरी नगर प्रमुख तथा कार्यालय प्रमुखले कार्यालय भित्र भएका गतिविधिहरूलाई प्रत्यक्ष रूपमा श्रव्यदृश्य मार्फत् अनुगमन गर्ने व्यवस्था गरिएको छ।

- नगरकार्यपालिकाको बैठकलाई मर्यादित रूपमा सञ्चालन गर्न कार्यपालिका हलमा Public Conference mike set जडान गरी सञ्चालनमा ल्याइएको छ। सभाहललाई समय सापेक्षरुपमा पुर्नव्यवस्थित समेत गरिएको छ।
- कार्यालयमा आन्तरिक सूचना प्रवाह तथा आन्तरिक सञ्चार मितव्ययी रूपमा गर्ने गरी (Intercom System) फोन सेवा सञ्चालनमा ल्याइएको छ ।
- कार्यालयको कार्यक्रममा नियमित रूपमा योजना अनुगमन गर्न सवारी साधनमा जानुपर्ने, दैनिक कार्यालयको काममा सवारी साधन प्रयोग गरी विभिन्न कार्यक्रममा सहभागी हुन जानुपर्ने भएको र सवारी साधन १ वटा मात्र भएकोले नगरपालिकाले बोलपत्र मार्फत एक स्कार्पियो जीप र वडा कार्यालयका लागि ३ थान मोटर साइकल खरीद गरी प्रयोगमा ल्याइएको छ । साथै पुरानो टोयटा जीप समेत मर्मत गरी चालु अवस्थामा राखिएको छ।
- यस आ.ब.मा जिन्सी निरीक्षण प्रतिवेदन अनुसार कार्यालयमा दैनिक कामका लागि प्रयोगमा ल्याउन खर्च बढी लाग्ने तथा पुराना मोडेलका बिग्रिएका सामानहरू लिलाम बिक्री गर्ने भनी उल्लेख भएका सामान लिलाम बिक्री प्रक्रिया अगाडि बढाइयो ।

**सामाग्री वितरण**

तानसेन नगरपालिकाबाट खरीद भएका विद्युत पोल तथा तारजालीहरू नगर कार्यपालिकाको निर्णय अनुसार सामग्री वितरण समितिबाट नागरिक, टोल संस्था को माग तथा वडा कार्यालयको सिफारिसका आधारमा वितरण गरिएको छ। साथै निम्नलिखित अति आवश्यक सामान खरीद गरिएको थियो –

५० लिटरका फोहर संकलन वकेट ५०० थान खरीद गरियो भने ३५ लिटरका फोहर संकलन वकेट ७५० थान खरीद गरी सरसफाइ शाखा मार्फत् टोल विकास संस्थाहरूलाई उपलव्ध गराइयो । कार्यालय प्रयोजनका लागि ल्यापटप ६ थान खरीद गरिएको थियो भने कार्यालय प्रयोजन समेतका लागि डेक्सटप कम्प्युटर ४ थान खरीद गरियो । यसैगरी प्रोजेक्टर हाई पावरको १ थान खरीद गरिएको थियो भने १५० वाटको सोलार २ सेट खरीद गरियो भने प्रिन्टर थ्रिईन वन ७ सेट खरीद गरियो। यसैगरी सिलिङ फेन १० सेट खरीद गरिएको थियो। औंठा छाप हाजिरी मेशिन नगरपालिका क्षेत्रभित्रका विद्यालयका लागि १८ सेट खरीद गरी नगर शिक्षा शाखा मार्फत् विद्यालयलाई उपलव्ध गराइयो। खर्च भएर जाने विविध २१३ प्रकारका सामानहरू खरीद भएको छ भने खर्च भएर नजाने विविध ५९ प्रकारका सामानहरू समेत खरीद भएको छ। सडक बत्तीको व्यवस्थापनका लागि १२ वाटका ७०० थान लिड बल्ब लगायतका विविध विद्युतीय सामान खरीद गरी २ जना इलेक्ट्रिसियन तथा १ जना विद्युत् सहयोगी मार्फत् वडा कार्यालयबाट सिफारिस भइआएका स्थानहरूमा सम्भवभएसम्म विद्युत् बल्व फेर्ने तथा अन्य काममा सहयोग गरिएको थियो।

यी केही महत्त्वपूर्ण सामग्री खरीद तथा आपूर्ति सम्बन्धी गतिविधि बाहेक नियमित काममा समेत जिन्सी शाखाले यथासक्य भूमिका निर्वाह गरिआएको छ।

**(प्रमुख, तानसेन नगरपालिका जिन्सी शाखा)**

## तानसेन नगरपालिकामा हाल कार्यरत वडा सचिवहरू

| वडा नम्बर | नाम | सम्पर्क मोवाइल नम्बर |
|---|---|---|
| १ | चुरामणि मरासिनी | ९८५७०६१८०९ |
| २ | जीवन नेपाली | ९८४०४५८२०८ |
| ३ | मीरा क्षेत्री | ९८६७२७०२२१ |
| ४ | ताराबहादुर खत्री | ९८४७४९७०५९ |
| ५ | ऋषिराम घिमिरे | ९८४७०९७८६२ |
| ६ | बिन्दु खनाल | ९८१८०४१५६१ |
| ७ | तुल्सीराम कोइराला | ९८४९७९२६७९ |
| ८ | सीताकुमारी भट्टराई | ९८४७१४०१२३ |
| ९ | मदन भण्डारी | ९८६४५६६२०८ |
| १० | ऋषिकेश घिमिरे | ९८४७३९९६५५ |
| ११ | बिष्णु खाती | ९८४७११४३२७ |
| १२ | मञ्जु आचार्य | ९८४७१०२५७२ |
| १३ | कृष्णप्रसाद भट्टराई | ९८५११९८३१३ |
| १४ | शंकरप्रसाद पाण्डे | ९८५७०६५०१८ |

# सामाजिक सुरक्षा भत्ता सहज तरिकाले उपलब्ध गराइँदै



- नारायण पाण्डे

तानसेन नगरपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरूलाई सहज तरिकाले सेवा प्रवाह गर्ने सोच बनाएर समयसापेक्ष रूपमा प्रक्रिया अगाडि बढाएको छ। वडा नं १ देखि ७ सम्मका सरोकारवाला नागरिकलाई कृषि विकास बैंक मार्फत् वितरणको व्यवस्था मिलाइएको छ। डा नं ८ देखि १० सम्मका नागरिकलाई हिमालयन बैंकको शाखा मार्फत् भुक्तानी गरिएको छ। वडा नं १३ र १४ मा यसै आर्थिक वर्षदेखि बैंक मार्फत् भुक्तानीको तयारी भैरहेको छ। नागरिकले सकेसम्म घरदैलौबाट भुक्तानी पाए हुन्थ्यो भन्ने मनसाय ब्यक्त गरेको पनि पाइन्छ।

**सामाजिक सुरक्षा वितरण विवरण (२०७५/०७६ प्रथम चौमासिक)**

| जेष्ठ नागरिक (अन्य | | जेष्ठ नागरिक दलित | | विधवा/एकल | | पूर्ण अपाङ्ग | | अति अशक्त अपाङ्ग | | दलित वालवालिका | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १८३३ | १४६१८००० | ३४७ | १५८८००० | १४१० | ६०४०००० | ५६ | ४४७६०० | ८३ | २०४२०० | ५०९ | ७८६००० | २३६८३८०० |

**सामाजिक सुरक्षा वितरण विवरण (२०७५/०७६ दोस्रो चौमासिक)**

| जेष्ठ नागरिक (अन्य | | जेष्ठ नागरिक दलित | | विधवा/एकल | | पूर्ण अपाङ्ग | | अति अशक्त अपाङ्ग | | दलित वालवालिका | | कूल रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १७४१ | १४०२६००० | ३६९ | १७४०५०० | १४१५ | ६२५६००० | ५० | ४००००० | ८० | ३४८८०० | ४६१ | ७२५२०० | २३४९६५०० |

**सामाजिक सुरक्षा वितरण विवरण (२०७५/०७६ तेस्रो चौमासिक)**

| जेष्ठ नागरिक (अन्य | | जेष्ठ नागरिक दलित | | विधवा/एकल | | पूर्ण अपाङ्ग | | अति अशक्त अपाङ्ग | | दलित वालवालिका | | कूल रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १७६९ | १४१८८००० | ३७८ | १८०३००० | १५१७ | ६९३२००० | ५८ | ४६४००० | ९१ | २२६४०० | ४९२ | ८२४२०० | २४४३७६०० |

तानसेन नगरपालिकाबाट आर्थिक वर्ष २०७५/७६ को प्रथम चौमासिकमा सामाजिक सुरक्षा भत्ता बापत २ करोड ६६ लाख ८३ हजार ८ सय रुपैयाँ वितरण गरिएको थियो। सोही आर्थिक वर्षको दोश्रो चौमासिकमा २ करोड ३४ लाख ९६ हजार ५ सय रुपैयाँ वितरण गरिएको थियो भने तेस्रो चौमासिकमा २ करोड ४४ लाख ३७ हजार ६ सय रुपैयाँ वितरण गरिएको थियो।

- वडा नं. १ देखि ७ सम्म कृषि विकास वैंकवाट वितरण भएको
- वडा नं ८ देखि वडा नं. १० सम्म हिमालयन वैंक पाल्पा शाखावाट वितरण गरिएको
- वडा नं १३ र १४ मा यस वर्ष देखि बैंकिङ प्रणाली मार्फत् वितरणको लागि वैंकसँग सम्झौता हुने तयारी रहेको
- वडा नं. १ देखी ७ सम्म भत्ता वितरण व्यवस्थापन कार्यपालिका कार्यालयवाटै व्यवस्थापन गर्नुपर्दा सेवा प्रवाहमा कठिनाई भएको र चालु आ.व. २०७६/०७७ देखि तत् तत् वडा कार्यलयबाटै निवेदन संकलन/नवीकरण तथा व्यवस्थापन हुने गरी तयारी गरिएको छ ।

(कम्प्युटर अपरेटर, पञ्जीकरण उपशाखा)

# तानसेनको गहना पाल्पा दरबार संग्रहालय



- चन्द्र बहादुर वली

तानसेन पाल्पा घुम्न आउनेहरूले पहिलोपटक तानसेन पुग्नासाथ खोज्ने सोध्ने ऐतिहासिक सम्पदा पाल्पा दरबार संग्रहालय हो भन्दा फरक पर्दैन। ५ नं प्रदेश सरकारको मातहतमा रहेको यहाँ पाल्पा दरबार संग्रहालयबारे यहाँ संक्षेपमा प्रकाश पार्ने कोशिश गरिएको छ।

१. **अवस्थिति**– नेपालको दार्जिलिङ भनेर चिनिने तानसेन बजारको मुटुमा ४४ कोठा तथा गार्डेन सहितको पाल्पा दरबार संग्रहालय पुरातात्विक, ऐतिहासिक तथा पर्यटकीय हिसाबले प्रचुर संभावना बोकेको धरोहर हो। प्रदेश नं. ५ लुम्विनी अंचल,**पाल्पा** जिल्ला तानसेन नगरपालिका–४ मखनटोल, तानसेन वजारको बीचमा अवस्थित छ। जुन समुन्द्र सतहवाट १३५० मिटर उचाईमा रहेको तानसेन २७ डिग्री ५० मिनेट उत्तर देखि २७ डिग्री ५३ मिनेट उत्तर अक्षासं तथा ८३ डिग्री ३१ मिनेट पूर्व देखि ८३ डिग्री ३५ मिनेट पूर्व देशान्तरमा रहेको छ।

२. **निर्माण**– पाल्पाका तत्कालीन प्रशासक जनरल प्रताप समशेरले आफ्नो निजी आवास तथा प्रशासकीय भवनको प्रयोजनको लागि चुना सुर्की गिट्टी तथा ईट्टाको मिश्रणबाट वि.सं. १९८२ मा पश्चिमी शैलीमा यो वर्गाकार दरबार निर्माण गराएका थिए।

३. **उपयोग-** राणा शासनको अन्त्यभन्दा अगाडि पाल्पाका तत्कालीन प्रशासकहरूको आवास तथा प्रशासकीय भवनको रूपमा रहेको यो दरबार प्रजातन्त्रको उदय पछि जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, जिल्ला मालपोत कार्यालय लगायत आधादर्जन बढी सरकारी कार्यालयहरूको साथै जिल्लाको प्रमुख प्रशासकीय भवनको रूपमा रहेको थियो।




४. **क्षतिग्रस्त-** वि. स. २०६२ माघ १८ गते तत्कालीन बिद्रोही माओवादीको आक्रमणमा परी पूर्णरूपमा ध्वस्त हुन पुगेको थियो। दरबारमा भए गरेका भौतिक संरचनाहरू केही जलेर हराए त कति अन्यत्र लगिए हाल संग्रहालयलाई पुरानै तौर तरिकामा ल्याउने काम भैराखेको भए तापनि पूर्णता प्राप्त भैसकेको छैन।

५. **पुनः निर्माण** - पुरानै शैली र संरचनामा सहरी विकास तथा भवन निर्माण डिभिजन पाल्पाबाट रु.७३३७२१३९ (सात करोड तेत्तीस लाख वहत्तर हजार एकसय उनन्चालीस रुपैयाँ) को लागतमा दरबार पुनःनिर्माण गरिएको हो। पुरानै शैली र संरचनामा यस दरबारको पुनःनिर्माण कार्य वि.स. २०६४ सालमा शुरु भई २०७० सालमा सम्पन्न भएको हो। करीब ५ रोपनी हाता भित्र रहेको यो दरबार पाल्पा जिल्लाकै ठूलो ऐतिहासिक स्मारकको रूपमा रहेको छ। मूल प्रवेशद्वार पूर्वतिर रहेको चारतले यस भवनमा जम्मा ४४ कोठा छन। भवनको वनावट राम्रो पार्न दरबारको अगाडि दुवै साइडमा एक एक वटा बुर्जा राखिएको छ। बर्गाकार रूपमा बनाइएको यो दरबारको बीचमा खुल्ला चोक रहेको छ।



६. **संग्रहालयमा परिणत**– पुनःनिर्माण पश्चात् यस दरबारको सदुपयोग कसरी गर्ने भन्ने सम्वन्धमा छलफल हुँदा संग्रहालय राख्न उपयुक्त हुने ठहर भयो। सोही अनुरुप नेपाल सरकारबाट पाल्पा दरबार संग्रहालयको स्वीकृती प्रदान भयो। वि. स. २०७२ माघ ३ गते यो दरबारमा पाल्पा दरबार संग्रहालयको कार्यालय स्थापना भई कार्य सञ्चालन हुँदै आइरहेको छ। राणाकालीन समयमा प्रशासनिक भवनको रूपमा रहेको पाल्पा तानसेनस्थित यो भवन २०७३ फागुन २१ शनिवार देखि सर्वसाधारणको लागि खुला गरिएको छ। संग्रहालय विस्तारको प्रथम चरणमा हाल दोस्रो तला को ६ वटा कोठालाई समेटी संग्रहालय प्रर्दशन गरिएको छ। हाल पाल्पा जिल्ला तथा लुम्विनी अञ्चलका प्राकृतिक, साँस्कृतिक, पुरातात्विक तथा सामाजिक जीवनसँग साथै विश्व सम्पदा सूचीमा सूचीकृत क्षेत्रहरूको तस्वीरहरूका साथै यस भूभागमा बसोबास गर्ने मगर जातिलगायत विभिन्न जातजातिसँग सम्वन्धित सामग्रीहरू प्रर्दशन गरिएको छ। प्रदेशस्तरको जीवनशैलीको झझल्को दिनेगरी सामग्री संकलनको लक्ष्य रहेको छ।

७. **चुनौति–** हाल यो दरबार संग्रहालय ५ नं.प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको मातहतमा रहेको छ। कर्मचारीको दरवन्दी अनुसार पदपूर्ति नहुँदा कार्य सम्पादनमा कठिनाई भैरहेको छ । संग्रहालयलाई पहिलाको अबस्थामा पुनःजीवित गर्नको लागि दरबार भित्र क्षति हुनुभन्दा पहिला के कस्ता सामग्रीहरू थिए सो सम्बन्धी अनुसन्धान गरी त्यस्ता सामग्री राख्नुपर्ने देखिन्छ। पाल्पा दरबार संग्रहालय नेपालीहरूको पुरातात्विक, ऐतिहासिक तथा पर्यटकीय हिसाबले महत्त्वपूर्ण धरोहर भएकाले विगतमा जे जस्तो भएपनि अबका दिनमा यसलाई स्वच्छ रूपमा पर्यटकीय गन्तव्यको केन्द्र बनाउन सबैको ध्यान जानु जरुरी देखिन्छ।

८. **स्थानीय सरकारको सहयोग**

तानसेन नगरपालिकाले आव २०७५/७६ मा संग्रहालय परिसरमा गार्डेन निर्माण गर्नुका साथै बेलाबेलामा सरसफाइ गरी सहयोग गरेको छ। साथै पाल्पा जिल्लामा रहेका अन्य पालिकाहरूको समेत सहयोग पाएमा संग्रहालय व्यवस्थापनमा थप सहयोग हुनेछ।

**(निमित्त प्रमुख, पाल्पा दरबार संग्रहालय)**

# जेष्ठ नागरिकलाई घरदैलौमा आयुर्वेद सेवा



**– माधव वस्याल**

**कार्यक्रमको नाम : जेष्ठ नागरिकहरूलाई घरदैलो आयुर्वेद सेवा कार्यक्रम**
**(नगर आयुर्वेद कार्यक्रम)**

**कार्यक्रम स्थान** : तानसेन नगरपालिका वार्ड नं. १, २ र ६ पाल्पा।

**सञ्चालन मिति** : २०७५।१०।१७ देखि ०७५।११।१० सम्म

**उद्देश्य** : जेष्ठ नागरिकहरूलाई घर घरमा गई आयुर्वेद स्वास्थ्य सेवा प्रवाह गर्ने।

**स्रोत** : तानसेन नगर सरकार

**पृष्ठभूमि** : तानसेन नगरपालिकाको कार्ययोजना अनुसार नगर आयुर्वेद सेवा अन्तर्गत जेष्ठ नागरिकलाई घरघरमा आयुर्वेद स्वास्थ्य सेवा शुभारम्भ समारोह मिति २०७५।१०।१७ गते तानसेन नगरपालिका वार्ड न. २ को सभाहलमा नगर प्रमुख अशोककुमार शाहीको प्रमुख आतिथ्यता एवम् वार्ड नं. २ का अध्यक्ष वरुणप्रसाद रेग्मीको अध्यक्षतामा सम्पन्न भयो। तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेल विशिष्ट अतिथि हुनुहुन्थ्यो। समारोहमा प्रमुख अतिथि नगरप्रमुख शाहीले जेष्ठ नागरिक अनुभवका खानी भएकाले उहाँहरूको सेवा र सम्मान सबैको दायित्व हो भन्नुभयो। समारोहलगत्तै जेष्ठ नागरिकहरूको घर घरमा विषेशत : अशक्त र असहाय जेष्ठ नागरिकहरूलाई प्राथमिकता दिई वडाकार्यालयको सहयोगमा टेवुलेसन गरियो। सोही मुताविक तानसेन – २ मा महिला २५ र पुरुष ११ गरी जम्मा ३६ जना (सबै टोलमा आवश्यकता अनुसार प्राथमिकीकरण गरी गरिएको), तानसेन–. १ मा महिला २१ र पुरुष १२ गरी जम्मा ३३ जना (वार्ड नं. १ को गोर्खेकोट देखि उत्तरपट्टि सवै र मिसन तथा गैरागाउँका केही स्थानमा ) र तानसेन–६ मा महिला २१ र पुरुष १० गरी जम्मा ३१ जना (वसपार्क,अन्दोलन चोक देखि माथिल्लो साइड देखि कारागार सम्म) गरी कूल संख्या ६७ महिला र ३३ पुरुष गरी जम्मा १०० जनालाई उहाँहरूकै घर घरमा पुगेर सेवा प्रवाह गरियो।

**रोगानुसार विरामीहरूको तालिकीकरण :**

| क्र सं. | वाथ रोग | मधुमेह | उच्च रक्तचाप | मेदो रोग | अन्य | कूल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ३४ जना | १४ जना | ५० जना | २ जना | १८ जना | ११८ जना | दुई वा सो भन्दा बढी रोगबाट प्रभावित संख्या १८ जना |

**सबल पक्ष :**

१. घरघरमै प्रवाह गरिएको स्वास्थ्य सेवाले विरामी अत्यन्तै उत्साहित रहेको पाइयो।
२. कतिले अर्को पटक कहिले आउनुहुन्छ भनेर सोध्नुभएको थियो।
३. कतिपय विरामीहरूले कतिले त भावविभोर भएर आँसु खसाल्दै भगवान् नै आएको महसुस भएको कुरा राख्नुभयो।

**चुनौति** : सवै रोग अनुसारको उपकरण तथा औषधि नभएकोले कठिनाइ आएको।

**निष्कर्ष** : नगरपालिकाको सम्पूर्ण जेष्ठ नागरिकलाई नियमित रूपमा यो सेवा प्रवाह गर्नुपर्ने देखियो।

(निमित्त प्रमुख, आयुर्वेद स्वास्थ्य केन्द्र)

# उपभोक्ता अधिकार र उद्योगी तथा व्यवसायीहरूको दायित्व विषयक प्रशिक्षण एवम् अन्तरक्रिया कार्यक्रम



- चुरामणि पोखरेल

२०७६ असार २४ गते नगरक्षेत्रका उद्योगी–व्यवसायीहरू, सम्वन्धित संघ संस्थाका पदाधिकारीहरू र सरोकारवालाहरूको लागि बृहत्प्रशिक्षण प्रदान गरी सचेत गराउने, बजार अनुगमन कार्यको आधार तयार गर्ने र सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्यको प्रवर्द्धन गर्ने मुख्य उद्देश्यका साथ १ दिने प्रशिक्षण एवंम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (१) को प्रावधान बमोजिम उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति कानून, मापदण्ड कार्यान्वयन र नियमनका अधिकार नगरपालिकाको अधिकार क्षेत्रमा निहित भए लगतै तानसेन नगरपालिका, पाल्पा उद्योग वाणिज्य संघ, पाल्पा व्यापार संघ र होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ पाल्पाको आयोजना र उपभोक्ता हित संरक्षण मञ्च नेपालको प्राविधिक सहयोग एवम् दि एशिया फाउण्डेशनको आर्थिक सहयोगमा **उपभोक्ता अधिकार र उद्योगी व्यवसायीहरूको दायित्व विषयक प्रशिक्षण एवम् अन्तर्क्रिया कार्यक्रम** तानसेन नगरपालिकाको सभाहलमा सम्पन्न भएको हो।




नगरस्तरीय उपभोक्ता अधिकार र उद्योगी व्यवसायीहरूको दायित्व विषयक प्रशिक्षण कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्च नेपालका केन्द्रीय सचिव एवम् अधिवक्ता श्रृङ्गऋषि काफ्लेबाट विषयगत सहजीकरण गरिएको थियो । कार्यक्रममा पदाधिकारीहरू र सहभागीहरूलाई उद्योगी व्यबसायीले उपभोक्ता अधिकारबारे किन जानकारी राख्नुपर्ने, उपभोक्ता अधिकारका आधारभूत सिद्धान्तहरू, उपभोक्ता अधिकारहरू, संबैधानिक व्यबस्थाबजार व्यबस्थापनसँग सम्बन्धित संघीय कानूनहरू, निषेधित कामहरू, बिभिन्न पक्षहरूको दायित्व, क्षतिपूर्ति सम्बन्धी व्यबस्था, स्वच्छ बजारका बाधक तत्वहरू, उद्योगी व्यबसायीले ध्यान दिनुपर्ने कुराहरू, मुलुकी अपराध संहितामा उपभोक्तासँग सम्बन्धित कानूनी व्यबस्थाहरू, मुलुकी देबानी संहिता लगायत स्थानीय बजार व्यवस्थापन सम्बन्धी अधिकारको बारेमा प्रशिक्षण गर्नुभएको थियो।

कार्यक्रममा तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले उपभोक्ता, बिक्रेता र सेवा प्रदायकले आफ्नो जिम्मेवारी र दायित्व पूरा गरी उपभोक्ता अधिकारको पालना गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो । समापन सत्रमा उपभोक्ता मञ्चका अध्यक्ष माधव नेपाल, आयोजक संस्था पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष मोहनप्रसाद श्रेष्ठ, पाल्पा व्यापार संघका उपाध्यक्ष बामदेव बस्याल, होटल तथा रेष्टुरेण्ट व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष जीवलाल बस्याल लगायतले आ–आफ्नो धारणा राख्नुभएको थियो।

कार्यक्रममा नगर कार्यपालिकाका केही पदधिकारीहरू, सहायक प्रमुख जिल्लाअधिकारी तथा सुरक्षा निकायका प्रमुखहरू, पाल्पा उद्योग बाणिज्य संघ, पाल्पा व्यापार संघ,एसिया फाउन्डेसनको प्रतिनिधि,पत्रकार महासंघ, उपभोक्ता हित संरक्षण मञ्चका पदाधिकारी, बजार अनुगमन कार्यदलका पदाधिकारी एवम् सदस्य, सञ्चार क्षेत्रसँग आवद्ध विभिन्न संघ संगठनका पदाधिकारी, सञ्चारकर्मीहरू र तानपाका कर्मचारीहरू, सम्वन्धित क्षेत्रका बुद्धिजीवी सहित करीव १५० जना सरोकारवालाहरूको सहभागिता रहेको थियो।



तानसेन नगरपालिका उपभोक्ता हित संरक्षण समितिका संयोजक एवम् उप–प्रमुख लक्ष्मीदेवी पाठकको सभापतित्वमा भएको कार्यक्रममा स्वागत एवम् उद्देश्यमाथि प्रकाश पार्ने कार्य प्रमुख प्रशासकीय अधिकृत गोपालप्रसाद बगालेले गर्नु भएको थियो भने कार्यक्रमको सञ्चालन बरिष्ठ अधिकृत दुर्गा थापाले गर्नु भएको थियो।

**(दि एसिया फाउन्डेसन फिल्डकोर्डिनेटर, प्रदेश नं ५)**

# स्थानीय सरकार तानसेन र बगनासकालीले सहकार्यको सोच व्यवहार मै उतार्दै छन्

राम्रो काम काठमाडौँबाहिर पनि हुनसक्दछ भन्ने उदाहरण तानसेन नगरपालिकाले कतिपय कामले साबित गर्न चाहेको नगरप्रमुख अशोककुमार शाही बताउनुहुन्छ । विभिन्न काम मध्ये एउटा काम हो अन्तरपालिका सहकार्य । तानसेन नगरपालिका र बगनासकाली गाउँपालिकाले नागरिकको हित र पालिकाको विकासका लागि चिन्तन मनन गर्न एकै ठाउँ बस्न सकिन्छ अनि समृद्धिका लागि सहकार्य सम्भव छ भन्ने तथ्य व्यवहारबाटै पुष्टि गर्दैछन् । गतवर्ष मात्र तानसेन नगरप्रमुख अशोककुमार शाही र बगनासकाली गाउँपालिकाका प्रमुख कृष्णप्रसाद बस्यालबीच सहकार्यको बारेमा सम्वाद भएलगत्तै दुईपालिकाको लगानीमा तानसेन चिलाङ्दी सडकखण्डमा कालोपत्रे गर्ने काम सम्पन्न भएको थियो । यस वर्ष तानसेन नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा छिमेकी पालिकाहरूसँग विकास निर्माण, पर्यटन तथा संस्कृति संरक्षण र परम्परागत सीप संरक्षण, फोहर व्यवस्थापन, खानेपानी तथा एकीकृत बस्ती विकास कार्यक्रम, प्राविधिक तथा ब्यावसायिक शैक्षिक केन्द्र सञ्चालन लगायतका सवालमा सहकार्य गर्न सकिने कुरा प्रष्ट उल्लेख गरेको पाइन्छ । निर्णयअनुसार विमानस्थलको लागि आवश्यक उपयुक्त जग्गा खोजीमा दुई पालिका लागेका छन् । तानसेनका नगरप्रमुख अशोककुमार शाहीले छिमेकी पालिकाहरूसँग समन्वय गरेर युवा स्वरोजगार कार्यक्रममा समेत सहकार्य गर्न सम्भव हुने हुनाले पालिका प्रमुखहरूसँग सम्वाद भएको र सोहीअनुसार तानसेनले कार्यक्रम बनाएको बताउनु हुन्छ । सीमाना जोडिएका मध्ये बगनासकाली गाउँपालिकास्थित बगनासका विश्वकर्माहरूले बनाउने बगनासे साँचो र घोरबन्दे कुमालको माटोको भाँडा बनाउने परम्परागत सीप संरक्षणमा समेत तानसेनले चासो प्रकट गरेको छ ।



सहकार्यको उदाहरण अन्तरपालिका बैठकबाट पनि तानसेन र बगनासकालीले प्रस्तुत गरिसकेका छन् । नेपालमै पहिलोपटक दुई स्थानीय तहको कार्यपालिकाको संयुक्त बैठक बसेको हो । २०७६ जेठ २९ गते बुधवारका दिन तानसेन नगरपालिकाको सभाकक्षमा तानसेन नगरप्रमुख अशोककुमार शाहीको अध्यक्षता र बगनासकाली गाउँपालिकाका प्रमुख कृष्णप्रसाद बस्यालको विशेष उपस्थितिमा संयुक्त कार्यपालिका बैठक सम्पन्न भएको थियो ।

बैठकमा विषय प्रवेश गर्दै तानसेन नगरप्रमुख शाहीले समान सवालमा सहकार्यका लागि सञ्जाल बनाऔँ भन्ने बगनासकालीका अध्यक्षसँग स्थानीय निर्वाचन लगत्तै कुरा भएअनुसार कार्यपालिकास्तरको पहिलो संयुक्त बसाइ भएको बताउनुभयो । उहाँले पालिकाहरूको साझा उद्देश्य समृद्धि र नागरिक सेवा भएको स्पष्ट पार्दै विकास निर्माणका कुरामा पालिकाहरू सँगसँगै जान सक्दछन् भन्ने उदाहरण आफूहरूले दिन चाहेको बताउनुभयो ।

बैठकमा तानसेन नगरपालिकाका प्रवक्ता दामोदरप्रसाद घिमिरेले ऐतिहासिक महत्त्वको संयुक्त कार्यपालिका बैठक भएको बताउँदै तानसेन र बगनासकालीको संयुक्त कार्यपालिका बैठकबाट संयुक्त मुद्दा पहिचान गर्न सकिने बताउनुभयो । उहाँले खानेपानी, फोहर ब्यवस्थापन, पर्यटन विकास, सम्पदा संरक्षण, युवा स्वरोजगार लगायतका सवालमा समेत अन्तरपालिकास्तरमा सहकार्य सम्भव भएको कुरा राख्नुभयो । तानसेनका प्रवक्ता घिमिरेले सहकार्यबाट तानसेन र बगनासकालीको विकासलाई समेत टेवा पुग्ने बताउनुभयो । तानसेन–३ का वडाअध्यक्ष महेशलाल शाक्यले कृषि, पर्यटन विकास तथा उत्तरतिरको सडक ब्यवस्थापनमा दुवै पालिकाले सहकार्य गर्न सक्ने धारणा राख्नुभयो ।

बगनासकाली– ९ का वडाअध्यक्ष ठानेश्वर तिमिल्सिनाले संयुक्त कार्यपालिका बैठक ऐतिहासिक भएको बताउँदै नागरिक हितका लागि सहकार्यमा जोड दिनुपर्ने बताउनुभयो ।

बगनासकाली–१ का वडाअध्यक्ष सोमबहादुर फेंडीले तानसेन र बगनासकालीको सीमा जोडिएको र कतिपय सीमामा अन्योलता रहेकाले त्यसलाई सुल्झाउन समेत तानसेन र बगनासकालीबीच सहकार्य सहयोगी हुने बताउनुभयो । बगनासकाली–३ का वडाअध्यक्ष टीकाबहादुर थापाले समान सवालमा सहकार्य सम्भव छ भन्दै विशेषतः तानसेन र बगनासकालीले धार्मिक, कृषि, पर्यटन क्षेत्रमा सहकार्य गर्न सक्ने, रानीमहल सेरोफेरोको जग्गा उपयोग सम्बन्धी कुरामा सहकार्य हुनसक्ने बताउनुभयो । तानसेन–१३ का वडाअध्यक्ष टुकप्रसाद भट्टराईले रानीमहल नजिक क्रेशर मेशिन चलाउन बगनासकालीले अनुमति दियो भन्ने कुरा सुनिएको छ के यो साँचो हो ? भनेर सोध्नुभयो । विशेष नापीले जग्गा नाप्दा तानसेन नगरपालिकाको प्रतिनिधि नराखी नापी गरिएको रहेछ अब बिबाद नगरी समस्या समाधान गरौँ भनेर भट्टराईले आग्रह गर्नुभयो ।

तानसेन नगरकार्यपालिका सदस्य दीपक बिश्वकर्माले संयुक्त कार्यपालिका बैठक नेपालकै सन्दर्भमा नमूना भन्दै दुईपालिकाले मिलेर सम्पादन गर्न सकिने कुरामा सहकार्य सम्भव छ भन्नुभयो । उहाँले नक्साको विषयमा विवाद नगरौँ किनकि पालिकाभित्रका वडा विभाजनमै समेत त्रुटि छ भन्नुभयो । भौतिक निर्माण, खानेपानी, फोहरमैला व्यवस्थापन, वस्ती विकासमा सहकार्यको सम्भावना छ भन्दै बिकले दुवै पालिकाले शिक्षा स्वास्थ्य खानेपानी क्षेत्रमा समेत सहकार्य गर्न सक्ने धारणा राख्नुभयो ।



तानसेन–१४ का वडाअध्यक्ष कमल रानाले तानसेन पाल्पा जिल्लाको सदरमुकाम समेत हो भन्दै भन्नुभयो –"धार्मिक र पर्यटकीय महत्त्व छ तानसेनको । तानसेनको नजिकको छिमेकी पालिका बगनासकाली हो तसर्थ तानसेनको समृद्धिसँग बगनासकाली जोडिन्छ । पर्यटन प्रवर्द्धन लगायतका सवालमा सहकार्यबाट टेवा पुग्दछ । रानीमहल पाल्पाको धरोहर हो संयुक्तरुपमा मिलेर त्यस क्षेत्रको विकासका लागि दुवैतिर आवश्यक संरचना बनाउन पहल गरौँ । दुवै तहले चाहेको विकास र समृद्धि हो ।"

बगनासकालीका प्रवक्ता लक्ष्मीप्रसाद अधिकारीले संयुक्त कार्यपालिका बैठक आयोजना गरेकोमा तानसेन नगरपालिकालाई धन्यवाद दिँदै साझा समस्या साझा सवाल भन्दा पनि स्थानीय तहले संघबाट पाउनुपर्ने अधिकार पाएका छौँ छैनौँ ? त्यसबारे पनि छलफल गरौँ, आवाज उठाऔँ भन्नुभयो । उहाँले अगाडि भन्नुभयो–"केही गरौँ भनेर हामी अघि बढेका छौँ, नागरिक सेवा साझा ध्येय हो । बगनासकालीमा सिद्धगुफा, दर्लममहाकाली, बगनासकाली मन्दिर, खानीगाउँ महादेव मन्दिर छन् । सीमामा रानीमहल छ ती सम्पदालाई टाढा नदेखौँ । बगनासकाली र तानसेनले साझा योजना बनाएर पर्यटन विकास कार्यक्रम अगाडि बढाऔँ, पर्यटकको बसाइ लम्ब्याऊँ भन्नेतिर सोचौँ । कोठेचौरमा केही गरौँ । हृषिकेशदेखि राम्दीसम्म धार्मिक ऐतिहासिक मार्ग बनाऔँ, सडक निर्माण व्यवस्थापनमा सहकार्य गरौँ । तानसेनको पहिचान कायम राख्न संयुक्त बस्ती विकास कार्यक्रम थालौँ । खानेपानीमा सहकार्य गरौँ । केही नवीन कार्य अगाडि बढाऔँ, विकास निर्माणसँगै जनसेवामा एकरुपता कायम गर्ने कोशिश गरौँ ।"

बगनासकाली– ५, का वडाअध्यक्ष ईश्वर रानाले भौगोलिक धार्मिक पर्यटकीय हिसाबले महत्त्वपूर्ण दुई पालिकाको महत्त्वपूर्ण सम्बन्ध रहेको बताउँदै भन्नुभयो–"विकास निर्माणसँगै धार्मिक पर्यटन प्रवर्द्धनका लागि गुरुयोजनासहित अघि बढौँ । पर्यटक बस्ने वातावरण बनाऔँ । बाहिरबाट अध्ययनका लागि आउने क्रमलाई टेवा पुग्ने गतिविधि बढाऔँ ।"

तानसेन–७ का वडाअध्यक्ष मुक्तिराम जिसी माधवले दुई पालिकाको संयुक्त गुरुयोजना बनाउन आवश्यक छ भन्दै अगाडि भन्नुभयो–"कृषि पर्यटन शिक्षा स्वास्थ्य लगायत अन्य कुनकुन क्षेत्रमा सहकार्य सम्भव छ सम्भावना खोजौँ । माडीफाँटको विकासबारे माथागढीलाई समेत सहभागी गराएर सोचौँ । समग्र पाल्पाको विकासमा टेवा पुग्नेगरी काम गरौँ ।"

बगनासकाली गाउँपालिकाकी उपाध्यक्ष सरस्वती चिदीले संयुक्त सामाजिक समस्याबारे भन्नुभयो–"युवाहरू लागु औषधमा फस्दै गरेको अवस्था छ, कृषि उपज बिक्रीका लागि संयुक्त हाटबजारको खाँचो छ । पर्यटकीय क्षेत्रको विकास तथा अन्य विकास निर्माणका कुरामा समन्वय र सहकार्य सम्भव छ ।"

बगनासकाली गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्यालले आर्थिक समृद्धिका लागि तानसेन र बगनासकालीले सहकार्य शुरु गरेको बताउँदै यसको शुरुवात गतवर्ष सडकपीच गर्ने कामबाट थालनी भएको बताउनुभयो । उहाँले भन्नुभयो–" २ वर्षमा हामीले के गर्‍यौं ? हामीले छाड्दा यो काम गरेका थियौँ भनेर आत्मसंन्तुष्टि लिने ठाउँ राखौँ । भोलि पहिलोपटक निर्वाचित जनप्रतिनिधिले के गरे ? भनेर पक्कै समीक्षा हुने छ । हामीले बोलेर मात्र हुँदैन, व्यवहारमै उतार्ने काम गरौँ । सहकार्यका सम्भावना धेरै छन् बगनासकाली र तानसेनसँग । उदाहरणका लागि सुविधायुक्त पर्यटक आवासको खाँचो छ । राम्दीघाटमा संयुक्त व्यवस्थित शवदाहस्थल बनाऔँ, शिक्षा स्वास्थ्य खानेपानीका क्षेत्रमा सहकार्य गरौँ । युवा पलायन रोक्न काम थालौँ । करुवा, ढाकाको प्रवर्द्धन लगायत परम्परागत सीपको संरक्षणमा लागौँ । आलोपालो बैठक बसौँ, राम्रो पक्षलाई बाहिर लैजाऔँ, समृद्धिका लागि सँगसँगै हिडौँ, तानसेन र बगनासकालीलाई नमूना बनाउने वाचा गरौँ ।" उक्त अवसरमा बस्यालले संघीय सरकारले पालिकालाई दिने बजेट बृद्धि गर्नुपर्ने बताउनुभयो । उहाँले स्थानीय तहको अधिकार प्राप्तिका लागि तहहरूबीच सहकार्य आवश्यक छ भन्नुभयो ।

बैठकको बिट मार्दै तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बैठकमा उठेका सवाल सम्बोधन हुनेगरी गुरुयोजना बनाएर संयुक्त रूपमा कार्यान्वयन थाल्न आव्हान गर्दै भन्नुभयो–"राम्दीघाटमा शवदाहस्थल, रानीमहल क्षेत्रको विकास, सम्पदा संरक्षण, परम्परागत पेसा, सीप संरक्षण, युवा स्वरोजगार लगायतका सवालमा काम थालौँ । गौँडेदेखि राम्दीसम्म सिद्धार्थ राजमार्गको सडकमा रहेका साँघुरा मोड सुधारका लागि प्रदेश र संघसँग माग गरौँ । नभुलौं, सहकार्यमा समृद्धि सम्भव छ । " शाहीले आवश्यकता औचित्य अनुसार सञ्जाल विस्तार गरिने बताउनुभयो ।



पर्यवेक्षकको रूपमा सहभागी पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्यालले बैठकको अन्त्यमा सुझाव राख्दै भन्नुभयो– "तानसेन नगरपालिका र बगनासकाली गाउँपालिकाले सम्बैधानिक मर्मको मनन गरेको देखियो, सघन सम्वादका निम्ति बाटो खुलेको छ। यसखालको बैठकको निरन्तरता आवश्यक छ। आन्तरिक तयारी मजबुत गराउनु आवश्यक छ भने दुवै पालिकाले बैठकको लिखित प्रमाणित निर्णय प्रतिलिपि वडामा पुऱ्याउनु पर्दछ। संयुक्त खेलमैदान निर्माण गर्न सकिन्छ। माडीफाँटमा प्लटिङ हुँदैछ कृषि योग्य जमिन बचाउन दुवै पालिकाले नीति बनाउनु आवश्यक छ। राजस्व संकलन र दररेटमा अन्तर नराखौँ। खानेपानीका क्षेत्रमा सहकार्य सम्भव छ। सिम्बोलिक स्मारिका एकअर्का तहमा निर्माण गरौँ। स्थानीय उत्पादनलाई बजारीकरणमा टेवा पुग्ने काम गरौँ। कालीगण्डकीको रोयल्टीमा विभेद छ दुई पालिकाले ध्यान दिनु जरुरी छ यो कुरा। प्राविधिक, आर्थिक हिसाबले निष्कर्षमा पुऱ्याउने गरी थोरै बुँदामा छलफल गरौँ।"

बैठक सञ्चालन बगनासकालीका प्रमुख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठ र तानसेनका शाखा अधिकृत भरतप्रसाद आचार्यले गर्नुभएको थियो। बैठक लगत्तै जारी संयुक्त प्रेस विज्ञप्ति तानसेन नगरपालिकाका प्रेस सल्लाहकार गोविन्द भट्टराईले वाचन गर्नुभएको थियो।

अन्त्यमा, स्थानीय सरकारको रूपमा रहेका पालिकाहरूबीच विकास निर्माण लगायत जनस्तरका साझा सवालमा सहकार्य सम्भव छ भन्ने महसुस तानसेन नगरपालिका र बगनासकाली गाउँपालिकाले गरेका छन्। पहिलो बैठकका निष्कर्षलाई कार्यान्वयन गर्दै अगाडि बढ्न तानसेन र बगनासकालीका प्रमुख, दुवै तहका उपप्रमुख, दुवै पालिकाका प्रवक्ताहरू, दुवै पालिकाका पूर्वाधार विषयगत समितिका संयोजकहरू, दुवै पालिकाका प्रमुखले मनोनयन गरेका नागरिक समाजका प्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृतहरू रहेको कार्यदल समेत गठन भएको छ। पाल्पाका अन्य पालिकाहरूबीच समेत सहकार्य र सहयात्राको अभियान थाल्न सके उत्तम हुनेथियो।

**स्रोत**




# आर्थिक समृद्धिका लागि उद्यमशीलता

आर्थिक समृद्धिका लागि महिला उद्यमशीलताको बजेटबाट व्यवसायी उद्यमी महिला मध्ये अति विपन्न र एकल महिला छनोट गरी पर व्यक्ति २ वटा बाख्रा वितरण गरिएको छ। वडाको सिफारिसबाट ५ जना उद्यमी महिलाहरू छनोट गरी ग्रामीण भेगबाट माग गरिए अनुसार माग भएका प्रत्येक वडाको ५ जनाका दरले ५५ जनालाई छनौट गरिएको थियो। यस्ता महिलाहरू कुनै पनि सेवा सुविधा नपाएका, आर्थिक रूपमा विपन्न परिवारकालाई छनोट गरिएको थियो। यो वर्ष १०४ वटा बाख्रा, ३ वटा सिलाई मेसिन र १३ वटा हाते ट्याक्टर नगरपालिकाबाट वितरण गरिएको थियो। यस्ता कार्यक्रमले महिलाहरूको आर्थिक समृद्धिमा टेवा पुग्ने महसुस भएको छ। यस्ता कार्यक्रम मार्फत् उद्यमी महिला बनाउन निरन्तरता दिनु पर्ने व्यवसायी महिलाहरूको भनाइ रहेको छ।



तालिम दिंदा हाम्रो जीवन परिवर्तन भएको थिएन। प्रशिक्षकलाई भत्तामा हाम्रो रकम खर्च भएको थियो। उहाँहरूको भनाइ छ –"हाम्रो जीवन उस्तै भयो। टाढाबाठाले भाग लिने टाठाबाठा मात्र अगाडि बढ्ने भएको थियो तर तानसेनले हाल ल्याएको उद्यमशीलता कार्यक्रमले हाम्रो जीविकोपार्जनलाई सहयोग पुग्नेछ।" नगरका महिलालाई उद्यमशील बनाउने कार्यक्रम ल्याएकोमा तानसेन नगरवासीले धन्यवाद दिएका छन्।

**–लक्ष्मीदेवी पाठकबाट**

# वडा गतिविधि



- भोजराज भट्टराई

## तानसेन-१ मा विकास गतिविधिले फड्को मार्दै

तानसेन-१ का वडाअध्यक्ष रामप्रसाद (पोषकान्त) बस्यालले पछिल्लो समय क्यान्सरलाई समेत पराजीत गर्दै पुनर्जीवन प्राप्त गरेपछि वडाको काममा समर्पित हुनु भएको छ । उहाँको कार्यकालमा वडावासीले अनूभूति गर्नसक्ने काम हुने अपेक्षा गरेको पाइयो ।



**वडाअध्यक्ष रामप्रसाद बस्याल**

केही सहरी र प्रायः ग्रामीण क्षेत्रमा अवस्थित तानसेन नगरपालिका वडा नं. १ मा आ.व.२०७४/०७५ र आ.व.२०७५/०७६ प्रायः पूर्वाधार विकासका क्षेत्रमा काम भएको भेटिन्छ। आ.व.२०७४/०७५ मा पूँजीगततर्फ ७७ लाख ५० हजार बजेट प्राप्त भएकोमा वडास्तरीय २९ वटा र नगरस्तरीय ६ वटा गरी ३५ वटा योजना सम्पन्न भएको वडा कार्यालयले जानकारी दिएको छ। वडा कार्यालयले उपलब्ध गराएको स्रोत अनुसार आ.व.२०७४/०७५ लाई पूर्वाधार विकासका लागि विशेष प्राथमिकता दिएपनि आ.व.२०७५/०७६ मा भने व्यावसायिक कृषि, महिला सशक्तिकरण, जेष्ठ नागरिक/दलित महिला सम्मान, सरसफाइ लगायतका क्षेत्रमा कार्यक्रम बनाई निर्धारित समयमै सम्पन्न गरेको पाइन्छ।

### आ.व.२०७४/०७५ मा सम्पन्न गतिविधि

वडा अध्यक्ष रामप्रसाद बस्याल (पोषकान्त) ले जानकारी दिए अनुसार सीमित साधन र स्रोत हुँदाहुँदै पनि वडाले जनचाहना अनुसारका योजनाहरू समयमै सम्पन्न गरी फरफारक गर्दै आएको छ । वडा कार्यालयले आ.व.२०७४/०७५ मा गोर्खेकोटदेखि ध्रुवघाटसम्म जोड्ने मोटरबाटोको काम वडाबाट ५ लाख बजेट र जनसहभागिताबाट सम्पन्न गरेको छ। यस्तैगरी सोही आर्थिक वर्षमै गोर्खेकोटदेखि पीपलडाँडासम्म जोड्ने बाटो मर्मतका लागि वडाको ५ लाख, मिसनदेखि अस्थायी प्रहरीचौकी जाने अधुरो बाटो पिसिसि गर्ने काम ५ लाख विनियोजित बजेटमा समयमै सकेको छ। वडाले बफादी, पुर्नादी हुँदै रानीघाट दरबार अर्थात् रानीमहल जानेबाटोसम्म जोड्ने मोटरबाटोमा जोड्ने करीव १ किलोमिटर मोटर बाटो वडाको ५ लाख र जनसहभागितामा निर्माण गरेको छ। यस्तै गैरागाउँ डिल्लीराज खनालको घरदेखि शोरबहादुर खातीको घरसम्म जाने बाटो वडाको ५ लाख र जनसहभागितामा सम्पन्न भएको जनाएको छ।

आ.व. २०७४/०७५ लाई वडा कार्यालयले सडक पूर्वाधारको रूपमा अगाडि बढाए अनुसार भौतिक पूर्वाधारतर्फ नै आँपटारी ढाप धारो मूल संरक्षणको काम ५ लाख, दुर्गा नेपालीको घरदेखि बोफाडीसम्मको बाटो निर्माण वडाको १ लाख बजेट र जनसहभागितामा सम्पन्न गरेको छ। जम्मा एक लाख बजेटमा नै आँपको रुखदेखि खुमराजको घरहुँदै चनौटसम्म बाटो मर्मत, लालीगुँरास चोकबाट पोल्धारा जाने बाटोको ग्रेड मिलाउने र माथिल्लो टोलको फोहर व्यवस्थापनका लागि वडा कार्यालयले २ लाख बजेट खर्च गरी योजना सम्पन्न गरेको जनाएको छ।

आँपटारी टोल विकास संस्थाको मोटरबाटोको खोल्सोमा तारजाली र पर्खाल निर्माणमा वडाको १ लाख २५ हजार र जनसहभागिता जुटाएर, वडाको १ लाख ७५ हजार सहयोग र जनसहभागितामा ध्रुवघाटमा रिङरोड विस्तार तथा मर्मत कार्य सम्पन्न भएको जानकारी दिएको छ। यस्तै वडाको ५० हजार र जनसहभागितामा बोकेपानी खानेपानी योजना निर्माणको काम सम्पन्न भएको र वडाको ५० हजार र जनसहभागितामा दुर्गा मन्दिर भवन मर्मत कार्यसमेत सम्पन्न भएको वडा अध्यक्ष बस्यालले बताउनुभयो । उहाँले वडा नं. १ मा खानेपानीको मुख्य समस्या रहेपनि त्यसको समाधानको लागि प्रदेश सरकारको पहलमा वैकल्पिक उपाय खोजी गरी लाग्ने प्रष्ट पार्नुभयो ।

वडा नं. १ अन्तर्गत नै पर्ने राईडाँडा जाने मोडदेखि ज्ञानलाल भट्टराई र रामप्रसाद खनालको घरहुँदै पिसिसि भएको बाटो जोड्ने बाटोका लागि १ लाख र जनसहभागितामा सम्पन्न भएको, छ। गोर्खेकोट वस्तीभित्रको बाटो मर्मत कार्य वडाको १ लाख र जनसहभागितामा सम्पन्न भएको पनि वडाले जनाएको छ । यस्तै वडाको ५० हजार र जनसहभागितामा प्रगतिशील टोल विकास संस्थाको भवनको भुइँ प्लाष्टर सम्पन्न भएको, अशोकनगर अनिताको घरदेखि यानीसराको घरसम्मको बाटोको लागि वडाबाट २० हजार विनियोजन गरिएको पनि वडा सचिव चुरामणि मरासिनीले जानकारी गराउनुभयो ।

जनसहभागिता र वडाको ३० हजार लगानीमा ध्रुवघाट सामुदायिक भवनको नजिक शौचालय निर्माण सम्पन्न, भुसलडाँडा देवीदत्तको घरदेखि अशोक खत्रीको घरसम्म वडाको २ लाख र जनसहभागितामा सडक निर्माण, वडाको ७५ हजार र जनसहभागितामा उकाले पीपलमा शौचालय निर्माण, वडाको ७५ हजार र जनसहभागितामा बराङ्दी शिवालय मन्दिरमा शौचालय निर्माण सम्पन्न भएको वडाले जनाएको छ। यस्तै महिलाहरूको जागरणको लागि पनि वडाले रकम विनियोजन गरी आदर्श महिला समूह भवन मर्मत सम्पन्न गरेको छ। वडाले सोही भवनको कार्यसम्पन्न गर्नको लागि नपुग रकम थप गरेको थियो। यस्तै जागृति सुनगाभा भवन मर्मतका लागि पनि वडाबाट ३५ हजार बजेट र जनसहभागितामा काम सम्पन्न गरेको, लक्षित कार्यक्रम अन्तर्गत महिलाहरूका लागि सीपमूलक तालिमका लागि ८० हजार विनियोजन गरिएअनुसार १ हप्ते चुरा बनाउने तालिम सम्पन्न गरेको वडा सदस्य नारायण न्यौपानेले बताउनुभयो।



नगरस्तरीय योजनाहरू अन्तर्गत धुव्रघाट टिटि बोर्डदेखि ढाक्रेबास रिङरोडसम्मको मोटरबाटोको लागि ५ लाख विनियोजन भएअनुसार काम सम्पन्न भएको, वडाको २ लाख र जनसहभागितामा बुडडाँडा ठूलाघर मोटरबाटो योजना सम्पन्न भएको र गोर्खेकोट देउराली हुँदै रानीमहल जोड्ने मोटरबाटो वडाको २० लाख र जनसहभागितामा निर्माण सम्पन्न भएको छ। यस्तै मोहन श्रेष्ठको घरदेखि गैरागाउँ जाने मोटरबाटो नगरपालिकाको २ लाख सहयोगमा निर्माण सम्पन्न भएको छ भने भुसलडाँडा माविमा खानेपानी टंकी निर्माणको लागि वडाको २ लाख बजेट विनियोजन गरिएअनुसार काम सम्पन्न भएको छ। यस्तै बाँफा खानेपानी योजना मर्मतका लागि ५० हजार विनियोजन भएअनुसार काम सम्पन्न भएको र मिसन अस्पताल गेटदेखि बरको रुखसम्म मोटरबाटो मर्मत सम्पन्न भएको छ।

बजार क्षेत्रका वडालाई उज्यालो वडाको रूपमा विकास गर्न सडक बत्ती अन्तर्गत बिजुली बल्व खरीद गरी बत्ती फेर्ने काम सम्पन्न भएको र वडा कार्यालयमा झ्याल ढोका निर्माण तथा सदस्यको लागि आवश्यक फर्निचर व्यवस्था गरिएको छ। तानसेन नगरपालिकाको साबिकको वडा नं. १० र साबिकको बराङ्दी गाबिसको को वडा नं २ र ५ मिलेर बनेको हालको तानसेन नगरपालिकाको वडा नं. १ मा श्रीनगर र मिसन अस्पताल रहेपनि वडा कार्यालयले त्यसको सम्बर्द्धन र प्रवर्द्धनका लागि लगानी गरेको देखिंदैन।

### आ.व.२०७५/०७६ मा सम्पन्न गतिविधि

तानसेन नगरपालिकाबाट विनियोजित बजेट र जनसहभागितामा वडा नं. १ ले आ.व.२०७५/०७६ मा भने अघिल्लो आर्थिक वर्षको तुलनामा केही फरक कार्यक्रम सम्पन्न गरेको देखिन्छ । वडा कार्यालयले उपलब्ध गराएको स्रोतका अनुसार करेसाबारी विकास कार्यक्रम वडाको ६५ हजार विनियोजित बजेटबाट सम्पन्न भएको छ। यस्तैगरी आर्थिक विकास तर्फ वडाको कार्यक्रम अन्तर्गत युवा स्वरोजगार तालिम सम्पन्न भएको छ।

सामाजिक विकासतर्फ वडाले आ.व.२०७५/०७६ मा ५ वटा योजना सम्पन्न गरेको जनाएको छ । जसअन्तर्गत वराङ्दी प्रा.वि.को लागि पर्खाल निर्माण, बिसौना चौपारी पानी टंकीनिर्माण सम्पन्न भएको छ। यस्तै महिला सशक्तीकरणमा वडाको ५० हजार, जेष्ठ नागरिक/दलित महिला सम्मान कार्यक्रमका लागि पनि ५० हजार र बिजुली बल्व खरीदका लागि ४० हजार विनियोजित बजेटबाट कार्यक्रम सम्पन्न भएको वडा कार्यालयले जानकारी दिएको छ।

आर्थिक वर्ष २०७५/०७६ मा पूर्वाधारतर्फ वडाले ११ वटा योजना सम्पन्न गरेको जानकारी दिएको छ। जसअन्तर्गत चिरन्जीवी खनालको घरदेखि हरिमायाको घरसम्मको गोरेटो बाटो, तीनधारा खोल्सादेखि जैसी चौपारी जोड्ने मोटरबाटो, बाँकी ट्र्याक खोल्ने कार्यक्रम सम्पन्न भएको छ। वडा कार्यालयले दिएको जानकारीअनुसार बिसौना चौपारीदेखि अशोकको पुरानो बाटो हुँदै टिमुरे हुँदै जाने बाटो निर्माण सम्पन्न भएको छ।

पूर्वाधार विकासतर्फ नै विचेचिदी महिला भवनमा कोठा निर्माण सम्पन्न भएको छ। बराङ्दी ठुलार मोटरबाटो मर्मत तथा अधूरो योजना सम्पन्न गरिएको छ । अनिता दिदीको घरदेखि यानिसराको घरहुँदै माथिसम्म सिंढी निर्माण कार्यसम्पन्न भएको छ । माइस्थानमा अपुरो बाटो पि.सि.सि.गर्ने कार्यपूरा गरिएको वडा कार्यालय स्रोतले जनाएको छ।

गैरागाउँ रामु खड्काको घरदेखि पीपलको बोटसम्म गोरेटो बाटो पि.सि.सि., १ लाख बजेटमा, माईस्थानदेखि दुर्गामन्दिर हुँदै लायन्स धर्मशाला जोड्ने बाटो ८ लाख ५० हजार बजेटमा र टि.टि.बोर्ड देखि ढाक्रेसम्म पि.सि.सि. वडाको ३ लाख विनियोजित बजेटबाट सम्पन्न भएको छ।

वन, वातावरण तथा विपद् व्यवस्थापन शीर्षकमा वडा नं. १ मा ६ वटा योजना जम्मा ३० लाख बजेटबाट सम्पन्न भएको छ । जसअन्तर्गत चापटारीको धारा मूल संरक्षण, खुदिगैरे मूल संरक्षण, माझघरे वस्तीको मूल संरक्षण लगायत रहेका छन्। धुव्रघाट १ को टोलविकास संस्थाको भवनमा शौचालय निर्माण, रिपधारा मूल संरक्षण योजना पनि सम्पन्न भएको जनाइएको छ।

वडा नं. १ ले आ.व.२०७५/७६ मा नगरस्तरीय योजनाको लागि ४० लाख बजेट खर्च गरेको देखिन्छ। जसमा डिल्लीराजको घरदेखि शोरबहादुरको घरहुँदै मिसन जाने बाटो ४ लाख, भक्त सखातीको घरबाट चौपारीहुँदै मोटरबाटोसम्म जोड्नेबाटो ३ लाख र पीपलडाँडादेखि सात्तलखोला हुँदै मोटरबाटो जोड्ने बाटोका लागि ४ लाख विनियोजित बजेटबाट काम सम्पन्न भएको देखिन्छ। नगरस्तरीय योजना अन्तर्गत नै अशोक नगर ढल व्यवस्थापनमा ४ लाख, मोहन साहूको घर पछाडिको बाटो २ लाख, आँपको रुखदेखि चनौटे गोरेटो बाटो पि.सि.सि. ३ लाख विनियोजित बजेटबाट काम भएको देखिन्छ।

वडा कार्यालयले रानीमहल जाने बाटाको गोर्खेकोट देखि राजकुमार बस्यालको घरसम्म टेवा पर्खाल निर्माणका लागि ९ लाख बजेट खर्च गरेको छ। यस्तै नारायणडाँडा शिवालय मन्दिर भुइँ ढलानका लागि २ लाख र तानसेन चर्चदेखि मिसन अस्पताल जाने अपुरो बाटो सम्पन्न गर्न ९ लाख बजेट वडा कार्यालयले विनियोजन गरी काम गरेको छ।

वडा अध्यक्ष रामप्रसाद बस्यालले जनप्रतिनिधि, कर्मचारी र उपभोक्ता समितिमा समन्वय भएका कारण योजनाहरू समयमै सम्पन्न भएको बताउनुहुन्छ । उहाँका अनुसार वडामा खानेपानीको मुख्य समस्या रहेपछि त्यसको समाधानको लागि प्रदेश सरकार र नगरपालिकाको सहयोग, समन्वयमा सम्भाव्यता अध्ययन गरी जनचाहना अनुसारका कार्यक्रमका लागि वडा कार्यालय लागिपरेको छ। आव २०७५/७६ मा ३० लाख बजेटबाट अर्चले लिफ्ट खानेपानी योजना सम्पन्न भएको छ। गैरागाउँ लालीगुराँस टोल हुँदै आमटारीसम्मको ढल ४० लाख लगानीमा निर्माण सम्पन्न गरिएको छ।

वडा सदस्य शिव थापाले जनप्रतिनिधहरू बुझकारी हुनु, कर्मचारी र जनप्रतिनिधिबीच समन्वय हुनुले काम गर्न सजिलो भएको बताउनुभयो। वडा नं. १ मा प्रायः ग्रामीण क्षेत्र समेटिएकोले अपेक्षाअनुसार पूर्वाधार विकास अझ हुन नसकेको थापाले बताउनुभयो।

यस्तैगरी वडा सदस्य नारायण न्यौपानेले वडामा थुपै जनअपेक्षा अनुसारका कार्यक्रम सम्पन्न भएको बताउनुभयो। सरसफाइ, खेलकूद, महिला सशक्तीकरण, लक्षित वर्गका लागि वडाले विशेष चासो दिएर कार्यक्रमहरू निर्धारित समयमै सम्पन्न गरेको उहाँले बताउनुभयो । वडामा छिटफुट विरोध जस्तो देखिनुभन्दा राम्रा कामका लागि सबैले समर्थन गर्नुपर्नेमा वडा सदस्य न्यौपानेको जोड थियो। ग्रामीण भेगको लागि कृषि, पशुपालन पेसा तथा उद्यमशीलता विकासमा जोड दिँदै समग्र वडावासीलाई आत्मनिर्भरताका लागि सीपमूलक कार्यक्रम सञ्चालन अबको खाँचो हो भन्ने तथ्य जनप्रतिनिधिलाई अनुभूति भएको पाइन्छ।

**(सम्पादक, परेवा पाक्षिक)**

---



# तानसेन-२ मा देखिएको परिवर्तन

**- कृष्ण दर्नाल**

तानसेन बसपार्क हुँदै मिसन अस्पताल तर्फ जाने हरेक यात्रु नारायणस्थान चोकमा नपुग्दै टोलाउँछ, बाटो भुलेर वा अरु कारणले होइन बरु चोकमा राखिएको विद्युतीय सूचनापाटीको आकर्षण हो त्यो । तानसेन नगरपालिका-२, मेहलधाराका रामबहादुर पौडेलले डिजिटल सूचना पाटीबाट कला, संस्कृति, पर्यटकीय सम्पदा हेर्न अवसर जुरेकोमा नगरपालिकाको तारिफ गर्छन। सूचना पाटीमा दैनिक समय, तापक्रम, मिति, हाइट लगायतका सूचना सजिलैसँग प्राप्त हुन्छ। सूचना पाटीमा तानसेन सम्बन्धी सबै सूचना पाउन थालेपछि पौडेल लगायतका स्थानीयबासिन्दा खुसी देखिन्छन्।



**वडाअध्यक्ष वरूणप्रसाद रेग्मी**

तानसेन नगरपालिका-२ नम्वर वडाको वडा स्तरीय बजेट मध्ये १ लाख ८० हजार र स्थानीय बासिन्दाको झण्डै १३ हजारको श्रमदानमा नारायणस्थन चोकमा डिजिटल सूचना पाटी जडान गरेपछि ऐतिहासिक तथा पर्यटकीय नगर तानसेन सम्बन्धी सूचना सन्देश प्राप्तिमा सहजता भएको हो। तानसेन बहुजाति, बहुभाषिक र बहुसाँस्कृतिक विशेषताले सम्पन्न छ । सूचनापाटीमा तानसेनमा हुने गाईजात्रा, रोपाइँ जात्रा, भगवतीजात्रा लगायतका कला संस्कृति, भेषभूषाको समेत झल्को पाइन्छ।

तानसेन नगरपालिका-२ नम्वर वडाद्वारा सञ्चालित कार्यक्रम तथा बजेट समेत विद्युतीय सूचनापाटीमा देख्न सकिन्छ । नारायणस्थन चोकमा डिजिटल सूचना पाटी सञ्चालनमा ल्याएसँगै त्यसले ऐतिहासिक तानसेन क्षेत्रको थप प्रचारप्रसारमा सहयोगी भूमिका खेलेको छ।

तानसेनका प्राचीनकालीन सम्पदा, कला संस्कृति झल्काउने दृश्य तथा श्रव्य सामग्री हेर्न पाउँदा आफै प्रत्यक्ष जात्रामा सहभागी भएको महसुस

हुन्छ। आव २०७५/७६ को असार २२ गते सम्झौता गरी चालु आवको साउन महिनामा सूचना पाटी सञ्चालनमा ल्याएको हो। डिजिटल सूचना पाटी जडानले तानसेन सम्बन्धी सम्पूर्ण सूचना प्राप्त गर्न सहज भएको वडाध्यक्ष बरुण प्रसाद रेग्मीले बताउनुभयो। नगरपालिका–२ नम्बर वडाको यो एउटा नमूना काम हो।



**१३ महिला स्वरोजगार**

तानसेन नगरपालिका–२ वडाबाट सञ्चालित तालिमबाट १३ जना महिला स्वरोजगार बनेका छन्। झोला बुन्ने सीपबाट ५ जना, लेडिज चप्पल बनाउने ३ जना र लेडिज ब्याग बनाउने सीपबाट ५ महिला स्वरोजगार बनेका हुन्। वडा सदस्य शान्ति झेंडीका अनुसार उनीहरूले मासिक १५ देखि २० हजार आम्दानी गर्ने गरेका छन्।

दश महिलालाई लक्षित गरी गत आव २०७५।०७६ मा झोला बनाउने तालिम सञ्चालन गरेपछि बेरोजगार युवा स्वरोजगार बनेका हुन्। अहिले दुईचार पैसा हातमा कहिल्यै पनि छुट्दैन। एक लाख लगानीमा सञ्चालित झोला बनाउने तालिममा उत्पादित झोला वडाका घरपरिवारलाई वितरण समेत गरिएको छ।

तानसेन नगरपालिका २ वडाभित्र ११४१ घरपरिवार रहेका छन्। उत्पादित झोला प्रयोगमा ल्याएर प्लास्टिक झोला मुक्त बनाउने अभियानसमेत सञ्चालन गरिएको वडासदस्य महेश्वर श्रेष्ठले बताउनुभयो।

**घरघरमा फूल**

वडा र स्थानीयबासिन्दाको सहयोगमा प्रत्येक घरघरमा फूलका विरुवा सहितका गमला वितरण गरिएको छ। फूल सहितको गमलाले सबैका घरको वातावरण सुन्दर देखिने गर्छ। सहरी क्षेत्रमा हरियाली हराउन थालेका बेलामा वडाका फूलका विरुवाले प्रत्येक घर रङ्गीविरङ्गी देखिन्छ। फूललाई हुर्काउन र संरक्षण गर्न भने ध्यान दिनुपर्ने देखिन्छ।

**अपाङ्गता भएकालाई न्यानो कपडा**

जाडो मौसमलाई लक्षित गरी अशक्त, असहाय, अपाङ्गता भएकालाई न्याने कपडा वितरण गरिएको हो। जाडो छल्नका लागि न्यानो कपडाले उनीहरूलाई राहत मिलेको जनप्रतिनिधिको दाबी छ।

**जेष्ठ नागरिकलाई सहयोग**

समाजमा जेष्ठ नागरिकको ठूलो योगदान रहेको छ। जेष्ठ नागरिकहरूको स्वास्थ्य स्थिति कमजोर रहेको छ। तानसेन नगरपालिकाको आयोजनामा ५० जना जेष्ठ नागरिकलाई घरदैलोमा पुगेर उपचार गरिएको हो। घरघरमा चिकित्सक आएर स्वास्थ्य परीक्षण सेवा सहित औषधि पाएपछि जेष्ठ नागरिकले वडा र तानसेन नगरपालिकाको प्रशंसा गरेका छन्। जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्रको सहकार्यमा जेष्ठ नागरिकलाई निःशुल्क उपचार गरिएको हो।

**दलित समुदायलाई सहयोग**

तानसेन नगरपालिकाले दलित, अल्पसङ्ख्यक समुदायका नागरिकको स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन खोजेको पाइन्छ। स्वास्थ्य र सरसफाइमा वडाको विशेष चासो देखिएको छ। वडाका प्रत्येक टोलविकास समितिबाट दलित समुदायको अगुवाहरूलाई सरसफाइ सम्बन्धी अबलोकन भ्रमण गराएको पाइयो। पोखरा, स्याङजाको नमूना बस्ती भ्रमण पछि दलित समुदायले यस वडा सरसफाइको नेतृत्व गर्ने वडा सचिव जीवन नेपालीको भनाइछ। उहाँकाअनुसार वडाबाट भौतिक पूर्वाधार, कृषि पर्यटन, शिक्षा, स्वास्थ्य, आयआर्जन लगायतका क्षेत्रमा उदाहरणीय कार्य सम्पन्न भएको छ।

**आव २०७५।७६ मा वडामा सम्पन्न भएका योजना**

महेन्द्रबोधि मावि स्तरोन्नति, अमरनारायण पोखरी मर्मत, देबवाणी स्कूल पछाडि पर्खाल मर्मत, राजेन्द्र श्रेष्ठको घरदेखि माथि १ नं निस्कने बाटो मरम्मत, मोहनसाहुको घरदेखि धवलमार्ग निस्कने अधुरो बाटो मरमत, हनुमान मन्दिर पार्क रङरोगन तथा मरमत, देबवाणी स्कुल नजिकै सार्बजानिक स्थलमा यात्रु प्रतीक्षालय निर्माण, असहाय अपाङ्गता भएका बालबालिकालाई निःशुल्क शिक्षा, खानेपानी सरसफाइ, महिला दलित लक्षित कार्यक्रम सम्पन्न भएका छन्। सरसफाइ अबलोकन भ्रमण, बालबालिका लक्षित कार्यक्रम (पाल्पा सि.वि.आरमा आबश्यक सामान वितरण) खेलकूद (वडा स्तरीय ब्याडमिन्टन प्रतियोगिता सञ्चालन), पोलधारा, कदमधारा मूल संरक्षण, फोहरमैला तथा सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम (कपडाको झोला बितरण), हरियाली प्रवर्द्धन कार्यक्रम (गमला, स्टयाण्ड, विरूवा वितरण, वडाका सम्पूर्ण स्थानमा विद्युत तथा सोलार व्यवस्थापन, धार्मिक सांस्कृतिक कार्यक्रम संरक्षण तथा प्रवर्द्धन (विभिन्न जात्रा पर्बहरूलाई सहयोग), होटल दि बज्र साइड लगायत वडाका विभिन्न स्थानमा कल्भर्ट निर्माण, नारायण स्थान चोकमा विद्युतीय सूचना पाटी सञ्चालन लगायतका योजना गत आवमा सम्पन्न भएका छन्।

**नगरस्तरीय योजना**

तानपा २ वडा कार्यालयको भबनमाथि ट्रष्ट निर्माण, देबवाणी बिद्यालय स्तर बृद्धि, राधे राधे देखि महिला बिकास कार्यालय जाने बाटो, मोहनसाहुको घरदेखि धबलमार्ग जाने अधुरो बाटो लगायतका काम नगरस्तरीय बजेटबाट सम्पन्न भएका छन्।

**कति छ वडाको बजेट**

गत आव २०७४।७५मा ४५ लाख बराबर वडाको विकासका लागि

विभिन्न योजनाहरू सम्पन्न भएका छन् । आव २०७५।७६ मा वडाका १९ योजना र ४ नगरस्तरीय योजनाका काम सम्पन्न भएको वडाध्यक्ष बरुणप्रसाद रेग्मीले बताउनुभयो ।

चालु आव २०७६।७७ मा वडागत ११ र नगरका ३ योजना गरी २८ लाख बजेट विनियोजन गरी काम अघि बढेको छ । ती योजना सम्पन्न गर्दा वडाबासीले ठूलो लाभ लिन सक्ने जनप्रतिनिधिको भनाइ छ ।

**चालुआव २०७६/०७७ मा सम्पन्न गर्ने योजनाहरु**

अमर नारायण नुहाउने पोखरी, तानपा–२ हाटबजार फूलबारी परिसरभित्र शौचालय र ब्याडमिन्टन कोर्ट निर्माण, शिवहरि शर्माको घरदेखि तल मूलबाटो भर्नेमा रेलिङ राख्ने तथा बाटो मर्मत, तानसेन २ स्थित अपाङ्गता भएकाहरूका लागि सिविआर भवन मर्मत, वडा स्तरीय रनिङ्ग शिल्ड प्रतियोगिता, देववाणी स्कुल पछाडिको पर्खाल मर्मत, अमरनारायण फूलबारी क्षेत्रभित्र रहेको हनुमान मन्दिर मर्मत, पर्यटन क्षेत्रको विकास, तानपा २ धर्मचक्र विहार मर्मत, लक्षित वर्ग अन्तर्गत मेलमिलाप सम्बन्धी कार्यक्रम तथा आयआर्जन गर्ने र सीपमूलक तालिम, सिरु गोतामेको घरदेखि हुमबहादुर बस्यालको घर अगाडिको ढल तथा नाला मर्मत, भरत खड्गीको घरदेखि तीनधारा राधे राधे हुँदै टुँडिखेल निस्कने बाटो लगायतका योजना यस आवमा सम्पन्न हुनेछन् ।

**समस्या तथा चुनौति**

❖ वडाको विकासमा प्रशस्त बजेटको अभाव,
❖ तानसेन नगरपालिका र वडाबीच नीतिगत समस्या,
❖ वडामा सिफारिसको मात्र अधिकार आयो,
❖ दक्ष प्राविधिक कर्मचारीको अभाव,
❖ समयमा योजना सम्पन्न गर्न कठिनाई,
❖ स्थानीय तहप्रति जनताको अपेक्षा असीमित,

**उपलब्धि :**

➢ सीपमूलक तालिमपछि महिलाहरू आत्मनिर्भर बनेका छन्
➢ डिजिटल सूचना पाटीबाट यस क्षेत्रको पर्यटन विकासमा सहयोग
➢ जेष्ठ नागरिकको स्वास्थ्यमा सुधार आएको छ
➢ सडक स्तरवृद्धि तथा यातायातका साधन सञ्चालनमा सहज,
➢ युवाहरूको खेलप्रति आकर्षण बढ्दो,
➢ साँस्कृतिक सम्पदा मठमन्दिर, जात्रा संरक्षणमा नागरिकस्तरमा चासो बढ्दो ।

**निष्कर्ष**

स्थानीय तहमा स्थानीय स्रोत र साधनको प्रयोग गरी गरिबी हटाउने योजनाले प्राथमिकता पाउनुपर्छ । बेरोजगार समस्या हटाउन रोजगार मूलक, उत्पादनमूलक क्षेत्रमा वडाका योजना छनौट गरी कार्यान्वयन प्रभावकारी बनाउनुपर्ने देखिन्छ । सुशासन, जवाफदेहीता, जनमुखी कार्यक्रम, नीतिगत समस्याहरू समधान, समयमा योजना सम्झौता र कार्यान्वयनमा सक्रियता बढाउन सकेको अवस्थामा वडातहमा परिवर्तन सम्भव छ । वडालाई सिफारिस केन्द्रको रूपमा मात्र राखिनु हुन्न, नागरिकका समस्या वडातहबाटै सम्बोधन गर्न सकिए मात्र वडामै सिंहदरबार आएको अनुभूति हुनेछ ।

**(पत्रकार)**

# तानसेन-३ नयाँ नेपाल निर्माणको शुरुवात



**- मेघराज शर्मा**

लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्राप्तिको निम्ति दशकौँदेखिको नेपाली नागरिकको चाहना नेपालको संविधान २०७२ को निर्माणपछि राजनीतिक रूपमा पूरा भएको छ ।



**वडाअध्यक्ष महेशलाल शाक्य**

राजनीति एउटा माध्यम मात्र हो साध्य त नागरिकहरूको सुख र समृद्धि हो जुन कुरामा ३ तहका सरकारका काम कारवाही लक्षित छन् । यद्यपि अपेक्षित नतिजा प्राप्त भैसकेको छैन । संविधान निर्माणपछि ती साध्यहरू हासिल गर्न भौतिक रूपमा राज्यको पुनःसंरचना गरी विकास निर्माणका कार्यहरू गर्नुपर्दछ । तदअनुसार राज्यको पुनः संरचना तीन तहको निर्वाचन र शक्ति विकेन्द्रीकरणबाट सम्पन्न भइसकेको छ । यसपछिको कार्य भनेको पुनः निर्माण नै हो । पुनः निर्माणको निम्ति विभिन्न तहको अधिकार विभाजन भई सोही अनुसार राज्यको स्रोत साधन समेत सम्वन्धित तहमा वितरण भएको छ ।

माथि भनिएअनुसार हाम्रो तानसेन नगरपालिका पनि ७५३ तहमध्ये एक हो । निर्वाचन पछि आर्थिक वर्षको अल्प अवधि बाँकी रहँदा सरकार बनेकाले पहिलो आर्थिक वर्ष २०७४/७५ मा थोरै मात्र बजेट र विकास निर्माणप्रति विशेष जानकारी भै नसकेका जनप्रतिनिधि र नयाँ

संरचना अनुसारको कर्मचारीको व्यवस्थापन हुन नसकेको अवस्थामा समेत तानसेन नगरपालिकाले केही विकास निर्माणका कार्यहरू सम्पन्न गरेको छ। हालसम्म पनि नगरपालिकाका सबै वडाहरूमा आवश्यक योग्यतासहितका दक्ष कर्मचारीहरूको व्यवस्थापन हुन नसके तापनि उपलब्ध जनशक्तिबाट वडामा विनियोजित बजेट विकास निर्माण कार्यमा प्रयोग गरिएको छ। तानसेन नगरपालिकाका सबै वडाहरूमा यस्ता कार्यहरू हुँदै आइरहेका छन्। यहाँ वडा नं ३ को विकास निर्माणका कार्यहरूको विवरणबारे मात्र चर्चा गर्ने जमर्को गरिएको छ।

तानसेन नगरको महत्त्वूर्ण क्षेत्रको पहिचान बनाएको वडा नं ३ ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक दृष्टिले महत्त्वपूर्ण वडा हो। यस वडामा विभिन्न मठ मन्दिर, बौद्ध विहार,मस्जिद, चर्च लगायत ऐतिहासिक धरोहर तथा सम्पदाहरू रहेका छन्। देशकै राष्ट्रियतासँग जोडिएको अर्थात् बुटवल जीतगढी किल्लामा अंग्रेजलाई परास्त गर्न सफल युद्धको सम्झनामा हरेकवर्ष रथयात्रा गरिने रणउजीरेश्वरी भगवतीको मन्दिर समेत यसै वडामा रहेको छ। यसैगरी वैशाख पूर्णिमामा बुद्धको सम्झनामा ठुलो उत्सव मनाइने ठाउँ महाचैत्य विहार समेत यसै वडाको टक्सारटोलमा रहेको छ। शीतलपाटी, बग्गीढोका अर्थात् मूलढोका, भीमसेन मन्दिर, लक्ष्मीनारायण मन्दिर, श्रीनगर गणेश मन्दिर लगायत महत्त्वपूर्ण धार्मिक तथा ऐतिहासिक सम्पदाहरू यस वडामा रहेका छन्।

पहाडकी रानी भनिने तानसेन नगरको शिरमा रहेको पर्यटकीय महत्त्वको श्रीनगर डाँडाको अधिकांश भूभाग यसै वडामा पर्दछ। सो क्षेत्रमा चालु वर्षको बजेटबाट ५ करोड विनियोजन गरी नगरपालिकाले बिग बुद्ध पार्क निर्माणको योजना अघि सारेकाले लुम्बिनी पोखरा गन्तव्य बनाएका बौद्ध पर्यटकलाई समेत आकर्षण गर्न सकिने सम्भावना रहेको छ।

तानसेनको शैक्षिक विकासमा महत्त्वपूर्ण योगदान दिँदै आएका जनता नमूना माध्यमिक विद्यालय, पद्म पब्लिक नमूना माबि लगायतका शिक्षण संस्था तथा पाल्पाको पहिचानको रूपमा रहेको पाल्पाली करुवा उत्पादन गर्ने थलो टक्सार यसै वडामा पर्दछ भने समग्रमा जनघनत्वका हिसाबले पनि तानसेनका १४ वडामध्ये बढी जनघनत्व भएको वडा समेत ३ नं नै हो।

यस वडाको ऐतिहासिक,धार्मिक, साँस्कृतिक, पर्यटकीय क्षेत्र, शैक्षिक र बढी जनघनत्व भएको वडा भएकाले यसको विकासका लागि आर्थिक वर्ष २०७४/७५ को नगरसभाबाट बजेट विनियोजन भई वडास्तरीय ३९ वटा र नगरस्तरीय ९ वटा समेत जम्मा ४८ सानाठूला योजना सम्पादन भएका छन्। विनियोजित रकमबाट ठूला, साना, क्षेत्रगत र लक्षित वर्गका कार्यक्रमहरू महिला, बालबालिका, पिछडा वर्ग, आदिवासी जनजाति र जेष्ठ नागरिकका कार्यक्रमहरू सञ्चालन गरिएको पाइन्छ।

नगरस्तरीय योजना अन्तर्गत ऐतिहासिक धार्मिक र नेपालको राष्ट्रियतासँग जोडिएको स्वाभिमान बोकेको रण उजीरेश्वरी भगवती मन्दिर लगायतका धार्मिक क्षेत्रहरूको गुरुयोजना निर्माणको काम सम्पन्न भएको छ। बाटो, ढल, चौपारी वडा कार्यालय, होलाङ्दी ट्राफिक आइसल्याण्डका लागि जमिन सम्याउने कार्य भएको छ। आर्थिक वर्ष २०७४/७५ को सडक बोर्ड कार्यक्रमबाट यस वडामा जेभिटी स्कूलको तल्लो गेट वसन्तपुरको तल्लो बाटो देउराली हुँदै बतासेडाँडा सडकको मर्मत सुधार भएको थियो।

तानसेन नगरपालिकाको आर्थिक वर्ष २०७४/७५ मा ठूला साना गरी जम्मा ४४ वटा योजना यस वडामा सम्पन्न भएको पाइन्छ। वडा नं ३ को वडास्तरीय वार्षिक कार्यक्रममा नगर सौन्दर्यकरणका लागि वडामा प्लाष्टिकका गमला वितरण गरिएको थियो। कतिपय घरधनीले फूल रोपेका छन् भने कतिपय घरमा गमला देखिदैन। लक्षित वर्गको कार्यक्रमबाट होम स्टे सञ्चालन तालिम, उद्घोषण तालिम, बालबालिकालाई खेलकूद सामग्री वितरण र युवाहरूमाझ लागु औषध विरुद्ध सचेतना कार्यक्रम गरिएको पाइयो।


लक्ष्मीनारायण मन्दिर

ऐतिहासिक मठ मन्दिर, धार्मिक सम्पदा, चौपारी निर्माण, बाटो, ढल, आकाशे भल व्यवस्थापन, सडक सरसफाइ, सडक बत्ती, वडा कार्यालय व्यवस्थापन, जनता विद्यालयको छात्रावासको गेट निर्माण, पद्म पब्लिकको गेट निर्माण लगायतका काम भएको पाइयो। वडा बजेटबाट शीत्तलपाटीस्थित पौराणिक भीमसेन मन्दिरको लागि काठको रथ निर्माण गरियो भने नगरस्तरीय बजेटबाट मन्दिरमा पीत्तलको छाना छाउने काम सम्पन्न भएको छ। यसैगरी बसन्तपुरस्थित लक्ष्मीनारायण मन्दिरमा समेत पीत्तलको छाना छाउन तानसेन नगरपालिकाले सहयोग गरेको पाइयो। आर्थिक वर्ष २०७५/७६ मा टक्सार घुम्तीदेखि प्रस्तावित हरियाली बसपार्कसम्मको मोटरबाटो चौडा पार्ने काम सम्पन्न भएको

छ। टक्सारलाई ऐतिहासिक सहरी बस्तीको रूपमा विकसित गर्ने काम अगाडि बढाइएको छ।

आर्थिक वर्ष २०७४/७५ को सहरी विकास मन्त्रालयबाट प्राप्त बजेटले नगरका मुख्य ढल व्यवस्थापन कार्यक्रम अन्तरगत वसन्तपुर, रिडी तम्घास सडकको होलाङ्दी ढल व्यवस्थापन र वसन्तपुरदेखि अप्पुभिलेजसम्मको ढल व्यवस्थापन योजना सम्पन्न भएको छ। यसै आर्थिक वर्षमा वडा नं ३ मा टक्सार होलाङ्दी ढल व्यवस्थापन कार्य सम्पन्न भएको छ। निशानधारादेखि भीमसेन मन्दिर र विद्युत प्राधिकरण पछाडिको भित्री बाटो सडकको मर्मत सुधार सम्पन्न भएको छ।

सर्सरी हेर्दा आर्थिक वर्ष २०७४/७५ मा वडास्तरीय बजेट ४५ लाख, नगरस्तरीय बजेट ४१ लाख ५० हजारबाट विभिन्न योजना सम्पादन गरिएको पाइयो। यसैगरी आर्थिक वर्ष २०७५/७६ मा वडास्तरीय बजेट अघिल्लो वर्षभन्दा कम अर्थात् ३० लाख, नगरस्तरीय बजेट बढेर ६३ लाख विनियोजन भएको पाइयो। प्रदेश र संघीयस्तरबाट समेत केही योजना सम्पादन भएको पाइयो। वडा अध्यक्ष महेशलाल शाक्यसँगै परिपक्व सदस्य प्रेम मल्ल, सदस्य सुनिता श्रेष्ठ (कार्यपालिका सदस्य),सदस्य निराकार श्रेष्ठ बच्चु र सदस्य इन्दु कोइराला, वडा सचिव मिरा केसीको टोली यो वडाको विकासका लागि क्रियाशील रहेको पाइयो। नगरप्रमुख, उपप्रमुख लगायत नगरपालिकाको सहयोग र नागरिकको समेत निगरानीबाट मात्र समग्र परिवर्तन सम्भव छ।

**(वरिष्ठ पत्रकार)**

---

# तानसेनको प्रमुख क्षेत्र अर्थात् वडा नं ४ मा जनप्रतिनिधि आएपछि के के भयो ?



**- भरत शर्मा**

पाल्पा तानसेन घुम्न आउनेहरूको नजरमा तानसेन भनेकै मूलढोका, भगवती मन्दिर, अमरनारायण मन्दिर अनि पाल्पा दरबार सेरोफेरो हो भन्ने पर्दछ। मूलत ऐतिहासिक पर्यटकीय स्थलको रूपमा परिचित तानसेनको वडा नं. ४ नगरको प्रमुख क्षेत्र मानिएको छ। यो वडा तेर्सो सडक, सिलखान, विशालवजार लहरेपीपल, बारुदखान, पाल्पा अस्पताल, होलाङ्दी बारुदखानसम्म फैलिएर रहेको छ भने यो वडा नं. ४ साबिक ता.न.पा.४ नै बनेको छ। यस वडामा जम्मा ९०१ घरधुरी छन्। ०.४२ वर्ग किमीमा फैलिएको यस वडामा ३४४५ जनसंख्या रहेको छ। नेपाल विभिन्न जातजातिको सुन्दर फूलवारी भए झैं यहाँ विभिन्न जातजातिका समुदायको बसोबास रहेको छ। यस वडामा विभिन्न कार्यालय, विद्यालय, बैंक, सञ्चारक्षेत्र, अस्पताल, पाल्पा दरबार संग्रहालय, जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, सिनेमाहल समेत अवस्थित छन्। गत आ.व. मा वडा भवन स्तरोन्नतिका लागि रु ४ लाख खर्च गरी वडा भवन निर्माण सम्पन्न भएपछि आफ्नै वडा कार्यालयबाट हाल वडावासीहरूको काम हुनेगरेको छ।



**वडाअध्यक्ष राजेन्द्रमुनी शाक्य**

**आ.व.२०७५/०७६ को वडामा सम्पन्न भएका योजनाहरु**

आर्थिक वर्ष २०७४/७५ मा ४५ लाख बजेट विनियोजन गरी १५ योजना अगाडि सारे मध्ये ३ वटा सम्पन्न भएनन् भने आ.व. ०७५/०७६ मा वडा स्तरीय र नगर स्तरीय योजनालाई कूल बजेट रु ५० लाख विनियोजन गरेमध्ये वडावाट २२ र नगर स्तरीय योजना २ गरी जम्मा योजना संख्या २४ मध्ये नगर स्तरीय योजना १ मात्र सम्पन्न भएको छ भने वडा स्तरीय योजना ३ वटा कार्य सम्पन्न हुन बाँकी रहेको वडा सदस्य गणेश थापा बताउनुहुन्छ।



मखनटोल गणेश मन्दिरमा पित्तलको छानो राख्ने कार्य, होलाङ्दी बौद्ध विहार पर्खाल निर्माण, युवाहरूको लागि खेलकूद, वडा भित्रका महिलाहरूकालागि अचार बनाउने र कम्प्युटर ज्ञान तथा सीप सम्बन्धी आधारभूत तालिम, बारुदखान पुष्पाञ्जली लोक भजन मण्डलीलाई सहयोग, त्रि.व क्याम्पस पछाडिको मूलबाटो देखि सन्तवीर बरालको घर सम्मको बाटो पि.सि.सि., महाबोधि विहारमा टायल लगाउने, मखनटोल गणेश मन्दिरमा हुने महोत्सव र पूजाको लागि सहयोग, वडा कार्यालयको लागि मोटर साइकल खरीद, बारुदखान नयाँवस्ती बाटो पि.सि.सि,

सिल्खानटोल शोभादेवी कामुथापाको उत्तर द्वारिकाप्रसाद नेपालको घरको गेटसम्म पि.सि.सि. ढलान, विशालवजार स्थित साई मन्दिरको छतमा पर्खाल रेलिङ, ट्रष्ट राख्ने (वडा गौरवका योजना), वारुदखान लोकबहादुर बोहराको घर अगाडिको बाटो निर्माण, लहरेपीपल स्कूल अगाडिको ढलान गर्न बाँकी रहेको बाटो पि.सि.सि, वडा कार्यालय व्यवस्थापन, बारुदखान ढल व्यवस्थापन, होलाङ्दी मनकामना होटल अगाडिको घुम्तीको नाली मर्मत, गैराबारी अञ्जन ज्ञवालीको घरको दायाँपट्टिको ढल मर्मत, बारुदखान पवन तुलाधरको घर अगाडिको चोकमा ह्यूम पाईप राख्ने, विशालवजार प्रेम चौहानको घर अगाडिको बाटो मर्मत, विद्युत् व्यवस्थापन, बिजुली बत्ती खरीद तथा अन्य सामग्री व्यवस्थापन, दूरसंचार अगाडिको नगरपालिकाको ट्रष्ट भएको स्थानमा तानसेन– ४ को वडा कार्यालय भवन निर्माण गर्ने, हुलाकचोक देखि मोहनकन्या स्कूलसम्म बाटो सुधार तथा ढुंगा छाप्ने योजनाहरू मध्ये अधिकांश कार्य सम्पन्न भएका छन्।

**तालिम सञ्चालन**

तानसेन नगरपालिका–४ नम्बर वडामा आ.व. ०७५/७६ मा अचार बनाउने तालिम मखन टोल विकास संस्था मार्फत् सम्पन्न भएको छ। उक्त तालिममा ३५ जना महिला सहभागी भएका थिए। तालिममा सहभागी धेरैले सीपको उपयोग गर्दै आएका छन्।



साथै वडा नं. ४ मा आ.व ०७५/०७६ मा वडा कार्यालयको वैठकको निर्णय अनुसार विशालबजार टोल विकास संस्थालाई कम्प्युटर तालिम प्रदान गरिएको थियो। सोबाट आधारभूत कम्प्युटर तालिम मार्फत ३० जना महिला कम्प्युटर सीप सिकेर लाभान्वित बनेका छन्।

**वडाको बजेट**

आ.व २०७५/०७६ मा २२ वटा वडाका योजना र २ नगरस्तरीय योजनाको काम सम्पन्न भएको वडा अध्यक्ष राजेन्द्रमुनी शाक्यले बताउनुभयो। चा.लु आ.व.२०७६/०७७मा वडागत २० वटा र नगरका २ योजना गरी रु ५१ लाख ६२ हजार २ सय २५ विनियोजन गरी काम अघि बढेको छ। ती योजना सम्पन्न भएपछि वडामा विकास निर्माणका काम भएको देखिनेछ।

**चालु आ.व.२०७६/०७७ मा सम्पन्न गर्ने योजनाहरु**

महिलाहरूका लागि तीजगीत प्रतियोगिता कार्यक्रम, बाल मन्दिरलाई खेलकूद सामाग्री खरीद, अपाङ्गता भएका बालबालिकालाई सहयोग, सबै टोल विकास संस्थाका संस्थागत तथा क्षमता विकास कार्यक्रम, खाना महोत्सव (फुड फेस्टिवल), नयाँ बस्ती अपुरो बाटो पूरा गर्नको लागि बोहरा सरकोघर अगाडि मोटरबाटो, त्रि.वि. बाटो देखि सन्तवीर बरालको घरसम्मको बाँकी बाटो निर्माण, श्री महाबोधि बिहारको भवन छत मर्मत कार्य, जिल्ला अस्पतालको गेटबाट पोष्टमार्टम जाने बाटो ढलाई गरी पोष्टमार्टम भवन नजिक एउटा सोलार बत्ती, खेलकूद अन्तर्गत क्रिकेट खेल सञ्चालन, उद्घोषण तालिम, साई मन्दिरको ट्रस निर्माण कार्यका अधुरा कामहरू पूरा गर्ने, होलाङ्दीस्थित बुद्ध विहारमा पहिरो नियन्त्रण गर्न टेवापर्खाल, कृषि ज्ञान केन्द्रदेखि लहरेपीपल निस्कने बाटो स्तरोन्नति (रेलिंग समेत),मेन रोड देखि तल रमेश पाण्डेय को घरसम्म, रामजीसरको घर अगाडि ढिस्को व्यवस्थापन, मोहन कन्या माध्यमिक विद्यालय ढल व्यवस्थापन, शिव मन्दिर जाने बाटो, निर्वाचन कार्यालय अगाडिको बाटो सुधार, जेष्ठ नागरिक सम्मान कार्यक्रम, गणेश महोत्सव मखनटोल, होलाङ्दी मूल संरक्षण र क्रियापुत्री भवन तथा बाटो निर्माण, साथै पंधेरो नजिक सार्वजनिक शौचालय समेत निर्माण, बारुदखान निर्वाचन कार्यालय देखि पशु कार्यालय सम्मको नाली निर्माण बाटो तथा अन्य योजनाहरू सम्पन्न गर्ने लक्ष्य लिएको छ।

**समस्या तथा चुनौति**

- वडाको विकासका काममा माग धेरै बजेट कम भएको
- तानसेन नगरपालिका र वडाबीच समन्वयको अभाव देखिएको।
- दक्ष प्राविधिक कर्मचारीको अभाव।
- समयमा योजना सम्पन्न गर्न कठिनाई
- स्थानीय तहप्रति जनताको अपेक्षा असीमित
- कागजात मिलाउन उपभोक्तालाई कठिन भएको
- प्राविधिक इष्टिमेट, मूल्याङ्कन अंग्रेजीमा भएकोले उपभोक्तालाई बुझ्न कठिनाई भएको
- ढल निर्माण गर्न बाँकी ठाउँमा ढल निर्माण गर्नुपर्ने।
- वडाका विभिन्न स्थानमा अतिक्रमण गरेर बनाएका पेटी तत्काल व्यवस्थित गर्नुपर्ने
- नक्सा अनुसार संरचना निर्माण भएको छ छैन ? हेर्नुपर्ने।



**उपलब्धि**

- सीपमूलक तालिम पछि केही महिलाहरू आत्मनिर्भर समेत बनेका

छन् ।

- पर्यटक तथा अन्य सर्वसाधारणका लागि दरबार परिसरमा शौचालय भवन निर्माण व्यवस्थापनबाट सहज भएको (शौचालय भवन तथा खानेपानी टंकी निर्माण गर्न गोरख दल गणको समेत सहयोग प्राप्त)
- सडक स्तरवृद्धि पछि यातायातका साधन सञ्चालनमा सहज भएको
- सांस्कृतिक सम्पदा मठमन्दिर, जात्रा संरक्षणमा चासो बढेको
- नगर पालिकाका अन्य वडामा भन्दा बढी राजस्व संकलन गर्ने वडा बनेको
- वडा कार्यालय पायकस्थानमा सरे यता सेवाग्राहीलाई सेवा लिन सहज
- प्रदेश सरकारको सहयोगमा पाल्पा दरबार संग्रहालय सुचारु भएपछि पर्यटकबृद्धि

**निष्कर्ष**

स्थानीय तहमा स्थानीय स्रोत र साधनको प्रयोग गरी दिगो विकासका लागि गरिवी हटाउने योजनालाई प्राथमिकता दिनुपर्छ । वेरोजगारी समस्या हटाउन रोजगारमूलक र उत्पादनमूलक क्षेत्र छनौट गरी योजना कार्यान्वयन प्रभावकारी बनाउनुपर्ने देखिन्छ । सुशासन, जवाफदेहीता, जनमुखी कार्यक्रम,नीतिगत समस्याहरू समाधान, गरी समयमा योजना सम्झौता र कार्यान्वयनमा सक्रियता बढाउन सकेको अवस्थामा वडातहमा परिवर्तन देखिनेछ । पर्यटकीय गन्तव्यको रूपमा यो वडामा रहेका ऐतिहासिक महत्त्वका सम्पदाहरूको उपयोग गर्नेगरी योजना बनाई प्रदेश र संघीय सरकारको समेत सहयोग जुटाएर पर्यटन विकासका लागि काम गर्नेतर्फ नगरप्रमुख अशोककुमार शाही लगायत नगरपालिका नेतृत्वको ध्यान जानुपर्ने देखिन्छ ।

**(उपाध्यक्ष, नेपाल पत्रकार महासंघ पाल्पा)**

# पर्यटन र कृषिमा अग्रता लिंदै वडा नम्बर ५



**– सुनिल कार्की**

देशकै पुरानो तथा ऐतिहासिक नगरी मध्ये एक तानसेनको आफ्नै विशेषता छ । नेपालको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा सेनकालीन राज्य सञ्चालन देखि नै यसको महत्त्व रहदैं आएको छ । नेपाल संघीय संरचनामा गएपछि तानसेन नगरपालिकाको संरचनागत क्षेत्रमा केही विस्तारित भएको पाइन्छ । तानसेन नगरपालिकामा रहेका १४ वटा वडा मध्येको ११ वटा वडा ग्रामीण बस्तीको संञ्जालसँग जोडिएको छ । ती मध्येको एक हो ५ नम्बर वडा । जुन वडाको केही भाग बजारसँग जोडिएको छ भने केही भाग ग्रामीण इलाकासँग जोडिएको छ । वडा नम्बर ५ मा उत्तर तर्फ बराङ्दी, पश्चिममा ढुङगाखानी, दक्षिणमा धरमपानी गाउँ छ । स्थानीय तहको पुर्नसंरचना पश्चात् समग्र तानसेन नगरपालिकाको समृद्धिसँग साझेदारीमा तानसेन नगरपालिकाको ५ नम्बर वडा रहेको छ ।



**– रामबहादुर रावल**

**पर्यटन**

वास्तबमै पाल्पा मात्र नभै प्रदेश नम्बर ५ कै पर्यटकीय गन्तव्यको रूपमा तानसेन र वडा नम्बर ५ रहेको पाइन्छ । प्राचीन सेनकालीन राज्यको राजधानी समेत रहेको यो ऐतिहासिक सहरको वडा नम्बर ५ को श्रीनगर पर्यटकीय आर्कषणको रूपमा बिकसित हुँदै आएको पाइन्छ । प्राकृतिक दृष्टिकोणबाट हेर्दा यस वडाको उत्तरतर्फको भागमा लालीगुराँस, कटुस, सल्ला लगायतका जडिबुटी साथै बनस्पतिहरूको मनोरम आर्कषणका साथै सेता टल्किने हिमाली श्रृङ्खला रहेको छ । दक्षिणतर्फ घमाइलो क्षेत्र जहाँबाट देखिने पाल्पाको माडी, महाभारत चुरे पहाड हुँदै तराईका फाँटको दृश्यले सबैको मन छोएको पाइन्छ । पर्यटकीय हिसाबले यस वडामा श्रीनगर साथै बतासेडाँडा, ढुङ्गाखानी, टाउकेडाँडा, डि बारी, बनदेवीक्षेत्र, दमैडाँडा रहेको पाइन्छ । यहाँ रहेका होटल श्रीनगर, होटल रानीमहल, हिल कटेज, दुई वटा होमस्टे (घरवास) होटल तथा रेष्टुरेण्ट साथै उपलब्ध पर्यटन पथ प्रर्दशकले पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण भूमिका खेलेका छन् । यसैगरी कैलाशनगरलाई केन्द्रविन्दु बनाई रानीमहल,श्रीनगर,बौघागुम्हा, भैरबस्थानसम्म पदयात्राको लागि सहज भएको पदमार्गीहरूको भनाइ छ ।



**कृषि र पशुपालन**

कृषि र पशुपालनमा अर्चले, धरमपानी, तल्लो धरमपानी, छापथोक, चउनबारी, सेतीपोखरी लगायतका स्थानले प्रसिद्धी पाएका छन् भने वडाका भेडीचौर, सिस्ने, बराङ्दी, खरीपानी, शीतलडाँडाका नागरिकहरू निर्वाहमुखी कृषि उत्पादनबाट व्यावसायिकतातर्फ अघि बढन थालेका छन्। यस्तै उत्पादित बस्तुको बजारीकरण हाल कैलाशनगर, बतासेडाँडा क्षेत्र रहेका छन् भने हाटबजारका लागि पूर्वाधार तयार हुँदै गरेको पाइन्छ। वडाकै चउनबारी दुग्ध संकलन केन्द्रले कृषकबाट उत्पादित दूध संकलन गरी बजारीकरणको व्यवस्था मिलाएको छ भने पाल्पा भैरव ब्रिडिङ फर्म कृषि उद्योगकै रूपमा स्थापित भएको छ। गत आर्थिक वर्षमा तानसेन नगरपालिका र वडा नम्बर ५ को समन्वयमा विपन्न परिवारका ब्यक्तिहरूलाई स्वरोजगार बनाउने उद्देश्यले स्थानीय जातका कुखुरा वितरण गरिनुका साथै एकल महिला तथा विपन्न परिवारका ५ सदस्यहरूलाई स्वरोजगारमूलक आयआर्जनको लागि १० वटा उन्नत जातका बाख्रा वितरण गरिएको छ। यस्तै गरी कृषकहरूलाई कृषिमा अपनत्व बढाउन नमूनाकै रूपमा भए पनि सुन्तला कागती जातका विरुवाका साथै पशुका लागि उन्नत तथा पोषिलो घाँसका बीउ उपलब्ध गराइएको वडा अध्यक्ष रामबहादुर रावलले बताउनुभयो। उहाँका अनुसार पशुमा लाग्ने परजीवी न्यूनीकरणको लागि माटे, जुकाको औषधि, महामारी खोरेत विरुद्ध भ्याक्सिन तथा सुई प्रभावित क्षेत्रमा निःशुल्क वितरण गरिएको थियो।

**शिक्षा तथा स्वास्थ्य**

शिक्षाको क्षेत्रमा हेर्दा यस वडामा माध्यमिक विद्यालय १, आधारभूत विद्यालय ३ र उच्च शिक्षातर्फ विज्ञान संकायको स्नातक तहसम्म अध्यापन हुने गर्दछ। लक्ष्मी मा.वि.ले कृषिको क्षेत्रमा समृद्धिको ढोका खोल्ने देखिन्छ भने स्वास्थ्यको क्षेत्रमा गौतम बुद्ध सामुदायिक मुट हस्पिटल बुटवलले लक्ष्मी मा.वि. वन्दीपोखरामा किडनी डाईलोसिस सेन्टर तथा मुटु अस्पतालको सेवा केन्द्र सञ्चालनको तयारीमा छ। यस्तै सेतीपोखरीमा सहरी स्वास्थ्य केन्द्रले समुदायका ब्यक्तिहरूलाई सेवा दिँदै आएको छ।

**धार्मिकस्थल तथा कला संस्कृति संरक्षण**

ऐतिहासिक तथा पुरानो सहर तानसेनको गहना कला संस्कृति र फरक धर्म मान्ने नागरिकबीचको आत्मीयता भएको पाइन्छ। यस वडामा रहने कतिपय नागरिकले हिन्दू, कतिले बौद्ध, कतिले मुस्लिम र केहीले इसाई धर्मलाई अबलम्बन गरेको पाइन्छ। यहाँ रहेका श्री कृष्ण मन्दिर बतासेडाँडा तानसेनकै प्रसिद्ध एक धार्मिकस्थलको रूपमा रहेको छ भने दक्षिणकाली मन्दिर अर्चले, ओभ्रेलमा परेको ढाकाचुली शिवालय मन्दिर साथै परम्परादेखि हिन्दू समुदायको प्रचलनमा रहेका भूमिभुँयर, दूधधार माई पूजा गर्ने चलन पनि अद्यापि रहिआएको पाइन्छ। यस्तै मुस्लिम समुदायको धार्मिक आस्थाको केन्द्र मस्जिद पनि यसै वडामा रहेको छ भने बौद्ध धर्मावलम्बीहरूको बुद्ध स्तुप पनि यहाँ रहेकाले यो वडा धार्मिक सांस्कृतिक सहिष्णुताको धरोहरको रूपमा परिचित छ। यहाँका मगर समुदायको ठूलो नाच, पञ्चेबाजा, ख्याली, रोईलाले स्थानीय संस्कृति संरक्षणमा टेवा पुऱ्याएको पाइन्छ।

**विकास निर्माणका कामहरु**

तानसेन नगरपालिका पर्यटनको दृष्टिले अग्रपंक्तिमा रहेको पाइन्छ। संघीय ब्यवस्थाको सुरुवातसँगै तानसेनको पर्यटन विकास र सहरीकरणको अवधारणा अघि बढेको छ। साबिक तानसेनमा रहेको बसपार्कले यातायातका साधनलाई धान्ने क्षमता नरहेका कारण बनदेवीमा बन्न लागेको वातावरणमैत्री बसपार्क यो वडाको गहनाकै रूपमा रहने छ भने साबिक वडा नम्बर १२ र १३ को भूबनोट समथर पक्का रहेका कारण तानसेन नगरपालिकाले नमूनाबस्तीको अवधारणालाई कार्यान्वयनको चरणमा अघि सारेको छ। जुन क्षेत्र होलाङ्दी ढुंगाखानी बाईपासको स्तरोन्नति हुँदै गरेको अवस्थामा यातायातको पहुँचका साथै सहरीकरणको प्रबल सम्भावना रहेको पाइन्छ। साबिक १२ मा रहेको ल्यान्डफिल्डसाइडले त्यस क्षेत्रमा रोजगार, कृषि, जैविक मल उत्पादन, पर्यावरण संरक्षण तथा फोहर ब्यवस्थापनमा टेवा पुग्ने देखिन्छ। तानसेन नगरकै श्रीपेचको रूपमा रहेको सुन्दर रमणीय श्रीनगर डाँडामा स्थानीय सरकारले गौरवकै रूपमा सञ्चालन गर्न लागेको विग बुद्धको अवधारणाले पर्यटनको क्षेत्रमा थप ऊर्जा पाउने देखिन्छ। जसको निर्माणले लुम्बिनी र तानसेन बीच सुमधुर सम्बन्धका साथै परिपूरकको रूपमा रहने र लुम्बिनी भ्रमण बर्षलाई सार्थक बनाउन समेत टेवा पुग्ने देखिएको छ।

विकासका मुख्य पूर्वाधार शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, खानेपानी लगायतलाई मूर्त रूप दिन वडाले बजेट विनियोजन गरेको छ। जनताको चाहना र भावनालाई समेटेर नै योजना बन्ने गरेका छन्।

मुलुक संघीय संरचनामा गएसँगै नगरपालिकाले वडाको वास्तविक समस्यालाई पहिचान गरी बस्तीबस्तीबाट उठेका समस्या, योजनामा सम्बोधन गर्न वडास्तरका लागि बजेट बिनियोजन गरेको छ भने स्वयम नगरपालिकाले नै नगरस्तरीय योजना बनाई काम सुरु गरेको छ। यस्तै प्रदेश नम्बर ५ बाट पाल्पाको पर्यटन विकासमा साथै भौतिक पूर्वाधार निर्माण, कृषि,स्वास्थ्य,शिक्षा लगायतका क्षेत्रमा काम गर्दै आएको छ। जसले गर्दा नागरिकले मुलुकको संघीय संरचनामा सिंहदरबारको अधिकार गाउँमा आएको अनुभूति गरेको पाइन्छ। नागरिकको समृद्धि,विकासका पुर्वधार विकास वडाबासीको आयआर्जनमा टेवा पुऱ्याउने खालका कार्यक्रमलाई प्राथमिकताको साथ अगाडि बढाइएको छ। वडाका बस्तीबस्ती, टोलटोलमा मोटरबाटो विस्तार गर्ने काम मात्रैमा सीमित छैन वडामा भएका साँघुरा सडकलाई विस्तार गरी फराकिलो बनाउनुपर्छ भन्ने मान्यताका साथ काम अघि बढाइएको छ।

यस वडाको समग्र विकासको लागि गत आर्थिक वर्ष २०७५/७६ मा छुट्याएको वडास्तरीय पूँजीगत (वडागत) तर्फ ३० लाख अर्न्तगत निम्न अनुसारका कार्यक्रमहरू सम्पन्न गरेको छ।

१) आर्थिक पूर्वाधार क्षेत्र अन्तर्गत ५ वटा

२) संस्थागत विकास क्षेत्र अन्तर्गत १ वटा

३) सामाजिक विकास तर्फ ९ वटा

४) वन तथा वातावरण तर्फ १० वटा

५) पूर्वाधार सामाजिक विकास तर्फ ७ वटा गरी जम्मा ३२ वटा योजना रहेका थिए ।

| क्र.स | योजना तथा कार्यक्रमको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | मगर पानी अधुरो खा.पा.योजना तारबार | रु १ लाख |
| २ | रानीघाट जानेबाटो देखि बेग बहादुरको घर सम्म जाने बाटो | १ लाख |
| ३ | सचेतना केन्द्र देखि अवल जाने बाटो निर्माण | १ लाख |
| ४ | सडक बत्ती | २ लाख |
| ५ | बालकल्याण आधारभूत विद्यालय दिवा खाजा | ५० हजार |
| ६ | लक्ष्मी मावि भवन निर्माण | १ लाख |
| ७ | श्रीनगर जाने बाटोदेखि ठूलो ढुङ्गासम्म जाने बाटो | १ लाख |
| ८ | जनहित आधारभूत विद्यालय दिवाखाजा | १ लाख |
| ९ | जनआधारभूत विद्यालय मर्मत | १ लाख |
| १० | कैलाशनगर हाटबजार | १ लाख |
| ११ | तल्लो खल्डुकबोट खा.पा. | १ लाख |
| १२ | अर्चले अवल जोड्ने बाटो | २ लाख |
| १३ | श्रीनगरबाट आउने भल नियन्त्रण तथा नाली निकास | १ लाख ५० हजार |
| १४ | भेडीचौर दुर्गामन्दिर शौचालय निर्माण | १ लाख |
| १५ | सिद्धकालीन कृषि उत्पादन सहकारी भवन तारबार | १ लाख |
| १६ | माथिल्लो धरमपानी (काल खोला) मूल संरक्षण | १ लाख |
| १७ | जेलाको पंधेरो देखि लक्ष्मण रावलको घर हुँदै वाईपास जोड्ने सडक पर्खाल निर्माण | २ लाख |
| १८ | देउराली शिव मन्दिर परिसरमा शौचालय निर्माण | १ लाख ५० हजार |
| १९ | माथिल्लो चउनबारी देखि धुनाघाटसम्मको नाली निर्माण | १ लाख |
| २० | तिल बहादुर लम्तरीको घर देखि राजु लम्तरीको घरसम्मको बाटो ढलाई | १ लाख |
| २१ | खल्लुक बोट खा.पा. कुवा संरक्षण तथा बाटो (अचले) | ५० हजार |
| २२ | सिंजाली पीपलबाट चमानसिंहको घरसम्म जाने बाटो | १ लाख |
| २३ | साबिक १२ खानेपानी पाइप खरीद | ७५ हजार |
| २४ | ढलेको आँप देखि निरन्जन रावलको घर सम्मको नाली निर्माण | २ लाख |
| २५ | मंगल श्रेष्ठको घर देखि श्रीनगर जाने बाटो निर्माण | १ लाख |
| २६ | तल्लो धरमपानी सामुदायिक पौवा (भवन) निर्माण | २ लाख |
| २७ | २० डाँडा –नारायणडाँडा मोटर बाटो | २ लाख |
| २८ | जेष्ठ नागरिक सम्मान साबिक (१२ र १३) | १ लाख ५० हजार |
| २९ | चिसापानी केशखातीको घर देखि बसन्तको घर हुँदै पिप्ले टोल जाने बाटो (कृषि बाटो ) | ७५ हजार |
| ३० | मस्जिद कब्रिस्थान देखि तल्ला गाउँ भञ्ज्याङ बाटो | १ लाख |
| ३१ | साठीमुरे डिबारी– मोटरबाटो | १ लाख |
| ३२ | दलित सीप विकास | ६० हजार |
| ३३ | बालबालिका लक्षित कार्यक्रम | ६४५०४ |
| ३४ | ल्याण्डफिल्ड साइड देखि राजु खड्काको घर हुँदै ढल्केबरसम्म मोटरबाटो निर्माण | १ लाख |

गत आर्थिक वर्ष २०७५/७६ मा तानसेन नगरपालिका वडा नम्बर ५ मा सञ्चालन भएका योजनाहरू मध्ये सबै क्षेत्र र समुदायलाई वडा स्तरका योजना तथा बजेटले सबै क्षेत्रको विकासमा समेट्न नसकेकोमा वडा स्तरीय योजनाभन्दा केही बढी रकमका नगरस्तरीय योजना पनि नगरपालिकाले सम्पन्न्न गरेको थियो । जसमाः

| क्रस | योजनाको नाम | बजेट |
|---|---|---|
| १ | कैलाशनगर देउराली चोकदेखि बतासेडाँडासम्म जोड्ने नाली तथा बाटो मर्मतलाई योजना रकमान्तर गरी गंगालालको घरदेखि देउराली निस्कने बाटो ढल तथा बाटो निर्माण | ५ लाख |
| २ | सपाङदी सापाखुम विनोद लम्तरीको घर देखि अर्चलेसम्मको बाटो | ५ लाख |
| ३ | बाँसपोखरा देखि ठाँटी हुँदै मैरान सम्म जोड्ने बाटो | ५ लाख |
| ४ | चउनबारी धुनाघाट मतिन्द्रा पोखरीसम्म जोड्ने अधुरो बाटो निर्माण | ६ लाख |
| ५ | बतासे साइन्स क्यापस देखि सापाखुम जोड्ने मोटरबाटो | ४ लाख |
| ६ | चण्डी स्थानदेखि बिसडाँडा मोटरबाटो | २ लाख |
| ७ | माथिल्लो छापथोक खानेपानी योजना | ३ लाख |
| ८ | सेतीपोखरी कृष्ण कार्कीको घर देखि सालघारी बाटो स्तरोन्नति तथा नाली निर्माण | ४ लाख |
| ९ | मागमा आधारित योजना बतासे देखि साइन्स क्याम्पससम्मको बाटो | ४ लाख |

तानसेन नगरपालिकाले आफ्नो नगर क्षेत्रको विकासको लागि

अगाडि सारेका कार्यक्रमहरू मध्ये साबिक वडा नम्बर ७ हाल वडा नम्बर ५ बतासेडाँडामा सांस्कृतिक डबली निर्माण हुन लागिरहेको छ। डबलीको ५ नं. प्रदेशका संस्कृति, वातावरण तथा पर्यटन माननीय मन्त्री लीला गिरीबाट शिलान्यास गरिएको थियो । जसको लागत ६ करोड ६८ लाख रहेको छ। यस्तै यसै वडामा वनदेवी वातावरणमैत्री बसपार्कले पनि स्वीकृति पाईसकेको छ। साबिक १३ हाल तानपा ५ बन्दीपोखरामा गौतमबुद्ध सामुदायिक मुटु हस्पिटल बुटवलसँग लक्ष्मी मावि बन्दीपोखरामा रहने गरी किडनी डाइलोसिस तथा मुटु अस्पतालको केन्द्र स्थापनाका लागि सम्झौता भएको छ । यस वडामा तानसेन नगरपालिकाले सम्पन्न गरेका योजनाहरू निम्न छन्–

१) सडकबोर्ड अन्तर्गतको देउराली देखि बतासेडाँडा ग्राभेल तथा नाली निर्माण को लागि १८ लाख

२) अप्पुभिलेज देखि ल्याण्डफिल्ड साइडको ग्याभिन वाल तथा बाटो चौडा गर्ने कामको लागि ४ लाख

३) बतासेडाँडा ढुंगाखानी अन्तर्गत सडक चौडा कामको लागि १८ लाख

४) तानसेन ५ बतासे डाँडा सिटि हल (सभाहल) टेण्डर भएको छ जसको लागत अनुमान १७ करोड रहेको छ।

५) सेन्ट कपितानियो स्कुलदेखि श्रीनगर होटलसम्मको बाटो पीच (कालोपत्रे गर्ने काम) १६ लाख ३५ हजार लागतमा सम्पन्न भएको छ।

तानसेन नगरपालिकाले आर्थिक वर्ष ७५/७६ मा यस वडामा सम्पादन गरेका कामहरूले नागरिकमा घरदैलो मै सरकार आएको अनुभूति भएको स्थानीय बासी विष्णु बोहोरा बताउनु हुन्छ । नागरिकलाई स्थानीयस्तरमा देखिएका अत्यावश्यक आधारभूत आवश्यकताको परिपूर्तिमा लागेको वडाअध्यक्ष रामबहादुर रावल बताउनुहुन्छ । वडाअध्यक्ष रावलले यातायात सुविधाको लागि मोटरसाईकल खरीद गर्न छुट्याईएको ३ लाख रुपैयाँ बजेट पनि नागरिकको सहजताको लागि विनियोजन गरिएको छ । इखारी देखि लक्ष्मी माबि हुँदै दूध डेरीसम्मको बाटो विस्तारका लागि बजेटको कमी भएको देखिए पछि आफ्नो भन्दा नागरिकको आवश्यकता महत्त्वपूर्ण हो भन्ने ठानेर बजेट उपलब्ध गराएको वडा अध्यक्ष रावलले बताउनुभयो । तानसेन वडा नं ५ वडामा ५ सय भन्दा बढी काठको पोल विस्थापित गरिएको, दलित, बोटे,सिमान्तकृत,अति विपन्न परिवारका साथै स्वास्थ्य स्वयम्सेविका लगायत १७५ परिवारलाई निःशुल्क स्वास्थ्य बीमा गरिएको छ। त्यस्तै जेष्ठ नागरिकलाई घर घरमा डाक्टर सहितको स्वास्थ्य सेवा अभियान मार्फत् सेवा प्रवाह गरिएको छ । वडासदस्यहरूका अनुसार धार्मिक पर्यटकीय स्थलको संरक्षण,समुदायमा रहेका संस्कार र संस्कृतिका साथै सामाजिक रीतिरिवाजको संरक्षण गर्दै वडामा रहेका घरबास (होमस्टे) को प्रवर्द्धनमा समेत नगरपालिकाले ध्यान दिएको छ।

वडा सदस्य विष्णुबहादुर कार्कीका अनुसार तानपा ५ मा रहेको ल्याण्डफिल्ड साईडलाई ब्यवस्थित रूपमा सञ्चालन गरी फोहरबाट मोहर कमाउने योजना रहेको छ। उहाकाअनुसार ल्याण्डफिल्ड साइडलाई सेनेटरी ल्याण्डफिल्डको रूपमा प्रयोग गरी ग्यास प्लान्टको योजना सञ्चालन गरेर स्थानीय स्तरमा स्वरोजगार सिर्जना गरिनेछ। वडासदस्य कार्कीका अनुसार वडाका विभिन्न स्थानमा पहुँचमार्ग पुऱ्याई स्थानीय स्तरमा उत्पादित वस्तुहरू बजारसम्म ल्याउन पहल गरिंदैछ।

वडामा सञ्चालन भएका महिला लक्षित कार्यक्रमहरूले आफूहरूलाई स्वरोजगारमूलक काममा लाग्न प्रेरणा दिएको साबिक वडा नागरिक मञ्च वडा नम्बर १२ की अध्यक्ष केशवकुमारी रावल बताउनुहुन्छ । उहाँले महिलाहरूलाई सिकाइएका मूढा बुन्ने, अचार बनाउने, बुटिक, सिलाईकटाई जस्ता तालिमले आत्मनिर्भर बनाउन सहयोग गरेको र यस्ता सिर्जनात्मक कामले आय आर्जनमा टेवा पुगेको छ । योजना कार्यान्वयनका क्रममा प्राविधिक जटिलता हटाउन, नगर र वडास्तरको समन्वय र सहकार्य बढाउन नगर नेतृत्वको ध्यान जानुपर्ने कुरामा वडा सदस्यहरूले जोड दिनुभयो।

**(पत्रकार)**

# तानसेन ६ र नमूना कार्यहरू



**- यज्ञमूर्ति तिमिल्सिना**

कोही कसैको घर भित्र कत्तिको सफा छ भनेर जान्न बुझ्न परे घरभित्र पस्नै पर्दैन। बाहिरी आँगनले उक्त घरको छनक देखाइहाल्छ। तानसेन बसपार्क तानसेन बजारको आँगन नै हो। सबै पाहुनाले बसबाट ओर्लेपछि बसपार्कमै पाइला टेक्छन्। हामी अन्यत्र जाँदा पनि बसपार्कमा ओर्लेपछि फोहर बसपार्क देख्यौं भने सजिलै भन्छौं –यस्तो फोहर बसपार्क छ बजारको अवस्था कस्तो होला? तर आजकल तानसेन बसपार्क सफा सुग्घर छ। अचेल पहिले जस्तो यात्रुले नाक खुम्च्याउनुपर्ने अवस्था छैन तानसेन बसपार्कमा।

सरसफाइ ब्यवस्थापनका लागि यहाँ छुट्टै समिति बनेको छ। बसपार्क फोहर ब्यवस्थापन समितिले यो क्षेत्रको थप सरसफाइको लागि अभियान नै चलाएको छ। जसमा तानसेन नगरपालिका वडा नं. ६ कार्यालयले समितिलाई साथ दिएको छ जसका कारण सरसफाइ अभियानले सार्थकता पाएको छ।

समितिका सचिव किरण चित्रकारले गत असारमा १३ सदस्यीय कार्य समिति बनाएर काम अगाडि बढाएको बताए। वडा कार्यालयले यो

अभियानका लागि आर्थिक वर्ष २०७५/०७६ मा ७५ हजार रुपैयाँ बिनियोजन गरेको थियो । जुन रकमबाट बाल्टिन खरीद गरी १८ वटा फोहर फाल्ने बाल्टिन बसपार्क परिसरमा राखिएको र अन्य बाल्टिन छिटै घर घरमा बाँडने सचिव चित्रकारले बताए ।



**वडाअध्यक्ष सागरमान महर्जन**

बसपार्क क्षेत्रमा ९३ घर छन् । हरेक घरले हरेक महिना १ सय रुपैयाँ संकलन गरी तिर्ने गरी मासिक ८ हजार रुपैयाँ तलव दिएर सरसफाइ कर्मचारीको रूपमा स्थानीय रामबहादुर गन्धर्वलाई जिम्मेवारी दिइएको छ। कर्मचारी गन्धर्वले बिहानदेखि साँझसम्म बसपार्क पेरीफेरीमा बसेर सरसफाइ सम्बन्धी काम गर्छन् । बिहान नगरपालिकाका सरसफाइ शाखाका कर्मचारीले सरसफाइ गरेर फर्कन्छन् । त्यसपछि गन्धर्वको ड्युटी शुरु हुन्छ। उनले जान्ने बुझ्नेहरूले फोहर फालेमा उनीहरूलाई नै टिप्न लगाउने र अज्ञानबश फालेमा टिपेर डस्टबिनमा राख्न लगाई आगामी दिनमा यस्तो नगर्न जानकारी गराउने गरेका छन् ।

यतिमात्रै हैन बसपार्कमा सरसफाइ चेतना बिस्तारका लागि स्पिकरबाट समेत सचेतनामूलक सन्देश प्रसारणको व्यवस्था गरिएको छ । जहाँ बिहान ६ बजे कायाकैरन बज्छ । त्यसपछि बीचबीचमा सरसफाइ सन्देशहरू बज्ने गरेको सचिव चित्रकारले बताए। केही महिना अघिको तुलनामा बसपार्क क्षेत्रको सरसफाइ राम्रो भएपछि स्थानीय मात्रै नभएर यहाँ आउने मानिसहरू समेत खुशी भएका छन् ।

वडा अध्यक्ष सागरमान महर्जनले सरसफाइले नै धेरै कुराको अवस्था चित्रण गर्ने भएकोले वडा कार्यालयले समेत सहयोग गर्दै आएको बताए। वडा कार्यालयले आर्थिक वर्ष २०७५/०७६ मा बसपार्क र बर्तुङमा यो अभियान चलाउने गरी बजेट बिनियोजन गरेपनि बर्तुङमा भने काम हुन सकेन। यसका लागि बिनियोजित ५० हजार रुपैयाँ फ्रिज भयो ।




**वडा नं. ६ को भूगोल तथा जनसंख्या**

तानसेन नगरपालिका अन्तर्गतका साबिकको वडा ३ र ९ मिलेर वडा नं. ६ बनेको हो । यो वडाको जम्मा जनसंख्या ४ हजार ५ सय ८४ रहेको छ। ६.३९ बर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो वडाको माथिल्लो भाग बजारीकरण भएको छ भने बर्तुङबाट तल कुन्सरेसम्म ग्रामीण क्षेत्र रहेको छ । बिकास निर्माणका अवस्थामा समेत बजार तर्फको भन्दा ग्रामीण क्षेत्रको विकास स्तर निकै कम देखिन्छ।

**आर्थिक वर्ष २०७५/०७६ का मुख्य योजनाहरूः**

अघिल्लो आर्थिक वर्षमा नगर स्तरीय योजनाबाट सेन मावि स्तरोन्नति, सम्मोचौपारी देखि घर्ती टोल हुँदै दुर्गा मन्दिर ७ नं. वडा जोड्ने बाटो तथा नाली निर्माण र स्तरोन्नति, स्वामी डाँडादेखि भुजिन्डाँडा हुँदै टेकरी जाने बाटो तथा नाली स्तरोन्नति गर्ने, गैरी कटेरी देखि चालिसे सम्मको बाटो स्तरोन्नति गर्ने, चण्डीस्थान देखि छाङ्दी खोलासम्मको बाटो निर्माण, सुन्दरचोक देखि सुकुम्बासी टोलसम्मको बाटो स्तरोन्नति, केशब खाम्चाको घर देखि धनीमाया सोतीको घर हुँदै धोवीधारा झर्ने भल व्यवस्थापन, सेन मा.वि देखि जैसी चौपारी सम्मको बाटो स्तरोन्नति गर्ने, भेदडाडा जैसीचौपारी अधुरोबाटो निर्माणको लागि ३५ लाख रुपैयाँ खर्च भएको छ। त्यस्तै विरेन्द्रपार्क देखि व्यारेकरोड सम्मको पुरानो बाटो विस्तार गरी मोटरेवल गर्ने योजनामा ५ लाख रुपैयाँ बिनियोजन भएपनि काम हुन नसक्दा उक्त रकम फ्रिज भयो।

त्यस्तै वडास्तरीय योजनाहरूबाट आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, बन तथा बातावरणीय ब्यवस्थापन तर्फ गरी बिभिन्न योजनाहरूमा बिनियोजित रकम अनुसारका काम सम्पन्न भएका छन् ।

**लक्षित वर्ग कार्यक्रम**

चालु आर्थिक वर्षमा यो वडाले लक्षित वर्ग अर्न्तगत बालबालिका, महिला, दलित तथा जनजाति समुदायको क्षमता विकासका लागि १ लाख रुपैयाँ बिनियोजन गरेको छ । नगरस्तरीय कार्यक्रममा पनि यो शीर्षकमा बजेट रहेकोले नगरपालिकासितको समन्वयमा काम गर्ने गरी योजना बनाइएको वडा अध्यक्ष महर्जनले बताए। आर्थिक वर्ष २०७५/०७६ मा बालबालिका तर्फ नेपाल प्रहरीसितको सहकार्यमा लागू औषध बिरुद्धको सचेतीकरण कार्यक्रम चलाइएको थियो जसमा १ सय २५ जना बालबालिकाले सहभागिता जनाएका थिए। दलित, जनजाति तथा महिलाहरूका लागि सचेतीकरण कार्यक्रम समेत चलाइएको छ। जेष्ठ नागरिक अन्तर्गत वडा भित्रका ४९ जना जेष्ठ नागरिकलाई टोल र घरमै पुगेर दोसल्ला सहित हर्लिक्स, लिटो र फलफूलले सम्मान गरिएको थियो । यसरी सम्मानका लागि घर घरमा पुग्दा धेरै जेष्ठ नागरिकले गाउँमै सरकार आएको महसुस गरे । त्यस्तै घर घरमा स्वास्थ्य सेवा अभियान अन्तर्गत आर्युवेद कार्यालय र स्वास्थ्य शाखाको समन्वयमा जेष्ठ नागरिकलाई घर घरमै उपचार तथा परामर्श र औषधि दिइएको थियो। जिल्लाका अन्य स्थानीय तहले समेत तानसेनको यो अभियानको सिको गरेका थिए।

**चालु आव २०७६।०७७ मा सम्पन्न गर्ने योजनाहरु**

यस वर्ष यस वडाले नगर स्तरीय योजनाबाट पालेपिपल भोटे चौपारी सम्मोचौपारी हात्तीगैडा कृषि सडकको लागि १४ लाख, आठमुरेदेखि भद्रचौपारी (भोटेचौपारी) सम्मको बाटोको स्तरोन्नतिको लागि ६ लाख र रेड्क्रस तलको चौपारीदेखि कारागार हुँदै काजीपौवा जोड्ने बाटो र नाली निर्माणको लागि १० लाख रुपैयाँ बिनियोजन गरी काम गर्ने योजना बनाएको छ।

त्यस्तै वडा स्तरीय बजेट ३८ लाख ६० हजारबाट बेलडाँडा देखि टेकरी जाने बाटो निर्माण, भीमसेन मन्दिरमा रेलिङ निर्माण, गैरेवारी देखि टिकाराम गुरुको घर हुँदै बगनासकाली जोड्ने कृषि सडक निर्माण, बटुक भैरव मन्दिर निर्माण, जैसीचौपारी खापा टंकी निर्माण तथा मर्मत, कुन्सरे बिद्यालयको भवन निर्माण, स्वास्थ्य सचेतना कार्यक्रम, ब्यारेक मुनि अधुरो पर्खाल निर्माण, हरि शर्माको घरदेखि बिदुरको घरसम्म बाटो स्तरोन्नति, कृष्ण गिरीको घरदेखि चौपारीसम्मको बाटो र नाली निर्माण, बिष्णु आलेको घरदेखि जनप्रिय मावि जाने बाटो निर्माण, ओम शान्ति नजिक पर्खाल निर्माण, भुफिनडाँडाको प्रतिक्षालय निर्माण, भद्रचौपारी देखि रिपखोलाबाटो स्तरोन्नति, नेपालेडाँडाको भवन देखि सिंजालीको घर हुँदै भोटे चौपारीसम्मको गोरेटो बाटो निर्माण, जागरण आमा समूहको भवनमा घेरवार तथा रेलिङ निर्माण, भवनडाँडादेखि गिठीको रुखसम्मको तीन ठाउँमा चेक ड्याम निर्माण, हात्तीगौंडा चोकबाट वल बहादुर सिंजालीको घरसम्म बाटो स्तरोन्नति, श्रीमान सारुको घर देखि भारकोटेको घरसम्म गोरेटो बाटो निर्माण, वडा भित्र सडक बत्ती निर्माण, भैरव वर्क्ससपदेखि थकाली भान्साघरसम्म बाटो बिस्तार, बसपार्क सार्वजनिक शौचालयदेखि रवि गन्धर्वको घर पछाडिको नाली बनाउने र कृष्ण शाक्यको घर देखि राजु केसीको घर हुँदै गएको बाटो निर्माण लगायतका योजना छन्।

शिव नेपालको घरदेखि ढाका सारुको घरसम्म भल ब्यवस्थापन, लालमणिको घरदेखि धोवीधारा जाने ठाडो बाटो निर्माण लगायतका योजना रहेका छन्। यो वडाले साना योजनाहरूमा समेत कम्तीमा १ लाख रुपैयाँसम्मको बजेट बिनियोजन गरेको छ। १ लाख भन्दा मुनि बजेटका टुक्रे योजना नरहेको वडा अध्यक्ष सागरमान महर्जनले बताए।

**कला संस्कृति र मौलिकताको संरक्षण सम्वर्द्धन**

यो वडाले स्थानीय मौलिक कला, संस्कृतिको सम्वर्धनका लागि समेत बजेट बिनियोजन गरेको छ। अघिल्लो वर्ष पनि भीमसेनटोलमा सडक खाना महोत्सवका लागि सहयोग गरेको यो वडाले चालु वर्षमा समेत कार्यक्रमलाई निरन्तरता दिएको छ। सडक खाना महोत्सव, लाखे चुइकी र भजन कला संस्कृति संरक्षणका लागि १ लाख रुपैयाँ बजेट बिनियोजन गरेको छ। स्थानीय महत्त्वका बिभिन्न मन्दिरहरूको जीर्णोद्धार तथा प्रवर्द्धनका लागि पनि बजेट बिनियोजन गरेको छ।

**समस्या तथा चुनौति**

- ❖ भौगोलिक हिसाबले ठूलो वडा।
- ❖ वडाको विकासका लागि माग अनुसार बजेट नहुनु।
- ❖ दक्ष प्राविधिक कर्मचारीको अभाव।
- ❖ समयमा योजना सम्पन्न गर्न कठिनाई, उपभोक्ता समितिलाई व्याबहारिक तालिम तथा सहजीकरणको आवश्यकता।
- ❖ पुरानो ९ नं. वडा अर्थात् कुन्सरे क्षेत्रमा जताततै मोटरबाटो खनिएको भएपनि बजेट अभावमा स्तरोन्नतिमा समस्या।
- ❖ ठूला योजनाहरूमा उपभोक्ताले अनिवार्य २० प्रतिशत रकम उठाउनुपर्नेमा कतिपय योजनामा समस्या।
- ❖ उपभोक्ता र प्राविधिक बीच काममा आपसी बुझाई कमजोर हुँदा धेरै काम गरेर कम इस्टिमेट आउने गरेको उपभोक्ताको गुनासो आइरहने।
- ❖ कतिपय बाटोमा ग्राभेल गरिएको बर्षौ बित्दासम्म बजेट अभावमा स्तरोन्नति गर्न नसक्दा समस्या उस्तै भएको।

**निष्कर्षः**

जनप्रतिनिधि आएपछि वडामा नागरिकको काममा सहज भएको छ। सेवाग्राहीलाई समेत आफ्नो गुनासो सहज रूपमा राख्ने माध्यम जनप्रतिनिधि बनेका छन्। लोककल्याणकारी कार्यक्रमबाट नागरिक सिधै लाभान्वित हुने भएकोले पनि उनीहरूको चाहना लोककल्याणकारी कार्यक्रम नै रहेको पाइन्छ। जनचाहना अनुसार काम गर्नेमा जनप्रतिनिधि र कर्मचारी प्रतिबद्ध भई लागेको पाइन्छ तर भौगोलिक हिसाबले ठूलो वडा र बजेट कम भएकोले बिकासको गतिले सोचेअनुसार तीव्रता पाउन सकेको देखिंदैन। उपभोक्ता समिति, वडा कार्यालय र प्राविधिकहरूसँगको सही छलफल र निष्कर्ष नहुँदा टोलस्तरका काम, त्यसको प्राविधिक इस्टिमेट र फरफारकमा समस्या भएको देखिन्छ। नगरपालिका भित्र अन्तर्वडास्तरमा समन्वय, सहकार्यका लागि वातावरण बनाउन सकिएमा कतिपय योजना कार्यान्वयनमा सहजता हुने देखिन्छ।

**(सम्पादक, पाल्पा समाचारपत्र साप्ताहिक)**

## तानसेन नगरपालिकाको अनुरोध

- ❑ सफा टोल सफा सहर, हामी सबै तानसेन बासीको रहर
- ❑ सार्वजनिक सम्पत्ति सडक, चोक,गल्ली हामी सबैको हो, सधैं सफा राखौं
- ❑ घर घरमै फोहरलाई कुहिने र नकुहिने गरी छुट्याएर उचित व्यवस्थापन गरौं
- ❑ प्लाष्टिक झोलाको बिकल्पको रूपमा जुट, कपडा वा धेरै पटक प्रयोग हुने झोलाको प्रयोग गरौं
- ❑ सफा तानसेनको लागि आफ्नो क्षेत्रबाट सफा अभियान सञ्चालन गरौं



# तानसेन -७ मा भएका गतिविधि सर्सरी हेरेपछि

- किरण कौशल

सिद्धार्थ लोकमार्गको चुच्चेबारी देखि होलाङ्दीसम्म फैलिएको तानसेन नगरपालिका वडा नं.७ सहरउन्मुख वडा हो। पूर्व–पश्चिम कुन्सरे देखि फतुवाखोलासम्म फैलिएको वडा मौजुदा तानसेन नगरपालिकाभित्र भूगोलका हिसाबले ११ औं स्थानमा पर्दछ। नगर भित्र बसोबास गर्ने जनसंख्याका हिसाबले दोस्रो धेरै जनसंख्या भएको वडामा पर्दछ। ३.१४ वर्ग किलोमिटर फैलिएको वडामा २ हजार ३ सय २ पुरुष र २ हजार ६ सय ९८ महिला गरी ५ हजार जना बसोबास गर्दछन्। १ हजार ३ सय ५० परिवार संख्याको बसोबास रहेको वडा नं. ७ साबिकका वडा नं. १४ र वडा नं. ११ मिलेर बनेको हो।



वडाअध्यक्ष मुक्तिराम जी.सी.

धार्मिक, पर्यटकीय सम्पदाको धनी वडामा प्रभास ताल (कमल पोखरी), शिवालय मन्दिर, वंशगोपाल मन्दिर, शीतलादेवी मन्दिर, कुन्सरे दुर्गामन्दिर, वारुदखान दुर्गामन्दिर, कुसुनडाँडा दुर्गामन्दिर र कोकलदेवी मन्दिर जस्ता धार्मिक एवम् पर्यटकीय स्थान छन्। वंशगोपाल पार्क, वेनीडाँडा पार्क, कुसुनडाँडा बगैंचा, वाघखोर पार्क, ठाँटीचौर चिल्ड्रेन पार्क, सूर्यकुण्ड पार्क, प्रभास वगैंचा पार्क र पीपलटारी पार्क जस्ता पार्क र उद्यान रहेका छन्।

वाघखोर खेलमैदान, रानीकोहल खेलमैदान र वेसीटोल खेलमैदान रहेकाले वडामा खेलकूद विकासमा राम्रो सम्भावना छ। लुम्बिनी मेडिकल कलेज, तानसेन बहुमुखी क्याम्पस, न्यू होराइजन मावि र सरस्वती माविले जिल्लाकै शैक्षिक विकासमा योगदान दिएका छन्। यी शैक्षिक संस्थाहरू यहाँको सामाजिक र आर्थिक विकासमा कोसेढुङ्गा बनेका छन्। वडाध्यक्ष मुक्तिराम जी.सी, वडा सदस्यहरू नर बहादुर थापा, सुरेश कोइराला, गंगा रोकाहा क्षेत्री र मिना परियार, वडा सचिव तुल्सीराम कोइराला र कार्यालय सहयोगी भगवती सुनारको समूह वडाको विकासमा लागि परेका छन्। वडाध्यक्षले आफ्नो २ बर्षको पारिश्रमिक ५ लाख ९४ हजार समेत वडाको विकास निर्माणमा लगानी गरेको बताउनुभयो।

नगरपालिकाबाट वडामा विनियोजित विकास निर्माणका काममा उत्कृष्ट जनश्रमदान जुटाउन सफल यो वडाले भौतिक पूर्वाधारका केही दीर्घकालीन योजनाहरू अगाडि सारेको छ। वडाको योजना र नगरस्तरीय योजनामा २० प्रतिशत भन्दा बढी जनश्रमदान जुटाएको छ। आर्थिक बर्ष २०७४/०७५ मा १५ लाख र आर्थिक बर्ष २०७५/०७६ मा ३६ लाख बराबरको जनश्रमदान जुटाएको वडा अध्यक्ष मुक्तिराज जीसीले बताउनुभयो।

वडा भित्र हरित सहरको अवधारणा अनुसार विभिन्न प्रजातिका विरुवा वितरण तथा रोपण अभियान निरन्तर चलिरहेको छ। खानेपानीको समस्या समाधान गर्दै एक घर एक धाराको अभियान थालनी भएको छ। काठका बिजुलीका पोलहरू मुक्त वडा बनाउन यस बर्ष सबै स्थानमा फलामे पोल राखिनेछ। स्थानीय समुदायको घरदैलोसम्म एम्बुलेन्स सेवा पुग्ने गरी सडकको विस्तार र स्तरोन्नति भएका छन्। वडामा २ वटा खेलमैदान निर्माणले गति लिएको छ। सार्वजनिक जग्गा अतिक्रमण हुनबाट रोक्ने कार्यमा आंशिक उपलब्धि हात परेको छ। सडक बत्ती र सरसफाइको अभियान निरन्तर चलिरहेको छ।

**भौतिक पूर्वाधार विकास अर्थात् २ बर्ष अवधिमा भएका महत्त्वपूर्ण कार्य :**

- प्रभास वगैंचाको सौन्दर्यकरण, स्टेज निर्माण र बगैंचाको व्यवस्थापन जसमा नगरपालिकाको एक लाख २५ हजार स्रोतमा स्थानीय युवा क्लब र समुदायको सहयोगमा ६ लाख बराबर काम भएको छ।
- अतिक्रमणको चपेटामा रहेको धार्मिक स्थल सूर्यकुण्ड व्यवस्थापन र सूर्यकुण्डको ६ आना जग्गाको संरक्षण गरिएको छ। जसमा १२ लाख बराबरको निर्माण कार्य भएको छ।
- पर्यटकीय स्थल वंशगोपाल मन्दिर सौन्दर्यकरण र ट्रष्ट निर्माण, जसलाई पर्यटन बोर्ड काठमाण्डौबाट १० लाख बजेट समेत प्राप्त भएको थियो।
- होलाङ्दी खोलाले किसानहरूको खेतबारीलाई असर गरेकाले त्यसको व्यवस्थापनमा ४० लाखको काम भएको छ। अझै व्यवस्थापन गर्न बाँकी कार्य स्थानीय बासिन्दाको सहयोगमा निरन्तरता दिइने सोच छ।
- किरियापुत्री घर निर्माणका लागि वडाले प्राथमिकतामा राखेको छ। चुडीपंधेरा, पोखरेल पंधेरा, पीपलटारी, काजीपौवा वंशीधारा, बाँसटारी डाँडापीपलमा निर्माण सम्पन्न गरिएको छ भने यस आर्थिक बर्षमा थप २ वटा निर्माण गर्ने योजना छ।

- पर्यटन प्रवर्द्धन गर्ने वंशगोपाल प्रवेशद्वार ३ लाखमा निर्माण गरिएको छ। फतुवा खोलामा १० लाख लागतमा पक्की पुल निर्माण गरिएको छ।
- कुन्सरे पक्लुहवा डिप बोरिङ खानेपानी तथा सिंचाइ योजना ८५ घर परिवारलाई लक्षित गरेर ५ लाख बजेटमा निर्माण शुरुवात चरणमा रहेको छ।
- खानेपानीलाई व्यवस्थित गर्ने क्रममा नयाँगाउँ पानी टंकी र लामीडाँडा पानी टंकी स्तरोन्नतिको काम ८ लाख बजेटमा भएको छ।
- रक्साहा र चण्डीस्थानमा सामुदायिक भवन निर्माण गरिएको छ भने पक्लुहवामा यस बर्ष निर्माणको चरणमा रहेको छ।
- ६०/४० योजना अर्न्तगत सरस्वती माविको विद्यालय परिसरमा ढलान, बंशीधर सडक ढलान र प्रभासदेखि देवीस्थान सडक ढलानमा करीब ३७ लाख रकम खर्च भएको छ।
- बाँसटारी डाँडापीपल करीब एक किलोमिटर सडक ढलान तथा ग्राभेल १५ लाख र ठाँटीदेखि लामीडाँडा करीब साढे एक किलोमिटर सडक ग्राभेल ८ लाख, बाँसटारी देखि सरस्वती मावि सडक स्तरोन्नति १ लाख, माथिल्लो पक्लुहवा देखि कुन्सरे सडक स्तरोन्नति १ लाख लागतमा सम्पन्न भएका छन्।
- बाघखोर खेलमैदानको फिल्ड सुधार करिब ७ लाख ५ हजारको हालसम्म काम भएको छ अझै यस मैदानलाई व्यवस्थित गर्न आवश्यक रहेको छ।
- रानीकोहल खेल मैदानको स्तरोन्नतिको काम भएपनि सामुदायिक वन र स्थानीय बीचको विवादले रोकिएको छ तर यो खेलमैदान निर्माण गर्न सके तानसेन नगरपालिका भित्र कम खर्चमा राम्रो खेलमैदान बन्न सक्ने सम्भावना रहेकाले यसमा सबैको ध्यान पुग्न आवश्यक देखिन्छ।



**सामाजिक र आर्थिक विकास :**

- वंशगोपाल युवा क्लबको आयोजना र वडा कार्यालयको बिशेष सहयोगमा बाँसटारी बजार क्षेत्रमा ११ दिने महोत्सव सम्पन्न गरेर संस्कृति संरक्षण र आर्थिक विकासमा महत्त्वपूर्ण ईट्टा थप्ने काम भएको छ।
- वडाले होली पर्व, कृष्ण जन्माष्टमी पर्व, शिवरात्री मेला, गाईजात्रा, रोपाइँ जात्रा र तीज जस्ता पर्वहरूको संरक्षण र सम्र्वद्धनमा बार्षिक बजेट विनियोजन गरी सहयोग गरेको छ।
- वडा भित्रका ६५ बर्ष भन्दा माथिका १ सय ४० आमाबुवाहरूलाई सम्मान स्वरूप धार्मिक स्थल मुक्तिनाथ दर्शन गराउने कार्य गरेको छ।
- महिला, जनजाति र दलित समुदायलाई रोजगारी सिर्जना गर्ने उद्देश्यले ३५ जनालाई १५ दिने बुटिक निर्माण तालिम, नेतृत्व विकास तालिम जस्ता कार्यक्रम सञ्चालन गरिएको छ।
- विद्यालयका विद्यार्थीहरूलाई खेलकूद सामग्री वितरण तथा कक्षा १ देखि ३ सम्म २ वटा विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको छ। अपाङ्गता पुनः स्थापना केन्द्र सिर्जनशील अपाङ्ग स्वाबलम्बन केन्द्रलाई १ लाख ५० हजार सहयोग गरेको छ।

**वडाको विकासका लागि आर्थिक बर्ष २०७५।०७६ मा रकम विनियोजन**

आर्थिक विकास तर्फ ३ लाख ३० हजार, सामाजिक विकास ५ लाख ९५ हजार, पूर्वाधार विकास १५ लाख २५ हजार, वन वातावरण तथा विपत व्यवस्थापन ३०लाख, नगरस्तरीय योजना तथा वहुवर्षीय योजना ४० लाख र लागत सहभागीता ६०/४० योजनाका योजनातर्फ ५३ लाख विनियोजन गरेको पाइन्छ।

**वडाको विकासका लागि गर्नुपर्ने पहलकदमीहरु :**

- वडाको विकास निर्माणमा प्राविधिक जनशक्तिबाट पर्याप्त समय दिन नसक्दा अप्ठेरो परेको छ। वडा कार्यालयमै बसेर योजनाहरू इस्टमेट र मूल्याङ्कन गर्ने र योजनाको नियमित अनुगमन र निर्देशन दिन आवश्यक देखिन्छ। कम्तीमा महिनामा एक हप्ता वडा कार्यालयमा वसेर काम गर्ने व्यवस्था मिलाउन आवश्यक छ। प्रत्येक योजनामा प्राविधिक ३ देखि ५ पटकसम्म फिल्डमा पुग्न सकेमा विकास निर्माण कार्य गुणस्तरीय हुने देखिन्छ।
- नगरस्तरीय योजना कार्यान्वयनका लागि वडामा पठाए पछि नगरपालिकाबाट योजना कार्यान्वयनमा सहयोग र समन्वयमा थप सुधार गर्न आवश्यक छ। योजना कार्यान्वयनका चरणमा उत्पन्न विवादहरू समाधानमा वडालाई नगरपालिकाले सहयोग गर्ने र समयमै निर्णय लिने परिपाटीको विकास गर्न आवश्यक छ।
- वडा कार्यालयबाट गरिने सिफारिसहरू आवश्यक प्रमाण नपुगेर रोकिएको अवस्थामा नगरपालिकाले सहजीकरण गरेर वडामै पठाउने तर कार्यालयले सिफारिस भने नदिने अभ्यासको थालनी गर्नुपर्ने देखिन्छ।
- वडा कार्यालय भवनमा रहेको होटलका सञ्चालक र नगरपालिका बीच भएको सम्झौता अनुसार होटलले मापदण्ड पूरा नगरेको पाइएकाले त्यसको अनुगमनको अवश्यकता देखिएको छ।
- वडामा विनियोजित बजेट अत्यन्त न्यून भएकोले कतिपय योजना सम्पन्न गर्न दुई आर्थिक बर्षमा बजेट विनियोजन गर्नुपर्ने अवस्था रहेको छ। जसले गर्दा टोलवस्तीबाट माग भएका योजनाहरू समेट्न

नसकिएकाले नागरिकमा निराशा बढेको छ।

- वडा कार्यालय सञ्चालन सम्बन्धी बजेट खर्चको जिम्मा वडालाई नभएकाले तत्काल आवश्यक पर्ने कार्यालय सञ्चालनका सामग्रीहरू खरीदमा समस्या भएको छ । त्यसैले वडालाई बजेट छुट्याएर खर्च र व्यवस्थापनको जिम्मा दिन सके अझै सेवा प्रभावकारी हुने देखिन्छ । योजनाहरूको अनुगमनलाई प्रभावकारी बनाउनका लागि प्रर्याप्त इन्धन सुविधाको व्यवस्थापन गर्न आवश्यक देखिन्छ । वडा कार्यालयका लागि हाल भएकोमा थप एक थान कम्प्युटर, फोटोकपी मेसिन र ल्यापटप व्यवस्थापन गर्न सकेमा अझै प्रभावकारी सेवा प्रदान हुने देखिन्छ ।

**वडाको दीर्घकालीन सोच :**

तानसेन–७ वडालाई धार्मिक र शैक्षिक पर्यटनको गन्तब्य बनाउने अभियानको थालनी गरिएको छ। विशेषगरी प्रभास क्षेत्र र प्रभास ताल (कमलपोखरी) सहित वंशगोपाल पार्कको गुरुयोजना निर्माण गरेर विकास गर्न आवश्यक छ। यसको विकास भएमा नगरकै एक लेकसाइट बजारको विकास हुनेछ। जसबाट आन्तरिक र बाह्य पर्यटकको आगमन बृद्धि तथा विकास भई स्थानीय बासिन्दाहरूको रोजगारी सिर्जना र नगरको बलियो आम्दानीको स्रोत बन्न सक्ने देखिन्छ।

वडाका बासिन्दाको प्रमुख समस्याको रूपमा रहेको होलाङ्दी खोलाको व्यवस्थापन वडाको महत्त्वपूर्ण कार्य भित्र पर्दछ किनकि यस खोलाले धेरै किसानहरूको खेतबारीलाई क्षति पुऱ्याएको छ । वडा नं. ७ र १० का करीब एक हजार घरपरिवारलाई लक्षित गरेर खानेपानी डिभिजन कार्यालयको सहलगानीमा बृहत् प्रभास खानेपानी योजना सञ्चालनको चरणमा रहेको छ । करीब ११ करोड ७७ लाखको यस योजनालाई सफल बनाउन नगर नेतृत्वसँगै वडा जनप्रतिनिधिहरूको समेत उत्तिकै भूमिका रहन्छ।

अन्त्यमा, ग्रामीण क्षेत्रलाई प्राथमिकतामा राखेर विकास निर्माणका लागि बजेट विनियोजनमा ध्यान दिनुपर्ने देखिन्छ। साथै कतिपय अन्तरवडा योजनामा नगरपालिका नेतृत्व र छिमेकी वडाका जनप्रतिनिधिहरूको समेत सहयोग, सहकार्य र समन्वय हुनुपर्ने अनुभूत हुन्छ।

**(सचिव, नेपाल पत्रकार महासंघ पाल्पा)**

# नगरपालिकामा समावेश भएपछि तानसेन-८, मदनपोखरामा के भयो ?



**- रिमा सोमै**

दिनहुँ दर्जनौँ मानिसहरू देश विदेशबाट नमूना गाउँ मदनपोखरा हेर्न आउँछन् तर पछिल्लो समय मदनपोखरा आफै ओझेलमा परेको छ । यद्यपि अझै पनि सामुदायिक सञ्चार, सामुदायिक बन र व्याबसायिक कृषिसँगै आउने नाम हो मदनपोखरा। साबिक मदनपोखरा गाउँ बिकास समितिका वडाहरू २,३,४, ५ र ९ मिली बनेको ग्रामीण वडा नै तानसेन नगरपालिका वडा नं ८ हो। जिल्ला सदरमुकाम तानसेन देखि करिब ११ किलोमिटर दक्षिणमा रहेको यस वडामा अधिकांश जनजाति र दलित समुदायको बसोबास रहेको छ।



**वडाअध्यक्ष रामप्रसाद घिमिरे**

शिक्षा र सञ्चारको क्षेत्रमा नमूना मानिएको यो वडामा सामुदायिक तर्फ १ वटा माध्यमिक, १ वटा आधारभूत तथा २ वटा प्राथमिक बिद्यालय र संस्थागत तर्फ १ वटा बिद्यालय सञ्चालित छन् । यस वडामा नै दक्षिण एसियाकै पहिलो ग्रामीण सामुदायिक रेडियो मदनपोखरा गौरबको रूपमा रहेको छ।

करीब १६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस वडामा जम्मा घरधुरी संख्या ६ सय ३० रहेको छ। ४ हजार ३ सय ८० जनसंख्या रहेको यस वडामा अधिकांश मानिस कृषि पेशामा आश्रित रहेका छन्।

कृषि पेशालाई अत्यन्त सम्मानित मर्यादित रूपमा लिने यस वडाका कृषकहरू बेमौसमी तरकारी उत्पादनमा देशैभरि परिचित छन्।

गएको २ बर्षमा तानसेन नगरपालिकाले यस वडामा करीब ६० प्रतिशत रकम कृषि सडक बिस्तार, स्तरोन्नति तथा ग्राभेल र पीचका लागि बजेट छुट्याइएको थियो । तानसेन नगरपालिकाले गौरबको योजना अर्न्तगत नयाँपाटी सारेम कृषि सडक पीच गर्न २७ लाख रुपैयाँ बिनियोजन गरेपछि यहाँका नागरिक अति नै खुसी भए । शारदा माबिसम्म बाटो ग्राभेल तथा पीच भएसँगै डोकोमा तरकारी बोकेर नयाँपाटीसम्म जानुपर्ने बाध्यता हटेको किसान धनबहादुर सोमैले बताउनुभयो। बर्खाको समयमा बडेआँप तरकारी संकलन केन्द्रमा मात्रै ३–४ टन तरकारी संकलन हुन्छ। यसैगरी नयाँपाटी तरकारी संकलन केन्द्रमा दैनिक ७–८ टन तरकारी संकलन हुन्छ । वडा नं ८ मा संकलित यी सबै तरकारी बुटवल जाने गर्दछन्।

आर्थिक बर्ष २०७४–७५ मा भालेबास–छाप कृषि सडकलाई ५ लाख रुपैयाँ बिनियोजन भएर काम सम्पन्न भएसँगै दैनिक २ सय लिटर दूध जिल्ला सदरमुकाम तानसेन पुऱ्याउन सहज भएको छ। पछिल्लो समयमा छाप पीपलडाँडाका कृषकहरू गाईपालन तर्फ आर्कषित हुँदै गएका छन।

आर्थिक बर्ष २०७४–७५ मा नै गारादी खल्लुकुदी खानेपानी पाइप खरीद तथा ७ वटा धारा निर्माणको लागि नगरस्तरीय ५ लाख रुपैयाँ बजेट बिनियोजन गरिएको थियो। काम सम्पन्न भएपछि १ गाग्री पानी लिन जादा लाग्ने २० मिनेटको समय बचत भएको स्थानीय बासिन्दा मुकुन्दप्रसाद चिदीले बताउनुभयो। यो योजना सम्पन्न भएसँगै ३ सय बढी जनसंख्या लाभान्वित भएका छन्। यसैगरी सोही आर्थिक बर्षमा नै कमेरेपानी नयाँपाटी खानेपानी टंकी निर्माणका लागि १ लाख ५० हजार, सामुदायिक महिला भवन सिढी तथा रेलिङनिर्माण र भवन प्लाष्टरका लागि कूल ५ लाख रुपैयाँ बिनियोजन गरी काम गरिएको थियो।

चुच्चेबारी सिसिरे मदनपोखराको कोकलछाप तल्लो डुम्रे मोटरबाटो स्तरबृद्धि, गुन्द्रेखोल्सा खण्डमा पहिरो नियन्त्रण र पक्की पर्खाल निर्माण, कोकलमा सडकको ट्र्याक खोल्ने काम, तल्लो डुम्रे माथि पोषपाखामा माटो थपेर स्तरवृद्धिको कार्य सम्पन्न भएको छ। जैदेउ टोल जाने ठाडो बाटो ढलानका लागि वडा बाट १ लाख रुपैयाँ बिनियोजन भएको थियो। वृन्दाबनमा बस्तीस्तरको मोटरबाटो निर्माणकालागि ६० हजार, गाङ्दी खोला शिखरडाँडा लिफ्ट खानेपानी संरक्षणका लागि ६० हजार रुपैयाँ विनियोजन गरी काम भएको थियो। चाउरी पोखरामा सभाहल निर्माणका लागि १ लाख ९० हजार रुपैयाँ बिनियोजन भएअनुसार काम सम्पन्न भएको थियो।

लक्षित बर्गको कार्यक्रम तर्फ महिला, बालबालिका, जनजाति, जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका तथा युवा वर्गका लागि ५ लाख रुपैयाँ बिनियोजन भएअनुसार काम सम्पन्न भएको छ। यस्तै कोकलदेबी मन्दिर जाने ठाडो बाटोमा सिंढी तथा रेलिङ निर्माणमा नगरबाट ५ लाख, श्रम सहभागिता ५० हजार समेत गरी ५ लाख ५० हजार रुपैयाँमा काम सम्पन्न भएको छ। यस मन्दिरमा बर्षेनी करीव ४ हजार भक्तजन आउने गर्दछन्।

यसैगरी आर्थिक बर्ष २०७५–७६ मा यस वडाका लागि बिभिन्न शीर्षकमा बजेट बिनियोजन भएको छ। व्यावसायिक उन्नत पशुपालक कृषकका लागि भकारो सुधार गर्नका लागि १ लाख रुपैयाँ, यस बजेटबाट कृषकहरू छनोट गरी निश्चित अनुदानमा भकारो सुधार गरिएको छ। यसैगरी कृत्रिम गर्भाधानका निम्ति आवश्यक उपकरण खरीदका लागि बजेट बिनियोजन गरिएको थियो। तरकारी खेतीमा औषधि सुरक्षा र एप्रोन खरीदका लागि २५ हजार, कृषि बस्तु तौलका लागि डिजिटल काँटा खरीद गर्न २५ हजार, आरन सुधारका लागि उपकरण खरीद गर्न ६० हजार रुपैयाँ बिनियोजन भएको थियो। त्यस्तै गत आर्थिक बर्षमा नै चापपानीमा सभाहल निर्माणका लागि ३ लाख रुपैयाँ बिनियोजन भएको थियो। सभाहल निर्माणबाट सामाजिक गतिबिधि सम्पन्न तथा छलफलका लागि स्थानीय बासिन्दालाई सहज भएको छ।

शारदा माविमा बिद्यार्थी उपचार कक्ष सेटिङका लागि बजेट बिनियोजन भएको थियो। यसैगरी कालापानी रानाटोल लिफ्ट खानेपानी मोटर खरीदका लागि १ लाख, तीनकुने बस्ती खानेपानी टंकी मर्मतका लागि ३० हजार, पनियार टोल मिना गाहाको घरछेउ खानेपानी टंकी निर्माणका लागि ३० हजार, भगवती आधारभूत बिद्यालय खानेपानी व्यबस्थापन का लागि ३० हजार वडा कार्यालय खानेपानी व्यबस्थापनका लागि ३० हजार, कुवापानी खानेपानी मूल संरक्षणका लागि ३० हजार, सम्मोबारी खानेपानी मूल संरक्षणका लागि २५ हजार तथा कोकल खानेपानी पाइप खरीदका लागि २५ हजार रुपैयाँ विनियोजन भई काम सम्पन्न भएको थियो।



गएको बर्ष नै यस वडाका लागि तानसेन नगरपालिकाबाट सामुदायिक स्वास्थ्य इकाइ औषधि तथा उपकरण खरीद, सामुदायिक महिला भवन फिनिसिङका लागि सहयोग गरिएको थियो। भालेबास छाप अधुरो मोटरबाटो स्तर बृद्धिका लागि ५ लाख, वडा भित्रका मोटरबाटो मर्मत संम्भारका लागि १ लाख ५० हजार, कमेरेपानी टिमुरगैरा निर्माण तथा किरी भञ्याङ्ग बेलासपुर मोटरबाटो स्तरोन्नतिका लागि १ लाख, बाटुलेचौर देखि देउगिरको घरसम्म बाटो, ढुंगा छपाइ तथा सिढी निर्माणका लागि १ लाख रुपैयाँ बिनियोजन भएको थियो। जरेपीपल प्रगतिटोल सिमलडाँडा मोटरबाटो सुधार तथा जरेपीपल चाँदनी तथा चण्डिटोल मोटरबाटो बिस्तार,चापपानी खत्रीचौपारी माथिल्लो तारेडाँडा मोटरबाटो सुधार तथा जैदेउ बस्ती जाने अधुरो ठाडो बाटो ढलाइका लागि रकम बिनियोजन गरिएको थियो। यसैगरी सिस्नेडाँडा चर्चरे मोटरबाटो निर्माणका लागि २ लाख, चाउरीपोखरामा गाउँघर क्लिनिकका लागि शौचालय निर्माण गर्न १ लाख रुपैयाँ बिनियोजन गरिएको थियो। गएको आर्थिक बर्षमा नै वडा भित्र नसड्ने फोहर व्यबस्थापनका लागि १ लाख, उम बहादुर बौडेलको घर मुनि घर सुरक्षा पर्खाल निर्माणका लागि ५० हजार, बन व्यबस्थापन तालिमका लागि ३० हजार तथा शारदा मावि देखि वडा कार्यालय जाने बाटो स्तर बृद्धिका लागि ३ लाख रुपैयाँ विनियोजन गरी काम सम्पन्न गरिएको थियो।

**(पत्रकार)**

# पछिल्ला २ वर्षमा तानसेन -९ मदनपोखरामा भएका गतिविधि



- विजयकुमार बौंडेल

मदनपोखराको दमकडा सेरोफेरो भनुँ वा हालको तानसेन–९ मा हरिसुमर रेग्मीले वडाको नेतृत्व गर्नु भएको छ। वडा सदस्य चुनिएको ८ महिना मै वडा सदस्य सुरेन्द्र पाण्डेयको निधन भएको छ भने वडा सदस्य चुनिएका तुलबहादुर गाहा जिल्ला समन्वय समिति सदस्यमा निर्वाचित हुनु भयो।



वडाअध्यक्ष हरिसुमर रेग्मी

सदस्य विनिता लुँइटेलले न्यायिक समितिको सदस्यको जिम्मेवारी वहन गर्नु भएको छ। यमकुमारी बौंडेल अर्को वडा सदस्य हुनुहुन्छ। यीनै जनप्रतिनिधि र सचिवको नेतृत्वमा तानसेन -९ को विकास निर्माण गतिविधि अगाडि बढेको छ। आशा र अपेक्षा अनुसार सबै काम सम्पन्न नभएपनि निराश नै हुनु पर्ने अवस्था भने नरहेको वडाअध्यक्ष हरिसुमर रेग्मी बताउनुहुन्छ।

### सिकाइ

मदनपोखरा भनेर धेरै परिचित गाउँको नेतृत्व लिने बेला गाडी नचल्ने बाटो, पानी नआउने धारा, ढलेका बिजुली पोल, लालपूर्जा र सिंचाइ नभएका जग्गाको समाधान बनाउने बाचा सहित हरिसुमर रेग्मी वडाध्यक्षमा निर्वाचित हुनुभयो। निर्वाचित भएको २ बर्षमा विकास निर्माणमा गति लिनेगरी काम गर्नुपर्ने, गुणस्तरीय काम गर्नुपर्ने र देखिनेगरी काम गर्नुपर्ने सिकाइ छ। बर्खे भेलले हरेक बर्ष धेरैको ज्यान लिने तिनाउमा पुल नहुँदा समस्या रहेको ठाउँमा आफ्नै निगरानीमा बहुचर्चित तिनाउ पुल र साबिक मदनपोखरा गाविस वडा नं. १ र ७ को लिफ्ट खानेपानी आफ्नो कार्यकालको सबैभन्दा देखिने र नागरिकहरूलाई सहज भएको योजना हो। विकासका लागि नगरिकको चासो, प्रदेश र संघीय सरकारबाट प्राप्त बजेटबाट स्थानीय तहले गर्न सक्ने रेग्मीको बुझाई छ।

### सफलता

रेग्मी निर्वाचित भएको पहिलो आर्थिक बर्ष २०७४/०६५ मा ४५ लाख बजेटको ५४ वटा योजना सबै सम्पन्न भयो। जसमा भँगाहापोखरा ढाक्रेबास चिसापानी मोटरबाटो विस्तार, अम्लिहान बेल्टारी उल्टेभित्ता हुँदै सत्यवतीपोखरा मोटरबाटो, अम्लिहान तिनपीपले देउराली डिल बहादुर मार्ग, अपांगता भएकाहरूलाई मौरीघार वितरण र कृषिमा बोका अनुदान सबैभन्दा सफल योजना पर्छन। त्यतिवेला वितरण गरेको मौरी घार एक बाट २/३ वटा घार बनाउँदै अहिले उनीहरूले घरखर्च टारेका छन्। अझैपनी माग अनुसारका योजना पूरा गर्न नसकिएको, सबै बाटो ग्राभेल र पक्की नाली बनाउन नसकिएको रेग्मी बताउनुहुन्छ।

सबै वडा सदस्यको साथ र सहयोग पाउनुभएका रेग्मी निर्वाचित भएको २ बर्ष सम्म कार्यालय सञ्चालन हुने दिनमा जिल्ला बाहिर जानुभएको छैन। त्यसैले अहिलेसम्म कसैलाई वडाध्यक्षको कार्यबाहक जिम्मेवारी दिन परेको छैन।



### सम्झनलायक कामहरु

पहिलो प्राथमिकता वडाको काम त्यसपछी अन्य व्यक्तिगत काममा समय दिने रेग्मीका केही सम्झन लायक कामहरू छन्। ११० वटा काठका पोल हटाएर फलामका पोल राख्ने काम गरिएको छ। १००० मिटर टाढाबाट ल्याएर ६० हजार लिटरको ट्यांकी सहितको अर्खले तिन्टीआँप नयाँबस्ती लिफ्ट खानेपानी योजना, निर्माणधिन शितल न्यानो घर, दमकडा खेलमैदान, तिन्टीआँप खेलमैदान, सम्झन लायक कामहरू हुन्। रेखदेख समितिको अध्यक्ष भएर पनि रेग्मीले तिनाउ पुल निर्माणमा सघाउनुभएको थियो।

### अपेक्षाहरु

बाँसटारी तिन्टीआँप दमकडा मोटरबाटो, रिभरभ्याली देखि माण्डब्य बहुमुखी क्याम्पस, दमकडा चोक देखि सामुदायिक रेडियो मदनपोखरासम्म पीच गर्ने रेग्मीको लक्ष्य छ। एक घर एक धारा, वृद्धाश्रम र दिवाखाजा रेग्मीका प्रमुख सोच हुन्। करीब २०० सक्षम युवाहरू बेरोजगार बस्नुपरेको भन्दै रेग्मीले ती सबैलाई रोजगार बनाउन

प्रयत्न गर्ने बताउनुहुन्छ । धेरै बिदेश भएका युवाहरूलाई स्वदेशमै फर्काएर कुनै न कुनै काममा तल्लिन बनाउन पाए बल्ल आफू सफल भएको महसुस गर्ने रेग्मीको भनाई छ। तानसेन नगरपालिका वडा नं. ९ लाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरी देशभर चिनाउन पाए हुन्थ्यो भन्ने इच्छा छ। प्रधानमन्त्री स्वरोजगार कार्यक्रम निरन्तर र बाह्रै महिना सञ्चालन गरेर सबै युवाहरूलाई स्वदेशमै रोजगार दिने लक्ष्य राज्यले राख्नुपर्ने र त्यसका लागि स्थानीय तहले सघाउने रेग्मीको भनाई छ।

**समन्वय र सम्पर्क**

रेग्मीको सबै राजनैतिक पार्टी र सरोकारवालाहरूसँग राम्रो सम्बन्ध छ। सबैजसो नागरिकहरूसँग व्यक्तिगत चिनजान, उनीहरूसँग बोलचाल, मित्रवत व्यवहार, सहयोग रेग्मीका बिशेषता हुन्। रेग्मीको नेकपासँगै तानसेन ९ मदनपोखरामा नेपाली काङ्ग्रेस र राप्रपासँग पनि राम्रो समन्वय छ । अन्य राजनैतिक पार्टीहरूले हरेक विकाश निर्माणका कार्यमा चासो दिनुहुन्छ । आवश्यक सहयोग गर्नुहुन्छ । रेग्मीले पनि उहाँहरूसँग सम्पर्क र समन्वय गरेरै काम गर्नुहुन्छ। वडाभित्र भएका सबै टोल विकास संस्था, संघ संस्था, सहकारीहरूसँग रेग्मीको सम्बन्ध राम्रो छ। सबै संघसंस्थाले रेग्मीलाई अभिभावक मानेका छन्।

**निर्वाचित भएपछीको दोश्रो आर्थिक बर्ष**

पहिलो बर्षको सिकाइ पछि दोश्रो आर्थिक बर्ष हरिसुमर रेग्मीको लागि धेरै सहज भयो । दोश्रो आर्थिक बर्षमा वडास्तरीय १९, नगर स्तरीय ६ वटा, प्रदेशको ४ वटा, संघको ३ वटा, कृषि मन्त्रालय अर्न्तगतको १, मागमा आधारित २ र खेलकूद मन्त्रालय अन्तर्गत १ गरी जम्मा ३६ योजनाहरू सहज तरिकाले सम्पन्न भयो। निर्वाचित भएपछिको पहिलो बर्ष धेरै उत्साहित भएपनि संघीय सांसद विकासको रकम काटिएर आउँदा निरासा छाएपनी दोश्रो बर्षको कार्यसम्पादनले उत्साह छाएको छ। पहिले नागरिकबाट आएका सबै योजनालाई बजेट छरेर सम्बोधन गर्दा खासै काम नदेखिने गरेकाले यो आर्थीक बर्ष एकैपटक योजना पूरा हुनेगरी बजेट विनियोजन गरिएको छ।

**८ महिना संयूक्त वडाकार्यालय**

मदनपोखरा गाविस तानसेन नगरपालिकामा गाभिएपछी ८ र ९ गरी २ वटा वडामा विभाजन भयो । वडा विभाजन भएपनि कार्यालय, स्थान लगायतको अभाव भएपछि तानसेन ८ का वडाध्यक्ष रामप्रसाद घिमिरे र तानसेन ९ का वडाध्यक्ष हरिसुमर रेग्मी ९ महिना सम्म संयूक्त कार्यालय मदनपोखरामा बस्नुभयो। एउटै कार्यालयमा २ जना वडाध्यक्ष बस्नुपर्दा धेरै बिषयमा समस्या रहेपनि केही कुराहरूमा भने सहकार्य भयो । सिकाइको पहिलो बर्ष भएर पनि होला दुवै जना वडाध्यक्ष एउटै कार्यालयमा बस्दा नागरिकहरूलाई पनि सहज महसुस भयो । वडा नं. ९ को कार्यालय स्थापना गर्ने बिषयमा धेरै छलफल, बहस र अर्न्तक्रिया गरेपछि हरिसुमर रेग्मी दमकडाको एउटा खाली र साँघुरो भवनमा अस्थायी र कामचलाउ रूपमा कार्यालय स्थापना गर्न सफल हुनुभयो । यद्यपि व्यवस्थित र सुविधा सम्पन्न कार्यालय स्थापनाको लागि बराङ्दीकोहल सामुदायिक वनको हाता भित्र ५ रोपनी जग्गा उपयोग गर्ने सहमति भइसकेको छ।

**कर्मचारीको सहयोग**

वडाध्यक्षमा निर्वाचित भएपछि हरिसुमर रेग्मीले ३ जना वडा सचिवसँग काम गर्नुभयो। वडाध्यक्ष हुने वित्तिकै टेकबहादुर घर्ती, त्यसपछि टंक भण्डारी र अहिले मदन भण्डारीसँग काम गर्नुभयो। वडाध्यक्ष रेग्मीका अनुसार सबै वडा सचिवहरू निकै सहयोगी, सहज र सरल तरिकाले काम सम्पन्न गर्ने खालको भएको बताउँदै कर्मचारीको सहयोगले मात्र जनप्रतिनिधिहरू सफल हुने अनुभव सुनाउनुभयो।

**प्रेरणा र सिद्धान्त**

काका कमलराज रेग्मीको कम्युनिष्ट पार्टीमा लाग्नुपर्छ भन्ने प्रेरणाबाट राजनीतिमा होमिएका रेग्मीले अहिलेसम्म कहीँ कतै पनि जागिर गर्नुभएन । हरिसुमर रेग्मीका काका कमलराज रेग्मी २०१५ सालमा देशभरीमा नेकपाबाट निर्वाचित ४ जना सांसदहरू मध्ये एक हुनुहुन्थ्यो। रेग्मीका बुबाले २००७ सालमा ब्राह्मणले हलो जोतेपनि केही हुँदैन भनेर जोत्ने परिवारको सदस्य भएकाले कम्युनिष्ट विचारधारासँग धेरै प्रभावित भएको रेग्मी बताउनुहुन्छ।

**निष्कर्ष**

साबिक मदनपोखरा गाबिसको जुन नाम र शान थियो तानसेन नगरपालिकामा गाभिए र २ वडा बनेपछि मदनपोखरा ओझेलमा परेको हो कि ? भन्ने अनुभूति वडावासीले गर्न नपरोस् भन्नेतर्फ समयमै नगरप्रमुख, उपप्रमुख लगायत नगर नेतृत्वको ध्यानाकर्षण होस्। यद्यपि उपप्रमुख वडा नं ९ निवासी हुनुहुन्छ तथापि उहाँले १४ वटै वडाको नेतृत्व गर्नु पर्ने दायित्व छ। कृषि, उद्यम र पर्यटन मार्फत् मदनपोखराको कायापलट सम्भव छ भन्नेतर्फ अशोककुमार शाही नेतृत्वको तानसेन नगरपालिकाको दृष्टि पुगोस् अर्थात् मदनपोखरावासीले नगरबासी भएको अनुभूति गर्न सकून्।

**(पत्रकार)**

सूचनाः हाम्रो तानसेन वुलेटिनको सातौं अंकको लागि सामग्री २०७६ असोज मसान्तसम्ममा पठाई सक्नुहुन सरोकारवालाहरू सबैमा सादर अनुरोध छ ।

– प्रधान सम्पादक

Email: hamrotansenbu@gmail.com



# तानसेन-१० अर्थात् तेल्घा सेरोफेरोमा नियाल्दा जे भेटियो

- कृष्ण पोखरेल

साबिक तेल्घा गाउँ विकास समिति हालको तानसेन नगरपालिका वडा नं. १० नगरपालिका केन्द्र देखि दक्षिण पश्चिम दिशामा पर्दछ। तानसेन नगरपालिका केन्द्रदेखि वडा कार्यालय १० किलोमिटरको दूरीमा रहेको छ। २०६८ को जनगणना अनुसार वडा नं १० तेल्घाको जनसंख्या ३ रहेको छ। क्षेत्रफलको हिसाबले यो तानसेन नगरपालिकाको सवैभन्दा ठूलो वडा हो। वडा नं १० तेल्घाको मुख्य पेशा कृषि हो। यस क्षेत्रमा व्याबसायिक रूपमा मौसमी तथा वेमौसमी तरकारी खेती गर्ने कृषकहरू बढ्दै गएका छन्। २०७४ असार १४ गते स्थानीयतहको निर्वाचन भएपछि पहिलो जनप्रतिनिधिको रूपमा असार २० गते देखि लोचनप्रसाद तिमिल्सिनाले वडाको नेतृत्व गर्दै विकास निर्माणका काममा दत्तचित्त भएर लाग्नु भएको छ।



वडाअध्यक्ष लोचनप्रसाद तिमिल्सिना

२ बर्षको अवधिमा तानसेन नगरपालिका वडा नं १० तेल्घामा भएका **विकास निर्माणका गतिविधिहरु यस्ता छन्ः**

तानसेन नगरपालिका वडा नं १० तेल्घामा लोचन प्रसाद तिमिल्सीनाले नेतृत्व गरेपछि नगरपालिकाबाट छुट्टिएको कुनैपनि रकम फिर्ता भएको छैन। दुई बर्षको अवधिमा वडाले करीव १ करोड ५० लाख बराबरको योजना तथा कार्यक्रम गरेको छ। दुई बर्षको अवधिमा वडाको टोल–टोल बस्ती बस्तीमा मोटरबाटोको सुविधा पुगेको छ। वडाले दुई बर्षको अवधिमा शुद्ध तथा सफा खानेपानीको लागि प्रत्येक मुहानको संरक्षण तथा व्यबस्थित रूपमा सरसफाइ व्यबस्थापनमा कार्यक्रम केन्द्रित गरेको छ। कृषकहरूलाई व्याबसायिक उत्पादनतर्फ केन्द्रित गरी तालिम, मल बीउ तथा सिंचाइ, प्लाष्टिक पोखरीको व्यबस्था गर्दै आएको छ। चालु आर्थिक बर्ष देखि नयाँ बाटोभन्दा पनि खनिएका बाटोलाई स्तरोन्नति गर्दै मापदण्ड अनुसारका सडक निर्माण गर्ने वडा कार्यालयले जनाएको छ। दुःखको कुरा दुई बर्षको अवधिमा वडामा केन्द्रीय तथा प्रदेशको बजेट भने परेको छैन।

**जनप्रतिनिधि निर्वचित भएपछिको पहिलो बर्ष**

निर्वाचित भएको बर्ष तानसेन नगरपालिका वडा नं १० तेल्घालाई वडास्तरीय बजेट ४५ लाख र नगरस्तरीय बजेट २६ लाख ५० हजार विनियोजन भयो। वडा स्तरीय बजेटबाट वडाबासीको आवश्यकता, चाहना र टोल भेलाको माग अनुरूपका काममा खर्च भयो। लक्षित वर्ग, बाटोघाटो निर्माण तथा मर्मत, कृषक केन्द्रित कृषि तथा पशु उत्पादनमा सहयोग, साना सिंचाइ कार्यक्रम, कृषकहरूलाई तालिम, मल, बीउमा सहयोग, खानेपानी अन्तरगत, मूल संरक्षण, पाइप खरीद, मूल क्षेत्रमा रुख विरुवा लगाउने जस्ता कार्यक्रम सम्पन्न भए। जनसहभागितामा आधारित रहेर विभिन्न स्थानमा सामुदायिक भवन निर्माण भएका छन। कृषकहरूलाई मौरी घार वितरण, गोठको थरी तथा भकारो सुधार, खेलकूद अन्तरगत वडा स्तरीय भलिवल प्रतियोगिता कार्यक्रम वडा नं १० ले पहिलो बर्षमा गरेको छ। बस्ती टोलटोलबाट आएका योजनालाई प्राथमिकता दिंदा वडामा आएको बजेट ससाना कार्यक्रममा बाँडिएको देखिन्छ। यसबारे जिज्ञासा राख्दा नागरिकको जस्तो माग आयो सोही अनुसारको कार्यक्रम र बजेट बनाई कार्यान्वयन गर्नुपरेकोले ससाना योजना तथा कार्यक्रममा बजेट विनियोजन भएको वडा अध्यक्ष लोचनप्रसाद तिमिल्सिनाको भनाइरहेको थियो।

जनप्रतिनिधि वडामा आएपछि ठूलाठूला योजना सञ्चालनमा आएका छन। डुम्रे सुनडाँडा, तेल्घा हुँदै गुफाचौर जोड्ने पर्यटकीय मोटरबाटो निर्माण, प्रभास, चुकाहा गणसाल सेतीपोखरी जोड्ने मोटरबाटो निर्माण, तल्लो चिदियार लिफ्ट खानेपानी, बाक्लो खल्डुक लिफ्ट खानेपानी जस्ता खानेपानी योजनाले नागरिकलाई राहत मिलेको छ।

वडा स्तरबाट विनियोजन भएको बजेट मध्ये सबैभन्दा बढी मोटरबाटो निर्माण तथा मर्मतमा १८ लाख, खानेपानी मर्मत, मूल संरक्षणमा १४ लाख, विभिन्न किसिमका भवन निर्माणमा ६ लाख, कृषि उत्पादन तथा अन्य भईपरी आउने कार्यक्रममा ७ लाख खर्च भएको देखिएको छ।

**पहिलो बर्ष नगरपालिकाबाट वडा नं १० मा सञ्चालन भएका योजना**

यसैगरी नगरबाट विनियोजित बजेट अन्तरगत प्रभास गणसाल, सुरुङतुङ बडरबोटको १५ किलोमिटर बाटो सहरी मापदण्ड अनुसार निर्माण भएको छ। जसमा २० लाख रुपैयाँ बजेट विनियोजन भएको थियो। तेल्घामा पर्ने होलाङ्दी खोला व्यबस्थापनमा ५ लाख खर्च भएको छ। नयाँपाटीबाट तेल्घा जोड्ने ट्रष्ट पुल निर्माणमा १ लाख ५० हजार रुपैयाँ खर्च भएको छ।

**आर्थिक बर्ष २०७५/०७६ मा वडास्तरबाट भएका काम तथा बजेट**

गत बर्ष वडा नं १० तेल्घालाई तानसेन नगरपालिकाबाट ३० लाख

वडास्तरीय बजेट र नगरस्तरीय ४० लाख बजेट विनियोजन भएको थियो । गत बर्षमा समेत वडा र नगरले मोटरबाटो र खानेपानीलाई नै पहिलो प्राथमिकता दिएर कार्यक्रम तथा बजेट कार्यान्वयन भएको देखिएको छ । मोटरबाटोमा १२ लाख रुपैयाँ, खानेपानी व्यबस्थापन मर्मतमा ८ लाख १० हजार, कृषक केन्द्रित कार्यक्रम प्लाष्टिक पोखरी, बीउ विजन, साना सिंचाइ तथा बाँध निर्माण जस्ता कार्यक्रममा ३ लाख ५० हजार, विद्यालय तथा सामुदायिक भवन निर्माणमा ४ लाख ५० हजार बजेट खर्च गरेको देखिन्छ । वडाले जेष्ठ नागरिक सम्मान तथा अपाङ्गता भएकाहरूको पहिचान र क्षमता बृद्धि कार्यक्रमसमेत गरेको छ ।

**आर्थिक बर्ष २०७५/०७६ मा नगरस्तरीय बजेटबाट भएका काम**

नयाँपाटी बस्ती बचाउने कार्यक्रम सम्पन्न भएको छ जसमा १० लाख ५० हजार बजेट खर्च भएको छ। जहाँ २५ घर पहिरोको जोखिममा रहेका थिए । पहिरो तथा खोला व्यबस्थापन, वाल निर्माण भएपछि नयाँपाटी बस्ती सुरक्षित भएको छ। डुम्रे सुनडाँडा तेल्घा, गुफाचौर मोटरबाटोको स्तरोन्नति गरिएको छ। साँघुरो स्थानमा बाटो मिलाउने, नाली काट्ने, टेवा पर्खाल लगाउने जस्ता काम भएका छन् । जसमा १० लाख रुपैयाँ बजेट विनियोजन भएको थियो । धार्मिक पर्यटकीय स्थलको रूपमा विकास भइरहेको गुफाचौर गणेशधाम क्षेत्रमा ४ वटा वनभोज स्थान निर्माणको लागि १० लाख रकम विनियोजन भएको थियो । यसैगरी कृषि क्षेत्रमा समेत नगरपालिकाले ध्यान दिएको छ। काफलटारी देखि अल्केटार सम्मको कृषि कुलो निर्माण तथा मर्मत भएको छ जसमा ४ लाख रुपैयाँ बजेट खर्च भएको छ ।

**१ गाग्रो पानी लिन ३ घण्टा पैदल हिड्नु पर्ने बस्तीमा यसै बर्ष घरघरमा धारा**

तानसेन नगरपालिका वडा नं १० तेल्घाको साबिक वडा नं १ ढडाहाका दलित बस्तीका बासिन्दाले खानेपानीको सुविधा पाउँदैछन् । २५ घर दलित बस्ती रहेको ढडाहामा १ गाग्रो पानीको लागि ३ घण्टा हिड्नुपर्ने बाध्यता थियो । वडाको निरन्तर बजेट, जनश्रमदान समेत करीव १० लाख ५० हजार रुपैयाँको लागतमा बस्तीमा खानेपानी सुविधा पुग्न लागेको हो ।

**नयाँ पाटीको बस्ती बचायो ।**

नयाँ पाटी बस्तीमा समयमै वडा र नगरपालिकाले चासो देखाएकोले बस्ती दुर्घटना हुनबाट बचेको छ। २५ घर रहेको नयाँपाटी क्षेत्रमा पहिरो व्यबस्थापन, खोला व्यबस्थापन, टेवा पर्खालमा वडाले ध्यान दिई बजेट केन्द्रित गरेकै कारण बस्ती बाढी पहिरोबाट जोगिएको छ।

**ताला लाग्ने अवस्थाको विद्यालयमा खचाखच विधार्थी**

ताला लगाएर बन्द गर्नुपर्ने अवस्थामा पुगेको प्रजातन्त्र प्रा.वि.ले जनप्रतिनिधि आएपछि पुनर्जीवन पाएको छ। दुई चार जना विद्यार्थीबाट अहिले ४२ जना विद्यार्थी पुगेका छन्। प्रजातन्त्र प्रा.वि.मा अहिले अंग्रेजी माध्यमबाट पढाइ हुँदै आएकोले विद्यालयप्रति आकर्षण बढ्दै गएको छ।



**समस्या र चुनौति ।**

- गाउँगाउँमा सामुदायिक विद्यालयमा विद्यार्थी टिकाउनै कठिन ।
- तेल्घाको वडा कार्यालय आसपास बाहेक अन्य स्थानबाट गाउँछोडी बसाइसराइ गर्नेको संख्या बढ्दो ।
- व्याबसायिक कृषि उत्पादन बढ्दै गएपनि बाँदरको कारण समस्या बढेको । कृषकको लागि बाँदर नियन्त्रण मुख्य चुनौति,
- सबै योजना तथा कार्यक्रममा एउटै किसिमको जनश्रमदान कार्यान्वयनमा समस्या ।
- प्राविधिक कर्मचारीको कमी, प्राविधिक कर्मचारीको कमीको कारण समयमा सम्झौता, काम तथा फरफारक नभएको ।
- वडाबाट सबै काम कागजपत्र मिलाएर पठाए पनि कर्मचारी र प्राविधिकको कारण उपभोक्ता हैरानीमा परेको ।
- प्रमुख प्रशासकीय अधिकृतबाट समयोचित ढंगले वडामा कर्मचारीहरू खटनपटन आवश्यक निर्देशन तथा अनुगमन नभएको ।
- साबिकको वडा नं ३ आमडाँडामा स्वास्थ्य क्लिनिक नहुँदा स्थानीय नागरिकलाई स्वास्थ्य उपचारमा समस्या भएको ।

**नगरपालिका प्रति सुझाव**

- एक वडा एक प्राविधिकको व्यबस्था गरी, प्राविधिकलाई वडा कार्यालयमै वडा अध्यक्ष मातहत खटाउने व्यबस्था गर्नुपर्ने ।
- वाँदर नियन्त्रणको लागि अन्तरवडा तथा पालिकास्तरमा ठोस कदम चाल्नु पर्ने ।
- नगर प्रमुख, उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट वडामा सञ्चालित भएका महत्त्वपूर्ण योजना तथा कार्यक्रम प्राविधिक सहित छड्के अनुगमन गर्नुपर्ने ।
- आर्थिक बाहेकका योजनाको सम्झौताको अधिकार वडा कार्यालयमा प्रत्यायोजन गर्नुपर्ने ।

अन्त्यमा, कतिपय योजना अन्तर वडास्तरमा महत्त्व राख्ने भएकाले सोही अनुसार कार्यान्वयनका लागि समन्वय र सहयोग जुटाउन प्रमुख, उपप्रमुख, प्रवक्ता, प्रमुख प्रशासकीय अधिकृत लगायतले समेत सहयोग गर्नुपर्ने देखिन्छ । समग्र नगरको विकासका लागि वडातहका जनप्रतिनिधिहरूले समेत चासो देखाएमा वडावासीको चाहनाले मूर्तरूप नलेला भन्न सकिन्न ।

**(पत्रकार)**

# आर्थिक समृद्धिको यात्रामा तानसेन ११ बन्दीपोखरा



- अमृत अधिकारी

साबिकबन्दीपोखरा गाविसका ९ वटा वडाहरू मिलेर तानसेन नगरपालिका वडा नं. ११ बनेको छ। संघीय संरचनासँगै जिल्लाका ८१ वटा वडामध्ये बन्दीपोखरा पनि एक हो। जिल्ला सदरमुकाम तानसेनसँगै ग्रामीणवडाको रूपमा बन्दीपोखरा रहेको छ । साबिक बन्दीपोखरा गाविसका अध्यक्ष दामोदरप्रसाद घिमिरे नै कार्यकारी अधिकारसहितको स्थानीय तह बनेपछि वडा नं ११ को अध्यक्षमा निर्वाचित हुनुभएको छ।



वडाअध्यक्ष दामोदरप्रसाद घिमिरे

भौगोलिक विषमता रहेको यस वडामा वडास्तरीय र नगरस्तरीय गरेर दुई खालका योजनाहरू सञ्चालनमा रहेका छन् । लामो समय जनप्रतिनिधि नभएको अवस्थामा गाउँमा आफूहरूले निर्वाचित गरेको जनप्रतिनिधि मार्फत् काम गराउन पाउँदा स्थानीयहरू दंग परेका छन् । कर्मचारीको तुलनामा जनप्रतिनिधिमार्फत् काम गर्न सहज भएको स्थानीयहरूको अनुभव रहेको छ। वडा सचिव खाली भएको एक वर्ष बितिसक्दा समेत कार्यालय सहायक विष्णु खातीले दैनिक कामकाजमा वडाअध्यक्षलाई सहयोग गर्नुभएको छ । यस्तै कार्यालय सहयोगी कुलबहादुर गहतराज र पशु प्राविधिक गोविन्द खनालले समेत वडाको काममा सहयोग गर्दै आउनु भएको पाइयो ।

जनप्रतिनिधि निर्वाचित भएको दुई वर्ष मध्ये आ.व. २०७४/०७५ मा १ करोड ८२ लाख३० हजार बजेट विनियोजन भएको छ। जसमा पूर्वाधार विकासमा १ करोड १७ लाख, सामाजिक विकासमा १३ लाख ५० हजार, आर्थिक विकासमा १६ लाख रकम नगरस्तरीय योजनाका रूपमा सञ्चालन भएका थिए । यस्तै वडा स्तरीय योजनाका रूपमा पूर्वाधार विकासतर्फ २९ लाख२० हजार, सामाजिक विकासतर्फ २ लाख ६० हजार र आर्थिक विकासमा ४ लाख १० हजार रुपैयाँ विनियोजन गरेर कार्यक्रमहरू सञ्चालन भएका छन् । यस्तै आर्थिक वर्ष २०७५/०७६ मा कूल ७६ लाख ५० हजार बजेट विनियोजन गरिएको थियो । जसमा नगरस्तरीय योजनामा पूर्वाधार विकासमा ११ लाख, सामाजिक विकासमा २२ लाख, आर्थिक विकासमा १२ लाखको काम गरिएको छ। यस आर्थिक वर्षमा वडा स्तरीय बजेटबाट पूर्वाधार विकासतर्फ १५ लाख, सामाजिक विकासतर्फ १० लाख ६५ हजार, आर्थिक विकासमा ४ लाख, वन तथा वातावरणमा १ लाख ८५ हजारका योजनाहरू सञ्चालन भएका छन् । चालु आर्थिक वर्षको लागि करीब ६४ लाख बजेट विनियोजन गरेर सोही अनुसारका योजनाहरू सञ्चालन गरिने कुरा वडाअध्यक्ष दामोदरप्रसाद घिमिरेले बताउनुभयो ।



साबिकका सबै वडाहरूलाई समेट्ने गरेर पहिलो आर्थिक वर्षमा नै पूर्वाधार केन्द्रित बजेट विनियोजन भएकोमा दोस्रो वर्ष आर्थिक समृद्धि, युवा स्वरोजगारी, कृषि, पशुपालनमा वडाले ध्यान केन्द्रित गरेको वडाअध्यक्ष दामोदरप्रसाद घिमिरे बताउनुहुन्छ । उहाँले ग्रामीण क्षेत्रमा सडक, सामुदायिक भवन, चौपारी, धारा, कुलो, खेलमैदान जस्तापूर्वाधार केन्द्रितसँगै आर्थिक विकासमा फलफूलका विरुवा वितरण, मकै बीउ वितरण, पशु उपचार, औषधि खरीद जस्ता कार्यक्रमहरू स्थानीयको मागको आधारमा सञ्चालन गरिएको बताउनुभयो। वडाका सबै क्षेत्रका किसानहरूलाई कृषि, पशुपालन र दुग्ध व्यवसायमा आबद्ध गराएर आर्थिक समृद्धिसँगै विदेश पलायन र बसाईसराई रोक्ने काममा वडाले मुख्य ध्यान केन्द्रित गरेको वडाअध्यक्ष घिमिरेले बताउनुभयो । उहाँले स्थानीयलाई कुटानी पिसानी मिल,च्याउका बीउ, प्लाष्टिकका टनेल, खाल्टा खन्ने मेसिन, चापाकटर, वोयर बोका वितरण, हाते ट्याक्टर जस्ता प्रविधि र उपकरण वितरण गरेर आर्थिक आर्जनका काममा प्रेरित गरेको बताउनुभयो । वडाले गाउँका किसानहरूलाई थरी सुधार, पशु व्यवस्थापन तालिम, विभिन्न रोग सम्बन्धी चेतनामूलक कार्यक्रम, शिक्षा, स्वास्थ्य, सरसफाइका कार्यक्रम समेत सञ्चालन गरेको बताउनुभयो। सेतीपोखरी हानगादी बडहरबोट हुँदै गुफाचौर गणेशधाम जाने नगर गौरवको सडक योजनाको अधिकांश क्षेत्र यसै वडामा पर्दछ जुन नगर गौरवको योजनाको रूपमा कार्यान्वयन भइरहेको छ । यस्तै बतासेडाँडा चण्डीभञ्ज्याङ्ग जोर्ते हुँदै कालीगण्डकी करिडोर जोड्ने मोटरबाटो प्रदेश सरकारको समेत लगानीमा निर्माण सम्पन्न हुँदैछ।

पूर्ण साक्षर, पूर्ण खोपयुक्त र खुल्लादिसामुक्त घोषणा भएको बन्दीपोखरामा ६ सय १२ घरधुरी र ४ हजार १ सय ४२ जनसंख्या रहको छ । वडाअध्यक्ष घिमिरेका अनुसार वडाका सबै बस्तीहरूमा एक घर एक धारा, बनाउने नीति रहेको छ, आगामी दिनमा पूर्ण सरसफाइयुक्त, धुवाँरहित वडा, बालमैत्री, महिला तथा अपाङ्गमैत्री वडा घोषणा गरिने लक्ष्य छ। कृषिमा आधारित पर्यटन विकास, वन तथा वातावरण संरक्षण, भूक्षयको नियन्त्रण र खानेपानीका मूलसंरक्षणका लागि समेत काम हुँदैछ। परम्परागत पोखरी, सामुदायिक पोखरीहरूको संरक्षण र पुनर्निर्माण गर्ने योजना अनुसार काम भएको छ। स्थानीय स्तरमा पार्कहरूको निर्माण तथा खुल्ला सार्वजनिक स्थलहरूको संरक्षण गर्ने लक्ष्यका साथमा सोहीअनुसार बजेट विनियोजन गरेर प्रत्येक वर्ष कार्यक्रम समेत सञ्चालन गरी गरिआएको छ र ५ वर्षभित्रमा समृद्ध र आत्मनिर्भर बन्दीपोखराको सोचसहित योजना अगाडि बढाइएको वडाअध्यक्ष घिमिरेले बताउनुभयो।



वडाले उर्वर र खेतीयोग्य जमिनको उपयोग गर्ने नीति, एक घर एक सहकारी सदस्य, तरकारी खेती गर्नेलाई तरकारी खेतीमा प्रोत्साहन, साथै इच्छुकहरूलाई फलफूल र विभिन्न गैरकाष्ठ पैदावारको विरुवा सहयोग गर्ने गरिएको अध्यक्ष घिमिरे बताउनुहुन्छ। वडामा दालचिनी, अमिलो, कागती, सुन्तला, टिमुरलगायतका विरुवाहरू रोपणका लागि नागरिकलाई सहयोग गरिएको छ । साथै बाटाको किनार र खाली जग्गामा विभिन्न प्रजातिका विरुवा लगाएर हरियाली बन्दीपोखरा बनाउने कामको थालनी गरिएको छ, जसले गर्दा वन तथा वातावरणको संरक्षणसँगै आर्थिक स्तरसुधारमा समेत सहयोग मिल्ने छ।

वडाका विभिन्न क्षेत्रका पानीका मूल सुक्दै गएपछि पानीको मूल संरक्षण र वर्षात्को भेल रोकथामका लागि विभिन्न स्थानमा पोखरीको निर्माण समेत गरिएको छ । जसले पशुचौपायालाई पानीको व्यवस्थापनसँगै मूलसंरक्षणमा समेत सहयोग मिलेको वडाअध्यक्ष घिमिरेले बताउनुभयो । उहाँले भूक्षयको नियन्त्रणको लागि वृक्षरोपण, घाँसका विरुवा रोपण लगायतका कामहरू वडाले विभिन्न निकायको सहयोगमा समेत सञ्चालन गर्दै आइरहेको बताउनुभयो । गाउँका सबै युवालाई युवा स्वरोजगार, आयआर्जनमा आबद्ध गराउन तथा विदेश जानबाट रोक्न विभिन्न अनुदान, सहयोग लगायतका काम समेत आरम्भ गरिएको छ । जसले गर्दा विदेश गएर फर्किएका युवाहरू समेत व्यावसायिक पशुपालन र तरकारी खेतीमा आबद्ध भएका छन्। स्थानीय सरोज सारु भन्नुहुन्छ–"अहिले गाउँमा विभिन्न क्षेत्रका युवाहरूले पशु तथा तरकारी फार्म दर्ता गरेर व्यवसाय गरेका छन् । मैले पनि विदेशबाट फर्किएर व्यावसायिक रूपमा फार्म दर्ता गरेर व्यवसाय सुरु गरेको छु। विदेशमा बगाउने पसिना आफ्नै भूमिमा बगाउन पाउँदा खुसी लागेको छ।"

संघीय संरचनासँगै जनप्रतिनिधि गाउँमा आएपछि केही आशा जगाएको छ । अर्का युवा बिष्णु सारुको भनाइ यस्तो छ–"युवा स्वरोजगार र गरिएका लगानीको संरक्षणमा स्थानीय सरकारले ध्यान दिएमा युवा पलायन रोकिनुको साथै स्वरोजगारी र आर्थिक समृद्धिको सपना पनि साकार हुने छ।"

"विकास निर्माणका काममा स्थानीयले लागत सहभागिता रकम जुटाउन गाऱ्हो हुनेगरेको गुनासो समेत गरेका छन् । युवाहरू गाउँमा नभएको अवस्थामा लागत सहभागिता जुटाउन समस्या हुँदा नगरपालिकाले लागत सहभागिता कम गर्नुपर्दछ ।"– स्थानीय बाँभा नयाँ ठूलोकुलो उपभोक्ता समितिका अध्यक्ष लोकबहादुर खासुले भन्नुभयो। अर्कोतर्फ प्राविधिकहरूले न्यूनमूल्याङ्कन गर्दा समेत झनै उपभोक्ताहरू मारमा परेको गुनासो छ। अर्का उपभोक्ता झपिन्द्र गोदारले भन्नुभयो–"नगरपालिका भएपछि बजेट बढी आएको छ। आएको बजेटको सही रूपमा कार्यान्वयन गर्नमा जनप्रतिनिधि र उपभोक्ताहरू लागेका छौं। प्राविधिक इस्टिमेटमा दुःख दिनु भएन।"

तानसेन नगरपालिकाले संघीय संरचनासँगै आफ्नो क्षेत्र र दायरा समेत बढेको हुँदा भूगोल ठूला भएका र कृषि, पशुपालन, फलफूल र काष्ठ तथा गैरकाष्ठ वन पैदावार उत्पादन सम्भावना भएका वडाहरूमा बजेट वृद्धि गरेर कृषि तथा वनजन्य उत्पादन वृद्धि गर्ने कार्यक्रम ल्याएमा स्थानीयतहमा आयआर्जन बृद्धि हुनेछ। साथै तरकारी, फलफूल, मासु र दूधलाई जिल्लाबाहिर समेत निर्यात हुने वातावरण बन्ने हुँदा नागरिकलाई आत्मनिर्भर र समृद्ध बनाउन सकिन्छ।

## तानसेन नगरपालिका वडा नं. ११ बन्दीपोखरामा सञ्चालन गरिएका मुख्य गतिविधि तथा योजनाहरु आ.व. २०७४/०७५

| बजेट शीर्षक | नगर स्तरीय | | बजेट शीर्षक | वडा स्तरीय | |
|---|---|---|---|---|---|
| | नगर स्तरीय योजनाको नाम | बजेट | | वडास्तरीय योजनाको नाम | बजेट |

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्वाधार | सेतीपोखरी सिस्ने बडहरबोट गुफाचौर धार्मिक सडक मोटर बाटो ( वडा नं.५,१०,११) | १००००००० | पूर्वाधार विकास | जुकिया पुजेरी टोल गुदियाचौर मोटरबाटो | ८५०,००० |
| | तिनलाँकुरी बाँझा राजुवास मोटर बाटो | १०,००००० | | ढुङ्गाखानी रानीकुवा खयरतुङ सुगापानी मो.बा. | ६५०,००० |
| | सिस्ने भालुवन डुम्रे मोटर बाटो (भालुवन खण्ड) | ४००००० | | सामुदायिक भवन निर्माण तथा मर्मत | ५००,००० |
| | सामाकोट काभ्रे बाँझा राजुवास चण्डिभन्ज्याङ पर्यटक पदमार्ग | ३००००० | | रातडाँडा खहरे चिलाउनी खर्क भालुवन मो.बा. | ५०,००० |
| सामाजिक विकास | गार्गी मा.बि.टेवा पर्खाल | ५००००० | | लाँकुरी डाँडा मौरीथान सेनपोखरी भारकोट मो.बा. | ५०,००० |
| | प्रताप शम्सेर निर्मित सुरुङ जिर्णोद्धार | १५००००/ | | देउराली डाँडा बिष्टटोल राजुबास मो.बा. | १,००,००० |
| | सिन्धुकाली मन्दिर व्यवस्थापन | ५०००००/ | | भतिन पोखरी धुनाघाट मो.बा. | १,००,००० |
| | सामाकोट कुडापानी पार्क तथा खेल मैदान | २०००००/ | | वडा कार्यालय, स्वास्थ्य चौकी मर्मत | ५०,००० |
| आर्थिक विकास | बाँझा नयाँठुलो कुलो बिस्तार | १००००००/ | | स्वास्थ्य चौकी बुढीचौर मोटरबाटो | १४०,००० |
| | पियाँली पोखरी झियान पानी नयाँ प्रबिधि लिफ्ट सिंचाइ | ६०००००/ | | गोड जोगेपानी काभ्रे कालीपोखरी मोटरबाटो | १६०,००० |
| | | | | थरीवारी टोल मोटरबाटो | २०,००० |
| | | | | सम्मोवारी सिद्धबाबा पातीखर्क मोटरबाटो | १५०,००० |
| | | | | खेतमुनि पुजेरी टोल बर्राबोट अमराई मो.बा. | १५०,००० |
| | | | सामाजिक विकास | द्रुत योजना फरफारक प्रोत्साहन थप योजना प्रदान | ५०,००० |
| | | | | भैरव प्रा.बि.शौचालय मर्मत तथा फिल्ड सुधार | ५०,००० |
| | | | | जेष्ठ नागरिक तथा रातोपहेंलो कार्ड प्राप्त अपाङ्गता भएकालाई स्वास्थ्य बीमा | १,००,००० |
| | | | | चण्डिका प्रा.बि.भवन मर्मत | ६०,००० |
| | | | आर्थिक विकास | नागरिक सचेतना केन्द्र-४ कार्यक्रम सञ्चालन | ३०,००० |
| | | | | गेवाटारी सिंचाइ | १४०,००० |
| | | | | कृषि तथा गाउँ बिकास कार्यक्रम सामुदायिक बिकास कोष मार्फत | ५०] अनुदानमा |
| | | | | (क)टोल संस्थाका अध्यक्ष सचिवहरूलाई अभिमुखीकरण भेला | ४०,००० |
| | | | | (ख)टोल संस्थाका अध्यक्ष सचिवहरूलाई सहकारी संबन्धी क्षमता बिकास तालिम | २५,००० |
| | | | | (ग) अगुवा कृषकलाई कृषि तथा फलफूल तालिम | २५,००० |
| | | | | (घ) व्यावसायिक कृषकलाई पशु व्यवस्थापन तालिम | २५,००० |
| | | | | (ङ) पशुहरूका लागि औषधि खरीद | ५०,००० |
| | | | | (च) छाँटी काट्ने मेसिन | १५,००० |
| | | | | (छ) प्लाष्टिक टनेल तथा प्रबिधि बितरण | ३०,००० |
| | | | | (ज) डेरी सञ्चालनका लागि डि फ्रिज सहयोग | ३०,००० |
| | कुलजम्मा | १,४६,४०,००० | | कूल जम्मा | ३५ लाख ९० हजार |

**तानसेन नगरपालिका ११ बन्दीपोखरामा सञ्चालन गरिएका मुख्य गतिविधि तथा योजनाहरु आ.व. २०७५/०७६ :**

| बजेट शीर्षक | नगर स्तरीय | | बजेट शीर्षक | वडा स्तरीय | |
|---|---|---|---|---|---|
| | नगर स्तरीय योजनाको नाम | बजेट | | वडा स्तरीय योजनाको नाम | बजेट |
| पूर्वाधार | चण्डिभन्ज्याङ खयरतुङ मोटरबाटो | ५,००,००० | पूर्वाधार विकास | सबै टोलमा मो.बा.मर्मत तथा संभार | ४,००,००० |
| | तिनलाँकुरी बाँभा राजुवास मोटर बाटो | ४,००,००० | | तल्ली पीपल जुकिया रानाटोल मो.बा. | ३,००,००० |
| | ढुङ्गेडाँडा तिलाहार भारकोट मोटरबाटो | २,००,००० | | सिस्ने डुम्रे भालुवन मो.बा.(भालुवन खण्ड) | ४,००,००० |
| साम(ाजिक विकास | सामुदायिक स्वास्थ्य केन्द्र भवन निर्माण कुरुङखोला | ६,००,००० | | ढुङ्गेडाँडा तिलाहार गुदियाचौर मो.बा. | १,५०,००० |
| | बोखरचौपारी ट्रस निर्माण | २,००,००० | | बराहचौर लामडाँडा जोगेपानी भयँरडाँडा मो.बा. | १,५०,००० |
| | काभ्रे सामाकोट लिफ्ट खा.पा | ५,००,००० | | देउराली डाँडा बिष्टटोल राजुबास मो.बा. | १,००,००० |
| | लिपिनदेवी सामुदायिक भवन निर्माण | ४,००,००० | साम(ाजिक विकास | गार्गी मा.बि.लाई कम्प्युटर/ल्याव | १,५०,००० |
| | गार्गी मा.बि. प्लाष्टर घेराबार खेल मैदान | ५,००,००० | | बिद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सहयोग | ६५,००० |
| आर्थिक विकास | बाँभा नयाँ ठूलो कुलो सिंचाइ | ९,००,००० | | सामुदायिक भवन निर्माण | २,००,००० |
| | कुँडा पानी पार्क खेल मैदान | ३,००,००० | | वडा स्तरीय खानेपानी योजना मर्मत तथा लिफ्ट समेत | ६,००,००० |
| | | | | उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण तालिम | २५,००० |
| | | | | किशोर किशोरीहरूका लागि कानूनी सचेतना तालिम | २५,००० |
| | | | आर्थिक विकास | अमिलो जातको बिरुवा बितरण ५०५ अनुदानमा | ५०,००० |
| | | | | उन्नत जातको मकैको बीउ बितरण | ३५,००० |
| | | | | व्यावसायिक कृषकलाई थरी सुधार कार्यक्रम प्रति घर ५००० का दरले | ५०,००० |
| | | | | पशुहरूका लागि औषधि खरीद | ४५,००० |
| | | | | प्लाष्टिक टनेल तथा बिभिन्न प्रबिधि बितरण ५०५ अनुदानमा | ८०,००० |
| | | | | प्लाष्टिक पोखरी बितरण ५०५ अनुदानमा | २५,००० |
| | | | | उन्नत जातको बोका बितरण | २५,००० |
| | | | | हाते ट्याक्टर खरीद ५०५ अनुदानमा | ४०,००० |
| | | | | महिलाहरूको कार्यबोझ कम गर्न सानो कुटानी पिसानी मिल ५०५ अनुदानमा | ५०,००० |
| | | | वन तथा वातावरण | बाटो किनार तथा सार्वजनिक र निजी जग्गामा बृक्षरोपण कार्यक्रम | ५५,००० |
| | | | | दैवी प्रकोप उद्धार सामग्री खरीद | २५,००० |
| | | | | आकासे पानी भल नियन्त्रण गर्न सामुदायिक पोखरी निर्माण | १,०५,००० |
| | **जम्मा** | **४५ लाख** | | **जम्मा** | **३१ लाख ५० हजार** |

**(सम्पादक इरानीमहल डटकम)**

# बौघापोखराथोक पुग्नेहरू कुहिरेभीरको रकगार्डेन हेर्दा एक घुट्को थुक निल्छन्



– झविन्द्र देवकोटा

तानसेन नगरपालिका वडा नं १२ मा रहेको कुहिरेभीर रक गार्डेन वातावरणीय सौन्दर्यमा तानसेन श्रीनगर पछिको दोश्रो पर्यटन केन्द्रको रूपमा विकास हुँदै गएको छ। तानसेन नगरपालिकाबाट करीब ९ किमी टाढा पश्चिमी भागमा रहेको यस रक गार्डेन वडा नं १२ को सबैभन्दा चर्चित पर्यटकीय क्षेत्र हो । यहाँबाट चट्टानी छाँगो, अर्गलीको फाँट, कालीगण्डकी नदी, स्याङ्जाको आलमदेवी मन्दिर सहित गुल्मीका विभिन्न स्थानहरू, माछापुछ्रे, धौलागिरी हिमाल लगायतका दृश्यहरू बडो मनमोहक रूपमा देखिन्छन्। यस स्थानमा बनभोज खान र डेटिङकालागि विभिन्न स्थानबाट जोडी तथा समूहमा आउने गर्छन्। यसलाई तानसेनको प्रमुख गन्तव्यको रूपमा विकास गर्नेगरी काम भइरहेको तानसेन–१२ का वडाध्यक्ष देवेन्द्रबहादुर रानाले बताउनुभयो।



वडाअध्यक्ष देवेन्द्रबहादुर राना

यस स्थानलाई पार्कको रूपमा विकास गर्नेगरी विभिन्न योजनाहरू सम्पन्न भइसकेका छन् । आर्थिक बर्ष २०७४/०७५ मा ५ लाख खर्च गरेर बाँसगैरा देखि जर्नेटासम्म मोटरबाटो सम्पन्न भएको छ । अहिले यस स्थानमा मोटरबाटोको राम्रो सुविधा रहेको छ। बाटो मजबुत रहेकोले आवत जावतमा कुनै समस्या छैन । आर्थिक बर्ष २०७४/०७५ मा नै साना योजना तर्फको १ लाख ५० हजार रकमको लागतमा कुहिरेभीर पिकनिक स्पोर्ट, रक गार्डेन पूर्वाधार विकासकालागि खानेपानी पाइप विस्तार र टंकी निर्माण योजनाको काम सम्पन्न भइसकेको छ । गत आ.व. २०७५/०७६ मा वडा कर्यालयबाट ५० हजारको लागतमा बृक्षरोपण सम्पन्न भएको छ । यस्तै भू संरक्षण अर्न्तगत जिल्ला बन कार्यालयको १ लाखको लागतमा यही स्थानमा बृक्षरोपणको काम भई गार्डेन थप आकर्षकको केन्द्र बनेको छ। गत आ.व. २०७५/०७६ मा नै तानसेन नगरपालिकाले विशेष महत्त्व दिएर पार्कलाई व्यवस्थित गर्न र पथ बनाउनकालागि ५ लाख रकम प्रदान गर्‍यो । सो रकम खर्च भएर सकिँदा यो स्थान निकै मनमोहक बनेकोमा स्थानीय निकै हर्षित बनेका छन्। यस बर्ष पनि १ लाख १२ हजार जति रकम वडाबाट विनियोजन गरी पिकनिक स्थललाई व्यवस्थित गर्ने योजना रहेको वडाध्यक्ष रानाले बताउनुभयो।

पार्कलाई व्यवस्थित गर्ने के–के योजना छन् त ? भन्ने प्रश्न गर्दा वडाध्यक्ष राना यसो भन्नुहुन्छ–"पिकनिक आउनेकालागि व्यवस्थित धाराहरू बनाउने, पार्कमा बस्ने स्थानहरूको निर्माण गर्ने, टावरको निर्माण गर्ने, छाँगोपट्टिको भागमा तारबार लगाउने, पारीपट्टीको बरुलडाँडाँसम्म झोलुङ्गे पुल बनाई नेपालकै साहसिक पर्यटनको विकासकालागि बञ्जी जम्पको व्यवस्था गर्ने योजना छ । प्याराग्लाइडिङको पनि सम्भावना रहेको छ । यहाँ आउने बाटोनेरको लब्ली डाँडालाई अहिले पनि युवायुवतीले डेटिङ स्थलको रूपमा प्रयोग गरिरहेका छन् । लब्लीडाँडालाई पर्यटकीय आकर्षणको रूपमा विकास गर्ने र यस रक गार्डेनलाई पनि पर्यटकको गन्तब्यको रूपमा विकास गर्ने लक्ष्य छ।"

यस स्थानबाट अर्गलीको फाँट असाध्यै राम्रो देखिन्छ। प्राकृतिक रूपमा रमणीय रहेको यस स्थानमा वैशाखे पूर्णिमाको बेला मेला चल्ने गरेको छ। अरु समयमा पनि शनिबारको दिन ५/७ जोडी आउने गरेको रानाले बताउनुभयो। उहाँ अगाडि भन्नुहुन्छ–"कुहिरेभीरको रक गार्डेन हेर्दा एक घुटको थुक निल्छन्। एकपटक आएर फर्केकाहरूले गरेको प्रचारले पनि यहाँको गरिमा बढ्दै गएको छ।" यस पार्कलाई व्यवस्थित गरेर पर्यटक भित्र्याउने नगर तथा वडाको योजना छ। कुहिरे भीर रक गार्डेन मात्रै होइन, तानसेन नगरपालिकाकै सबैभन्दा अग्लो डाँडा रतन पाँडे डाँडा पनि पर्यटकीय स्थलको रूपमा विकास हुँदै गएको छ। मोटरबाटोको पहुँचमा रहेका यी स्थानहरूले तानसेन नगरपालिकाकै गरिमा बढाएको वडाबासी शिवप्रसाद नेपालको भनाई छ।

अहिले नेपाल सरकारले पर्यटन भ्रमण बर्ष मनाउने तीव्र तयारी थालेको छ। सरकारले नेपालको भौगोलिक सुन्दरतामा रमाउन आउन विभिन्न देशमा समेत व्यापक प्रचार प्रसार गरेको छ। स्वदेश तथा विदेशमा प्रचारलाई व्यापक बनाइरहेका बेला तानसेनमा रहेको यति रमणीय स्थल कुइरेभीर रक गार्डेनमा पनि केही पर्यटकलाई छिराउन सक्ने हो भने यहाँको सुन्दरतामा निकै रमाउने वातावरण सृजना हुने थियो। यस विषयमा तानसेन नगरपालिकाले पनि नगर स्तरबाट पहल गरिदिनु पर्नेमा अध्यक्ष रानाको जोड छ।

वडा नं. १२ तानसेनको ग्रामीण वडा मध्येको एक हो। यस वडामा २४ सय जनसङ्ख्या छ। वडाले पर्यटन, कृषि, पशुपालनलाई प्राथमिकता दिँदै योजना निर्माण र कार्यक्रम लागु गर्दै आएको छ। व्यावसायिक रूपमा पशुपालन र कृषि पेशामा संलग्न बन्दै आएका कृषकहरूलाई उत्पादनमा बृद्धि गर्नकालागि तालिम तथा अनुदानका कार्यक्रमहरू समेत तानसेन नगरपालिकाले सञ्चालन गरेको छ।

तानसेन नगरपालिका वडा नं १२ का वडाध्यक्ष देवेन्द्रबहादुर रानाले आफू वडाध्यक्षमा निर्वाचित भएपछि २ बर्षमा वडाभित्र ९७ वटा योजनाहरू सम्पन्न गरिसक्नु भएको छ। आर्थिक बर्ष २०७४/०७५ मा ४५ वटा योजना र आर्थिक बर्ष २०७५/०७६ मा ५२ वटा योजना गरी ९७ वटा योजना सम्पन्न भएको बताउनु भएको छ। स्थानीय सरकारको निर्वाचन पछि जनताको माग अनुसारका कार्यक्रमहरू भित्रिएको उहाँको भनाइ छ। "यहाँ त प्राकृतिक पर्यटन, कृषि पर्यटन र पशुपन्क्षी पर्यटन फस्टाउने देखेको छु। त्यस्तै मगर समुदायको बाहुल्य भएकोले पनि मगरी संस्कृति देखाउन सकिने आधारहरू छन्। समग्र विकास गर्दै पर्यटनको माध्यमबाट अगाडि बढन सकिने आधारहरू प्रशस्तै छन्।" एक प्रश्नको जवाफमा रानाले भन्नुभयो।

राना वडाध्यक्ष भएपछि पहिलो बर्ष ३ लाखका साना योजनाहरू बने। २५ लाखका ठूला योजना सम्पन्न भए। लक्षित बर्गको लागि १ लाख ५० हजारको कार्यक्रम सम्पन्न भयो। बालबालिका लक्षित कार्यक्रम अर्न्तगत १ लाख, जेष्ठ नागरिक कार्यक्रम ५० हजार, अपाङ्ग लक्षित कार्यक्रम ५० हजार युवा लक्षित कार्यक्रम ५० हजार, जनजाति लक्षित कार्यक्रम ५० हजार, क्षेत्रगत अर्न्तगतको कृषि तथा पशु विकास कार्यक्रम ४ लाख ४५ हजार, शिक्षा कार्यक्रम ४ लाख ६० हजार, स्वास्थ्य कार्यक्रम २० हजार, बन कार्यक्रम तर्फ २५ हजार, आयमूलक कार्यक्रम तर्फ ५० हजार, मर्मत कोष तथा भैपरी योजना तर्फ २ लाखका कार्यक्रम सम्पन्न भए। यसैगरी नगर स्तरीय योजना अर्न्तगत पनि सोही बर्ष बतासेडाँडा लुहुङ जोर्ते मोटरबाटो स्तरोन्नति गर्न २० लाख, रतनपाँडे साधन स्थल पैदलमार्ग निर्माण गर्न ५ लाख, लुहुङ राजुवास खानेपानी मुहान संरक्षण गर्न १ लाख, भुतेधारा चण्डीभञ्याङ टेवा पर्खाल निर्माण गर्न ८० हजार बजेट विनियोजन भई कार्य सम्पन्न भएको थियो। आ.व. २०७४/०७५ मा यस वडाका लागि प्रदेश सरकारबाट कुनैपनि योजना नपरेको वडाध्यक्ष रानाले बताउनुभयो।

अघिल्लो बर्ष जस्तै आ.व. २०७५/०७६ मा प्रदेश सरकारबाट केही योजना परे/परेनन् ? प्रश्न गर्दा राना यसो भन्नुहुन्छ–"प्रदेश सरकारबाट राम्रै योजना परे। रुकवीर रेश्मी चिनारी बहुउद्देश्यीय एग्रीकल्चर फर्मकोलागि ४ लाख, लुहुङ दुग्ध उत्पादक सहकारीकोलागि ५ लाख, लुम्विनी एग्रो कृषि फार्म पोखराथोककोलागि ४ लाख, चिनारी दुग्ध सहकारी संस्थाका सदस्यहरूलाई प्रोत्साहन गर्न ३ लाख ३८ हजार रकम प्राप्त भयो।" आ.व. २०७५/०७६ मा पशु स्वास्थ्य तथा विज्ञ केन्द्रबाट लुम्बिनी एग्रो कृषि फार्मकोलागि ५० हजार, चिनारी दुग्ध सहकारी संस्थाको लागि २ लाख ५० हजार रकमको काम सम्पन्न भइसकेको छ। यसैगरी नगरस्तरीय योजना अर्न्तगत एकल तथा विपन्न महिलाको आयआर्जन बृद्धि गर्न कुखुराका चल्ला वितरण गर्न १० हजार, एकल तथा विपन्न महिलाको आय आर्जन बृद्धि गर्न वीउ बाखा वितरण गर्न ५५ हजार ५ सय, सार्वजनिक प्रा.वि.को शौचालय निर्माण गर्न १ लाख ५० हजार, लुम्बिनी माविमा विज्ञान सामग्री खरीद गर्न ६ लाख ५० हजार, लुहुङ दुग्ध सहकारीमा चिलिङ भ्याट खरीद गर्न ५० हजार, रतन पाँडे मन्दिर संरक्षण तथा पथ मार्ग निर्माण गर्न ५ लाख, कुहिरेभीर पार्ककोलागि ५ लाख, बतासेडाँडा लुहुङ जोर्ते मोटरबाटो स्तरोन्नतिकोलागि २० लाख र खयरतुङ् नामीकुवा लुहुङ मोटरबाटो निर्माणकालागि १० लाख बजेट विनियोजन भइ काम सम्पन्न भएको छ। यसैगरी वडामा भू संरक्षण कार्यालयबाट बतासे लुहुङ मोटरबाटो अर्न्तगत वीरपोखरा क्षेत्रमा भूसंरक्षण गर्न ५ लाख, साबिक वडा नं ५ को लुहुङ सिंचाइ पोखरी निर्माण गर्न २ लाख ८९ हजार, साबिक वडा नं ६ को लुहुङ सिंचाइ पोखरी निर्माण गर्न १ लाख ८४ हजार, वन कार्यालयको बृक्षरोपणमा १ लाख ७५ हजारको कार्यक्रम सम्पन्न भएको थियो।

आ.व. २०७५/०७६ मै प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत ३ लाख ९६ हजार रुपैयाँ बराबरको काम सम्पन्न भएको रानाले बताउनुभयो। २०७५/०७६ मै वडास्तरीय योजनाहरूमा १६ हप्ते कृषि पाठशाला सञ्चालनकालागि ५० हजार, फलफूल विरुवा वितरण गर्न ५० हजार, उन्नत धान मकैका बीउ वितरण गर्न ५० हजार, पशु स्वास्थ्य तथा औषधि उपचार कार्यक्रमकालागि १ लाख, जुठेल्नो पानी संकलन तथा तरकारी खेतीकालागि ५० हजार, लेखा तालिम कार्यक्रमको लागि १ लाख ५० हजार, रतन पाँडे मन्दिर तथा पूजा सहयोग ३० हजार, स्वास्थ्य चौकीकोलागि उपकरण खरीद गर्न २५ हजार, चुरा बनाउने तालिम सञ्चालन गर्न ५० हजार, लुहुङको महिला अधुरो भवन निर्माणकालागि १ लाख ५० हजार, बाल क्लवका बालबालिकालाई खेलकूदका सामग्री सहयोग ४० हजार, अन्तर बालक्लब बौद्धिक प्रतियोगिता सञ्चालन गर्न ५० हजार, बालबालिकाको स्वास्थ्य पोषणका लागि ३० हजार, टोल स्तरीय भलिवल प्रतियोगितालाई ४० हजार, युवा क्लवलाई स्टिल पोल वितरण गर्न ६० हजार, अपाङ्ग भएका व्यक्तिलाई आयआर्जनकालागि ६० हजार, जेष्ठ नागरिक तथा बुहारी सम्मानमा ४० हजार, टोल टोलमै ज्येष्ठ नागरिक उपचारकालागि २५ हजार, बतासे लुहुङ जोर्ते मोटरबाटोको लागि ४ लाख, खयरतुङ नामीकुवा लुहुङ मोटरबाटोकोलागि ३ लाख र मौवाडाँडा अवल मोटरबाटो निर्माणकालागि ३ लाख ५० हजार छुट्याई काम सम्पन्न गरेको वडाअध्यक्ष रानाले बताउनुभयो।

२ बर्ष काम गर्दाको अनुभूति कस्तो रह्यो वडाध्यक्षज्यू ? प्रश्न गर्दा हाँस्तै यसो भन्नुभयो–"पहिलाको गाविसको जस्तैगरी जनताले सेवा सुविधा खोजेको पायौं। सिंहदरबारको अधिकार गाउँमा आयो त भनियो तर आएको छैन। पालिका स्तरसम्म त आयो तर वडामा आउन सकेको छैन। पहिला गाविसमा विनियोजित रकमको गाविसमै गाविस अध्यक्ष र सचिवले फरफारक गर्थे। अहिले पहिलाको वडाले सिफारिस मात्रै गर्ने काम गर्‍थ्यो त्यस्तै भएको छ अहिलेको वडा। एउटा सानो योजनाकोलागि पनि संझौता गर्न जानुपर्‍यो। यसैमा २ दिन लाग्न सक्छ। फरफारकमा २ दिन लाग्न सक्छ। अहिलेका योजनामा स्टेशनरी खर्च समेत गर्न नपाइने खालका छन्। आतेजाते र तानसेन बसेर काम गर्नुपर्‍यो भने त आफ्नै गोजीको रकम खर्च हुन्छ। अनि उपभोक्ता मसँग रिसाउँनुहुन्छ। वडामा परेको बजेट बडाबाटै फरफारकको व्यवस्था राज्यले मिलाउनुपर्छ। हामीले कुरा पनि उठायौं, तर कनुनतः मिल्दो रहेनछ। योजनाका काममा जनताले पालिकासँग भर पर्नुपर्दा धैरै दुख पाएको अनुभूति भएको

छ। सिफारिस लेख्ने बाहेक अरुकाम छैन। ” रानाले योजनाका काम वडाबाटै सम्पन्न गर्ने व्यवस्था मिलाउन समेत माग गर्नुभयो।

यतिवेला कतिपय मानिसहरूमा राज्यले कुनै काम गरेको छैन भनेर अफवाह फैलाउने काम गरेको पाइन्छ। सत्तोसराप गर्नेहरू पनि छन् तर २ बर्षमा एउटै वडामा ९७ वटा योजना सम्पन्न हुनु गौरवको विषय हो। यस्तै पालिकाभरको योजना हेर्ने हो भने स्थानीय तहमा हजारौं योजनाहरू सम्पन्न भइ देश अगाडि बढिरहेको स्थिति छ। काम गरेन जनप्रतिनिधिले भन्दैनन् ? भन्ने प्रश्नमा रानाले–“मनकै कुरो गर्नुभयो। हुँदा रहेछन्। २ बर्षमै यतिधेरै योजना सम्पन्न भइसके। अहिलेको मानिसलाई छु मन्तर गरेर तत्कालै परिवर्तन खोज्छन् तर विकास भनेको निरन्तर चल्ने प्रक्रिया हो। काम कति भयो भनेर नहेरी हचुवाको भरमा बोल्नेलाई त्यो स्वाभाविक छ।” आयोजनाहरू समयमै सम्पन्न गर्ने र विकासको पक्षमा वकालत गर्ने वडाध्यक्ष रानालाई सलाम।

**(पत्रकार)**

# रानीघाट दरबार र कालीगण्डकी करिडोरका कारण चर्चित वडा नं. १३ अर्थात् बौघागुम्हा



**– कृष्ण कार्की**

साबिक बौघागुम्हा गाउँविकास समितिका ९ वटा वडा समावेश गरी संरचित हालको वडा नं १३ ग्रामीण भूभाग भएको वडा हो। यस वडामा भौगोलिकताका हिसाबले तीनवटा गाँउहरू बौघागुम्हा (बौघागुम्हामा साबिकका चारवटा वडा ४,५,६,७), केरवादी (केरवादीमा साबिकका दुईवटा वडा ८,९) र छेर्लुङ (छेर्लुङमा साबिकका तीनवटा वडा १,२,३) मिलेर बनेको छ। नेपालकै प्रसिद्ध रानीघाट दरबार अर्थात् रानीमहल यसै वडामा पर्दछ। कालीगण्डकी करिडोर द्रुत मार्गसँग पहुँचका कारण यो वडाको आफ्नै महत्त्व रहेको छ।



**वडाअध्यक्ष टुकप्रसाद भट्टराई**

मगर समुदायको बाहुल्य रहेको बौघागुम्हा मगर संस्कृति सभ्यता र पहिचानका लागि प्रख्यात ठाउँ हो। यहाँ मगर होमस्टे पनि सञ्चालनमा छ। बौघागुम्हालाई पर्यटन प्रवर्द्धनमार्फत् व्यावसायिक रूपमा अगाडि बढाउन सकिने सोचसहित तानसेन नगरपालिकाले विभिन्न योजनाहरू अगाडि सारेको छ। प्रशस्त घाँसे मैदान र बुट्यान क्षेत्र भएको केरवादीमा पशुपालन व्यवसाय उपयुक्त हुने ठानेर सहयोग शुरु भएको छ। यहाँको डाँडाबाट स्याङ्जा, गुल्मी, पाल्पाकै छेर्लुङ, रानीघाट अर्थात् रानीमहल लगायतका क्षेत्रसहितको चारैतिरको दृश्यावलोकन गर्न सकिने भएकोले पिकनिकस्थल र मनोरञ्जनस्थलको रूपमा यसको विकास भइरहेको छ। यसैगरी छेर्लुङमा प्रशस्त मात्रामा खेतीयोग्य जमिन र सिंचाइको उपलब्धता हुनाले व्यावसायिक कृषिमार्फत् यहाँका नागरिकलाई व्यावसायिकतातर्फ अगाडि बढाउने योजनासहित नगरपालिका लागेको छ। यसै वडामा माझी बस्ती भएकोले माझी संस्कृति, संस्कार र खानपिनको संरक्षण तथा प्रवर्द्धनबाट माझी होमस्टे सफल रूपमा सञ्चालन गर्न सकिने अवस्था छ। प्रेमको प्रतीकको रूपमा रहेको रानीमहल पनि यसै वडामा हुनाले यो वडा पर्यटकहरूको महत्त्वपूर्ण गन्तव्य क्षेत्र बन्न पुगेको छ।



सारमा भन्नुपर्दा तानसेन–१३ मा होमस्टे, पशुपालन, कृषि र पर्यटनका माध्यमबाट वडाबासीको आयआर्जनमा वृद्धि गरी समग्र नगरलाई लाभान्वित बनाउन मद्दत पुग्छ भन्दा फरक परोइन। आर्थिक वर्ष २०७४/७५ र आर्थिक वर्ष २०७५/७६ मा सम्पन्न वडाका योजनाहरू समेत यसैतर्फ लक्षित पाइन्छ। आर्थिक वर्ष २०७४/७५ मा वडास्तरको बजेट ४५ लाख, नगरस्तरको बजेट १ करोड २० लाख र ५ प्रदेश नं सरकार मातहतको बजेट ५० लाखबाट सानाठूला गरी ३४ बढी योजना यहाँ कार्यान्वयन भएका छन्। कालीगण्डकी करिडोर पहुँच मार्ग, सिंचाइ टंकी निर्माण, छेर्लुङको ठूलो कुलो पक्की, मगर होम स्टे र मगर संग्रहालय लगायतका योजनाहरूमा आव २०७४/७५ मा लगानी भएको पाइन्छ। त्यस आर्थिक वर्षमा चिउँदीभुल्के लिफ्ट खानेपानी, बौघागुम्हा केरवादी मोटरबाटो, धारापीपल मन्दिर निर्माण, बौघागुम्हा छेर्लुङ मोटरबाटो, अर्चले मोटर बाटो निर्माण (स्कुलसँग जोड्ने), साना बडहरे खानेपानी ट्याङ्की निर्माण (साबिक वडा नं. १), सामुदायिक भवन निर्माण (साबिक वडा नं.२) लगायतका योजना तथा लक्षित समूह

तर्फका कार्यक्रम सम्पादन भएको पाइन्छ।

आर्थिक वर्ष २०७५/७६ मा वडास्तरीय बजेट ३२ लाख, नगरस्तरीय बजेट ३० लाख, प्रदेश र नगरपालिका म्याचिङ फण्ड अन्तर्गत १ करोड, संघीय सांसद विकास कोष तर्फ १० लाख समेत बजेटबाट सानाठूला विभिन्न योजना सम्पन्न भएका छन्। यस आर्थिक वर्षमा पशु संकलन केन्द्रको भवन निर्माण, डाँडाकटेरीदेखि केरवादी मोटरबाटो निर्माण, सिंचाइ पानी संकलन केन्द्र, खानेपानी पाइप खरीद, बोटे गाउँका खरको छाना फेर्ने कार्य शुरु (यस पटक ९ घरको फेरेको), साउँरी गौडा पुरानो खानेपानी मर्मत, केरवादी खानेपानी पाइप खरीद, तिल्के खानेपानी मूल संरक्षण, शारदा माबिलाई विज्ञान सामग्री खरीद र विभिन्न विद्यालयका सेरोफेरो बार तथा राधाकृष्ण विद्यालयलाई फर्निचर सहयोग, रातपोखरादेखि रानीघाट दरबार(रानीमहल) जाने बाटो निर्माण लगायतका काम भएको पाइयो।

जनप्रतिनिधि निर्वाचित भइसके यता कालीगण्डकी करिडोर पहुँच मार्ग, बौघागुम्हा खानेपानी योजना, बौघागुम्हा केरवादी रिङरोड मोटरबाटो, मगर संस्कृति संग्रहालय जस्ता ठूला योजना वडामा सञ्चालन हुनुले स्थानीय सरकार हाम्रो पक्षमा रहेछ भन्ने अनुभूति वडावासीलाई गराएको स्थानीय लीलाराज भट्टराईले बताउनुभयो। उहाँले साना खुद्रे योजनाबाट पनि वडावासी लाभान्वित हुने भए तापनि समग्र वडावासीलाई लाभान्वित तुल्याउने ठूला योजना कार्यान्वयनतर्फ नगरपालिकाको ध्यान जानुपर्ने बताउनुभयो।

**उपलब्धि तथा सिकाइ**

वडाअध्यक्ष टुकप्रसाद भट्टराईले २ वर्षको उपलब्धि सुनाउँदै भन्नुभयो– “ग्रामीण क्षेत्रका विकट गाउँमा समेत यातायातको पहुँच बिस्तार भएको छ। विशेषत कालीगण्डकी करिडोर पहुँच मार्ग निर्माण भएका कारण स्थानीय उत्पादन वजार पुऱ्याउन समेत सहज भएको छ। विद्युतका काठेपोल बिस्थापन, खानेपानी, सिंचाइ,कृषि र पशुपालनका लागि सहज सहयोग जस्ता महत्त्वपूर्ण काम भएका छन्। नागरिकले घरदैलो मै सरकार भएको अनुभूति गर्न पाएका छन्।”

**समस्या**

कालीगण्डकी करिडोर पहुँच मार्ग लगायत अन्य सडकहरू चौडा तथा कालोपत्रे गर्नका लागि बजेटको अभाव छ यसका लागि प्रदेश र संघीय सरकारले सहयोग गर्नुपर्दछ भन्नुहुन्छ वडा अध्यक्ष टुकप्रसाद भट्टराई। वडा कार्यालयमा स्थायी सचिव, प्राविधिक नहुँदा विकास निर्माणका कामसँगै दैनिक सेवा प्रवाहमा समेत समस्या उत्पन्न हुने गरेको कार्यपालिका सदस्य कमला भण्डारीले सुनाउनुभयो। ग्रामीण वडा भएकाले बजेट तथा अन्य सुविधामा समेत आफूहरूको वडालाई नगरप्रमुख, उपप्रमुखलगायतले विशेष चासो देखाउनु पर्दछ भन्नुहुन्छ वडासदस्यत्रय गीता भट्टराई, तुलबहादुर सोमरे र राधाकुमारी बिक।

**(सम्पादक, करूवा अर्ध साप्ताहिक)**

# तानसेनमा लगानीबारे पोखरामा छलफल

पाल्पा, जेठ ११ गते पोखरामा पाल्पाली समाज पोखरा (PSP)को आयोजनामा पोखराका लगानीकर्ताहरूको उपस्थितिमा तानसेन पाल्पामा लगानीबारे छलफल भएको छ।

समाजका अध्यक्ष कुलप्रसाद घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा तानसेनमा लगानी गर्न सकिने क्षेत्रबारे योजना आयोगका पूर्व उपाध्यक्ष पृथ्वीराज लिगल र योजनाविज्ञ किशोरमान महर्जनले छलफलमा सहजीकरणको भूमिका निर्वाह गरेको तानसेन नगरपालिकाका योजना अधिकृत बिष्णु पौडेलले जानकारी दिनुभयो।



लगानीकर्ताहरूलाई तानसेन नगरपालिकामा ढुक्क भएर लगानी गर्न आव्हान गर्दै नगरप्रमुख अशोककुमार शाहीले लगानीको वातावरण बनाउँन आवश्यक सहयोग आफूले गर्ने प्रतिबद्धता जनाउनुभयो।



यसैबीच पोखरामा तानसेन पाल्पाका मौलिक उत्पादन उपलब्ध गराउने उद्देश्यले तानसेन नगरपालिकाले पाल्पा हाउस स्थापना गर्ने र केही बीउ पूँजी समेत तानसेनले उपलब्ध गराउने नगरप्रमुख अशोककुमार शाहीले बताउनुभयो। यसैगरी तानसेन पाल्पाबारे पर्यटकीय दृष्टिले परिचयात्मक डिजिटल बोर्ड पोखराको लेकसाइड र अर्को उपयुक्त स्थानमा राखिने साथै पोखराबारे तानसेनमा डिजिटल बोर्ड राख्ने सहमति भएको नगरप्रमुख शाहीले बताउनुभयो। योजना आयोगका पूर्व उपाध्यक्ष पृथ्वीराज लिगल र योजनाविज्ञ किशोरमान महर्जनले तानसेनको विकासका सम्भावना र लगानीको सम्भाव्यताबारे बृहत् विचार समेत प्रस्तुत गर्नुभएको थियो।

**- गोविन्द भट्टराईबाट**

# विकासको अनूभूति गर्दै तानसेन-१४ अर्गलीवासीहरू



— झपेन्द्र गहिरे

रिडी अर्थात् रुरुक्षेत्र सम्म भूगोल बिस्तारित तानसेन नगरपालिका स्थापनाका हिसाबले नेपालकै तेस्रो नगरपालिका हो। स्थानीय तहको पुनर्संरचना अनुसार तानसेन नगरलाई विभिन्न १४ वटा वडामा विभाजन गरियो। केही सहरी क्षेत्रमा र केही ग्रामीण वडामा पर्न गए। जसमध्ये ग्रामीण वडाका रूपमा अवस्थित वडा नं.१४, नगरको महत्त्वपूर्ण पहिचान बोकेको वडा बन्न पुग्यो। वडा नं. १४ अर्गलीमा ३३ सय ९३ जनसंख्या मध्ये महिला १९६४ र पुरुष १४२९ रहेका छन्। महिला जनसंख्या अगाडि देखिएको छ। यही वडामा नेपालकै प्रसिद्ध ऐतिहासिक एवम् धार्मिक महत्त्वको चारधाम मध्येको एक रूरू हृषिकेश क्षेत्र, और्व ऋषिको तपोभूमि आश्रम, दुर्लभ शालिग्राम प्राप्तिस्थल, कालीगण्डकी तट आदि रहेको कारणले यसको महिमा र चर्चा धार्मिक तथा पर्यटकीय हिसाबले समेत उच्च रहेको छ। बजार क्षेत्रबाट अलि टाढा पाल्पा, गुल्मी र स्याङ्जाको संगम स्थल कृषि क्षेत्रको उर्वर भूमि अर्गली फाँट कृषकहरूका लागि उत्कृष्ट र लोभ लाग्दो फाँटका रूपमा चिनिन्छ। यसको अर्को उल्लेखनीय पक्ष भनेकै यहाँको राजकुलो, जेठी, माइली, साइँली र कान्छी नामाकरण गरिएका चारवटा ऐतिहासिक सिंचाइ कुला हुन्। यी कुला अर्गलीका छुट्टै पहिचान हुन् भन्न सकिन्छ। पानी बाँडफाँडका हिसाबले विगतदेखि यी कुलालाई बैज्ञानिक रुपमै वितरण गरिने कुलाको रूपमा लिने गरिन्छ। अनि यही भूमि कुनै बेला श्री ३ जुद्ध शमसेरको विश्रामस्थल समेत रहेको थियो।



वडाअध्यक्ष कमल राना

यति महत्त्वपूर्ण र ऐतिहासिक धार्मिक र आकर्षक कृषि भूमिलाई योजनाबद्ध रूपमा विकास गर्न सक्रिय नगरबाट टाढाको भूभाग भएपनि नजिकको सम्बन्ध रहेको अनुभूति हुन जाने पक्का छ। संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना अघिको अर्गली गा.वि.स. स्थानीय तह पुनर्संरचना पश्चात् तानसेन नगरको १४ वडामा रुपान्तरित भएसँगै विकास निर्माणका महत्त्वपूर्ण काम भएका छन्। अर्गलीका केही स्थान छाडेर यातायात, विद्युत, सडक आदिका कारण सुगम नै मान्नु पर्दछ भन्ने लाग्दछ। तानसेन, रिडी, तम्घास सडक अर्न्तगतको रमणीय अर्गलीका वडा सरकारका प्रमुख कमल रानाले निर्वाचन पश्चातका विकास निर्माणमा भए गरेका कार्य, आगामी सोच र विकासका लागि लिइएको उद्देश्य आदिका बारेमा **हाम्रो तानसेन** त्रैमासिक मार्फत् नागरिकलाई सूसुचित गराउन आवश्यक महसुस गरेअनुसार यहाँ संक्षेपमा गतिविधि चर्चा गर्ने जमर्को गरिएको छ।

खास गरी २०७४ असारमा सम्पन्न स्थानीय निर्वाचनपश्चात् जनप्रतिनिधि र स्थानीय वासिन्दाको सहयोगबाट यसको थप पूर्वाधार विकास र अन्य संभाव्यताको खोजी कार्यमा समेत लागिपरेको बुझिएको छ।



आ.व. २०७४।०७५ मा ९६ लाख नगर स्तरीय बजेट र प्रदेश बजेट १२ लाख विनियोजन गरिएकोमा आ.व. २०७५।०७६ मा नगर स्तरीय १ करोड ८ लाख र प्रदेश स्तरीय बजेट १ करोड ७० लाख तथा संघीय बजेट २० लाख छुट्याइएको वडा अध्यक्ष कमल राना बताउनुहुन्छ। यिनै बजेटका माध्यमबाट विभिन्न योजना तथा गतिविधि मार्फत् यस क्षेत्रको विकासको फड्को मार्ने सोच बनाइएको र आफूहरू निरन्तर लागिपरेको सबै निर्वाचित वडा प्रतिनिधिहरूको अभिमत रहेको छ।

वडा सरकारको प्रमुखको जिम्मेवारी सम्हालेका वडा अध्यक्ष कमल रानाका अनुसार नयाँ परिवर्तनको अनूभूति वडावासीहरूलाई दिलाउन वडा सरकार प्रयत्नशील रहेको छ। सरकारले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा अर्न्तगतका भत्ताहरू उनीहरू कै हात हातमा पुऱ्याउने बिशेष व्यवस्था गरिएको छ। यसै गरी सासू बुहारीका बीचमा हार्दिकता ल्याउन असल बुहारी सम्मान कार्यक्रम, बालपोषण वितरण, सुत्केरी गर्भवती महिलालाई पोषण सहित १ हजार रकम वितरण, युवा वर्गलाई खेलकूद तर्फ रुचि बढाउन खेलकूद सामाग्री वितरण, महिलाका लागि सचेतना एवम् सीपमूलक तालिम, दलित जनजातिका लागि आय आर्जन

र सचेतनामूलक कार्यक्रम तथा सिलाई मेशिन वितरणसँगै रचनात्मक क्रियाकलाप शुरुवात गरिएको छ। विशेषतः यहाँ युवा तथा महिला सशक्तीकरण कार्यक्रमलाई जोड दिइएको पाइयो।

जनप्रतिनिधिकै कार्यकालको कार्यअवधिमा चिदी खानेपानी लिफ्ट आयोजना सम्पन्न हुने अवस्थामा छ जसबाट थप खानेपानी आपूर्ति हुने छ। कुरुङखोलाबाट लिफ्ट गरी सिंचाइ सुविधा दिने काम पूरा भएको छ। चारवटै कुलामा आवश्यक पानी पुऱ्याइनेछ। प्रत्येक टोलमा जाने बाटो खोल्ने, खोलेका सडक मर्मत सम्भार तथा ग्राभेलिङ्ग गर्ने काम जारी छ। शैलोच्चगिरीमा भ्यू टावर निर्माण, कुडापानी खेल मैदान निर्माण, राधा कृष्ण मन्दिर र भगवती मन्दिरमा कम्पाउण्ड वाल निर्माण, एक घर एक धारा अभियान अन्तर्गत धारा नभएका ठाउँमा खानेपानीको धारा जडान कार्य भइरहेको छ।

देउरालीबाट रनुवा जाने मोटर बाटो निर्माण, हृषिकेश क्षेत्रको रिडी खोलामा जाली भर्ने, बंगला देखि हृषिकेश हुँदै रिडी जोड्ने पक्की पुल सम्मको मोटर बाटो स्तरोन्नति, रिडीघाट शवदाहस्थलमा मलामीका लागि बस्ने ट्रष्ट तथा शवदाहका लागि नयाँ ब्लक निर्माण गरिएको छ।

यसै गरी अर्गली देउराली बजार र सडकस्थित घरका फोहर व्यवस्थापनका लागि कार्य प्रारम्भ, अर्गली क्षेत्र भित्र काठको विद्युत् पोल विस्थापित गरी फलामे पोल राख्ने काम गरिएको छ। यस बाहेक गाँउटोलबाट आएका विकास निर्माणका कामलाई प्राथमिकताका साथ अघि बढाई केही हदसम्म भए पनि विकासको गति तीव्र बनाइएको छ। हाम्रो बाँकी कार्यअवधिसम्म अहिले थालेका सबै काम पूरा गर्ने र अर्गलीलाई सहरीकरण गरिने योजना छ भन्नुहुन्छ वडाअध्यक्ष कमल राना।

**के भन्छन् त अर्गलीवासीहरु ?**

अधिवक्ता एवम् काँग्रेस महिला नेतृ लालकुमारी राना अर्गलीको विकास गर्न कृषिमा आमूल परिवर्तन गराउन जरुरी ठान्नु हुन्छ। भए गरेका काम सन्तोषजनक भए पनि सिंचाइ र कृषि उद्यम मार्फत आत्मनिर्भरतामा अझ बढी जोड दिन, कृषि उपकरण पर्याप्त वितरण गर्न तथा पुरातात्विक अर्गली दरबारको अस्तित्व कायम गर्ने काम गर्न आवश्यक भएको उहाँ बताउनु हुन्छ।

स्थानीय कृषक विष्णु गैरेले पनि उन्नत जातका बीउबिजन कृषि यन्त्र उद्यमशील गरीब किसानहरूलाई निःशुल्क वितरण गरी कृषि र पशुपालनका लागि प्रोत्साहित गर्न आवश्यक भएको सुझाव दिनुहुन्छ।

साबिक गाउँ विकास समिति अर्गलीका अध्यक्ष एवम् हृषिकेश मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पर्शुराम भट्टराई पनि सीमित साधनस्रोतबाट हालसम्म अर्गलीमा भएगरेका कामबाट सन्तुष्ट भएको र आफूले सकारात्मक रूपमा लिएको बताउनुहुन्छ। उहाँले अब वडावासीको सुझावमा नयाँनयाँ योजना तर्जुमा गरी नमूनायोग्य वडा बनाउन जनप्रतिनिधि लाग्नुपर्ने सुझाव दिनुहुन्छ। अर्गलीको राजकुलो व्यवस्थापनमा उत्कृष्ट भएकाले अर्गलीका जनप्रतिनिधिले थप त्यस्तै उत्कृष्ट कार्य गर्न लाग्नुपर्ने, चण्डी भञ्ज्याङ जोर्ते सडक निर्माण फत्ते गर्न ध्यान दिनुपर्ने, रुरु क्षेत्रमा जलाशय निर्माण, रुरु क्षेत्र विकासबारे बनेको गुरु योजना पूरा गर्ने र अर्गली दरबार सम्बन्धी मुद्दा किनारा पश्चात् यसको संरक्षण सम्वर्द्धन यहाँको अवको आवश्यकता हो भन्ने धारणा भट्टराईले पंक्तिकारसँगको भेटमा व्यक्त गर्नुभयो। समग्रमा अर्गलीवासीहरू वडाका विकट स्थानलाई ध्यान दिंदै, कृषि, सिंचाइ र खानेपानीका काम भै रहेकोमा सन्तुष्ट छन्। युवा जनप्रतिनिधिको काम सह्राहनीय र विगतका जनप्रतिनिधि समेतको सकारात्मक रहेको यहाँको उदाहरणीय पक्ष मान्न सकिन्छ।

तानसेन नगरपालिका नेतृत्वले पुरानो बजारक्षेत्र वरपर मात्र बजेट र योजना केन्द्रित नगरी कुसेनीदेखि गाँडेपुलसम्मका ग्रामीण भेगमा बस्ने नागरिकको समेत मन जित्ने गरी कार्यक्रम बनाउनुपर्ने अर्गलीबासीको राय छ। प्राविधिक झैं झमेला हटाउँदै नगर तथा वडा नेतृत्वबीच निरन्तर सम्पर्क, समन्वय र सहयोगतर्फ सम्बद्ध सरोकारवाला सबैको ध्यान जानुपर्ने अर्गलीबासीको अभिमत पाइयो। विशेषतः कृषि उद्यम तथा धार्मिक पर्यटकीय क्षेत्रको रूपमा अर्गलीको विकासका लागि नगर सरकारले सहयोग केन्द्रित गर्नुपर्ने वडावासीको सुझाव रहेको छ।

**(सम्पादक, पाल्पा टाइम्स साप्ताहिक)**



- ❑ विद्यालय, समुदाय र पारिवारमा बालमैत्री वातावरण सिर्जना गरौं।
- ❑ विद्यालयलाई शान्तिक्षेत्र कायम गरौं।
- ❑ बालबालिकाको अधिकतम सिकाइको सुनिश्चितता गरौं।
- ❑ बाल बिबाहलाई निरूत्साहित गरौं।
- ❑ बालमैत्री स्थानीय शासनको अवलम्वन गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# पुरानो पानी टंकी टोल विकास संस्थाको संक्षिप्त चिनारी



- रामप्रसाद तिमिल्सिना

पुरानो पानी टंकी टोल विकास संस्था तानसेन–३ को भगवती टोलमा पर्दछ। यो संस्था २०५८ सालमा स्थापना भएको हो। तानसेन भित्रका वडाहरूको समयोचित विकास गर्ने उद्देश्यले नगरपालिकाको सक्रियतामा टोल विकास संस्थाको स्थापना भएको हो । यो संस्थाको स्थापना कालमा स्थानीयवासीको सक्रियता न्यून थियो । खासगरी त्यसबेला टोलविकास संस्थाको महत्त्व थाहा थिएन । बिस्तारै संस्थाको महत्त्व बुझ्दै गएपछि कार्यक्रममा सहभागिता बढ्दै गएको हो। यो संस्थामा महिलाहरू मात्र सहभागी छन्। पुरूषहरूलाई कार्यसमितिमा समावेश गरिएको छैन तथापि संस्थालाई दिगो र समृद्ध बनाउन पुरुषहरूको पनि कार्यक्रममा यथेष्ठ सहयोग रहेको छ। संस्था स्थापना गर्दा राधादेवी रायमाझी अध्यक्ष, शारदा नेपाल उपाध्यक्ष, मिना पन्थी कोषाध्यक्ष र शान्ति पाण्डे सचिव रही ११ सदस्यीय समिति गठन भएको थियो।



यो संस्थाले खास गरी महिलाको हक हितको लागि काम गर्ने गर्दछ। प्रत्येक महिनाको पहिलो शनिवार बैठक बसी केही रकम (१०००) जम्मा गर्ने गरिन्छ। सो रकम संस्थाका दिदी बहिनीलाई आवश्यक परेमा दिइन्छ नत्र बैंकमा राख्ने प्रावधान छ। यसरी बचत गर्ने बानीले सानो बचतलाई परिचालित गरी ठूला कामहरू गर्न समेत महत्त्वपूर्ण टेवा पुऱ्याएको छ । अर्को तर्फ दिदी बहिनीहरू आपसमा भेट भई समस्याहरूबारे छलफल गरी अगाडि बढ्न समेत ठूलो सहयोग पुगेको छ। यो संस्था नगरपालिकाबाट समय समयमा आयोजित कार्यक्रमहरूमा सहभागी हुँदै आएको छ। यसैगरी आफ्ना बलबुताले भ्याएसम्म महिला सशक्तीकरणका कार्यक्रमहरू गर्दै आएको छ। यो संस्थाका गतिविधिहरू खुला आकाशमुनि बसेर गर्नु पर्दा अप्ठ्यारो महसुस गरी नगरपालिकामा एउटा भवनको लागि पटकपटक योजना माग गरी सो योजना स्वीकृत भयो। हाल तानसेन नगरपालिकाको सहयोग एवम् महिलाहरूको विशेष सक्रियतामा १ कोठे पक्की भवन निर्माण सम्पन्न भएको छ। सो भवन बनाउन प्रतिसदस्य ३०००।–का दरले सहयोग उठाइएको थियो। साथै भवनको अगाडि चौपारीमा स्टिल रेलिङ निर्माण गर्दा समेत एकमुष्ट रु. १५ हजार समूहका सदस्यबाट, त्यसैगरी ५ हजार श्रीनगर गणेश सामुदायिक बनबाट र ५५ हजार तानसेन नगरपालिकाबाट सहयोग प्राप्त भएको छ। यस्तै गरी विभिन्न कार्यक्रम गर्दा महिला दिदी बहिनीहरूले सक्रिय भूमिका खेलेको पाइन्छ। वडाबाट सञ्चालित कार्यक्रमहरूमा महिलाहरू सक्रिय भई योजनाहरू सञ्चालन गर्ने गरेको पाइन्छ। यो संस्थालाई १९ वर्षसम्म नेतृत्व गर्ने ब्यक्तिलाई ससम्मान बिदा गर्दै २०७६ साउन महिनाबाट नेतृत्व परिवर्तन भएको छ।



हाल कार्यसमितिको अध्यक्षमा शारदा नेपाल, सचिवमा रेनुका बस्याल र कोषाध्यक्षमा सरस्वती गैरे समेत ९ सदस्य रहेको समिति गठन भएको छ। समितिका सदस्यहरूमा भगवती तिमिल्सिना, मायादेवी वस्याल, उमादेवी बस्याल, सपना पाण्डे, माया थापा र गीता पाण्डे रहनुभएको छ। सो समितिले प्रत्येक वर्ष लेखा परीक्षण गराउने तथा विधान निर्माण गरी विधान अनुसार चल्ने प्रतिवद्धता जाहेर गरेको छ। आगामी दिनमा नयाँ नेतृत्वले रचनात्मक र दिगो विकासमा कामहरू गर्दै जावस् यही हाम्रो शुभकामना। धन्यवाद

( समाजसेवी )

हाम्रो पहिचानः
नगर सरसफाइ अभियान
अनुरोधक –तानसेन नगरपालिका

❑ विद्यालय उमेर समूहका आफ्ना नानी बाबुलाई विद्यालय भर्ना गरौं।

Education Corner

# SISTERS OF CHARITY IN NEPAL



-Sr. Anice Joshep

Sisters of Charity of St. Capitanio came to Nepal in the year 2056 BS, with the aim to render service to the most needy in this place. Sisters of Charity in Nepal are a branch of the world wide organization for service to the humanity. Established in the year 1832 AD in Italy by St. Capitanio, with the motto of voluntary service to the backward society, the organization grew into a global network of educational, healthcare, and social welfare activities in almost all the continents of the world. Sisters of Charity have served people of all faith as educators, explorers and social reformers, and this centuries old tradition of service to the humanity is the corner stone of Capitanian Education.

Registered in Nepal as "Nepal Karuna Sewa Samaj", this NGO comprising of nine Nepalese citizens with good will to serve humanity, are serving in six centers with Sisters of Charity playing the role of volunteers. St. Capitanio School is one of the branches of this Non Government organization. Through all these centers the sisters reach out to the society through quality education, health care service to the remote villages, and other social welfare activities. Their target group includes Chepang community from Chitwan and other 4 surrounding districts, educating them through a residential school, Tamang migrants from the Trans Himalayan Hills, facilitating the education of their first generation children and Kumals from Gorbandha community where medical care and other social welfare activities are being conducted. St. Capitanio School is one of the several branches of this non governmental organization that commits itself to serve the society through quality education. Education in St. Capitanio prepares each student to live and lead in all endeavors. It fosters in students critical thinking and positive action and service to the society.

During the several milestones of its journey, the school has gone through ups and downs of life. It was first housed in a small rented building with 120 students on roll from nursery to class 1. When God plans a project, He has mysterious ways of realizing them. This humble beginning with big dreams received whole hearted cooperation from the parents, local community, government authorities, making this project grow by leaps and bounds both academically and infra structurally.

Today the most satisfying fact is that hundreds of students who have gone through the portals of St. Capitanio are placed in good position in Nepal and abroad. The integral formation of the students that promote human dignity and value for service have helped all of them to stay grounded with the Capitanian values of love, leadership and service.





At present the school, with its dedicated staff and lively batches of students vibrant with energy and enthused with great dreams and aspirations; continue to soar high in its academic performances, co-curricular activities, social involvement and citizenship training. Capitanians are also making a name in the international arena with its active participation in the International School Exchange program. The year 2075 has been especially memorable when the educational authorities took genuine interest in the school program resulting in declaring St. Capitanio as the Model School of Palpa District. It is our earnest hope, ardent desire and sincere prayers that St. Capitanio school continue to deserve the enviable title in the years to come.

(Principal, St. Capitanio School Tansen)

# आर्थिक वर्ष २०७५/०७६ को आय व्यय विवरण

स्रोतः लेखा शाखा, तानसेन नगरपालिका

तानसेन नगर कार्यपालिकाको आ.व.२०७५।२०७६ को असार मसान्त सम्म भएको आमदानी खर्च विवरण ।

| आय शिषक | प्रस्तावित आमदानी | हाल सम्मको आमदानी | व्यय शिर्षक | विनियोजन | यो महिना सम्मको खर्च |
|---|---|---|---|---|---|
| गत वर्षको अल्या | ४८,६००,००० | ७६,२३१,०५७।० | प्रशासनिक खर्च | ६८,३२९,२१३ | ६१,२७३,५३८ |
| राजश्व आमदानी | ५४,८४०,००० | ५१,८११,६७७।८ | वडास्तरीय खर्च | ६७,९०३,००८ | ४४,७४८,४६९ |
| समानिकरण आमदानी | १४६,६००,००० | १४६,६००,०००।० | नगर विकास कोष | ३,६५०,००० | ३,६५०,००० |
| सर्शत आमदानी | ३४०,३१७,५००।० | ३४०,३१७,५००।० | ६०।४० कार्यक्रम | ३२,५२८,००० | २१,५२३,४४३ |
| सामाजिक सुरक्षा अनुदान | ७४,०७२,००० | ७४,०७२,०००।० | जगेडाकोष लगायत कार्यक्रम | १०,६००,००० | ( |
| | | | नगर गौरव आयोजना | ३१,०००,००० | १२,४६१,७२८ |
| सडकबोर्ड | ५,०००,००० | ३,६९१,२७७।० | भारतिय दुतावास शित भण्डार | ४,०००,००० | ( |
| राजश्व बाँडफाड | ९७,५२०,००० | ७७,६७१,८९१।७ | अन्तराष्ट्रिय समवन्ध साझेदारी | २,०००,००० | ३९८,७०० |
| अनुदानं तथा रिण | १५,०००,००० | ( | प्रवंधनात्मक कार्यक्रम | १०१,६३५,७७९ | ६३,६१६,३३२ |
| एल जि सि डि पि कार्यक्रम | ५५०,००० | ३०५,०००।० | नगरस्तरीय कार्यक्रम | ५६,०००,००० | ४६,९४८,३३८ |
| सित भण्डार भारतिय दुतावास | ३०,०००,००० | ( | विपत व्यवस्थापन कोष | १,५००,००० | ५७२,९५३ |
| जनसहभागीता | १३,४००,००० | ६,७००,६४०।० | मर्मत सम्भार कोष | ४,७६४,४९१ | ४,७६४,४९१ |
| शर्शत अनुदान आय प्रदेश सरकार | १२,३००,००० | १२,३००,०००।० | वातावरण संरक्षण कोष | २६४,००० | ( |
| प्रभार सहलगानी | १०,०००,००० | १०,०००,०००।० | पाल्पा दरवार संग्राहलय | ६,२००,००० | ५,७०३,८२६ |
| | | | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम | ४,६४७,००० | ४,१८१,९७० |
| संघिय सम्पुरक अनुदान | २७,३४४,००० | २७,३४४,०००।० | स्थानयि पुर्वाधार विकास कार्यक्रम | १२,२३९,००० | १०,२७२,४५४ |
| प्रधानमन्त्री स्वरोजगार कार्यक्रम | ४,६४७,००० | ४,६४७,०००।० | हितकारी कोष | ३००,००० | ५२,००० |
| स्थानिय पुर्वाधार विकास कार्यक्रम | १२,२३९,००० | १२,२३९,०००।० | राजश्व फिर्ता | ५९०,४२५ | ५९०,४२५ |
| पर्यटन | ५००,०००।० | ५००,००० | सडक वोर्ड | ६,८६६,५६० | ६,८६६,५६० |
| | | | कुल सशर्त कार्यक्रम पुँजिगत | ४७,२९९,१६२ | ( |
| | | | नगर कार्यपालिकाबाट निर्णयबाट भएका योजनाहरु | ४,५९६,३६५ | ४,५९६,३६५ |
| | | | एल जि सि डि पि कार्यक्रम | ५५०,००० | ४०६,५०० |
| | | | प्रभास सहलगानी | १०,०००,००० | १०,०००,००० |
| | | | प्रदेश स्तरीय योजना | ६,५४८,६९७ | ६,५४८,६९७ |
| | | | पर्यटन कार्यक्रम | ४५९,००० | ४५९,००० |
| | | | सामाजिक सुरक्षा अनुदान | ७४,३४०,८०० | ७४,३४०,८०० |
| | | | स्वास्थय | ६८,५२३,००० | ६३,१८२,०१२ |
| | | | शिक्षा | २५८,८२१,००० | २५०,७९०,४३९ |
| | | | कृषि | ३,८०९,००० | ३,६५९,९७७ |
| | | | खानेपानी तथा सरसफाइ | ३५०,००० | |
| | | | लैङ्गीक समानता तथा समावेशीकरण | १,१४९,००० | २१७,००० |
| | | | उर्जा | १,१६६,००० | ९८७,२३६ |
| | | | वन तथा भु संरक्षण | ३००,००० | ( |
| जम्मा | ८९२,९२९,५००।० | ८४४,४३०,९७१।६ | जम्मा | ८९२,९२९,५०० | ७०२,८१३,२५३।२१ |

दिवाकर अर्याल
लेखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति

**तानसेन नगरपालिका**
तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल

☎ ०७५-५२०१०९, ५२०८५३
५२०१२९, ५२०५०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

२०७६ साउन २७
मिति .................................

**अन्तर्राष्ट्रिय युवा दिवसको हार्दिक शुभकामना**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि नेपाली युवाहरुको महत्वपूर्ण योगदान रहिआएको तथ्य हामी सामु प्रष्ट छ । समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय लक्ष्यलाई साकार पार्न युवाहरुको सक्रियताको खाँचो छ । हरेक परिवार, समाज र राष्ट्रको समृद्धि र विकासका लागि युवाहरुको रचनात्मक भूमिकाको महत्व रहन्छ ।

निश्चित, जाँगर, उत्साह र शक्तिले ओतप्रोत युवाले हाम्रो तानसेन राम्रो तानसेन बनाउँन नेतृत्व लिनेछन भन्ने सोचले युवाहरुलाई उद्यमशीलता तर्फ डोऱ्याउन तानसेन नगर सरकारले विभिन्न योजना अगाडि बढाएको छ । नगरपालिका भित्रका युवालाई सबल र सक्षम बनाउँन नेतृत्व प्रदान गर्ने सोचले गठन गरिएको तानसेन नगर युवा परिषद रचनात्मक काममा क्रियाशील भएको अवस्था छ । युवा पलायन रोक्न, स्वदेशमै रहेर विकास निर्माणका काममा योगदान पुऱ्याउँदै आर्थिक उपार्जनमा समेत सहभागी बन्न सकुन् भनेर हामीले युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरेका छौं ।

अन्त्यमा, अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा विकृति विसंगतिबाट टाढा रहेर रचनात्मक तथा सिर्जनात्मक काममा लाग्दै स्वाभिमानी, स्वाबलम्वी तथा आत्मनिर्भर बनेर परिवार, समाज र राष्ट्रलाई समृद्ध बनाउँन सम्पूर्ण युवाहरुलाई आव्हान गर्दै हार्दिक शुभकामना प्रकट गर्दछौं ।

अशोककुमार शाही
नगर प्रमुख
नगर प्रमुख एवम्

तानसेन नगरपालिका परिवार

**तानसेन नगरपालिका**
तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल

☎ ०७५-५२०१०९, ५२०८५३
५२०१२९, ५२०५०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

मिति .................................
२०७६ साउन २७

**मुसलमान समुदायको पर्व बकर ईदको हार्दिक शुभकामना**

विश्वभरका मुसलमान समुदायले ईद ऊ जोहा, ईल उद अधा लगायत नामले आज अर्थात २०७६ साउन २७ गते बकर ईद  पर्व मनाउँदै छन् । कुर्वानीको उद्देश्य जीवन र मरण सम्पूर्ण ईश्वरका लागि भन्ने भावनाले ओतप्रोत यो पर्वले एकआपसमा आत्मियता अभिबृद्धिमा समेत टेवा पुऱ्याएको पाइन्छ ।

बहुभाषिक, बहुधार्मिक नेपाली समाजमा अनेकताबीच एकता रहेको छ । जुनकुनै धर्म मान्नेबीच राष्ट्र, राष्ट्रियताको सवालमा समन्वय, सामिप्यता, सहकार्य हुनु हाम्रो सामाजिक विशेषता रहीआएको छ । हामीलाई थाहा भएकै कुरा हो विशाल नेपाल निर्माण र विकासमा मुसलमान समुदायको समेत भूमिका रहेको छ ।

हजरत महम्मदको स्वीकृतिबाट मनाउँदै आएको मानिने बकर ईद पर्वको अवसरमा हामीभित्र सुषुप्त अवस्थामा रहेका रिष, राग, द्वेष, कुण्ठा जस्ता कुरा हटाउँदै समृद्ध नेपाल निर्माणको लागि सबैले हातोमालो गरौं । धर्मका नाममा एक अर्काबीच विभेद गर्ने, तिरस्कार गर्ने, प्रवृत्ति सबै धर्म मान्नेले त्यागौं । धार्मिक सहिष्णुता बढाऔं ।

अन्त्यमा, तानसेन पाल्पा लगायत नेपाल भरका सम्पूर्ण मुसलमान समुदायमा ईद उल जोहा अर्थात बकर ईद चाडको हार्दिक शुभकामना प्रकट गर्दछौं ।

अशोककुमार शाही
नगर प्रमुख
नगर प्रमुख एवम्

तानसेन नगरपालिका परिवार

## आ.व. २०७५/७६ मा तानसेन नगरप्रहरीबाट भए गरेका मुख्य कामहरु



**- जयप्रकाश उप्रेती**

यस आर्थिक वर्षमा विभिन्न पक्षबाट राजस्व संकलन – रु. ३ लाख ८१ हजार ९सय ४० रुपैयाँ भएको थियो । यसैगरी प्लाष्टिक झोला, पार्किङ निषेध लगायतबाट जरिवाना–५० हजार रुपैयाँ कार्यालयमा दाखिला भएको छ । नगरका विभिन्न ठाउँमा आवश्यक पर्दा दमकल १५ पटक परिचालन गरियो ।

अवैध रूपमा राखेको भेटिएका प्लाष्टिक झोला करीव ३ क्विन्टल मिति २०७५/८/२१ मा बरामद गरी नष्ट गरियो । तानसेन ७ जैसी चौपारीमा सार्वजनिक जग्गामा बनेको सुमन परियारको घर २०७५/१०/२५ मा भत्काइयो । विभिन्न स्थान र मितिमा बन्द गरिएका ३ कोठाको ताला खोलियो । २०७५/१०/२३ मा तानसेन–५ बतासे डाँडामा सडक अतिक्रमण गरी राखेको सामान उक्त क्षेत्रबाट उठाई जरिवाना समेत गरियो ।

मिति २०७५/११/९ मा तानसेन २ निवासी थमकला अर्यालले अनुमति विना घरको तला थप गरेकोमा उक्त संरचना नगर कार्यपालिकाको निर्णय अनुसार भत्काइयो । बजारमा अलपत्र भेटिएका छाडा चौपाया मिति २०७५/७/२९ मा व्यवस्थापन गरियो । तानसेन–५ अर्न्तगत बनदेवी क्षेत्रमा बसपार्क निर्माणका लागि रुखमा टाँचा लगाउने काममा सहयोग गरियो । २०७५ श्रावण महिनादेखि टुँडिखेल मैदान भित्र रहेको ठेलाहरू हटाउने काम गरियो । तानसेन–२ मेहलधारामा सार्वजनिक जग्गामा रहेको देवराज बस्यालको टंकी हटाइयो । तानसेन –७ प्रभास बगैंचामा रहेको टंकीहरूलाई पछाडि सारियो । २०७६/१/२२ गते फरक क्षमता भएका सडकमा हिड्ने अलपत्र बस्ने दुःख पाएका ३ जना पुरुष व्यक्तिलाई जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा मानव सुधार केन्द्र बुटवलमा लगिएको छ ।

मिति २०७६//२९ र ३० मा म्याद नाघेको दैनिक उपभोग्य वस्तु बिक्री वितरणमा रोक र सचेतना सम्बन्धी माइकिङ गरियो । तानसेन अन्तर्गत बसपार्क, भुसलडाँडा, गोर्खेकोट, बतासेडाँडा, कैलाशनगर, बसन्तपुर क्षेत्रमा बंगुरहरू छिटफूट बाहेक समग्रमा व्यवस्थापन गरियो । स्थानीय मेलापर्व अन्तर्गत रथयात्रा लगायत मेलाको बेलामा सुरक्षा व्यवस्थापन मिलाइयो । विभिन्न मितिमा यस कार्यालयबाट अनुमति नलिई निर्माण गरेका संरचनाहरूलाई तत्काल रोक्का गर्ने काम गरियो । सरसफाइ व्यवस्थापनका लागि बिहानमा समेत डयुटी गर्दै आएका छौं । आवश्यकताअनुसार विपत, दैवी प्रकोप परेको अवस्थामा समेत नगर प्रहरी परिचालन भएको छ । प्रत्येक शाखा प्रमुखसँग समवन्य गरी आवश्यकता अनुसार नगरप्रहरी सञ्चालित भएको छ । वर्षात्को समयमा घरको छतबाट बाटोमा पानी झार्ने व्यक्तिहरूलाई पत्राचार गरी छतको पानी व्यवस्थापन गरियो र त्यसखालको व्यवस्था नभएकालाई तत्काल गर्न लगाइयो ।

**(तानसेन नगर प्रहरी प्रमुख)**

# तस्बिरमा तानसेन



तानसेनको आर्थिक विकास रणनीति मध्यकालीन खर्च संरचना र परियोजना प्राथमिकीकरण प्रतिवेदन हस्तान्तरण समारोहमा नगरप्रमुख, डा. पृथ्वीराज लिगल लगायत



तानसेन नगरपालिका नक्सा शाखाका कर्मचारीहरू काम गर्दै




तानसेन नगरपालिकाको जमानीमा युवा स्वरोजगारका लागि नेपाल बैंक लि.बाट सहुलियतपूर्ण कर्जा प्रवाह सम्बन्धी सम्झौता समारोह




युवा सभा तथा प्रशिक्षण कार्यक्रम



तानसेन नगरपालिका वडाकार्यालय तथा शाखा कार्यालयको समीक्षा वैठकको झलक

पाल्पा जिल्ला हुलाक दर्ता नं.: १/२०७६-७७

# “सफा सुन्दर तानसेन शहर; हामी सबैंको रहर !”



तानसेन-५, बतासेडाँडामा साँस्कृतिक डबली शिलान्यास समारोहमा ५ नं. प्रदेशका पर्यटन मन्त्री लिला गिरी, प्रदेश सभासद्हरू, संविधानसभाका सदस्य, नगरप्रमुख लगायत



युवा स्वरोजगार कार्यक्रमबारे टोल विकास संस्थाका प्रतिनिधिहरूलाई अभिमुखीकरण कार्यक्रमका सहभागीहरू